खण्ड : ङ

शुभेच्छामा जोडिएका मन

(३० वर्षदेखि नवप्रज्ञापनलाई पाठकहरूले पढ्दै आउनु भएको छ । अग्रज र सहयात्रीहरूले सल्लाह सुझावसहित् निरन्तर बाटो पनि देखाई रहनु भएको छ । प्राप्त सुझाव र सल्लाह नवप्रज्ञापनले कति आत्मसात गर्न सक्यो वा सकेन त्यो मूल्याङ्कनको पाटो हो । तर यसले हिंड्ने प्रयास छाडेको छैन । अनि सकेसम्म छाड्ने विचारमा पनि छैन ।

नेपालमा साहित्यिक पत्रकारिताको अवस्था के छ, पाठकहरू के भन्नुहुन्छ त ? अनि नवप्रज्ञापनको यात्रामा सहयात्रीहरू कस्तो मत राख्नुहुन्छ ? जान्न मन लाग्यो । यसले सहयात्रीहरूलाई कोरा शुभकामना हैन प्रतिक्रियात्मक शुभकामनाका लागि आग्रह गऱ्यो । यसलाई धेरैले माया गर्नु भएको छ । यो कुरामा नवप्रज्ञापन आफूलाई सधैँ सधैँ भाग्यमानी ठान्छ । त्यही कारण यसलाई कहिल्यै रचना अभाव भएन । यो प्रेम र सद्भावको एउटा नमूना हो ।

यहाँहरूले प्रतिक्रिया र विचार उपलब्ध गराएर सहयोग गर्नु भएको छ । यसका लागि नवप्रज्ञापन सबैप्रति आभारी छ । भविष्यमा पनि सल्लाह र सहयोग पाइरहने अपेक्षा गर्दछ । सद्भाव र शुभेच्छासहित् प्राप्त सामग्री यस खण्डमा समेटिएका छन् ।)

कोसी प्रदेश

खुसीको खबर

• गंगा सुवेदी

स्वर्गभूमि मानिएको हाम्रो देश नेपालको भौगोलिक परिवेश अध्ययन गर्दा अध्यात्मका प्रचुर प्रमाणहरूको आधारमा देवभूमि मान्न सकिन्छ । जसरी आँखाको नानी सानो भए पनि मानिसको जीवनमा त्यसको अत्यन्त महत्त्वपूर्ण स्थान रहेको छ त्यसरी नै हाम्रो देश नेपाल विश्वमा सुपरिचित रहेको छ । जुन कुरा अन्यत्र कृतिम रूपमा निर्माण गरी आकर्षणको मूल जनाइन्छ त्यही कुरा यहाँ प्राकृतिक धरोहरका रूपमा स्थापित छ । हामी यही

पवित्र भूमि नेपालका बासिन्दा हौँ । यसर्थ देशको संरक्षणका निमित्त लागि पर्नु हामी नेपालीहरूको नैतिक कर्तव्य र उत्तरदायित्व हो ।

यिनै मूलभूत कुराहरूलाई आत्मसात् गराउनु साहित्यिक पत्रकारिताको मूल धर्म र कर्म हो । साहित्यिक पत्रकारिताले व्यावसायिक पक्षलाई भन्दा चेतनशील समुदायमा चेतना अभिवृद्धि गराउन आफूलाई समर्पित गराएको हुन्छ । त्यसैले साहित्यिक पत्रिकाको यो स्वरूप नितान्त रूपमा बौद्धिक समुदायको प्रस्तुति हो । हो, यो विचार र विश्वासमा फरक मत राख्नु पर्ने कुनै पनि कारण देखिँदैन ।

देशमा साहित्यिक पत्रकारिताको विकास नहुनुमा एक खालको पिरलो भए पनि मासिक, द्वैमासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रूपमा साहित्यिक पत्रपत्रिकाहरू निरन्तर प्रकाशित भइरहेका छन् । यी पत्रिकाहरूको उद्‌भव स्थल देशका विभिन्न जिल्लाहरू हुन् । ती जिल्लाहरूबाट मनकारीहरूले धेरै अघिदेखि साहित्यिक पत्रपत्रिका प्रकाशित गरेर भाषा साहित्यको सेवा गरिरहेका छन् । तिनै जिल्लाहरूमध्ये मधेस प्रदेशभित्र पर्ने बारा एउटा जिल्ला हो ।

यही जिल्लाबाट आजभन्दा एकतीस वर्ष अगाडिदेखि निरन्तर रूपमा प्रकाशित भइरहेको **नवप्रज्ञापन** एउटा पत्रिकाको नाम हो । समय समयमा विभिन्न विधागत विशेषाङ्कहरूसमेत प्रकाशित गरेर अगाडि बढिरहेको नवप्रज्ञापन मधेस क्षेत्रमा मात्र हैन देशमै सम्मानित पत्रिकाका रूपमा सुपरिचित छ । देशमा बोलिने विभिन्न मातृभाषाका रचनाहरूलाई पत्रिकामा स्थान दिनु नवप्रज्ञापनको मौलिक विशेषता हो ।

अहिलेको साइबर युगलाई मध्यनजर गरी नवप्रज्ञापनलाई उचाइतिर अग्रसर गराउन सक्नु सम्पादकको एउटा विशिष्ट प्रतिभा हो । राज्यस्तर र समीपका अन्य आगतहरूलाई झेल्दै शान्त र सौम्य रूपमा कार्य सञ्चालनलाई कायम राख्न सक्नु सम्पादकको अर्को मौलिक दक्षता हो । साहित्यिक पत्रिका सम्मानित हुनका लागि निन्तरता, इमान्दारिता, सुव्यवस्थापन र स्तरीयताको महत्त्वपूण भूमिका रहन्छ । यसका सम्पादक प्रकाशकले यो तथ्यलाई बडो सुझबुझका साथ अवलम्बन गर्नुभएको छ ।

नेपाली भाषा र साहित्यको मात्र हैन नेपाली संस्कृतिको श्रीवृद्धिका निम्ति पनि साहित्यिक पत्रकारिताको विशिष्ट स्थान रहन्छ । कालजयी अभिलेख निर्माणका लागि साहित्यिक पत्रकारिता उपयुक्त विषय हो । साहित्यिक पत्रकारिता आफैमा साहित्य सिर्जना पनि हो । नेपाली साहित्यिक पत्रकारिताको इतिहासमा साहित्यिक तपस्वीले नै यो पत्रकारितालाई सशक्त, ऊर्जाशील र जीवन्त राखेको देखिन्छ ।

सिर्जना चयनमा सजगता, निडरता, निष्पक्षता, गम्भीरता र धैर्यता साहित्यिक पत्रकारिताको अर्को पक्ष हो । यी विविध प्रक्रिया र अवस्थाहरू पार गरेर **नवप्रज्ञापन सय अङ्क**मा आइपुगेको छ । साहित्यिक पत्रकारिता गरिरहेका हामीहरूको लागि यो खुसीको विषय हो । यसर्थ म **नवप्रज्ञापन सय अङ्क** प्रकाशनको अवसरमा यसको अमरता र विशिष्टताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

प्रधान सम्पादक
(चेतना सन्देश त्रैमासिक)

सयौँ अङ्कको शुभकामना

• राममणि पोखरेल

साहित्यिक पत्रिका प्रकाशन कठिन काम हो । यस्तो कामको जिम्मा लिन धेरै मानिस डराउँदछन् । मानवीय संवेदना मनग्गे भएका भावुक र सिर्जनशील व्यक्तिमात्र भाषा, साहित्य र कलातर्फ आकर्षित बन्दछन् । अर्थशास्त्री र योजना विद्लगायतका कतिपय मानिस भाषा साहित्यलाई अनुत्पादक विषय ठान्दछन् । मेरो आफ्नै एउटा साहित्यिक पत्रिका छ । २२औँ अङ्क प्रकाशनको तयारीमा रहेको सो पत्रिका बिक्रीवितरण हुँदैन । निःशुल्क वितरण गरिन्छ ।

जिल्लामा आठपालिका छन् । अधिकांशको पर्वमूलक सूचना प्रकाशन गर्छु । बिलसहित जब पालिका पुग्छु तब त्यहाँ दुई फरक विचार अगाडि आउँछन् । एकथरी प्रशासकीय प्रमुखहरू भन्दछन् छापिहाल्नु भएछ मागअनुसार नै दिन नसके केही न केही सहयोग गर्छु । त्यहीँका अर्काथरी कर्मचारी भन्छन् पत्रिकालाई पैसा दिएर के फाइदा ?

कतिपय मानिसहरू साहित्यभन्दा मादक पदार्थसँग जोडिनु फाइदा देख्छन् । हजार रुपैयाँको पादक पदार्थ सेवन गर्छन् तर त्यही कुनै साहित्यिक पत्रपत्रिका वा पुस्तक किनेर पढ्दैनन् । साँच्चै हो, सामान्य रूपमा भन्दा साहित्य नुन खोर्सानीजस्तो चट्केर र राजनीतिजस्तो दबाबवमूलक अथवा उत्तेजित पनि हुन नसक्तो रहेछ ।

यस्तो अवस्थामा पनि अनेकौँ सङ्कट झेलेर **नवप्रज्ञापन सयौँ अङ्क**मा पुगेको छ । यसका समय समयमा प्रकाशन भएका विषयगत विशेषाङ्क अझ महत्त्वपूर्ण छन् । नेपाली सन्दर्भमा साहित्यिक पत्रिकाको प्रकाशन लरतरो काम हैन । नेपालमा साहित्यिक पत्रिकाका रूपमा सूचना विभागमा दर्ता मासिक, द्वैमासिक, त्रैमासिक र चौमासिक पत्रिका झन्डै १६८ सङ्ख्यामा छन् । तर तिनीहरूमध्ये नियमित पत्रपत्रिकाको थोरै मात्र छन् ।

निजी प्रयासबाट प्रकाशन गरिँदै आएका यी पत्रिकाले नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा निकै सहयोग पुऱ्याएका छन् । कवि लेखकहरूलाई मञ्च दिएका छन् । यो अत्यन्तै सराहनीय काम हो । यो कामले साहित्यको श्रीवृद्धिमा मात्र हैन संस्कृतिको निर्माणमा पनि यथेष्ट सहयोग भएको छ । साहित्य र संस्कृतिविनाको समाज सुसंस्कृत र अग्रगामी हुन सक्दैन । साहित्यको महत्त्व नाप्न र जोख्न सकिने कुरा हुँदैहैन ।

एकताका पूर्वाञ्चल भनेर चिनिएको र हाल कोसी प्रदेशको नामद्वारा जानिने उदयपुर जिल्लाको बासिन्दा म यदाकदा काठमाडौँ जाँदा **नवप्रज्ञापन**का सम्पादक

नवराज रिजालसँग साहित्यिक कार्यक्रमहरूमा आकल-झुकल देखादेखसम्म हुन्थ्यो । ब्यागबाट पत्रिका झिकेर बाड्नुहुन्थ्यो । संयोगले त्यस्तै एउटा कार्यक्रममा मैले पनि नवप्रज्ञापनको ५५ औँ अङ्क हात पारेको थिएँ । उनीसँग त्यही समयदेखि परिचय बाक्लियो । नवप्रज्ञापनमा मेरा रचना छापिन लागे । ६०औँ अङ्क केही प्रति पत्रिका बिक्री गरेँ । उदयपुर सिमेन्ट उद्योगको एउटा विज्ञापन उपलब्ध गराएँ ।

पत्रिकाको स्टाम्प मसँग सुरक्षित छ । यसको आजीवन सदस्य बनेको छु । राजधानी पुगेको समयमा भेटघाट हुन्छ । यसले आफूलाई दरो गरी उभ्याएको छ । कतिपय साहित्यिक पत्रपत्रिका २/५ अङ्क प्रकाशनपछि बन्द हुन्छन् तर यो निरन्तर ३१ वर्षसम्म हिँडेर सयौँ अङ्कमा आइपुगेको छ । हामी स्रष्टाहरूका लागि यो गौरवको विषय हो ।

मेरो गाउँ र सहरमा पिच बाटो बन्यो, कलमटे बन्यो, काठेपुल बन्यो भन्नु एउटा पाटो हो । समग्रमा राष्ट्र या कुनै जातिको पहिचान त्यो देशको भाषा, कला, साहित्य र संस्कृति नै हो । विश्व प्रसिद्ध यी स्रष्टाहरूको नाम लिउँ न, सेक्सपियर, राफेल, गोर्की, पर्लवकस आदि यी भाषा साहित्यले चिनाएका नामहरू हुन् ।

नवप्रज्ञापनका सम्पादकलाई म मुरी मुरी धन्यवाद दिन चाहन्छु किनकि भाषा, कला, साहित्य र संस्कृतिको निम्ति यो लामोदेखि सक्रिय छ । यसले नेपाली भाषा साहित्यको उन्नयनमा पुऱ्याएको योगदानलाई भुल्न सकिँदैन । यो अवसरमा म पुनः **शतक अङ्क** प्रकाशनको शुभकामना दिन चाहन्छु ।

(प्रकाशक/व्यवस्थापक
लोकमञ्जरी त्रैमासिक)

शुभकामनाका केही शब्द

● **माधव पोखरेल 'गोज्याङ्ग्रे'**

नवप्रज्ञापन नेपाली साहित्यिक पत्रिकाको लहरमा स्थापित नाम हो । २०५० मा प्रकाशन आरम्भ गरिएको यो पत्रिकाको म २०५१ देखि पाठक रहँदै आएको छु । मलगायत साहित्यका धेरै विद्यार्थीहरूले पढ्ने यो पत्रिकामा नयाँ प्रतिभाहरूलाई स्थान दिएर यसले नेपाली भाषा साहित्यलाई ठुलो गुन लगाएको छ । यसको अर्थ पत्रिकाले वरिष्ठदेखि कनिष्ठसम्मका साहित्यकारहरूका उत्कृष्ट रचनाहरूलाई समेटेर निरन्तर अगाडि बढिरहेको छ भन्नु हो ।

नवप्रज्ञापनले धेरैभन्दा धेरै साहित्यकार हरूलाई प्रेरित र प्रोत्साहित गरेर साहित्यका क्षेत्रमा स्थापित गराउन ठुलो भूमिका खेलिरहेको छ । यो अत्यन्तै सकारात्मक कुरा

हो । यति मात्र हैन, यसले समय समयमा विधा केन्द्रित विशेषाङ्कहरू प्रकाशन गरेर भाषा साहित्यका क्षेत्रमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको कुरा कतैबाट पनि लुक्न सकेको छैन यो नवप्रज्ञापनको स्तुत्य कार्य हो ।

साहित्यिक पत्रपत्रिका जन्मदै र मर्दै जाने प्रचलन चलिरहेको छ । विगतमा पनि यो प्रचलन नभएको हैन तर विगतभन्दा वर्तमानमा यो प्रचलन निकै बढेको महसुस धेरैले गरिरहेका छन् । मुख्य गरी आर्थिक समस्याले गर्दा साहित्यिक पत्रिकाले प्रकाशनमा निरन्तरता पाउन नसकेका हुन् । प्रकाशनको रहर जो कोहीलाई हुन्छ । त्यसमा आर्थिक समस्याले सबैलाई गाँजेको हुन्छ । विगतका दिनहरूमा भन्दा अहिले आएर पत्रिका प्रकाशनमा केही सहज भए पनि समस्या भोग्नेहरू अझै धेरै छन् ।

प्रचार सामग्रीको अभाव भनौँ वा विज्ञापनको बजार छैन भन्न सकिन्न । विज्ञापन प्रकाशन आदेश पनि पाइन्छ । प्रकाशित पत्रिकासँग बिल लिएर भुक्तानीका लागि जाँदा भुक्तानी पाइन्न । रित्तो हात फर्कनुपर्ने हुन्छ । सरकारी विज्ञापन वा जनहितमा जारी हुने सूचना प्रकाशन गर्न प्रेस काउन्सिलको वर्गीकरणमा पर्नुपर्छ । नेपाल सरकारले दर्ता गरेका सबै पत्रपत्रिकाहरूले सरकारी सूचना निर्वाध रूपमा पाउनुपर्ने व्यवस्थान भएसम्म साहित्यिक तथा अन्य पत्रपत्रिकाले खुट्टा टेक्न नस्कने देखिन्छ ।

नेपाली साहित्यिक पत्रिकाको भिडमा नवप्रज्ञापनले खुट्टा टेकेर सय अङ्क प्रकाशन गर्नु अत्यन्त खुसीको कुरा हो । कति समस्यामा जकडियो होला समय समयमा यो पत्रिका त्यो सम्पादक प्रकाशकलाई नै थाहा होला । म त एउटा पाठकको हैसियतले किनेर पढ्थेँ मात्र । पत्रिका किनेर पढ्नुलाई पनि मैले सहयोग ठानेको छु । मैले पत्रिका मागेर होइन किनेर पढ्ने बानी बसालौँ भन्ने नारालाई आत्मसात् गरेको छु । मैले पनि नवसिर्जना साहित्यिक पत्रिकाको सम्पादक प्रकाशक भएर काम गरेको छु । तसर्थ त्यो पीडाबाट म अनभिज्ञ छैन । अझै पनि पीडा भोग्दै छु । धेरै साथीहरूका पीडा भोगेको देखेको छु । पीडा भोग्ने तिनै साथीहरूमध्ये एक हुनुहुन्छ नवप्रज्ञापनका सम्पादक/प्रकाशक नवराज रिजाल ।

साहित्यिक पत्रिका साँच्चै भन्ने हो भने नेपाल सरकारको हेपाइमा परेको छ । नेपाल पत्रकार महासङ्घ पनि यसलाई पत्रकारिताको साँध सीमाभित्र राख्न अन्कनाई रहेको छ । प्रेस काउन्सिलले करकापले र दबाब झेल्न नसकेर मात्र मूल्याङ्कन गर्न थालेको हो । त्यो पनि साहित्यिक पत्रकारहरू सङ्गठित भएर अघि बढेका कारण आन्दोलनका कारण प्रेस काउन्सिलले बाध्य भएर साहित्यिक पत्रपत्रिकालाई मूल्याङ्कन गरेर वर्गीकरणमा पारेको हो । उसले सहयोग गर्न थालेपछि भने धुकधुकीमा चलेका साहित्यिक पत्रिकाहरूको श्वास प्रश्वास प्रक्रियाले निरन्तरता पाउन थालेको हो । यही धुकधुकीबाट गुज्रिरहेको नवप्रज्ञापनले १०० अङ्कको पाइला टेक्नु अत्यन्त खुसीको कुरा हो ।

अन्त्यमा आउँदा दिनहरूमा नवप्रज्ञापन साहित्यिक पत्रिकाले अझ परिष्कृत भएर आफ्नो हजारौँ पाइला पाठकका सामु टेकेर देखाइरहन सकोस् । एउटा पाठक तथा शुभचिन्तकको हैसियतले यो पत्रिकाले अन्तर ाष्ट्रिय स्तरसम्म पनि आफ्नो प्रभुत्व जमाउन सफलहोस् भन्ने शुभेच्छा दिन चाहन्छु ।

(सम्पादक/प्रकाशक
नवसिर्जना साहित्यिक त्रैमासिक)

स्वच्छ पवित्र र शान्त नदी जस्तै लाग्छ नवप्रज्ञापन

• हेमराज अधिकारी

मलाई नवप्रज्ञापन आफ्नै लयमा बगिरहेको एउटा स्वच्छ, पवित्र र शान्त नदी जस्तै लाग्छ । यात्राका क्रममा कहिले काहीँ कुनै सङ्केतबिनै अचानक नदीसँग जम्काभेट हुन्छ । यात्राकै क्रममा खोलो कराएको सुनेर अब खोलामा पुग्नै आँटियो भन्दै हिँड्दा घन्टौंसम्म पनि पुगिँदैन । बर्खायाममा नेपालमा ६ हजार हाराहारीमा नदीनाला र खहरे बग्छन् तर हिउँदमा तिनको सङ्ख्या स्वाट्टै घटेर ६ सयमा सीमित हुन्छ । हाम्रो साहित्यिक बजारमा देखिने साहित्यिक पत्रिकाको अवस्था पनि त्यस्तै छ । त्यसो हुनुका पछाडि अनगिन्ती कारण छन्, त्यो बेग्लै पाटो भयो ।

बाह्रै महिना, आफ्नै लयमा, अविरल बग्ने शान्त नदी जस्तै निरन्तर प्रकाशन भइरहेछ नवप्रज्ञापन । त्यसैले म भन्छु- “नवप्रज्ञापन बर्खाको भेल र खहरे होइन, यो त आफ्नै गतिमा, आफ्नै लयमा बगिरहने शान्त नदी जस्तै हो ।”

नदीले धेरैको प्यास मेट्छ, सिंचाइ गर्छ, नदीले कतिलाई रोजगार दिन्छ, आश्रय दिन्छ, प्रभाव र प्रेरणा दिन्छ । नदी जीवनदायिनी शक्ति हो, धेरैलाई जीवनसमेत दिन्छ । नदीको आफ्नो र पराया छैन । प्राणीमात्रको उपकारका निम्ति बग्नु नदीको धर्म हो, उसको आफ्नै स्वार्थ केही पनि छैन ।

नदीका धेरै गुन नवप्रज्ञापनमा भेटिन्छ । यसमा दलको कुनै पनि लेप छैन, राजनीतिको रङ छैन । झट्टै माथि पुगिहाल्ने महत्त्वाकाङ्क्षा छैन । यति अङ्क र यति विशेषाङ्क प्रकाशन भइसके तर चर्चा भएन, सम्मान भएन, पुरस्कार पाइएन भन्ने कतै गुनासो पनि छैन । यसमा स्थापित प्रतिभा पनि देखिन्छन्, अग्रज पुस्ता पनि भेटिन्छन् र नवप्रतिभालाई स्थान दिएर अगाडि बढाउने त यसको ध्येय नै रहेको छ ।

नवप्रज्ञापनमा नेपालको हिमाल छ, पहाडको सुगन्ध छ अनि तराई मधेसबाट त यसको प्रकाशन स्थान नै हो । नदी हिमालबाट निःसृत हुन्छ, पहाडमा ठोकिन्छ र मधेसमा बग्छ । नवप्रज्ञापन पनि विविध भाषाका साहित्य र संस्कृतिको उपहार लिएर सबैतिर फैलिएको अनुभव हुन्छ ।

यो पङ्क्तिकार आफूलाई नवप्रज्ञापनको छिटपुट अङ्कबाहेक नियमित पाठक सम्झन्छ । यसैले त लाज पचाएर भए पनि सुटुक्क भन्नुपर्दा नवप्रज्ञापनका प्रायशः अङ्कहरू निःशुल्क पढिँदै आएको छ नि । यसो भनौँ आजसम्म कतै न कतैबाट

पत्रिकाको नयाँ अङ्क हात लाग्दै आएको छ ।

कुनै समयमा यो पङ्क्तिकारले पनि आफूलाई साहित्यिक पत्रकार हुँ भन्ने दुस्साहस गरेको थियो । तर साहित्यिक पत्रकार हुनु केटाकेटीको खेल होइन भन्ने बल्ल आज बोध हुँदै छ । नवप्रज्ञापनले आफ्नो प्रकाशनको १०० औँ अङ्क प्रकाशन गर्दै छ । मलाई थाहा छ यो निरन्तर प्रकाशन भइरहने छ, सधैँझैँ आफ्नै लयमा, आफ्नै गतिमा स्वच्छ, पवित्र र शान्त नदी जस्तै ।

यसका सम्पादक/प्रकाशकको पनि हाम्रो जस्तै जीवन छ, आफ्नो घर छ, परिवार छ, अभाव छ, सङ्घर्ष छ । यी सबै कुरा हाम्रा समान छन् । यसमा कुनै शङ्का छैन तर हामीसँग नभएको कुरा उनीसँग नवप्रज्ञापन छ । यही नै उनको त्याग हो, भाषा साहित्यप्रतिको समर्पण हो र हामीभन्दा छुट्टै परिचय हो भन्ने यस पङ्क्तिकारलाई लाग्छ ।

अग्रज पुस्ता, समकालीन पुस्ता र नव प्रतिभालाई योगदानका आधारमा उचित सम्मान र स्थान दिएर नेपालभित्रका भाषा, साहित्य, कला र सस्कृतिको विकासमा पत्रिकाले पुऱ्याएको योगदान सदैव स्मरणीय रहने छ भन्ने कुरा निर्विवाद नै छ । व्यक्तिगत रूपमा एउटा पाठकका नाताले यस पत्रिकासँग जोडिएका यस पङ्क्तिकारका धैरै संस्मरण पनि छन् र पङ्क्तिकार निकै लाभान्वित पनि छ । अन्त्यमा **नवप्रज्ञापन** आफ्नै लयमा र गतिमा शान्त नदी जस्तै बगिरहोस् मेरो शुभकामना छ ।

(ताप्लेजुङ)

सम्झनाको सेरोफेरो

• भवानी तावा

२०७६ फाल्गुनमा हुनुपर्छ मित्र अच्यूत घिमिरेजीले **नवप्रज्ञापन** गीत विशेषाङ्क ठुलो भोल्यूममा प्रकाशन हुँदै छ पाँचथरका गीतहरू पठाउनु भन्दै पत्रिकाको इमेल ठेगाना पठाउनुभयो । मैले पाँचथरमा गीत लेख्ने गीतकारहरू प्रायः सबैसँग गीत मागेँ । सङ्कलन गर्ने क्रममा ६ जना स्रष्टा शान्ता गौतम, खड्ग बोहोरा, वीरदल विकल, कश्यप गाउँले, वीरेन्द्र थोक्लिहाङ र सरस्वती दुमीको गीतमात्र प्राप्त भई प्रकाशित भयो । गीत अङ्क प्रकाशन भएपछि २०७७ आषाढमा नवप्रज्ञापनका सम्पादकसँग सम्पर्क भएपछि पान्थरे गीतकारहरूलाई लेखकप्रति मैले नै उपलब्ध गराएँ । यही गीत अङ्कपछि यहाँ नवप्रज्ञापन नियमित रूपमा आउन लाग्यो ।

यसको गीत अङ्कको सम्पादकीयमा समयको आरम्भ कालदेखि नै समयक्रममा कतिपय अङ्कहरूलाई विशेषाङ्क बनाउने प्रयत्न गरिएको थियो भनेर विशेषाङ्कको सूची राखिएकोमा बहुभाषा कथा विशेषाङ्कमा

मेरो आँखा पऱ्यो । सम्पादकज्यूलाई सो पत्रिका पनि पठाइ दिन आग्रह गरेँ । यहाँ नेपाली, मैथिली, भोजपुरी, थारू, तामाङ्, नेवारी, बज्जिका, मगर, डोटेली र अवधि गरी दश भाषाका कथाहरू र ती भाषाका कथाका बारेमा छोटो इतिहास पनि प्रकाशन भएका रहेछन् ।

यस अङ्कले पान्थरबाट मलगायत साथीहरूसँग थालिएको उत्तरवर्ती सोचको दावीको ६ ओटा बुँदामध्ये नेपाली साहित्यमा समग्र राष्ट्रिय साहित्यको समान मान्यताको दाबी हामीले गरेको सफल भएको महसुस भयो । यसका प्रायः सबै अङ्कहरूमा एउटादेखि तीनओटासम्म भिन्नाभिन्नै राष्ट्रिय भाषाका लेख रचनाहरू प्रकाशित हुन्छन् । पछिल्ला अङ्कहरूमा लिम्बू भाषा, श्रीजङ्गा लिपिका कविताहरूले पनि प्रकाशन हुने अवसर पाएका छन् । नेपाली साहित्यलाई समृद्ध बनाउन यो पत्रिकाको योगदानलाई इतिहासले मूल्याङ्कन गर्ने छ ।

नवोदित साहित्यकार जन्माएर साहित्यमा स्थापित गर्ने कामनवप्रज्ञापन ले गरेको छ । ९९ अङ्कसम्म प्रकाशित यसका सबै अङ्कहरूका विषयमा विश्वविद्यालयहरूले विद्यावारिधिमा शोध गराउनु आवश्यक छ । यति मात्र हैन प्रत्येक विशेषाङ्कहरूमाथि स्नातकोत्तरको थेसिस लेखिनु पर्छ । अनि मात्र पत्रिकाको योगदानको कदर भएको मानिने छ । महसुस हुने छ । यो पत्रिकाको योगदान र निरन्तरताले मानकता प्राप्त गरिसकेको छ ।

यसका प्रवेशाङ्कसहित २१ ओटा विशेषाङ्क प्रकाशित छन् । नेपाली साहित्यको इतिहासमा सयौं पत्रिका प्रकाशन भए । कतिपय पत्रिका केही अङ्क प्रकाशित भएर बन्द भए । तर सूधासागर, उद्योग, शारदा, रूपरेखा, रचना, अभिव्यक्ति, जनमत, दायित्वलगायतका पत्रिकाहरूले इतिहास बनाए । ती पत्रिकाहरूजस्तै इतिहासमा **नवप्रज्ञापन** पनि निरन्तर प्रकाशित हुने पत्रिकाको जीवित सूचीमा पर्छ । यसका लागि सम्पादक नवराज रिजाल र **नवप्रज्ञापन शताङ्क** प्रकाशन परिवार सबैमा शुभकामना ।

(फेदेन पाँचथर)

म, नवराज र नवप्रज्ञापन



● **सीताराम उप्रेती**

नवराज रिजालका केही फुटकर रचनाहरू मैले साहित्यिक पत्रपत्रिकामा पढेको थिएँ । हो, त्यो समयमा म साहित्यिक पत्रपत्रिका खुबै पढ्थेँ । त्यसैले डुम्मरवाना बाराका यी साहित्यकारलाई मैले कागजी रूपमा पहिले नै चिनेको थिएँ तर प्रत्यक्ष भेटघाटको मौका जुरेको थिएन । उनले मलाई चिनेका थिए/थिएनन ? म यकिन गर्न सक्तिनँ ।

ढाकाटोपी र कोटमा सजिएका अनि काँधमा झोला भिरेका एक जना मानिस झन्डै अढाई दशकअघि एक दिन मेरो नाम लिएर मैलाई खोज्दै मेरो कार्यस्थल राष्ट्रिय वाणिज्य बैंङ्कको मुख्य शाखा कार्यालय विशाल बजारमा आए (हाल : मुख्य शाखा कार्यालय आफ्नै नवनिर्मित भवन वसन्तपुरमा स्थानान्तरण भएको छ) । परिचय भयो । मैले कालो चियाले स्वागत गरेँ । उनले नवप्रज्ञापन साहित्यिक पत्रिका उपहार दिए । पत्रिका पल्टाएर सर्सती हेरेँ । सम्पादकीय गजब राम्रो लाग्यो । उनी सो पत्रिकाको नाममा बैङ्कमा खाता खोल्न आएका रहेछन् । पत्रिका उनी आफैँ सम्पादक/प्रकाशक बनेर बारा जिल्लामा दर्ता भएको रहेछ । म आफैँले परिचय गरिदिएर नवप्रज्ञापन पत्रिकाको नाममा बचत खाता खोल्न सहयोग गरेँ । उनको समस्या समाधान भयो । उनी गए ।

त्यतिबेलाको बैंङ्किङ प्रणाली अहिलेको जस्तो प्रविधिमैत्री भइसकेको थिएन । त्यही कारण सरकारी बैङ्कमा जुनसुकै शाखाबाट कारोबार गर्ने कुरा कल्पना बाहिर थियो । सम्भवतः प्रविधिले यसरी कोल्टे फेर्ला भनेर कसैले पनि कल्पना गरेका थिएनन् । सबै कामका लागि खाता खोलेको बैङ्कको शाखा कार्यालयमा नै पुग्नुपर्ने अनिवार्य बाध्यता थियो । विशाल बजारमा नवप्रज्ञापनको खाता खुलेपछि नवराज रिजालसँग मेरो भेट बाक्लो हुन थाल्यो । भेटघाट नै बाक्लिए पछि आत्मीयता बढ्दै जानु स्वाभाविक पनि हो ।

उनीसँग भेट हुनुको अर्थ मेरो हातमा नवप्रज्ञापन पत्रिका पर्नु पनि हो । पत्रिकाको नयाँ अङ्क निस्कनासाथ मेरा हातमा पर्न थालेपछि म यसको नियमित नियमित पाठक भएँ । त्यो क्रमले आजका दिनसम्म पनि निरन्तरता पाइरहेको छ । त्यतिमात्र कहाँ हो र ? मजस्तो शुद्ध साहित्यको पाठकलाई लेख्नसमेत उत्प्रेरित गर्दै अनेकौँ मैले लेखेका रचनाहरू छापिदिएर हौसला बढाइदिने काम पनि गरेको छ । उसको यो कर्मबाट म अत्यन्तै प्रभावित पनि छु । हामीबिच परिचय भएपछि नवप्रज्ञापन साहित्यिक पत्रिकाले कहिले पुस्तक समीक्षा, कहिले निबन्ध, कहिले संस्मरण र कहिले कविता छापिदिएर मलाई गुन लगाउने काम गरिरहेको छ । उसको सहयोगबाट म अत्यन्तै उत्साहित छु । त्यो उत्साह अहिले पनि मसँग छ । यसर्थ मेरो तर्फबाट हुन सक्ने सहयोग यसलाई भविष्यमा पनि गरिरहने मभित्र बलियो सोच छ । म त्यही बाटोमा छु ।

लामो समयसम्म शिक्षण पेसामा आवद्ध रहेका रिजालमा साहित्यप्रतिको लगाव बलियो रहेको देख्न सकिन्छ । उनले कविता, नियात्रा, निबन्ध, समालोचना, बालसाहित्यमा कलम चलाएर कृतिहरू प्रकाशित गराए पनि विशेषत : उनी आख्यानकार हुन् । उनीसँगको परिचय लामै भए पनि बागियान शर्माको नामबाट सुन्दर गजलहरू सिर्जना गरी दुई कृति प्रकाशित गर्ने व्यक्ति नवराज रिजाल नै हुन् भन्ने कुरा मैले धेरैपछि मात्र थाहा पाएको हुँ । सम्पादनमा सिद्धहस्त छन् भन्ने प्रमाण एकल प्रयासमा निस्किरहेको नवप्रज्ञापनको निरन्तरताले पुष्टि गर्छ ।

मानिसका आ-आफ्ना स्वभावगत रुचि हुन्छन् । विचार हुन्छन् । सोच हुन्छन् । चिन्तन हुन्छन् । दृष्टिकोण हुन्छन् र मूल्य-मान्यता हुन्छन् । यही माझमा कसैलाई

जसरी पनि पैसा कमाउने हुटहुटी हुन्छ । ती उचित अनुचित जुनसुकै काम गरेर द्रव्यार्जन गर्छन् । कोही आफ्नो गाँस कटाएर पनि साहित्यको सेवा गरेर आत्म सन्तुष्टि लिने गर्छन् । मित्र नवराज रिजाल ३० वर्षदेखि नवप्रज्ञापन प्रकाशन गरेर खुसी मनाइ रहेका छन् । म मेरा मित्रको साहित्य मोहलाई सलाम गर्न चाहन्छु । साथै पत्रिकाको ३१औँ वर्ष प्रवेश र **शताङ्क** प्रकाशन एकसाथ परेको छ । **शताङ्क**पछि पनि यसले निरन्तरता पाओस् यो मेरो मनभित्रको तीव्र चाहना र शुभेच्छा छ ।

(ईँटाभट्टा, मेचीनगर-७, झापा, हाल कपन, बूढानीलकण्ठ, काठमाडौँ)

एउटा नाम धेरै टिक्यो, बिलाएन

• **नारायण तिवारी**

अहिले मेरा हातमा दुईओटा पत्रिका छन् । एउटा सानो, पातलो वा भनौँ छोटो । र अर्को ठुलो ढड्डु, याने मोटो । यो मैले ढड्डु भनेको पत्रिकाको पृष्ठसङ्ख्या पल्टाएँ अनि हेरेँ । ४१६ पृष्ठ रहेछ । पृष्ठसङ्ख्या ४१६ भनेपछि ढड्डु भन्न मिल्यो होइन र ? अर्को पातलो वा सानो भन्नेको तुलनामा त ढड्डु नै हो, हेरौँ : पातलो भनेको पत्रिकाको पृष्ठसङ्ख्या जम्माजम्मी ४ । त्यो पनि बिचबाट मोडेर गणना गर्दा । दुवै पत्रिकामा उही नाम छ- सम्पादकमा, प्रकाशकमा ।

एउटै नाम । याने सम्पादक पनि प्रकाशक पनि एकै व्यक्ति । एकै व्यक्ति पहिले पातलो र यतिका वर्षपछि अहिले मोटो ? ढड्डु ? व्यक्ति पहिले पातला थिए कि मोटा ? देखिन, देख्न पाइन उतिबेला । याने पातलो पत्रिका प्रकाशित भएको बेला । अहिले त मोटा छन् । देखेको छु । हार्दिकता छ उनीसित, भेटेको छु । व्यक्तिबाहेक पत्रिकाको हकमा पहिले पनि साक्षात दर्शन गरिएकै हो । अहिले त झन् गरिने नै भयो किनभने अहिले हुलाकको के दर्कार, जब हामी अहिले एकै उही खाल्डोमा नै छौँ । पहिले व्यक्ति सम्पादक/प्रकाशकले हुलाकबाट पठाउँथे । यसको प्रकृति नै 'हुलाकीय' हुनु हो । अहिले भेटघाटमा भेटिन्छ ।

यसरी पनि भन्न सकिन्छ । पहिलेको वर्ष २, अङ्क ५ को ४ पृष्ठको दुब्लो पातलो पत्रिका अहिले मोटायो । यो जन्मिँदै दुब्लो थियो । यसको प्रकृति नै दुब्लो तर कुपोषणको मार यसले झेल्नु परेन । यसले राम्रो हेरदेख र खानपान पायो । यसका सम्पादक/प्रकाशक गुणकारी व्यक्ति जो परेछन् र नै सम्भव भएको होला यसको अहिलेको 'मोटापन' ।

अब पाठकहरूलाई धेरै गन्थनमा नलपेटौँ, झिँजो लाग्न सक्छ । पाठक रिसाए भने फेरि लेखक बनी टोपल्न नानाभाँति गन्थन छाँट्न थालेको मेरो खैरियत छैन । पाठक त रिसाउनै हुँदैन बाबै । पाठक भनेकै हाम्रा देवीदेवता हुन् । सम्पादक/प्रकाशकका

पनि र हामी लेखकका पनि ।

त्यो ४ पृष्ठको पत्रिकाको कुरा गर्छु पहिले । जो मेरो सामुन्ने छ अहिले । माथि लेखेँ वर्ष २, अङ्क ५ । यस अङ्कको प्रकाशन मिति हो पुस, २०५१ । पत्रिकामा पौष लेखिएको रहेछ । तर मलाई पुस भन्नै मनपर्छ । झन्डै २८ वर्ष अघिको रहेछ यो ४ पृष्ठे पत्रिका । नाम भन्छु है त, प्रिय पाठकहरूलाई धेरै नअल्झाउँ । यस पत्रिकाको नाम हो- **प्रज्ञापन** । साथमा अलिक सानो अक्षरले लेखिएको छ- साहित्यिक मासिक । अझै कुरा खोल्छु- प्रिय पाठक महानुभावहरू, यो हवाई पत्रिका हो । यसलाई पट्याएर ४ पेज गणना गर्न सकिएको हो । नभए मात्र १ पाना । पेजको कुरा गर्ने हो भने पृष्ठभाग र अग्रभागको गणना गर्दा २ पेज । फोल्ड नगरी, याने नपट्याई २ पेज । जसरी हवाई पत्रमा चिठी लेखिन्छ । ठिक त्यसैगरी रचना प्रकाशित गरेर सम्पादक, प्रकाशकहरूले उधुम गरे, ऊ बेला । यसरी उधुमसँग धेरै हवाई पत्रिका प्रकाशित हुँदै आएका थिए । यो प्रज्ञापन प्रकाशनमा आउनुभन्दा पहिल्यैदेखि पनि । अहिले मैले जसरी यो **प्रज्ञापन** नाम उल्लेख भएको पत्रिकालाई सामुन्नेमा राखेर यो लेख्दै छु, मेरा अगाडि अरू पनि थुप्रै विभिन्न नामका हवाई पत्रिका बनेका हवाई पत्रहरू सामुन्नेमा उपस्थित छन् । खोज्न त मैले यो **प्रज्ञापन** नै खोजेको हो, लेख्नु जो छ यसकै बारेमा तर चाङमा त अरू पनि थिए नि । यो मैले एउटै क्लिप फाइलभित्र घुसारेकोले चाङमा अरू पनि देखिएका हुन् ।

हवाई पत्र त हामीलाई थाहा भएकै होला । 'खुम्रे' उमेरमा पुगिसकेका हामी जो कसैलाई थाहा नहुने कुरा के कुरा ! हो, अहिलेका 'उम्रे' लाई थाहा नहुन सक्छ । चिठी नै पठाउन पर्दैन अहिलेका दिनमा न उम्रेलाई न हामी खुम्रेलाई । इमेल, मेसेन्जरको चल्ती जो छ । पठाउनै परे कुरियर पनि जो छ । अनि के थाहा । हो, पहिले हुलाकबाट चिठी पठाउन प्रयोगमा ल्याइएको साधन थियो यो हवाई पत्र । त्यतिबेला यसमै लेख्यो, पट्यायो, २५ पैसाको टिकट टाँस्यो र ढ्वाङमा खसाल्यो । लेख्न अर्को कागज नचाहिने । अर्को कागज समावेश गर्न पनि नमिल्ने । यो हवाई पत्र हुन्थ्यो । अथवा भनौँ- हवाई चिठी ।

यसै हवाई चिठीलाई साहित्य अनुरागीहरूले सम्पादक/प्रकाशक बनेर यसमै कविता, कथा आदि इत्यादि छापेर, हामी अर्का साहित्य अनुरागीका नाम, ठेगानामा पठाइ दिन्थे । एउटाले मात्रै गरे र यस्तो सुकाम, धेरैले गरे । यी धेरैमा कति टिके कति बिलाए तर एउटा नाम धेरै टिक्यो, बिलाएन । यसले रूप बदल्यो, थोरै नाम बदल्यो । तर, निस्किरह्यो । त्यो सबल नाम हो **प्रज्ञापन** । थोरै नाम बदल्यो भनेको यो अहिले **नवप्रज्ञापन** बन्यो । यसले रूप बदल्यो भनेको यो सुकेनासबाट मुक्त भएर ढड्डु बन्यो । त्यसो त यो सधैँ ढड्डु बन्दैन । तर, यति 'सुके' पनि छैन ।

अर्थात् यसले नवप्रज्ञापन बनेर एफोर साइजमा आफूलाई सवाँर्‍यो । हवाई पत्र यसको जमिनी रूप थियो अर्थात् धरातल । मैले 'सुकेनास' लेखिहाले पनि यो लेख्न र देख्नलाई मात्रै सुकेनास । धरातल भनेको धरातल हो, जो कसैले बिर्सिनु हुँदैन । महत्त्व त सबैको आ-आफ्नो ठाउँमा उत्तिकै हुन्छ नि । जसलाई लेखेर कसले मेट्न सक्छ ? कसले बदल्न सक्छ ? समय फेरिन्छ । बालक पनि त बढ्छ, जवान हुन्छ, त्यसै गरेर यो जवान भएको हो । आफ्नो रूप बदलिएको हो । बालापन नबिर्सिएझैँ मैले पनि यसलाई सँगालेर, अँगालेर राखेको हुँ । त्यसैले यति कुरा लेख्न पाइएको हो ।

त्यसबेलाका यस्ता हवाई पत्रिका कविता, कथा लघु आकारप्रकारका हुन्थे । अर्थात् मुक्तक, लघुकथा, गजलजस्ता रचना

छापिन्थे । लामा र ठुला रचना यस्ता पातला पत्रिकामा साध्य नै हुन्नन् नि छाप्न । मेरो दखल सुरुवाती समयमा यस्तै ससाना रचनामा थियो र मलाई यस्ता पत्रिकाका सम्पादक/ प्रकाशकले सित्तैमा पत्रिका पठाइदिएर लोभ्याउँथे । आग्रह गर्थे रचना पठाउन । म पनि पठाउँथे । यद्यपि उति उत्साह गर्दिनथेँ पठाउन । किनभने म अलिक ठुलो पल्टिसकेको थिएँ त्यसताका । किनभने त्यसताका म मधुपर्क, गोरखापत्र, रूपरेखाजस्ता नामीगरामी पत्रिकामा छापिने खाले मनुवा भइसकेको थिएँ ।

यसका अतिरिक्त नाम चलेका राष्ट्रिय साप्ताहिक पत्रिकाहरू प्रायः जम्मैमा म झुल्किने भइसकेको थिएँ । तर पनि सोच्थेँ कि यत्रो दुःखले, रहरले छापेका छन्, मलाई सम्झिएका छन्, किन नपठाउँनु ? त्यसैले उत्साहहीन हुँदै पनि उनीहरूको मेहनत र मप्रतिको अनुरोधलाई लत्याउन मन लाग्दैनथ्यो । त्यसैले प्रज्ञापनलगायत अन्य पनि यस्ता मोफसलका हवाई पत्रिकाहरूमा मेरो रचना जान्थ्यो । र, छापिन्थ्यो । ठुलो पल्टिन्थेँ भन्ने कुरा पनि यसो भन्नलाई मात्रै हो । म सानै मान्छे थिएँ, हुँ र छु । र सधैँ सानै रहने छु ।

यो मैले जुन अङ्कको **प्रज्ञापन**को माथि चर्चा गरेँ, हवाई पत्रिकाको, त्यसमा मेरो लघुकथा छापिएको छ । अहिले मैले अगाडि सामुन्नेमा राखेको छु यो प्रज्ञापन । र, यसरी लेख्दै छु । यसमा छापिएको मेरो लघुकथाको शीर्षक हेर्दै छु । शीर्षक रहेको छ- 'मतको रक्षा' । यो लघुकथा मेरो साझा प्रकाशनबाट २०५७ मा प्रकाशित भएको 'दर्शैं खर्च' नामको लघुकथा सङ्ग्रहमा सङ्गृहीत छ ।

कहिलेदेखि प्रज्ञापन मोटायो ? अर्थात् प्रज्ञापनले कहिलेदेखि रूप बदल्यो ? नाम पनि थोरै फेऱ्यो, थाहा छैन । तर मैले माथि चर्चा गरेको र नाम दिएको ढड्डु प्रज्ञापन पनि अहिले मेरो सामुन्नेमा नै छ । यो ढड्डुको नाम भएको छ अब- नवप्रज्ञापन । प्रज्ञापन कहिलेदेखि नवप्रज्ञापन भयो ? यो पनि थाहा छैन । मतलब, मलाई पो थाहा छैन । यो अब १०० पूर्णाङ्कमा उक्लिँदै छ । त्यसबेला यसको नालीबेली सबै बेलिविस्तारसहित पढ्न पाइहालिएला नि । पर्खौं, पूर्णाङ्क १०० लाई पर्खौं । अत्यन्त हार्दिकताका साथ स्वागत गर्न तयार होऔँ ।

अहिलेसम्म केवल **प्रज्ञापन** र **नवप्रज्ञापन**कै मात्र नाम उच्चारण गरेँ । अब पालो यसका पुरेतको । अर्थात् हर्ताकर्ताको । अर्थात् सम्पादक पनि उनै प्रकाशक पनि उनै को । त्यसो त प्रज्ञापन, नवप्रज्ञापन भनिसकेपछि सम्पादक/प्रकाशक को हो, त्यसै बुझिहालिन्छ । तर, पुरेतकै नाम नलेखी कसरी तुर्नु हौ यो गनगन । लुते प्रज्ञापनलाई ढड्डु नवप्रज्ञापनको रूपमा बदलेर निरन्तर साहित्यसेवामा सक्रिय व्यक्ति हुन् नवराज रिजाल । उनी मलाई प्रिय लाग्छन् । साहित्यको निरन्तर यत्रो सेवा गरिरहने व्यक्ति कसरी अप्रिय लाग्नु त ! फेरि, यिनी मलाई सरल पनि लाग्छन् । र, सरल व्यक्ति नै मलाई प्रिय । त्यसैले नवराज रिजाल मलाई प्रिय ।

म यो काठमाडौँ खाल्डोमा बस्न आएदेखि नवराजजीसित मेरो चिनाजानी छ । त्यसअघि नामले चिन्थेँ, अहिले सशरीर चिन्छु ।

चाडमा २०३६ सालमै विराटनगरबाट प्रकाशित 'कनिका' नाम गरेको ४ पेजे हवाई पत्रिका पनि निस्क्यो । के के निस्क्यो निस्क्यो, प्रज्ञापनकै अरू अङ्कहरू पनि निस्किए । पराग निस्कियो । त्रिवेणी निस्कियो । प्रयास, प्रस्फुटन, पालुवा, शब्द-संग्राम, उपहार, कोपिला, प्रतिबिम्ब, फूलबारी, प्रतीक आदि नाम गरेका हवाई पत्रिकाहरू मेरो चाडबाट निस्किए । प्रज्ञापनकै पनि हवाई पत्रिका आकारमा तर केही साइज अलिक बढी पारेर ४ पेजमा नै छापिएको २०५१ असोजको वर्ष २, अङ्क २ उल्लेख भएको गजल अङ्क-१

पनि चाङबाट निस्कियो ।

प्रज्ञापनको मैले माथि प्रारम्भमा नै उल्लेख गरेको वर्ष २ अङ्क ५ मा मेरो पनि एउटा रचना भएकोले यसलाई महत्त्व दिएर पहिल्यै चर्चा गरिदिइसकेको छु । त्यसो त प्रज्ञापन हवाई पत्रिकाका अरू अङ्कहरू पनि छन् मसित । तर, नवप्रज्ञापन जो आफ्नो रूप हवाई पत्रिकाबाट बदलिएर केवल पत्रिकाका रूपमा मात्र प्रकाशित हुन थाल्यो । यसपछि भने मलाई नवराजजीसित भेटमा मात्र भेटिन वा प्राप्त हुन थाल्यो यो पत्रिका । हवाई पत्रिकामा पो सजिलो थियो कि, २५ पैसाको टिकट टाँस्यो र खसाल्यो । आइहाल्ने । हात परिहाल्ने । अहिले पो यो खाल्डोमा कहाँ, कहिले, कसरी भेट हुनु र सजिलै पाप्त हुनु ? गाह्रो छ नि ...।

माथि प्रारम्भमा मैले उल्लेख गरेको प्रज्ञापनले आफ्नो रूप बदलेर प्रकाशन हुन थालेको नवप्रज्ञापन पत्रिकाको पृष्ठसङ्ख्या ४१६ को प्रकाशन मिति वि.सं. २०६७ कात्तिक-पौष उल्लेख रहेछ (मलाई भने पौष होइन, पुस भन्न, लेख्न मनपर्छ ।) र, पूर्णाङ्क ५० । याने यो स्वर्ण अङ्क रहेछ । साथै यसमा मेरो पनि एक कथा प्रकाशित रहेछ । र पो मैले यति जतनले राखेको रहेछु । जतनले राखेको रहेछु र न अहिले मलाई यसका बारे पनि उल्लेख गर्न सजिलो ।

मैले उल्लेख गरेका यति मात्रै होइनन् प्रज्ञापन र नवप्रज्ञापनका अङ्कहरू । सबै अङ्क मसँग छैनन् । तर केही त अरू छन् । मसँग नभएका बाहेक अरू धेरै अङ्क प्रकाशित भएका छन् । अब १०० औँ अङ्क प्रकाशनको संघारमा रहेको छ नवप्रज्ञापन । ९९ औँ अङ्क प्रकाशनपछि अब यसले शतक बनाउँदै छ । यसका लागि धेरै शुभकामना । १०० औँ अङ्कमा आइपुग्नु एउटा निजीस्तरको सम्पादक/प्रकाशकका लागि सजिलो काम होइन । व्यक्तिगत प्रयासमा यसरी एउटा सानो, पातलो हवाई पत्रिकाबाट सुरू गरेर ठुलो आकारप्रकारमा निरन्तर पत्रिका निकालिरहन सक्नु खुबी हो । यसका लागि नवराजजी बधाईका पात्र छन् । यसरी निष्ठाकासाथ अटुट साहित्यसेवामा लागिरहने नवराज रिजालको म हार्दिक प्रशंसा गर्छु । नवप्रज्ञापनको १०० औँ शतक अङ्क प्रकाशनका लागि नवराजजीलाई मेरो हार्दिक बधाई । साथै यो अङ्क विशेष हुन सकोस्, सबै साहित्यप्रेमीको आँखामा रहिरहने हुन सकोस्- मेरो हार्दिक शुभकामना ।

(बिराटनगर, मोरङ)

नवप्रज्ञापन अर्थात् नवप्रज्ञापन

• **जय छाङ्छा**

नेपाली साहित्यको विद्यार्थी हुनुको नातामा साहित्यिक पत्रिका पठन गर्ने बानी स्वाभाविक हो । बजारमा पत्रिकाको नयाँ अङ्कहरू देख्नासाथ सरसर्ती अवलोकन गर्छु र गरिरहेको छु । आफ्ना चाखका विषय प्रकाशन भएको पाए खरिद गरेर ल्याउने पनि गर्छु । यही क्रममा मेरो **नवप्रज्ञापन**सँग चिनजान भयो । अर्थात् पहिले नवप्रज्ञापन

चिनें । अनि यसका सम्पादक नवराज रिजालसँग भेट भयो । चिनापर्ची गरियो । त्यो चिनापर्ची आज अझ बाक्लिँदै गएको अनुभूति गरेको छु । अथवा हाम्रो मित्रता क्रमशः झाङ्गिँदै गएको छ ।

अहिले सम्झन्छु पत्रिकासँग हिमचिम भएको करिब पाँच वर्षपछि मात्र व्यक्तिगत रूपमा सम्पादकसँग मेरो जम्काभेट भएको थियो वि.सं. २०५५ तिर । चिनजान पछिका दिनहरू निकै मित्रवत् भएर अगाडि बढिरहेको छ । पहिले पहिले खरिद गर्नुपर्ने **नवप्रज्ञापन** अहिले उपहारका रूपमा पाइरहेको छु ।

नवप्रज्ञापन यात्रा प्रारम्भदेखि नै निकै उत्साह, जोस, जाँगरले भरिएर अगाडि बढेको अनुभूति हुन्छ । यसका सुरुवाती समयदेखि वर्तमानसम्मको अनवरत यात्रालाई निकटबाट नियाल्दा यस्तै निष्कर्ष निस्कन्छ । २१ ओटा त विशेषाङ्कहरू नै निकालिसकेका छन् । आफूले पत्रपत्रिका ननिकाल्नेहरूलाई त केही नलाग्ला तर पत्रत्रिका निकाल्नेहरूलाई भने पक्कै पनि यो कुरा सामान्य लाग्दै लाग्दैन ।

वि.सं. २०५० साउन/भदौमा **प्रवेशाङ्क** प्रकाशित गरेको यसले २०७९ वैशाख-असारमा नेपालीय भोजपुरी साहित्य विशेषाङ्क प्रकाशन गरेर १०० अङ्कको यात्रामा २१ ओटा विशेषाङ्क प्रकाशन गरेर प्रशंसनीय काम गरेको मेरो ठम्याइ छ । अधिकांश विशेषाङ्कहरू विधागत छन् यो झन् महत्त्वपूर्ण काम हो । भाषा साहित्यको उन्नयनका लागि काम गर्नेहरूका लागि यो अत्यन्तै खुसीको विषय पनि हो ।

यसबाट के स्पष्ट हुन्छ भने नवराजका नसानसा साहित्यिक रसले भरिएको छ। त्यो उत्साहित तथा साहसिक रस **नवप्रज्ञापन**को प्रत्येक धमनीमा प्रवाह भएर जीवन्त बनेको छ । भन्न मलाई कत्ति गाह्रो पर्दैन, नवराज रिजाल **नवप्रज्ञापन**मा परिणत भएका छन् । नेपाली साहित्यिक पत्रकारितामा **नवप्रज्ञापन** नवराज रिजाल भएर बाँचिरहेको छ । यसका हामी साक्षी छौं - यथार्थलाई मनन गर्ने हो भने निजी क्षेत्रबाट प्रकाशन गरिने पत्रिकाको आयु नै एकदम छोटो हुने गरेको पाइएको छ । जुन कुरालाई यसरी बुझ्न सकिन्छ-

सुब्बा ऋध्दिबहादुर मल्लको सम्पादनमा वि.सं. १९९१ देखि प्रकाशित हुन थालेको नेपालको प्रसिद्ध र चर्चित साहित्यिक पत्रिका 'शारदा' वि.सं. २०१९ सम्म घस्रदै घस्रदै २७ वर्षसम्म जसरीतसरी प्रकाशित भए पनि त्यसपछि पूर्णरूपमा बन्द हुन गयो ।

त्यसरी नै नारायणप्रसाद बास्कोटाको सम्पादनमा वि.सं. २०१० साल वैशाख-जेठदेखि प्रकाशित 'प्रगति पत्रिका' जम्मा १६ अङ्क (वि.सं. २०१२ कात्तिक-मंसिर) सम्म प्रकाशित भएर अवसानको समय रोज्न बाध्या बन्यो । यी त केवल नमुनाका लागि उध्दृत गरिएका हुन् । अनुसन्धान गर्ने हो भने यस्ता पत्रिकाका नामको लामै फेहरिस्त बन्न जान्छ । नेपाल बाहिरबाट प्रकाशित हुने गरेका नेपाली साहित्यिक पत्रिकाका हालत वा इतिहास पनि 'शारदा' र 'प्रगति' भन्दा भिन्न पाइँदै पाइँदैन ।

एउटा साह्रै ओजिलो र नमनीय कुरा **नवप्रज्ञापन**ले तीन दशक लामो यात्रा पूरा गर्ने क्रममा छ यही वि.सं. २०८० मा । निजी वा व्यक्तिगत तवरमा एउटा साहित्यिक पत्रिकाको तीन दशकसम्म

निरन्तरता पाउनु कुनै हँसीठट्टाको कुरा हुँदै होइन । त्यसका लागि प्रतिज्ञा, अठोट, धैर्य, अथक परिश्रम र निःस्वार्थ सेवाभाव हुनु आवश्यक छ किनकि साहित्यिक पत्रकारिता कुनै हिसाबले पनि नाफामूलक कार्य होइन । त्यही कारणबाट धेरै साहित्यिक पत्रिकाहरू जन्म भएर तन्नेरी हुँदै वृद्धावस्थामा नपुगी अवसानमा पुग्ने गरेका कुरा सतहमा आइरहेका छन् । हामी ती कुराहरूका साक्षी बनेका छौँ । किन बनेका छौँ थाहा छैन तथापि यो क्रमले निरन्तरा पाइरहेको छ ।

उल्लिखित कुराहरूका आधारमा **नवप्रज्ञापन** साहित्यिक पत्रिकाका सम्पादकलाई एउटा जबरजस्त आत्मसन्तुष्टि दिलाउने कुनै अदृश्य वस्तुले मार्ग प्रशस्त गरिरहेको होला भन्न सकिन्छ । नत्र भने तीन दशकसम्म निरन्तररूपमा साहित्यको स्वयंसेवक भएर पत्रिका प्रकाशित गरिरहने हिम्मत कसरी गरे होलान् ? जिज्ञासा जाग्नु स्वाभाविक छ ।

अझ भन्ने नै हो भने समयसमयमा विशेषाङ्क प्रकाशित गरेर सुनमा सुगन्धसमेत थप्न पछि परेका छैनन् । मलाई यो एउटा सुखद क्षणलाई अभिलेखन गरिरहेको छु जस्तै प्रतीत भइरहेको छ र यतिबेला सम्पादक नवराज रिजाललाई नतमस्तक भएर सलाम गर्न सबै नेपाली साहित्य सेवकको कर्तव्य हो भन्ने लागिरहेको छ ।

अन्त्यमा **नवप्रज्ञापन**ले दीर्घायु जीवन पाउन सकोस् र सम्पादक नवराज रिजालको उद्देश्य र लक्ष्यमा कहीँ कतैबाट ठेस नलागोस् । **नवप्रज्ञापन** र नवराज रिजाल पर्यायवाची भएर नेपाली साहित्यिक पत्रकारिता क्षेत्रमा अनन्तसम्म बाँची रहन सफल होउन् भन्ने शुभकामना दिन्छु । साथै २०८० को वैशाखमा प्रकाशित हुन गइरहेको **नवप्रज्ञापनको शताङ्क**को भव्य सफलताको कामना गर्छु । अहिलेजस्तै भविष्यमा पनि प्रत्येक पाठकको मन मुटुमा स्थान ओगटी राख्न सफल हुन सकोस् भन्ने हित चिताउँदै बिदा लिन चाहन्छु ।

(पौवादुम्मा भोजपुर, हाल, 'छाङ्छा खिम' वानेश्वर, काठमाडौँ ।)

शुभकामना ! शुभकामन !! शुभकामना !!!

- **नगेन्द्र रेग्मी**

कहिरन, मुहूर्त, साहित्यिक पत्रजस्ता केही पत्रपत्रिकाको पाँचसात अङ्क सम्पादन र प्रकाशन गरेको नाताले आफूलाई पनि साहित्यिक सम्पादकको पगरी गुथाइदिएका कारण मख्ख परेर बसेको म जस्तो व्यक्तिका सामु एकाएक सय अङ्क निकाल्ने मित्र नवराज रिजालजीले केही सम्झौटो कोरिदिने आग्रह गर्दा म लाजले भुतुक्कै नभएको होइन । **जसले केही काम**

गरेकै छैन, त्यसलाई अरूले गरेको महान् कार्यका बारेमा टीकाटिप्पणी गर्ने कुनै अधिकार छैन भन्ने हवार्ड फास्टको भनाइ मैले नसम्झेको पनि होइन । तर साथीको आग्रह टार्न नसकेर केही कोर्ने धृष्ट प्रयास गरिरहेको छु ।

हो नेपालको परिप्रेक्ष्यमा साहित्यिक पत्रिका त्यसमा पनि एकसय अङ्क निस्कनु भनेको कुनै चानचुने कुरा किमार्थ होइन । नवप्रज्ञापन साहित्यिक पत्रिकाले १०० अङ्क प्रकाशन गरेर नेपाली साहित्यिक अध्येताका लागि ठुलो गुन लगाएको छ । यस उपलक्ष्यमा सर्वप्रथम सम्पादक नवराज रिजाललाई हार्दिक बधाई तथा शुभकामना ज्ञापन गर्दछु । सामान्य परिस्थितिमा सामान्यजनका लागि एक सय अङ्क भनेको कुनै ठुलो कुरा नलाग्न सक्ला । तर नेपालमा त्यसमा पनि साहित्यिक पत्रिकाले यो निरन्तरता दिएर यत्रो अङ्क निकाल्नु भनेको एउटा स्तुत्य प्रयास हो, अविष्मरणीय कार्य हो । अझ अगाडि नै गएर भन्ने हो भने यो एउटा कठिन तपस्या पनि हो ।

हाम्रो देश जहाँ साहित्यलाई अनुत्पादक क्षेत्र मानिन्छ । साहित्य र साहित्यिक पत्रकारलाई विषविनाको सर्प भनिन्छ । जहरले प्रहार गर्नुभन्दा विष नहुनु निश्चय नै राम्रो कुरा हो । हुन पनि साहित्यले अमृत प्रदान गर्दछ, विष होइन यो सत्य हो । तर साहित्यलाई होच्याउने अथवा हेयका रूपमा यस्ता पदावली प्रयोग हुनु भनेको चाहिँ हाम्रो लागि दुखद र दुर्भाग्यको विषय हो । अतः नेपाली साहित्य यसरी उपेक्षित भएर हेपिएर पनि वामे सर्दैसर्दै कठिन यात्रा तय गरेर शिखर आरोहण गरेको देख्दा कसलाई खुसी नलाग्ला र ?

यसरी सम्पादनको कार्यमा अहोरात्र खट्दा पाउनु पर्ने हन्डर ठक्करहरूको त के कुरा गर्नु ! रचना सङ्कलनका लागि सर्जकका घरमा घन्टौ कुरेर बस्नुपर्छ विचरो सम्पादक । अझ एकपटक होइन पटकपटक धाउँदा धाउँदै सम्पादकका जुत्ता कत्ति खिइन्छन् खिइन्छन् । प्रेसलाई दिनु पर्ने पैसा समयमै चुक्ता गर्न नसकेर कहिलेसम्म भाग्दै हिँड्नु पर्ने हो सम्पादकले ? कम्प्युटर टाइप गरेको पैसा तिर्न श्रीमतीको गहना जाकटी राखेको तिलहरी कहिले उकास्ने ? यस्ता यावत् समस्याहरू वर्षौंदेखि उठिरहेका छन् तर त्यसको निरुपण गर्नेतर्फ कोही तयार छैनन् पनि पत्रिकाको नयाँ अङ्क प्रकाशनपछि त्यसको अनुहार हेरेर मुसुक्क मुस्कुराउँछ सम्पादक, हर्षाश्रु बहाउँछ । पहिले पाएका तिरष्कार, दुःख र पीडाहरू सम्पूर्ण बिर्सन्छ । अनि फेरि सोही पत्रिका काखी च्यापी निःशुल्क बाँड्न हिँड्छ लेखक कविहरूको घर घरमा, बाटो र चौबाटोमा । यो कस्तो नशा र नियति हो नेपाली साहित्यिक सम्पादकको ? अनि कस्तो विडम्बना ? नवराजजीहरू निरन्तर यही यात्रामा अनवरत हिँडिरहेको म देखिरहेछु । तर कहिलेसम्म उहाँहरूले यो नियति भोगिरहने ? के यसतर्फ जिम्मेवारीमा बसेका व्यक्तिहरूले गम्भीरतापूर्वक अझै सोच्ने बेला आएको छैन ? यो अहँ, प्रश्नको उत्तर कसले र कहिले दिने ? अधैर्य भएर हामीहरू पर्खेर बसिरहेका छौँ ।

(खोटाङ,
हाल : जडीबुटी कोटेश्वर, काठमाडौँ)

नवप्रज्ञापन एउटा यात्राको नाम

● वसन्तराज अज्ञात

सोचेजस्तै जिन्दगी होस् भन्ने हामी बारबार कामना गर्दछौँ ।

सायद सागर शान्त हुन्छ होला । कोसी-नदी केही हदसम्म शान्त नै हुन्छ । तर पानी मूलबाट अगाडि बढ्न थालेपछि अस्तित्व देखाउन उद्धत हुन्छ । ध्यार्र, सुलुलु, छङछङ, कलकल, छल्ल्याङछुल्लुङ, गड्याङगुडुङ अनेक आवाज दिँदैदिँदै अगाडि बढिरहन्छ, बढ्न चाहन्छ । मूलबाट सागरसम्म सबै पानी कहाँ पुग्न सक्नु र ! कुनै मूलबाटै भान्सातिर । कुनै रापको तापमा । कुनै खेतबारीका गह्राभगह्रामा । धेरै जसो बालुवाका भासमा । अनि प्रयासका प्रयास बालुवामै विलीन । र पनि, प्रयासका प्रयास त जारी रहन्छ । पुग्नु छ टाढा । लक्ष्य भेट्टाउनु छ । सागरसम्म पुग्नु मात्र होइन, उडेर सगरमाथा टेक्नु छ । अनि फेरि उही यात्रा जारी राख्नु छ ।

हो, पानी र हाम्रो जीवन, लक्ष्य-यात्रा उही उस्तै लाग्छ । पानी पनि सागर हुन/छुन चाहन्छ । मान्छे पनि लक्ष्यको गहिराइसम्म पुग्न र उचाइ टेक्न चाहन्छ । त्यही लक्ष्यका लागि दिनरात जीवनका अवयव सिध्याउँदै, उध्याउँदै गइरहेको हुन्छ ।

सलल बग्न चाहन्छ । तर सम्भावना कम छ । सागरभन्दा पर अर्को लक्ष्य छैन । पुगिसरि छ । त्यसैले पनि सागर शान्त छ । भित्रभित्रै दुनियाँ अटेको छ । बाहिरफेर केही आरिसेहरूले अनेक धक्का दिइरहे पनि दुनियाँ यसैको आधारमा यात्रा गरिरहेछन् । छेउकुना केही फोहोर जम्मा हुनु सामान्य हो । फोहोर पनि बिस्तारै आफै थाक्ने छ र विलीन हुने छ । हामीलाई हाम्रो लक्ष्यबाट विलीन हुनु छैन । लक्ष्यलाई अझ दर्बिलो बनाउँदै जानु छ । त्यसैका एउटा उदाहरण हुन् साहित्यक पत्रकार नवराज रिजाल ।

उनी आफ्नो लक्ष्यमा अडिग छन् । वरपर कतै अल्मलिएका छैनन् । यसर्थ स्वकर्ममा निरन्तर लागि रहेछन् । भनौँ न हिँडेका हिँड्यै छन् । बसेका छैनन् । आजका मितिसम्म टसकोमस भएका छैनन् । किन छैनन् ? यो कुरा उनी आफैँ जानुन्, तर भएका छैनन् यो यथार्थ हो । नवप्रज्ञापन चुपचाप हिँडिरहेको छ । कतै अलमलिएको छैन । हिँड्नु राम्रो कुरा हो । यसर्थ हिँड्नेहरूलाई प्रोत्साहन गर्नु सबैको कर्तव्य हो । कर्तव्यशील के को छन् त ? यसको खाजी गर्नु आवश्यक छ । नखोजी त्यो फेला पार्न सकिँदैन ।

वि.सं २०५० बाट प्रकाशन थालिएको नवप्रज्ञापन एउटा बाटो बनाएर निरन्तर हिँडिरहेको छ । ऊ कसैले बनाएको बाटोबाट हिँडिरहेको हैन । उसको आफ्नै बाटो छ त्यसैले त्यही बाटोबाट हिँडिरहेको छ । कसरी ? प्रश्न उठ्न सक्छन् । यसको सर्वमान्य उत्तर छैन । ऊ ऊजस्तै गरी हिँडिरहेको छ । प्रकाशनलाई निरन्तरता दिइरहेछ । थाकेको छैन यसैले हिँडिरहेको छ । त्यसको अर्थ आजका मितिसम्म थाकेको छैन भन्नु हो । भोलि ? यो कुरा नगरौँ किनकि भोलि भनेको भोलि नै हो र भोलि भोलिजस्तै हुन्छ ।

नवप्रज्ञापनले नेपाली भाषा, साहित्य, कला र संस्कृतिको प्रवर्द्धन र उचाइमा जोड दिनुका साथै कनिष्टदेखि वरिष्ठसम्मका स्रष्टाहरूलाई स्थान दिने गरेको देखिन्छ । सबैलाई समेट्दै निरन्तर अगाडि बढ्नु सायद उसको लथ्य हो र त्यही लक्ष्य प्राप्तिका लागि ऊ हिँडिरहेको छ । हिँडिरहोस् र आफ्नो काम गरिरहोस्, थाकेर नबसोस् तथा नयाँ नयाँ प्रतिभाहरूलाई स्थान दिइरहोस् यसो भनेर कामना गर्नु सम्भवतः सही काम हो ।

बारा जिल्लाबाट आजभन्दा ३० वर्षअघिदेखि प्रकाशित भइरहेको यस पत्रिकामा म कहिलेदेखि जोडिएँ त ? जति सम्झन खोज्दा पनि मिति सम्झन सकिरहेको छैन । ठ्याक्कै मिति भन्न नसके पनि अढाई दशकभन्दा कम भएको छैन यति चाहिँ ठोकुवा गरेरै भन्न सक्छु । जहिलेदेखि जोडिए पनि मेरा धेरै रचनाहरूले यसमा ठाउँ पाइसकेका छन् । यसो भनैं अझै पाइरहेका पनि छन् । हालसम्म हजारौं प्रतिभाहरूको नाम यस पत्रिकामा दर्ता भइसकेको हुनुपर्ने मेरो अनुमान छ । यसबाटै लेखनआरम्भ गरेका कतिपय नाम हाल सम्मान योग्य पनि भइसकेका छन् । उनीहरूले दर्जनौं पुरस्कार र सम्मान प्राप्त गरिसकेका छन् । यो क्रम जारी छ ।

नवप्रज्ञापनका डेढदर्जन बढी विशेषाङ्क आइसकेका छन् । विशेषाङ्कहरू प्रकाशनकै क्रममा गीत विशेषाङ्क पूर्णाङ्क ८८, वैशाख-असार २०७७ मा अतिथि सम्पादकको भूमिका सम्पादक/प्रकाशक नवराज रिजालको आग्रहमा मैले निर्वाह गर्ने मौका पाएको थिएँ । उनले भरोसा र विश्वास गरी सुम्पिएको अतिथि सम्पादकको भूमिका सायद उल्लेखनीय नै रह्यो भन्ने मेरो ठम्याइ छ ।

सो गीत विशेषाङ्कमा धेरै गीतकार-सङ्गीतकार तथा गायक-गायिकाहरू समेटिनु भएको थियो । गीतका लागि मैले निकै मेहनत गरेको थिएँ । यो विशेषाङ्कमा छापिएका कतिपय गीत रचनाहरू अहिले रेकर्डिङ भइसकेका छन् भने कतिपय गीतहरू हुने क्रममा छन् । यो एक किसिमको सफलता नै हो भन्दा अत्युक्ति नहोला । मेरा लागि पनि सौभाग्य र खुसीको कुरा हो । यसका लागि सम्पादक/प्रकाशक, साहित्यकार नवराज रिजाललाई धन्यवाद भन्नु म मेरो कर्तव्य र नैतिक उत्तरदायित्व हो भन्ने सम्झन्छु ।

अहिले नवप्रज्ञापन १०० औं सिँढी (शतक अङ्क) मा प्रवेश गरिरहेको छ । योभन्दा माथि अरू धेरै सिँढीहरू पनि छन् । यसले अझै हिँड्नु छ र सिँढीहरू चढ्दै जानु पनि छ । ती सिँढीहरू सबै सजिला छैनन् । अप्ठेरा र असजिला छन् । कतै भत्किएका पनि होलान् । कतै पहिरोले पुरिएका पनि होलान् । कतै सरल र सहज होलान् । कतै जटिल र असहज पनि होलान् । बाटोमा जे जे आइलाग्छ त्यसलाई पन्छाउँदै पन्छाउँदै अगि बढ्नु छ । कतै रोकिनु छेकिनु छैन । बढ्दै बढ्दै जानु छ । आरिसेहरू आरिसले मरे मरून् । नवप्रज्ञापनले यसको वास्ता गर्ने छैन । चिन्ताको पहाडमा उक्लने छैन । नैराश्यता बोकेर छताछुल्ल पोखिने छैन । लक्ष्यको शिखरमा पुगी परिचयको झन्डा सदा सदाका लागि फहराइरहने कार्य गर्ने छ । पल पलमा मेरो पनि साथ सहयोग र हौसला रहिरहने छ । अहिलेभन्दा पनि अझ बढी रहने छ किनकि नवप्रज्ञापन मेरो तन र मनमा बसेको छ । विश्वास र विचारमा अडिएको छ । हिजो बारा र नारायणी क्षेत्रलाई आधार मानेर प्रकाशन गरिएको नवप्रज्ञापन आज त्यो घेराबाट आएर देशभरि छरिएको छ । यति मात्र कहाँ हो र ? नेपालको सीमाबाहिर पनि यो विस्तार भएको छ । यो ज्यादै खुसीको कुरा हो । यसका पाइला कहिल्यै नरोकिउन् निरन्तर अगाडि बढिरहुन् बढिरहुन् नवप्रज्ञापन र रिजाललाई हार्दिक शुभकामना ।

(दोबेला, खोटाङ)

हाम्रो साहित्यिक पत्रकारिता

• मातृका पोखरेल

हामीले वि.सं. १९५५ साउनदेखि प्रकाशनमा आएको सुधासागर देखिको इतिहासलाई बोक्ने उत्तराधिकारी हौँ भन्दा साहित्यिक पत्रकारितामा लाग्नेहरूले लज्जाबोध गर्नु पर्ने स्थिति छ यतिबेला । इतिहासले साहित्यिक पत्रकारितालाई जिस्क्याइरहेको जस्तो लाग्छ। तर केही साहित्यिक पत्र पत्रिका अझै पनि निस्किरहेकै छन् । अदम्य सङ्कल्प र अठोट भएका मानिसहरू हाम्रो समाजमा रहुन्जेल यस्तायस्ता घटनाहरू घटित भैरहन्छन ।

साहित्यिक पत्रिका साहित्यकारहरूको पहिलो पाठशाला हो । पाठशालाहरू पनि सबै एकैनासका हुँदैनन । साहित्यिक पत्रिका भनेर मात्र पनि पुग्दैन । कस्तो साहित्यिक पत्रिका ? कुन स्तरको साहित्यिक पत्रिका ? यो प्रश्न सँगसँगै उठ्छ । फेरि पनि उठिरहने नै छ। उठ्नु स्वभाविकै हो। गुण र मात्राको मूल्याङ्कन सबैतिर हुन्छ नै । यतिबेला नवप्रज्ञापन साहित्यिक पत्रिका १०० अङ्कको पूर्ण तयारीमा छ । गुणस्तरीयताको कसीमा यो पत्रिकाले आफूलाई अब्बल साबित गरिसकेको तथ्य अब सम्पूर्ण पाठकहरूका बीचबाट लुकेको विषय होइन ।

कतिलाई अझै पनि लाग्दो हो, साहित्यिक पत्रकारिता एउटा लहड र रहरको परिणाम हो। तर यसो होइन, साहित्यिक पत्रकारिता गर्नेको पछाडि सपनाको एउटा बेग्लै संसार हुन्छ । यो सत्यलाई कतिले बुझ्लान् या कतिले न बुझ्लान् यो बेग्लै पाटो हो । तर यथार्थ के हो भने ऋषिमन भएका मानिसहरूले मात्र यो कष्टलाई स्वीकार्न सक्छन् ।

साहित्यिक पत्रकारिताको यात्रा थाल्नु एउटा कष्टकर शिखरको यात्रा थाल्नु सरह हो। साहित्यिक पत्रकारितामा हात हाल्नेलाई मात्र यसको मर्म थाहा हुन्छ । अदम्य सङ्कल्प र अठोट नभएका मानिसहरूबाट यो शिखरको आरोहण हुनै सक्दैन । हतास हुने स्वभाव भएका मानिसले पनि यो कार्यमा हात हाल्न सक्दैनन् । मलाई लाग्छ, त्यस्तो मानिसले हात हाल्नु पनि हुँदैन । इतिहासमा यस्तो कार्यमा हात हाल्न सक्ने थोरैमात्र नवराज रिजालहरू जन्मन्छन ।

साहित्यिक पत्रिकाले १०० अङ्क प्रकाशन गर्नु भनेको एउटा कठिन पहाड छिचोलेर विजय उत्सव मनाउनु सरह हो । नवप्रज्ञापनले पनि एउटा कठिन शिखर आरोहण गरिसक्यो । यो सामान्य काम हुँदै होइन । १०० अङ्क प्रकाशनबाट यसको उपलब्धिलाई हामीले कुनै भौतिक वस्तुलाई देखाए जस्तो देखाउन सक्दैनौँ । तर यसले नेपाली भाषा, साहित्य र संस्कृतिको विकासमा पुऱ्याएको योगदानलाई कसैगरी पनि नाप्न वा जोख्न सकिँदैन ।

नवप्रज्ञापनले पनि १०० अङ्क निस्कने सौभाग्य पाईछाड्यो । भनौँ न, नेपाली साहित्यिक पत्रकारितामा थोरै साहित्यिक पत्रिकाले चढेको शिखरमा यसले पनि पाइला राख्यो । यसले आगामी दिनमा अरू शिखरहरू पनि आरोहण गर्दै जाओस् हार्दिक शुभकामना !!!

(ताप्ली-४, उदयपुर)

MADHESH ACADEMY
मधेश प्रज्ञा-प्रतिष्ठान

पत्र संख्या :
चलानी नं. :

मिति : २०२३। १ । १६

शुभकामना

मोफसलबाट प्रकाशित हुने पत्र-पत्रिकाहरुको संघर्षकथाबाट म अपरिचित छुइन । २०३० सालबाट अर्चना नामबाट मैले साहित्यिक पत्रकारिता शुरु गरेको थिएं । त्यत्ती बृला मधेशमा पत्र-पत्रिकाको निकै अभाव थियो । सरकारको कानूनी अडचनले गर्दा पनि अपठ्यारो अवस्था थियो । पछि दर्ता खुले पनि त्यसकोलाभ निकै थोडैमात्रामा मधेशका पत्र-पत्रिकाले लीन सके । लेख,रचनाको अभाव,विज्ञापनको अभाव र सबैभन्दा कठिन वितरणको दरिद्र अवस्था । त्यसले पनि साहित्यिक पत्रिका प्रकाशन एउटा ठूलो चूनौती बनेर रहेको थियो । यस्तो अवस्थामा मधेश प्रदेशको बारा जिल्ला बाट २०५० सालमा दर्ता भै प्रकाशनमा आएको पत्रिका **नवप्रज्ञापन** आफ्ना यात्रालाई यती लामो समय सम्म जारी राख्न सक्नु भनेको चानचुने कुरा हैन । म दृढतापूर्वक पत्रिकालाई बचाई राख्न ,प्रकाशन प्रतिको आफ्नो प्रतिबद्धता कायम राख्न सक्ने यसका सम्पादक,प्रकाशक नवराज रिजालजीको आँटलाई सलाम गर्दछु । उहाँ जस्तै भाषा,साहित्य प्रति समर्पित साहित्यप्रेमीहरुकै कारण पत्रिकाको यस खडेरीमा पनि साहित्यका बिभिन्न विधाहरु पाठकहरु सम्म पुग्न सफल भईरहेको म ठान्दछु । पत्रिकाको उज्ज्वलभविष्यको कामना गर्दछु ।

(राम भरोस कापडि भ्रमर)

अध्यक्ष

मधेश प्रज्ञा-प्रतिष्ठान,मधेश प्रदेश,जनकपुरधाम

जनकपुरधाम, धनुषा, मधेश प्रदेश   E-mail:-madheshacademy.2079@gmail.com

निर्बाध जारी रहोस् प्रोत्साहनमूलक यात्रा



• रामचन्द्र महतो कुशवाहा

नवप्रज्ञापन साहित्यिक पत्रिकाले एउटा यात्राको थालनी गरेको छ । उसको यात्राबाट अन्य कतिपय पत्रपत्रिकाहरूले प्रोत्साहन पनि पाइरहेका छन् । मोफसल बाराबाट प्रकाशित भइरहेको र निरन्तर **क** वर्गमा परिरहेको यो पत्रिका आफू एक्लै हिँडिरहेको पनि छैन । यसको गति हेर्दै अन्य पत्रपत्रिका पनि तातेताते गरेर हिँडिरहेका छन् । हिँड्न उत्प्रेरित भइरहेका छन् र आआफैँ प्रोत्साहन ग्रहण गरिरहेका छन् ।

पत्रिकाले नेपाली भाषा र साहित्यको सेवा त गरेको छ नै, साथसाथै अन्य मातृभाषाका रचनाहरूलाई पनि पर्याप्त स्थान दिइरहेको छ । भोजपुरी भाषाका रचनालाई निकै प्राथमिकतामा राख्ने **नवप्रज्ञापन**ले समय समयमा बज्जिका भाषाका रचनालाई पनि स्थान दिने गरेको छ । यसरी बज्जिका सर्जक र बज्जिका मातृभाषालाई राष्ट्रिय स्तरमा पहिचान बनाउन नवप्रज्ञापनको पनि अहम् भूमिका छ ।

साहित्यिक पत्रिकाहरू जन्मने र एउटा इतिहास भएर बिलाउने प्रवृत्तिबाट टाढा रहेर गौरवमय **सयौँ अङ्क** प्रकाशन गर्ने **नवप्रज्ञापन**को **सयौँ** पाइलालाई हार्दिक बधाई । अझ मधेस प्रदेशबाट प्रकाशनरत साहित्यिक पत्रपत्रिकाहरूमा **नवप्रज्ञापन** शताङ्क प्रकाशन गर्ने सम्भवतः पहिलो पत्रिका हो । यसले इतिहासको नयाँ गोरेटो निर्माण गरेकोमा थप बधाई । मधेस प्रदेशबाट प्रकाशनरत अन्य साहित्यिक पत्रपत्रिकाहरूले पनि यो पत्रिकाबाट अभिप्रेरणा प्राप्त गरी निरन्तरता दिने प्रयास गर्ने छन् भन्नेमा विश्वास लिएको छु ।

मैले पनि **बज्जी साहित्यिक त्रैमासिक** प्रकाशन गरिरहेको छु । साहित्यिक पत्रिका प्रकाशन गर्नु फलामको चिउरा चपाउनु सरह हो । नवप्रज्ञापनका सम्पादक-प्रकाशक नवराज रिजालज्यूले यो फलामको चिउरा काँक्रो चपाएझैँ पक्कै चपाउनुभएको छैन । निकै दुःख, कष्ट र असहजताले नै पत्रिका निरन्तर निकाली रहनुभएको छ । हामीलाई अलि पातलो आकारमा निकाल्न पनि धौ धौ परिरहेको अवस्थामा पनि **नवप्रज्ञापन** विशेषाङ्कसहित प्रकाशित भइरहेको छ । एउटा साहित्य सेवीको लागि यो निकै खुसीको कुरा हो ।

हामीलाई स्वतःस्फूर्त रचना प्राप्त गर्नसमेत अप्ठेरो परिरहेको अवस्थमा पनि नवप्रज्ञापनले देखाइरहेको गति र जाँगर साँच्चै प्रेरणादायी छ । मधेस प्रदेशको सर्लाहीबाट प्रकाशित भइरहेको बज्जीका पत्रिकाको तर्फबाट म मधेस प्रदेशकै बारा जिल्लाबाट ३१ वर्षदेखि प्रकाशित भएर **सयौँ अङ्क** प्रकाशनको सङ्घारमा पुगेको नवप्रज्ञापनलाई प्रगतिको कामना साथ हार्दिक बधाई ज्ञापन गर्दछु ।

(सम्पादक/प्रकाशक
बज्जी साहित्यिक त्रैमासिक)

गज्जबको शतक : कमालको ब्याटिङ

• डा.राजेन्द्र विमल

'नवप्रज्ञापन' नेपाली साहित्यिक पत्रिकाको इतिहासमा एउटा वैचारिक जन अभियानको अविस्मरणीय नव शङ्खघोष हो । यो पत्रिका विगत तीन दशक अघिदेखि साहित्यको माध्यमले नेपाली चेतनामा सकारात्मक उद्‌बोधन र उद्वेलन ल्याउन प्रतिबद्ध रहेको छ। साक्षीका रूपमा पत्रिकाका पूर्वप्रकाशित अङ्कहरूको सिंहावलोकन गर्दा कुरा निर्विवादित र अटल सत्य उद्‌घाटित हुन्छ ।

सिङ्गो राष्ट्रको मूल्यबोध, भावबोध, मनोविज्ञान, चरित्र र चेतनाको सूत्रले राष्ट्रलाई बलियो गाँठो पारी ऐक्यबद्ध बनाउनु पत्रिकाको मूल गन्तव्य हो। राष्ट्रिय जीवनका प्रत्येक आयाममा यसले क्रान्तिकारी र मङ्गलकारी परिवर्तन ल्याउन खोजेकै हो । भूगोल, जातजाति, सम्प्रदाय, लिङ्ग, नाता सम्पर्कजस्ता सङ्कीर्ण घेराबाट माथि उठी राष्ट्रको भावनात्मक एकतालाई सुदृढ पार्न यसले कम्मर कसेको महसुस हुन्छ ।

नवप्रज्ञापनले साहित्यको प्रत्येक विधाको समृद्धि र उत्कर्ष खोजेको छ । यसका सबल प्रमाण पत्रिकाले समय समयमा प्रकाशित गरेका विधागत विशिष्टाङ्कहरू हुन् । विगत तीस वर्षदेखि प्रकाशित हुँदै आएको यस पत्रिकाको **एक सयौँ अङ्क** प्रकाशित हुँदै छ। यस ऐतिहासिक शतकका लागि पत्रिकाको स्तरीयता र निरन्तरता कायम राख्ने पुरुषार्थका लागि पत्रिकालाई जति बधाई दिए पनि थोरै वा अपुग हुन्छ भन्ने मेरो ठम्याइ छ।

एउटा त मोफसल, त्यसमाथि मधेस प्रदेश, अझ त्यसमा पनि बाराबाट वि.सं. २०५० देखि प्रकाशित भइरहेको यस पत्रिकाका चुनौतीहरूलाई संवेदनशील हृदयले मात्र अनुभव गर्न सक्दछ। विकट अर्थाभाव, लगभग सहयोग शून्यता, उच्च कोटिका रचनाहरूको खडेरी, नेपाली साहित्यिक पत्रकारिताका लागि अनुकूल सामाजिक पर्यावरणको नितान्त अभाव, पाठक सङ्ख्याको नगण्यता, नेपाली भाषा साहित्यको उन्नयनका लागि अपेक्षित उत्साह र सक्रिय अग्रसरताको ऋणात्मक अवस्थामा पनि असङ्ख्य हाँकहरूसित पौंठाजोरी खेल्दै पत्रिका प्रकाशनको **शतक** पुग्न सफल भएकोमा म अत्यन्तै हर्षित र गौरवान्वित भएको छु।

वि.सं. २०५० मा पहिलो अङ्क प्रकाशित यस पत्रिकाले ९९ अङ्कसम्मको यात्रामा गजल अङ्क-पूर्णाङ्क ७, माधव घिमिरे लघुशब्दचित्र-पूर्णाङ्क-११, गीतगंगा-पूर्णाङ्क १३, ईश्वर ढुङ्गेलका कविता-पूर्णाङ्क १४, सरुभक्त लघुशब्द चित्र-पूर्णाङ्क १६, नारायणीका स्रष्टाहरू पहिलो भाग-पूर्णाङ्क २२,.श्यामप्रसादका रचना-पूर्णाङ्क २७,

नारायणीका स्रष्टाहरू दोस्रो भाग-पूर्णाङ्क २९, बाल्यकालीन संस्मरण विशेषाङ्क-पूर्णाङ्क ४०, स्वर्णाङ्क-पूर्णाङ्क ५०, बालसाहित्य विशेषाङ्क-पूर्णाङ्क ६०, भानुभक्त विशेषाङ्क-पूर्णाङ्क ६४, छन्द कविता विशेषाङ्क-पूर्णाङ्क ६८, लघुकथा विशेषाङ्क-पूर्णाङ्क ७२, स्वअभिलेख विशेषाङ्क-पूर्णाङ्क ७६, मुक्तक विशेषाङ्क-पूर्णाङ्क ८०, बहुभाषाकथा विशेषाङ्क-पूर्णाङ्क ८४, गीत विशेषाङ्क-पूर्णाङ्क ८८, प्रदेश २ गजल विशेषाङ्क-पूर्णाङ्क ९२ र नेपालीय भोजपुरी साहित्य विशेषाङ्क-पूर्णाङ्क ९६ लाई विशेष अङ्कका रूपमा प्रकाशित गरी एउटा कालातीत कीर्तिमान स्थापित गरेको छ । पत्रिकाका विशेषाङ्कहरू मात्र हैनन् सबै अङ्कहरू पाठक तथा गवेषक दुबैथरीका लागि सङ्ग्रहणीय र मननीय रहेका छन् ।

मधेस प्रदेशको मात्र हैन नेपालका अन्य प्रदेशका नेपाली इतर भाषा साहित्यलाई समेत यसले यथा समयमा मञ्च दिनु पत्रिकाको उदात्त दृष्टिकोणको प्रमाण हो । विशेष गरी प्रदेशभित्रका उदीयमान प्रतिभाहरूलाई विकसित हुने र राष्ट्रिस्तरमा स्थापित हुने अवसर प्रदान गर्न पत्रिका सधैँ उद्यत देखिन्छ ।

अन्त्यमा **शतक अङ्क** प्रकाशित हुन लागेकोमा म **नवप्रज्ञापन**लाई पुनः बधाईसहित अभिनन्दन गर्दै यसको उत्तरोत्तर सार्थकता र लोकप्रियतामा बृद्धिको मङ्गलकामना गर्दछु ।

(धनुषा, जनकपुर)

गति मलाई मनपर्छ

• **कार्तिकेय घिमिरे**

मेरो आफ्नै प्रदेशबाट विगत ३० वर्षदेखि निरन्तर प्रकाशित भइरहेको नवप्रज्ञापनको ३१औँ वर्ष प्रवेश र शताङ्क प्रकाशन एकसाथ हुन लागेको सुन्दा म अत्यन्तै खुसी भएको छु । म पनि कुनै समयमा सक्रिय साहित्यिक पत्रकार थिएँ । यसको मर्म र पीडाको अनुभूति मलाई पनि छ ।

तर जे जे भए पनि साहित्यिक पत्रकारिताबाट आनन्द प्राप्ति हुन्छ र सम्पादक रिजाल त्यो आनन्द प्राप्त गरिरहनुभएको छ भन्ने म बुझ्छु । अहिले म त्यो दिन सम्झन्छु, 'साहित्यिक पत्रिका निस्किन्छन् र बन्द भई हाल्छन् ! किन सहयोग गर्नुपर्‍यो' भन्ने ठुला स्वरहरूलाई यसका सम्पादक/प्रकाशकको सकारात्मक सोच, मिहिनेत र निरन्तर साधनाले मिथ्या सावित गरिदिएको छ ।

कुनै पनि पत्रिका निस्किनु र निस्किरहनु मात्रको संयोगभन्दा पनि माथि भिन्न र विशेष प्रकृतिका विशेषताहरूले यसको इतिहासको सम्बोधन गर्न मिल्ने बनेको छ । पत्रिकाले समय समयमा प्रकाशन

गरेका विशेषाङ्कहरूका शृङ्खलाले यस कुराको पुष्टि गर्छ । अर्थात् यिनले पत्रिकालाई नयाँ उचाइ प्रदान गरेका छन् । वास्तवमा निरन्तरताका १०० अङ्क र स्तरीय विशेषाङ्कसहितका १०० अङ्कका समिश्रणले साहित्यिक पत्रकारिताको इतिहासमा नवप्रज्ञापनको अध्याय स्वर्ण अक्षरले लेखिन पुगेको छ ।

अन्त्यमा यस सुखद अवसरमा यसका सम्पादक/प्रकाशकका साथै नवप्रज्ञापन परिवारलाई शताङ्क प्रकाशनका निम्ति बधाई दिँदै अगाडिको यात्राको यात्रा अझ लामो बनोस् हार्दिक मङ्गलमय शुभकामना !!!

(हरिवन, सर्लाही)

काकाकुल जिन्दगी



● **माधव काफ्ले**

जीवनका केही रहरहरू एउटा बिन्दुमा पुगेर निम्ठिन थालेपछि मनभरि अपार आनन्दको सघन अनुभूति बढ्दै जाने रहेछ र त्यसले पूरा मानसिकतालाई नै उथलपुथल पारेर सानन्दको तिलस्मी बाटोतर्फ आरोहित बनाउँदै लाने रहेछ । नवप्रज्ञापनको सयौँ अङ्कको बारेमा लेख्न बस्ता आज मलाई त्यस्तै अनुभूति भइरहेछ ।

नवप्रज्ञापन मेरो पुरानो साथी, सहचरी र सहयात्री पनि हो । यसको सान्निध्यमा बसेर मैले निकै अक्षर रगडेको छु। केलाएको छु। खिपेको छु । खारेको छु । मस्काएको छु । माझेको छु र आफ्नो बुताले भ्याएसम्मको बल लगाउँदै त्यसलाई टल्काएर सम्प्रेषण गर्दा उसले उल्लासले, खुसीले विना आग्रह, विना भेदभाव आफ्नो मुखको गाँस थाती राख्तै पेटमा पटुका कसेरै भए पनि उच्च प्राथमिकताका साथ अग्र स्थानमा तत्कालै प्रदर्शन पनि गरिदिएको छ । प्रचार पनि गरिदिएको छ ।

र मजस्तो एउटा उपेक्षित वनस्खण्डी लाटोबुङ्गोलाई यो रूपमा ल्याउन नवप्रज्ञापनले सुरुवाती दिनदेखि नै ठुलो सदाशयता देखाएको छ । सहानुभूति पोखेको छ । परिश्रम गरेको छ । उसको यस्तो निश्कलङ्कित उद्दाम उपकारले मलाई कृतकृत तुल्याएको छ । आज म जे छु र जस्तो छु यस रूपमा अनुवाद भएर सबै सामु उभिन सक्नुमा नवप्रज्ञापनको ठुलो हात र लगानी छ । साहित्यमा लागेर मैले केही पाएको छु भने त्यसको हकदार नवप्रज्ञापन पनि हो । त्यसको म ऋणी छु । दुई अक्षर समेटेर आभार प्रकट गर्दैमा सितिमिति यो ऋण तिर्न सकिने छैन । यस गुन चुक्ता गर्न अझै मैले निकै भोटा फेर्नु पर्ने हुन्छ ।

नवप्रज्ञापनको कुरा आउँदा जहिले पनि यसैसँग टाँसिएर नवराजजीको नाम पनि आउँछ । यदि यसको पेटबोलीमा नवराजजीको नाउँ नजोड्ने हो भने ठुलो

अन्याय हुने छ । त्यो पातकी धृष्टता म गर्दिन ।

सुरूसुरूमा यो सानो आकारमा प्रकाशित हुने गर्दथ्यो । जीवनयापनका लागि नवराजजी पनि सङ्घर्षरत हुनुहुन्थ्यो । म पनि निम्न मध्यमवर्गीय परिवारमा नै हुर्के, बढेको हुनाले यस वर्ग र विशेषतः यस वर्गका सिर्जनारत बेरोजगार नवयुवाहरूको सङ्घर्ष, पीडा र अन्योलग्रस्त छट्पटिलाई धेरथोर बुझ्दै आएको छु । सोर्स, सिफारिस र शक्तिका सेसन्तरले हुर्काएर, दर्फऱ्याएर कतिसम्म दपेट्न सक्छन् भनौँ खोज्छन् भन्ने कलबिख यन्त्रणा चाखेको पनि छु । भोगेको पनि छु । अनुभूत गरेको पनि छु ।

यस अर्थमा पनि हामी एकै कित्ताका सामानान्तर सोच राख्तै साधना गर्दै आएका परजीवी हौँ जस्तै लाग्दछ । कमजोर मानसिकता र लुलो क्षमता भएको तामसी कारणले गर्दा मैले उहाँले जति अध्ययन गर्न सकिनँ । र विशेषतः रुचि हुँदाहुँदै पनि साहित्यिक पत्रिका उहाँले जस्तै नियमित प्रकाशन गर्ने साहस देखाउन सकिनँ । तर अन्तर्यमा भने पत्रिका प्रकाशनको रुमानी मोह भने ढकमक्क भएर फुलिरहेको थियो । घरिघरि त्यो लोभ संवरण गर्न नसकी नेपथ्यमा पुगेर भुक्न थाल्थेँ ।

जागिर पनि हाम्रो एकै खाले पाइटे थियो र स्थान कोल्टे थियो । दुवै जना जागिरको चहारीमा अपायक भूगोलतर्फ धकेलिन पुगेका थियौँ । उहाँले जहाँ जहाँ पुगे पनि र जजस्तो विषम परिस्थितिसँग सिँगौरी खेल्नु परे पनि पत्रिका प्रकाशन गर्न छोड्नुभएन । म जहाँ जहाँ पुगे पनि चिबेचरोजस्तै चिर्बिराएँ, कराएँ, कोक्किएँ र अन्त्यमा थाकेपछि आफ्नै गुँडमा फर्केर चाउरिँदै घुर्न पुगेँ ।

उठान जेजस्तो किसिमले भए/गरे पनि हामीबिच देखिने टड्कारो फरक यही थियो । यसले गर्दा पनि नवराजजीको साहित्यप्रतिको समर्पण, साधना र सङ्घर्षको छेउछाउ म कहिल्यै पुग्न सकिनँ । उहाँले आफ्नै पसिना, बहुबल र लगनशीलताको जगमा टेकेर कुनै गुनासो, फिरादविना गुमनाम जीवनतर्फ मोडिँदै नवप्रज्ञापनको सुकिलो इतिहास निर्माण गर्नुभयो । नेपाली साहित्यिक पत्रकारिताको प्रज्ज्वलित पुञ्जलाई दिग्दिगान्तरसम्म फैलाउन सफल पनि हुनुभयो । नियति, साहसहीन मनोद्वेगको कारणले गर्दा म भने आफ्नै खिच्चा कुराको दौर्बल्यमा अल्झेर दन्त बझानमाथि उठ्नै सकिनँ ।

माथि नै भनिहालेँ यो पत्रिका स्तरको हिसाबले खिरिलो भए पनि सुरूमा आकारको दृष्टिले सामान्य काँटको सानो र पातलो नै थियो । केही समय थिलिएर थला पनि पऱ्यो । सरकारी अनुदानमा आकण्ठ डुबेर ढाडिन खोज्दै गरेका राजधानीबाट प्रकाशित हुने राजशी पत्रिकाले पत्याउन नखोजेका मजस्ता अभ्यासरत लिखुरे लेखकको मानसिकतालाई पत्रिका प्रकाशन हुन नसकेको खबरले नराम्रोसँग कोपरेपछि भेट भएताका पत्रिका पुनः प्रकाशन गर्नका लागि मैले उहाँ सामु करजोडी फिराद पनि गरेको थिएँ । गाँस काट्ता, काट्ता उहाँ पनि हत्तुहैरान हुन पुग्नुभएको कुरा धेरथोर बुझेर पनि आफ्नो लोभ संवरण गर्न नसकी यो गुनासो गर्न पुगेको थिएँ । त्यतिमात्र होइन पत्रिका डिमाइज साइजमा निकाल्ने र सकेसम्म ठुलै आकारको निकाल्नुपर्छ भन्ने विचार प्रकट गरेको थिएँ ।

नभन्दै त्यसको केही अन्तरालपछि उहाँले डिमाइज साइजमा नै पत्रिका निकाल्नुभयो । मैले एक अञ्जुली सहयोगको आश्वासन पनि उहाँलाई दिएको

थिएँ । दुईचारप्रति बेच्न पनि सक्थेँ र हठात बेच्न नसके आठदशप्रति आफैँ भुक्तान गर्न सक्ने ल्याकत पनि थियो । गृहस्थीको जगमा टेकेर फुइँ त लाएँ तर त्यसको केही दिनपश्चात् नियतिले मलाई मेरा सबै खाले चुरिफुरी सतचूर्ण हुनेगरी बाढीले पाहा पछारेझैँ सडकमा निर्वस्त्र पारेर पछारिदियो । त्यसपछि त पँखेटा तानेको भिँगाको जस्तै हविगत हुन पुगेपछि फुटानीका सबै खाले दंशहरू एकै साथ भष्मीभूत हुन पुगेका थिए । अनि मैले आफ्नो अघोरी पेट मुसार्दै हिँड्नु शिवाय आँखा तन्क्याएर अलि परसम्म हेर्न र अरू केही सोच्न र गर्नै सकिनँ ।

पछि त उहाँले मैले अपेक्षा गरे भन्दा पनि ठुलो आकारमा गुणस्तरीय कागज राखी, स्तरयुक्त सामग्री सञ्चयन गर्दै देख्तै लोभ लाग्ने खालका विशेषाङ्क समेत धडाधड प्रकाशित गर्दै जानुभयो । उहाँ राजशी सुविधा भोगी कुनै सम्भ्रान्त परिवारको मान्छे पनि होइन । जग्गा, जमिन जति नै भए पनि सानो परिवारको बुतामा त्यसले जेनतेन खान बाहेक भुक्तभोगी म आफैँ हुँ- अरू ठुलो भरथेग केही गर्न सक्ने हैन क्यारे !

ती अङ्कहरू हात परेपछि एकातिर हर्षले पुलकित हुन पुगे पनि मन अर्कोतर्फ भने विषादले कचल्टिन पुगेको थियो । उहाँ पावरवाला पहुँच भएको मगन्ते मान्छे पनि होइन । विना दान, दक्षिणा र विज्ञापन लरतरो किसिमले यस्ताखाले पत्रिका प्रकाशन सम्भव पनि थिएन । पहुँच नहुने सम्पादकहरू विज्ञापनविना कति काकाकुल बनेर छट्पटाउँदै आएका छन् भन्ने कुरा मैले पनि धेरथोर देख्तै आएको छु । पत्रिका हात परेपछि चर्र गरेर अनायास मन चिरिन थाल्छ । 'यसपालिको वर्षा पनि रिजाल बाजेले प्लास्टिक ओढेर कटाउन लगाउनु हुने भो आफ्ना निर्दोष जहान, केटाकेटीहरूलाई !' भन्ने कुरा मेरो मनमा हुँडलिन थाल्छ ।

अतिरिक्त आय हुने पेसा पनि हैन प्राध्यापन । खाए खा नखाए घिच जस्तै हो । अभावले पिल्स्याउँदै आएका दारुण दिनहरूको ऐठन वासलातमा मौज्दात नहुने हो भने कुनै पनि सद्दे मानिस बरु अकालमा मर्न मञ्जुर गर्ला शिक्षणतर्फ लाग्न चाहँदैन । बाह्र महिनाको बेतनबाहेक हातलाग्ने फगत दशैँ खर्च न हो । त्यति रकमले पत्रिका प्रकाशन गर्न त परै जाओस् धुप हाल्न पनि पुगोइन । अनि मोटा, आकर्षक अङ्क हात पारेपछि लाग्न थाल्थ्यो- 'यसपालिको दशैँ अब पखालिएर आउने होला । तिहार मठारिन पुग्ने छ र रहरहरू बेत बस्ने छन् । लालावालाहरू पनि ओठभरि विषादका सुस्केरा लोटाउँदै आशाको अखण्ड दीप ताप्तै पन्याइलो मुख लगाएर उधिँदै जान थालेको झोला टालटुल पारी गाँसेको चप्पलको लोती घिसार्दै स्कुल जान विवश हुने छन् ।'

साधनारत कर्मयोगी नै मान्छु म नवराजजीलाई । जतिसुकै पीर, व्यथा, दुःख, हन्डर खेप्नु परे पनि अलिकति पनि त्यसको सन्निपाती तुस नदेखाई ऐया, आत्थाविना पत्रिका प्रकाशनको निस्वार्थ अनुरागलाई निरन्तर प्रज्ज्वलित तुल्याउँदै आज सयको मुकाममा उभिन आइपुग्नु भएको छ । समर्पणको यति सङ्लो महादान सम्झँदा पनि श्रद्धाले शिर निहुरिन थाल्छ र म मनमनै उहाँलाई सम्झेर शतत् नमन गर्दछु ।

काकाकुल जिन्दगीबाट अमलेख हुन यस अनुष्ठानले मद्दत गरोस् । यही हार्दिकताका साथ आफ्नो कोर्काली कथनको बिट मार्दछु ।

(च.पुर, रौतहट)

मनदेखि मनसम्म

• यशु श्रेष्ठ

"सकेको सहयोग गर्छु रे ! त्यो भनेको के हो नि, तपाई के सक्नुहुन्छ, के सक्नुहुन्न मलाई के थाहा ? म कसरी बुझौं त्यो कुरा ? साँच्चै भन्नोस् त सक्ने भनेको चाहिँ के हो ?" मेरो मन अचम्भित भएको थियो । यो मन, त्यो मन देखेर हाँस्दै थियो । झस्कँदै पनि थियो । रिस रिस पनि उठ्दै थियो । खुसी खुसी हुँदै पनि थियो । त्यो मनलाई के भएको हो, यो मनलाई थाहै थिएन । मन अकमक्क थियो अनि आँखा झिमझिम गर्दै थिएँ । के भनौं के भनौं ? भनिहालौं वा एकछिन सोचौं ? के हो सहयोग ? के गर्न सक्छु ? आफैंमा अलमल्ल थिएँ । अलि उधारो कुरा गरिएछ । नगदी कुरातर्फ मोड्नु पऱ्यो । यही मजा होला । मन यस्तै सोच्न लाग्यो ।

हेर्नुस् त, मन रुमल्लिइरह्यो । एउटा शून्यताले छातीमा घर बनाएछ । यसैले मनदेखि मनसम्म कुरा पुग्नै पाएन । शून्यतामै विलीन भएछन् सारा कुरा । बाँकी रह्यो केही भाव, हेराइ, मिठासबिनाको मुस्कुराहट अनि ट्वाल्ल मन हराइरहेको सन्त्रासमय भाव । विचार छताछुल्ल बनेर पाखियो । उठाएर संरक्षण गर्नुपर्छ विश्वासले भन्यो । म उसकै पछिपछि लागेँ तर भेट्टाउन सकिनँ । तैपनि आस्था विश्वासले औंला ठड्याउने काम गरिरह्यो ।

"यस्तो हो भाइ, सक्छु भने यो यो सक्छु । सक्दिनँ भने यसरी सक्दिनँ, कुरा प्रष्ट गर्नु आवश्यक छ । सहयोग गर्नैपर्छ भन्ने पनि छैन । गर्छु भन्ने हो भने यो यो यसरी गर्छु भनेर पक्का हुनुपर्छ । गर्छु भनेपछि निश्चय पनि सकिन्छ ।" यस्तै यस्तै कुरा गराई दाजुका अनि मेरो सुनाई । बिचमा मुस्कुराहट हामीलाई हेरिरहन्छ । कुराकानी यतिमै सकियो । अपरिचित परिचितमै छुट्टिनु पऱ्यो ।

पहिलो भेट अलि अचम्मै लाग्यो । दाजुको कुराकानी नै अलि फरक फरक झैं मानैं । पर्साका बासिन्दा, जो अहिले अमेरिका बस्नुहुन्छ विश्वराज अधिकारी सर नै मेरो र नवराज दाजुको पुल बन्नुभएको थियो । दाजुसँग छुट्टिएपछि मैले विश्वराज सरसँग यो कुरा गरेँ । उहाँ मुस्कुराउनु भयो । "नवराजजीको स्वभावै त्यस्तै हो । पहिले पहिले मलाई पनि त्यस्तै लाग्थ्यो । तपाई बिस्तारै बुझ्दै जानुहुन्छ । मलाई त बडो मजा लाग्छ उहाँको स्वभाव !" सरले भन्नुभयो ।

विस्तार विस्तार नवराज दाजुसँगको मेरो भेटघाट बाक्लिँदै गयो । उहाँ बागबजारतिर आउँदा पुतलीसडक आउन भुल्नु हुन्नथ्यो । म पनि उहाँसम्म जान रमाउँथेँ । यसरी बाक्लिँदै गएको थियो भेटघाट र कुराकानी । "सहयोग भनेको के हो ? यो हो ट्वाक्क हुनुपर्छ" यो भावबाट सुरु भएको कुराकानी अब सहयोगमा बदलिएको थियो । दाजुले मेरो भावना,

भोगाइ र वास्तविकता बुझ्नुभएको थियो । मैले उहाँलाई बुझेको थिएँ । हामी तराईली अर्थात् उहाँ बारा र म रौतहटको । हाम्रो स्वभाव, पारिवारिक अवस्था, जिन्दगीका कतिपय भोगाइ करिब उस्तैउस्तै थिए । यसैले होला सायद, हामी मनदेखि मनसम्म थियौँ अब । यस्तो लाग्थ्यो दाजुभाइको भेट काठमाडौँमा भएकै होइन । एउटै गाउँका थियौँ, एउटा मूलको पानी खाएका थियौँ, समयसँगै लहरिँदै यो सहरमा आइपुग्यौँ र पनि सँगै छौँ । यही भाव, चाहना र अनुभूति भइसकेको थियो । अपरचित परिचित होइन, परिचित थियौँ मनदेखि मनसम्म ।

हामी दुई जनालाई यसरी जोडिदिने एउटा सेतु थियो, नवप्रज्ञापन । कुराकानी सबै नवप्रज्ञापनका लागि गरिएका थिए । कुराकमानी मेरो वा उहाँको व्यक्तिगत जीवन वा जीवनवृत्तिका लागि गरिएका थिएनन् । दाजु नवप्रज्ञापनलाई आफ्नो पर्याय ठानिरहनु भएको थियो । सबैसबै कुराहरू नवप्रज्ञापनका लागि थिए । यसले हामीलाई बलियो गरी बाँधेको मात्र थिएन अझ बलियो बनाउँदै बाँधी रहेको थियो ।

पहिलोपटक दाजुसँगको भेटपछि ‘ नवप्रज्ञापनलाई के सहयोग गर्न सकुँला त ?’ यो कुरा मनमा खुबै खेलेको थियो । छिमेकी जिल्ला बारामा जन्मिएको नवप्रज्ञापनलाई केही गर्न सक्नु मेरै लागि सन्तुष्टि हो, मनले सोचेको थियो । त्यतिबेला म सिर्जनाको गोरेटोमा बामे सर्दै थिएँ । कोसिसहरू बाट्दै बलियो बनाउँदै थिएँ । चिटिक्कको बनाउँदै थिएँ । यही बेला नवराज दाजु र नवप्रज्ञापनसँग भेट भयो । अरू केही गर्न नसके पनि विचारहरूको सहयोग गर्न सक्छु कि, दाजुसँग विचारविमर्श भयो ।

‘नयाँ स्तम्भहरू थपौँ दाजु’ मैले विचार राखेँ । दाजुभाइमा यस्तो विश्वास बढ्दै थियो कि जे भनिन्छ, राम्रैको लागि भनिन्छ । “के स्तम्भ थपौँ त ?” दाजुले सोध्नुभयो । मैले “अनुभव र अनुभूति” स्तम्भ राख्न आग्रह गरेँ । विषयवस्तु प्रष्ट्याएँ । विद्वान्हरू कसरी विद्वान् भए वा उनीहरूको जीवनका अनुभव कस्तो रह्यो । पहिलोपटक सिर्जना गर्दा वा केही काम गर्दा कस्तो अनुभूति रह्यो भन्ने कुरालाई लिएर विद्वान्का विचार, अनुभव र अनुभूति पत्रिकामा प्रकाशन गर्ने पक्का भयो । पहिलो अनुभव र अनुभूति साहित्यकार श्यामप्रसादको लिइयो । यो स्तम्भ साह्रै रुचाइयो । अनि डायमन शमसेर, माधव घिमिरे, प्रा.डा. चूडामणि बन्धु, भुवन चन्द, शिव रेग्मीलगायत धेरै धेरैका अनुभव र अनुभूति आयो ।

यो स्तम्भसँगै युवा पाइला नामको अर्को स्तम्भ राखियो । युवाहरूले सिर्जनाका क्षेत्रमा गरेका नयाँ काम र विचार प्रकाशन गर्ने हेतुले यो अगाडि बढ्यो । बाल्यकालीन संस्मरणलाई समेट्ने कुराकानी पनि अगाडि बढ्यो । स्रष्टा एवम् द्रष्टाका बाल्यकालका प्रमुख अविस्मरणीय घटना के कस्ता थिए यो समेटिएको स्तम्भ पनि राखियो । ४०औँ पूर्णाङ्क त बाल्यकालिन संस्मरण अङ्क कै रूपमा प्रकाशित भएर आयो ।

दाजु बालसाहित्यलाई माया गर्नुहुन्छ । म पनि सम्मान गर्छु । नवप्रज्ञापन बालसाहित्य विशेषाङ्क प्रकाशन गर्ने सोचमा पुगिन्छ । विचार विमर्श हुन्छ । पत्रिकाको ६०औँ अङ्क बालसाहित्य विशेषाङ्क बनेर आउँछ । नेपाली बालसाहित्य क्षेत्रमा लागिरहेकाहरू नवप्रज्ञापनको त्यो अङ्कलाई आज पनि गहकिलो कामका रूपमा लिन्छन् । यो बुझाई मेरो मात्र हैन, नेपाली बालसाहित्य जानेका, बुझेका र काम गरेका सबै सबैको हो ।

नवप्रज्ञापन समाउँदै र रमाउँदै अघि बढ्ने काम भइरह्यो । दाजु अभिभावक हुनुहुन्थ्यो

म सिकारुँ थिएँ । होटलमा चिया पिएर बस्ने काम कम हुन्थ्यो । हाम्रो रत्नपार्कको जामे मस्जिद नजिकको भ्याङ, भृकुटीमण्डप, रत्नपार्क अगाडिको पार्क वा यस्तै यस्तै खुल्ला ठाउँमा भेटघाट हुन्थ्यो । पत्रिकाको अगाडिको यात्रा बारे खुल्ला स्थानमा बसेर छलफल हुन्थ्यो । एकपटक नियात्राकार युवराज नयाँघरेले जामे मस्जिदनेर हामी दाजुभाइ छलफल गरिरहेको देखेर अचम्म मान्दै भन्नुभएको थियो, "कस्तो खुल्ला आत्मीयता ।" हो, त्यति बेला दाजु वा मसँग कम्प्युटर/ल्यापटप थिएन । साइबरमा घण्टौं बसेर इमेल हेर्नुपर्थ्यो । कागजमा आएका अक्षरहरूलाई टाइप गर्नुपर्थ्यो ।

सुरूमा सुरूमा पत्रिकाको आवरणपृष्ठ एक रङ्गी थियो । दाजुलाई चाररङ्गी बनाउन अनुरोध गरेको थिएँ । "होइन भाइ, एकपटक काम आरम्भ गरेपछि पछाडि फर्कनु हुन्न । तसर्थ पहिले दुई रङ्गी बनाऔं, पछि चाररङ्गी बनाउँला" दाइले मतिर फर्केर भन्नुभयो । नवप्रज्ञापनको कभर दुई रङ्गी भयो । पहिले पातलो खालको फन्टले ' नवप्रज्ञापन' लेखिन्थ्यो । केही पछि रवि बस्नेतको कलाले भरिएको 'नवप्रज्ञापन' लेखियो । नवप्रज्ञापनका कामले कम्ता खुसी बनाएन । काम गर्दा नाम कहिले पनि खोज्न मन लागेन । तर दाइ आफैंले सम्पादक समूहमा समेट्नुभयो । सम्पादक टोलीमा नाम आउँदा कम्ता खुसी लागेको हैन भन्या ।

नवप्रज्ञापन प्रौढ पाठक लक्षित पत्रिका हो । म धेरैजसो बालबालिकाका लागि रचनाहरू लेख्ने गर्छु । म बालसाहित्यमा यसरी डुबें कि विस्तार विस्तार नवप्रज्ञापनलाई समय दिन सकिनँ । घण्टौंसम्म गरिने कामहरू केही मिनेट गरेर लागिहाल्थें । बिस्तारै नवप्रज्ञापनका अक्षरहरूमा कम घोत्लिन लागें । कारण बालसाहित्य नै थियो । हाम्रो बालसाहित्य उपेक्षित थियो र अहिले पनि छ । जबसम्म बालसाहित्य पढिँदैन तबसम्म नवप्रज्ञापनजस्ता पत्रिका पढ्ने वा पठन संस्कार र संस्कृतिको विकास हुने कुरामा आधार नबन्ने देखेपछि म बालसाहित्यमै रमाउन थालेको हुँ । यसमै मिहिनेत गर्न थालें । बालसाहित्यलाई धेरै समय दिन लागें । हुँदा हुँदा यस्तो भएछ कि नवप्रज्ञापनका कतिपय अङ्क त मेरो नजिकै नआईकन बजारमा आउन लागे छ । म टाढा पो हुन लागेछु । दाइले म व्यस्त छु भनेर होला, खबर गर्न मन गर्नु भएन सायद ।

एक दिन दाइलाई मैले बागबजारमा झ्वाट्ट भेटें । नवप्रज्ञापनका हालखबर सोधें । दाइ हाँस्नुभयो । नवप्रज्ञापनको नयाँ अङ्क झोलाबाट निकालेर दिनुभयो । लौ म त छक्क ! नवप्रज्ञापनसँग भेट नभएको त पाँचौं अङ्क पो भइसकेछ त । बिच बिचमा दाजुलाई भेट्दा म नवप्रज्ञापनका बारेमा त्यति सोध्दिनथें किनकि केही पऱ्यो भने दाइले भनिहाल्नुहुन्थ्यो । नभए म आफ्नो काम कुरा भन्थें अनि दाजुभाइ छुट्टिन्थ्यौं । आज नवप्रज्ञापनको कुरा गरें । दाजु हाँस्नुभयो । नवप्रज्ञापनको नयाँ अङ्क दिनुभयो । नयाँ अङ्क हेर्दा त म छक्क परें । समय कति चाँडो बितेछ । मैले नवप्रज्ञापनलाई नभेटेको पनि धेरै भएछ ।

अब मलाई आपत् पऱ्यो मेरो नामको । दाइले यदि मेरो नाम सम्पादक समूहबाट नहटाउनुभएको भए, ओहो लाजै पो हुन्छ त ! सुस्तरी अनि दाइले नदेख्ने गरी सम्पादक टोलीमा आँखा पुऱ्याएँ । धन्न त्यहाँ मेरो नाम देखिनँ अनि ढुक्क भएर हाँसे । म हाँसेपछि दाइले सम्पादक टोलीमा नाम देखाउनुहुँदै भन्नुभयो, "थाहा छ कति भयो ? नवप्रज्ञापनसँग तपाईं टाढिनुभएको ? तपाईं पर भएको कति भयो ?" म मुस्कुराएँ

मात्र । मेरो नाम सम्पादक टोलीबाट पर राख्नु भएकोमा दाइलाई धन्यवाद भनेँ । “तपाईँ टाढिनुभएको धेरै भयो । अन्त धेरै व्यस्त हुनुहुन्छ, मलाई थाहा छ । केही भनिनँ, नवप्रज्ञापनका कुरा पनि गरिनँ । दुरी टाढा भएपछि टोलीमा नाम नराख्दै ठिक होला भनेर झिकिदिएँ ।” दाइले त्यसो भनेपछि म फुरुङ्ग भएँ । “सहयोग त गरिरहन्छु तर नाम नराखिदिनु होला दाजु” आग्रह गर्छु । दाइ मजाले हाँस्नुभयो । “यो चौतारा हो । ठिक छ, कतै विश्राम गर्नु परे नवप्रज्ञापनरूपी चौतारोमा आराम गर्नु आउनु होला । आफैँ सम्पादक भएर पनि पत्रिका चलाउन सकिन्छ । म तपाईको जिम्मामा पनि पत्रिका छाडिदिन सक्छु । केही छैन भाइ, अगाडि बढ्नुस् बढेकामे बढ्यै गर्नोस् । तर पछाडि नफर्कनोस्” दाइले भन्नुभयो । मेरो चित बुझ्यो ।

‘आखिर मनदेखि मसम्म भएपछि नाम आउनै पर्छ भन्ने छैन । त्यो आउँदै पनि त गर्छ । राम्रो काम गर्नु पो ठुलो कुरा हो । चौतारीमा पुगेपछि विश्राम गरौँला, बातचित गरौँला र मनदेखि मनसम्मै रहौँला ।’ यही भन्यो मनले, ‘मनदेखि मन, नवप्रज्ञापन । धेरै शुभकामना ।’

अहिले पनि दाजु र म सँगसँगै छौँ । पत्रिका पनि नजिकै छ । तर म नवप्रज्ञापनसँग धेरै नजिक छुइनँ । कहिले भेटिन्छु त कहिले छुटिन्छु । रमाइलोसँग हाम्रो यात्रा अगाडि बढिरहेको छ । रमझम रमझम... नवप्रज्ञापनको यात्रा पनि अगाडि बढिरहेको छ सररररर । बेला प्रसङ्गमा दाजु भन्नुहुन्छ, “एकएक पाइला अगाडि सार्दै जाने हो, तर हिँड्न छाड्ने होइन । म पछाडि पनि फर्किँदिनँ । जुन दिन पाइला सार्न सकिँदैन त्यो दिन लौ है यो मेरो अन्तिम पाइला हो भनेर अनि थचक्क बस्छु ।” क्या मिठो र आँटिलो कुरा छ दाजुको ! अनि मुहारमा सजिलो हाँसो पनि छ । हो, त आज पनि हामी हाँस्दै हाँस्दै यात्रामा छौँ निरन्तर निरन्तर...

(च.पुर, रौतहट)

सम्झनाको सेरोफेरो

• **सञ्जय साह ‘मित्र’**

लामो समयदेखि मैले नियमित पढिरहेको साहित्यिक पत्रिकाको नाम हो **नवप्रज्ञापन** । मलाई यो पहिले पहिले अलि पातलो आकारमा निस्केको सम्झना छ । केही समय अलिकति अनियमितताको धरमरमा पनि थियो । तर अहिले त्यो स्थिति छैन । सम्हालिएर यात्रालाई अझ फराकिलो अनि गहकिलो बनाउँदै लगेको छ । हामी एउटै प्रदेशबासीका निवासी हौँ । यसर्थ पनि यसले समातेको बाटोले मलाई अत्यन्तै उत्साहित बनाएको छ ।

प्रादेशिक संरचनामा गए पछि बारा प्रदेश २ मा पर्‍यो । **नवप्रज्ञापन** बाराबाट प्रकाशित हुने साहित्यि पत्रिका हो । पछि प्रदेश २ को नाम मधेश प्रदेश कायम हुन गयो । बाराबाट निस्के पनि यसको फैलावट देशभर छ । यो देशभरी वितरण हुने यो पत्रिका राष्ट्रिय क वर्गमा वर्गीकृत छ । मैले नवप्रज्ञापनको एउटा अङ्ककलाई मधेश प्रदेश विशेषाङ्कका रूपमा निकालौँ भन्ने प्रस्ताव सम्पादक/प्रकाशक नवराज रिजाललाई राखेको थिएँ । यो प्रस्ताव नेपाल प्रज्ञा प्रतिष्ठानको प्राङ्गणमा चिया खाने क्रममा राखिएको थियो ।

खाका बन्दै गयो । गजल विशेषाङ्क निकाल्ने निष्कर्षमा नवप्रज्ञापन पुग्यो । प्रदेश २ को कुनै पनि जिल्लामा जन्मेका वा देशको अन्य भागबाट आएर यहाँ स्थायी बसोबास गरेका अथवा यी जिल्लाहरूमा कामको सिलसिलामा आएर पछि आआफ्नो जिल्ला फर्किएका स्रष्टाहरूलाई समेट्ने हामीबिच सल्लाह भयो । मैले अतिथि सम्पादकका रूपमा काम गरेँ । यो मेरो नभई यसका सम्पादकज्यूको इच्छा थियो । काम अगाडि बढ्यो र पत्रिका प्रकाशित भयो ।

हामी दुवै जना सन्तुष्ट बन्यौँ किनकि यो कसैले लाए अह्राएको काम थिएन । रहरलाई नागरिक उत्तरदायित्वमा मिसाएर गरिएको काम थियौँ । पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरी जिल्लासम्मका गजलकारहरू समेटेर विशेषाङ्क निकाल्नुथियो । तर काम त्यति सजिलो थिएन । अन्य कामकुरा भ्याएर यो काम गर्नु थियो किनकि हामी दुवै जना रहरी थियौँ र त्यसैले यो काम अगाडि बढेको थियो ।

अन्य काम कुरो सकाएर गरिने यो कठिन नभए पनि त्यति सजिलो पनि कुरो थिएन । गजलका कृति प्रकाशन गरेका र गजल लेखिरहेका गजलकारहरू खोज्नु मात्र थिएन उहाँहरूका रथना पनि लिनु थियो । साहित्यकारहरू छद्म नाममा पनि लेख्छन्, यहाँ तिनीहरू पनि नछुटुन् हाम्रो सोच थियो । रहरले सोचलाई अगाडि बढाइरहेको थियो र त्यसैको आडमा नवप्रज्ञापन हिँडिरहेको थियो र हामी दुइभाइ उसैको पछिपछि लागिरहेका थियौँ ।

एउटा समस्या यो पनि थियो कि म सबैलाई चिन्दैनथेँ । अनि कतिपयले चिने पनि पत्याइरहेका थिएनन् । यसको अलावा कतिपयले चाहिँ चिनेर पनि मलाई रचना दिन चाहिरहेका थिएनन् । अनेकौँपटक आफूले फोन सम्पर्क गर्ने र अरूहरूबाट आग्रह गराउने काम पनि नगरेको होइन । समय र पसिनाका साथै मानसिकतालाई निरन्तर लगानी गरिरहनुपरेको थियो । म्यासेन्जर वा इमेलमा रचना पठाउन आग्रह भइरहेको थियो । सजिलो माध्यम त यिनै हुन् तर कापीमा लेखेर फोटो खिचेर पठाउने पनि कति थिए । फोटो स्पष्ट नआउने तथा अक्षर नबुझिने समस्याले फोनमा हैरान हुनु परेको थियो ।

मेरो अनुभवमा विशेषाङ्क निकाल्नु फलामको चिउरा चपाउनु हो । अनुभवका साथ यो मेरो अन्तरमनको आवाज पनि हो । अचम्म लाग्छ, नवप्रज्ञापनले फलामको चिउरा चपाउन पनि सजिलो मानेको छ । तीस वर्षको यात्रामा डेढ दर्जन भन्दा बढी विशेषाङ्क निकालिसकेको छ । यो नवप्रज्ञापनको मात्र हैन नेपाली साहित्यकै महत्त्वपूर्ण उपलब्धि हो । त्यसो त यो नेपाली भाषाको पत्रिका हो तथापि यसमा नेपालका सबै भाषाका रचनाहरूले स्थान पाउने गरेका छन् र त्यसको एउटा साक्षी म पनि हुँ ।

नवप्रज्ञापनको विशेष र विशिष्ट

उपलब्धिको एक न्दिबुमा म पनि अंशियार बन्न पुगेको छु । यसको ९२औँ अङ्क प्रदेश २ को गजल विशेषाङ्क भएर आउँदा यसमा गर्नुपरेको काम सम्झिँदा बोझिलो र झन्झटिलो लागे तापनि वास्तवमा एउटा गर्वको अनुभूति यसकारण पनि हुन्छ कि प्रादेशिक संरचनामा देश गए पछि नवप्रज्ञापनले प्रकाशन गरेको प्रदेशस्तरीय गजल विशेषाङ्क देशमा पहिलो साहित्यिक विशेषाङ्क बन्न पुगेको थियो । साहित्यिक क्षेत्रमा एक प्रकारले नयाँ किसिमले इतिहासको आरम्भ नै नवप्रज्ञापनबाट भएको हो र यसको एउटा अंशियार म पनि हुन पुगेको हुँ । यसमा मलाई गर्व छ ।

अब नवप्रज्ञापनलाई आशीर्वाद होइन, स्नेहको आवश्यकता रहेको छ । नवप्रज्ञापनले पाठक र लेखकको स्नेह पाइरहेको छ । यसले निरन्तर स्तरीय रचना प्रस्तुत गर्दै नयाँलाई पनि प्रोत्साहन दिइरहेको छ । यसका सामान्य अङ्क पनि विशेषाङ्क बन्ने गरेका छन् भने विशेषाङ्क त साँच्चिकै विशिष्टाङ्क भएर आउने नै भए र त्यो कामा नवप्रज्ञापन दिलो ज्यान दिएर लागि रहेको नै छ । मोफसलबाट निरन्तर प्रकाशनरत देशको निकै प्रतिष्ठित यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै शतकाङ्कका लागि हार्दिक बधाई ।

(गरुडा, रौतहट)

पहिलो रचना प्रकाशित हुँदा

• **किशुन दयाल 'श्रीकृष्ण'**

नवप्रज्ञापनको ८४औँ अङ्क सम्पादक/प्रकाशक नवराज रिजालबाटै मलाई प्राप्त भएको थियो । यसभन्दा अगाडि नवप्रज्ञापन मेरो हातमा परेको थिएन । यो समय २०७६ सालको असार २० थियो । तत्कालीन प्रदेश २ स्तरीय बृहत् वाङ्मय संगोष्ठी, कृति विमोचनसहितको लालबन्दी साहित्य महोत्सव २०७६ असार २० र २१ गते लालबन्दीमा भएको थियो । त्यो कार्यक्रममा नेपाल प्रज्ञा-प्रतिष्ठानका तत्कालीन कुलपति श्री गङ्गाप्रसाद उप्रेती प्रमुख अतिथि हुनुहुन्थ्यो । सो कार्यक्रममा वरिष्ठ साहित्यकार दाजु गोपाल अश्क सम्मानित हुनुभएको थियो ।

प्रदेश दुईमा बोलिने प्रमुख दश मातृभाषाको साहित्य र साहित्यकार बारे नवराज रिजालले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सो कार्यक्रममा गरुडाबाट मेरा साहित्यिक गुरु सञ्जय साह मित्र र सर्लाहीबाट साहित्यकार सञ्जय सुदामाको उपस्थिति थियो । कार्यक्रमको अघिल्लो दिन हाम्रो बास एउटै होटलमा थियो र हामी नवप्रज्ञापनका केही अङ्कहरू

सम्पादक रिजालबाट उपहार स्वरूप पाएका थियौँ । त्यसपछि उहाँसँग आत्मीयता गाँसियो । त्यसको फलस्वरूप पत्रिकाका सबै अङ्कहरू नियमित पढ्ने अवसर जुरिरहेको छ ।

म त्यतिबेला भर्खरभर्खर लेख्दै थिएँ । सम्पादकज्यूबाट मेरो रचना पनि मागिएको कुरा 'मित्र' सरबाट जानकारी भयो । धेरै धेरै खुसी लाग्यो र ठुलो चिन्ता पनि । राष्ट्रियस्तरको अति प्रतिष्ठित पत्रिकामा के पठाउनु ? मलाई कविता बहुत् कम आउने तर पनि बज्जिका भाषामा एउटा कविता लेख्ने प्रयास गरेँ । शीर्षक 'अपन ई तराई' राखिएको थियो । पत्रिकाले बज्जिका भाषाको कविता शीर्षकमा उचित स्थान दिएर प्रकाशित गरिदियो ।

वर्ष २८ को ८९औँ अङ्क मित्र सरले हातमा दिँदा खुसीको सीमा नै रहेन । त्यस्तै वर्ष २९ को ९५औं अङ्कमा साहित्यको सेवा गर्नेलाई पुस्तक बिक्रीको रकमबाट पुरस्कार स्थापना गर्ने प्रयोजनका साथ सञ्जय साह मित्रद्वारा रचित र आकृति क्रिएसन हेटौँडाद्वारा प्रकाशित व्यङ्ग्मूको कृति परिक्रमाअन्तर्गत **व्यङ्ग्यम्का व्यङ्ग्यहरू** शीर्षकको लेख पनि प्रकाशित भयो ।

यतिखेर नजप्रज्ञापन **शतकाङ्क प्रकाशन**मा लागेको सुन्दा धेरै खुसी लागेको छ । यसको लागि सम्पादक/प्रकाशक नवराज रिजालका साथै नवप्रज्ञापन परिवारलाई बहुतबहुत बधाई । यो नेपालको साहित्यिक पत्रिकाको 'क' वर्गमा नियमित प्रकाशन हुने साहित्यको बहुआयामिक पत्रिका हो । यसमा प्रकाशित रचनाहरू स्तरीय र साहित्यिक समाजमा रचनाकारको लागि रचना प्रकाशन गर्ने थलो र साहित्य सिकारुको लागि अझ बढी सिक्ने सुअवसर प्रदान गर्ने पाठशाला भएकोले यसको ओज धेरैभन्दा धेरै फैलिँदै जाओस् भन्ने हार्दिक मङ्गलमय कामना व्यक्त गर्न चाहन्छु ।

(गरुडा, रौतहट)

तिमीलाई सम्झेर

• **रेणु गुप्ता**

बारा जिल्ला कृषिमा उर्वर भएझैँ साहित्यमा पनि मलिलै रहेको प्रतीत हुन्छ । यहाँको माटोले नेपाली र भोजपुरी साहित्यलाई ठुलो गुन लगाएको देखिन्छ । यद्यपि साहित्यिक पत्रपत्रिकाहरूको प्रकाशन र विगतमा जस्तो साहित्यिक गतिविधिहरूमा भने यो भूमि अलि पछाडि परेको हो कि भन्ने मेरो अनुमान छ ।

यहाँबाट विगतमा धेरै पत्रपत्रिका प्रकाशन भएका छन् । तर प्रकाशन हुँदाको

उत्साह धेरै वर्षसम्म कायम रहन सकेको छैन । ती कुरा इतिहासमा सीमित हुन पुगेका छन् । कलैया र निजगढ मुख्य रूपले साहित्यिक पत्रपत्रिका प्रकाशनमा विगतमा अगाडि रहेको भए पनि अहिले विगत विगत जस्तै भएको छ ।

तथापि स्वाभिमानबस्ती, जितपुर-सिमरा उपमहानगरपालिका १६ बारा ठेगाना राखेर तीन दशकअघि प्रकाशन थालिएको **नवप्रज्ञापन** साहित्यिक पत्रिकाले भने देशको साहित्यिक पत्रकारितामा एकपछि अर्को इतिहास कायम गर्दै **शताङ्क** प्रकाशन गर्न सफल भएको छ । **नवप्रज्ञापन** बारा जिल्ला र मधेश प्रदेशको लागि मात्र नभएर समग्र देशको लागि नै गौरव र गर्वको नाम हो ।

म बारा जिल्लामा जन्मेकी चेलीको नाताले यस पत्रिकाप्रति उच्च गर्व गर्छु । म यस साहित्यिक पत्रिकासित जोडिएको पनि छु । यो नाताले अझ गौरवान्वित छु । समग्र बाराको साहित्यिक वातावरण जे जस्तो भए पनि नवप्रज्ञापनले भाषा साहित्य क्षेत्रमा निकै ठोस योगदान दिएको र दिइरहेको छ भन्ने कुरामा कुनै विमती छैन । तीस वर्षको आयु पार गर्नु मात्र खुसीको कुरो होइन, यो समयमा यसले विभिन्न विशेषाङ्कहरू प्रकाशन गरी इतिहास नै बनाएको छ । मधेश प्रदेशमा साहित्यिक पत्रपत्रिकाको सङ्ख्या अत्यन्तै कम भई पनि यसले मधेश प्रदेशको शिर उँचो बनाएको छ ।

व्यक्तिगत प्रयासमा प्रकाशन थालिएको र आजसम्म हिँडिरहेको नवप्रज्ञापन यहाँसम्म आउनु पनि महत्त्वपूर्ण कुरा हो । सय अङ्क प्रकाशनको तयारीमा जुटेको नवप्रज्ञापनले विभिन्न स्रष्टाका लेख रचनालाई पाठकसम्म पुऱ्याएर परिमार्जन हुने अवसर प्रदान गरेको छ ।

नयाँ नयाँ प्रतिभा जन्माउने र बाटो देखाउने काममा लागेको यसको प्रयत्न स्तुत्य मान्नुपर्छ । यो कामलाई पत्रिकाले भविष्यमा पनि निरन्तरता दिइरहने छ भन्नेमा म आशावादी छु । पत्रिका बारा जिल्लाको मान, सम्मान र शीरको ताज बनेर सधैँभरी चम्किरहोस् । देश र विदेशसम्म साहित्यको प्रकाश छर्न सफल रहोस् म भित्री मनदेखि यसका लागि प्रार्थना गर्न चाहन्छु ।

यसको यात्रा कहिल्यै नरोकियोस् । भविष्यमा अझ सशक्त बनोस्, यो अपेक्षा राख्नुलाई म किमार्थ अन्यथा ठान्दिनँ । नियमित नवप्रज्ञापन पढ्नका लागि ढिलो हुँदा मनमा एक किसिमको छट्पटी उत्पन्न हुन्छ । यो छट्पटी देशका सम्पूर्ण साहित्यकार तथा साहित्यिक पाठकमा होओस् म मनमनै कामना गर्छु । साहित्य लेखन र साहित्यिक पत्रिकाको प्रकाशन लाभको कार्य नभएकाले यतातिर लाग्ने मानिसको सङ्ख्या कम भएको धेरैको बुझाई छ ।

हरेक नयाँ अङ्कमा आउने नयाँ विषयवस्तुले यसका पाठकहरूको साहित्यिक तिर्खा मेटाउन सफलता प्राप्त गरिरहेको मेरो पनि बुझाइ छ । विधा केन्द्रित विशेषाङ्कहरूले यसको गरिमा अझ उँचो बनाएको छ । विशेषाङ्कहरू मात्र हैनन् सबै अङ्क पठनीय र सङ्ग्रहणीय छन् । अन्त्यमा **शताङ्क** प्रकाशन र ३१औँ वर्ष प्रवेशको अवसरमा शुभकामना दिँदै यो लेखनीको बिट यहीँ मार्न चाहन्छु ।

(गरुडा, रौतहट)

नवप्रज्ञापनको शताङ्क यात्रा

• डा.गोपाल ठाकुर

विश्व इतिहासमै साहित्यिक पत्रिकाको निरन्तरतामा निकै उतारचढाव देखिन्छ । प्रायः केही अङ्क प्रकाशनपछि बन्द हुने समूहमा अधिकांश पत्रिकाहरू पर्दछन् भने निरन्तरता पाइरहेकाहरू पनि नियमित हुन सकिरहेका हुँदैनन् । यसमा पनि राज्य संरक्षित संस्थाहरू र सरकारी कामकाजका भाषाहरूमा निस्किने साहित्यिक पत्रिकाहरू त कतिपय कारणले नियमित भइरहेका हुँदैनन् भने राज्यको संरक्षण नपाउने तथा राज्यको सरकारी कामकाजको भाषाभन्दा अन्य भाषाहरूमा निस्किने पत्रिकाहरू त कुनै न कुनै दिन बन्द हुनुपर्ने नियति नै भोग्न पुग्दछन् ।

हाम्रो नेपाली सन्दर्भलाई हेर्ने हो भने नेपाली पछिका दोस्रा र तेस्रा भाषाहरू क्रमशः मैथिली र भोजपुरीमा अहिलेसम्म साहित्यिक पत्रिकाका नामहरू त धेरै हुन सक्छन् तर नियमित रूपमा पाठक समक्ष पुगिरहने अपवाद मात्रै छन् । बाँकी भाषाहरूमा नेवाः र तामाङमा यस्ता केही पत्रिकाहरू देखिन्छन् भने अन्यहरूले पनि निकै मिहिनेत गरेर पनि नियमित प्रकाशनमा आउन धौ-धौ नै परेको देखिन्छ ।

यस्तै परिवेशमा बाराका मेरा मित्र नवराज रिजालले एउटा धृष्टतालाई निरन्तरता दिइरहेका छन् । उनको सम्पादकत्वमा निस्किने साहित्यिक पत्रिका **नवप्रज्ञापन** आफ्नो **शताङ्क** प्रकाशनमा जुटिरहेको खबरले म निकै उत्साहित भएको छु । अनेकौँ बाधा-व्यवधानका बावजुद २०५० साल भदौमा पहिलो अङ्क प्रकाशित भएको **नवप्रज्ञापन** २०७९ माघसम्म आइपुग्दा ९९औँ अङ्क प्रकाशित हुन सफल भएको छ । हाम्रो परिप्रेक्ष्यमा नवप्रज्ञापनको यो कामलाई त म दुस्साहस नै भन्न रुचाउँछु ।

नेपाली भाषाको साहित्यका गजल, गीत, बालसाहित्य, छन्द कविता, लघुकथा, स्वअभिलेख र मुक्तकजस्ता विधामा यसले विशेषाङ्कहरू निकालेको छ । यसैगरी नेपाली भाषाका स्रष्टाहरूमा माधव घिमिरे लघुशब्दचित्र, ईश्वर ढुङ्गेलका कविताहरू, सरुभक्त लघुशब्दचित्र, श्यामप्रसादका रचना, भानुभक्त विशेषाङ्कहरू प्रकाशित गरेको छ ।

त्यसै गरी राज्यको यस अघिको संरचनाअनुसार नारायणी अञ्चललाई केन्द्रित गरी नारायणीका स्रष्टाहरू भाग-१ र भाग-२ को साथै वर्तमान संरचनाअनुसार मधेश प्रदेश (नामाकरण अघि प्रदेश २)

गजल विशेषाङ्क प्रकाशित गरेको छ । बाल्यकालीन संस्मरण र स्वर्णाङ्कजस्ता विशेषाङ्कहरू पनि यसले मिहिनेत साथ निकालेको छ ।

भाषाको नामकरणले त नेपालका सबै जनता र भाषाको पहिचान अझैसम्म नेपाली बनाउन सकेको छैन । तैपनि विभिन्न भाषाका रचनाहरूलाई समयसमयमा स्थान दिइरहेको नवप्रज्ञापनले आफ्नो ८४औँ पूर्णाङ्कलाई बहुभाषा कथा विशेषाङ्क बनाएको छ । यसैगरी देशको तेस्रो ठुलो भाषा भोजपुरीका लागि यसले नेपालीय भोजपुरी साहित्य विशेषाङ्क यसै वर्ष (वैशाख-असार २०७९) निकाल्न सफल भएको छ ।

यसका सम्पादक नेपाली मातृभाषी भएर बहुभाषिकताप्रतिको अनुग्रहको परिणाम हो यो । कारण पनि प्रस्ट छ, मित्र नवराज निवर्तमान संरचनामा नारायणी अञ्चल र अद्यावधिक संरचनामा मधेश प्रदेशका बारा जिल्ला निवासी हुनुहुन्छ । त्यसैले आफ्नो कर्मभूमिको उत्थानको लागि बारा जिल्लामै दर्ता गराएर नवप्रज्ञापनलाई नियमित पत्रिकाको रूपमा मात्रै होइन, सङ्घीय स्तरमा 'क' वर्गको साहित्यिक पत्रिकाको श्रेणीमा उकास्नु र बारा तथा मधेशको भूमि उहाँको चिन्तनमा रहनुले त्यस भूमिप्रतिको उहाँको अनुराग प्रशंसनीय छ ।

मधेश प्रदेश र बारा जिल्ला निवासी भएको नाताले आफ्नो भूमिको पहिचानप्रति उहाँको सजगताले बाराका म लगायत सबै भोजपुरी, थारू र अन्य मातृभाषीहरूलाई अवश्यै झक्झकाएको छ । भविष्यमा नवप्रज्ञापनले बारा जिल्ला र मधेश प्रदेशका स्रष्टा, द्रष्टा, भाषाकर्मी, समाजशास्त्री, शिक्षासेवी, समाजसेवी, राजनीतिज्ञ तथा मेधावी अध्येताहरूको बारेमा विशेषाङ्कहरू प्रकाशित गर्दै जाने छ भन्ने विश्वास लिएको छु ।

(सिम्रौनगढ, बारा)

बारामा साहित्यिक पत्रकारिता



• **मुकुन्द आचार्य**

हाम्रा अधिकांश साहित्यिक पत्रपत्रिका गरिबका अनगिन्ती इच्छा आकाङ्क्षाझैँ जन्मन्छन् र मर्छन् । बाँचे पनि सुकेनास झैँ सुक्दै जान्छन् । संसारको परिस्थिति के कस्तो छ भन्न सकिँदैन । नेपाली साहित्यिक पत्रपत्रिका हिजोदेखि आजसम्म यही नियति भोगिरहेका छन् । कहिलेसम्म भोगिरहनु पर्ने हो त्यो थाहा छैन । आजका मितिसम्म भने यसले छाडेको छैन । यो यथार्थ र सत्य दुवै हो ।

यस्तो नियतिबाट उम्किएका पत्रपत्रिका

सौभाग्यशाली हुन्छन् । चिरञ्जीवी हुन्छन् र चिरस्थायी हुन्छन् । **नवप्रज्ञापन** यो नियतिबाट कसरी उम्केको हो म अलमलमा छु । यस पत्रिकाको ९६ पूर्णाङ्कको सम्पादकीयमा सम्पादक भन्नुहुन्छ- प्रेस काउन्सिल नेपालले २०७६०/७७ मा गरेको वर्गीकरणअनुसार मधेस प्रदेशका ८ जिल्लाहरूमध्ये सप्तरीबाट ५३, सिराहाबाट ९, धनुषाबाट ३९, सर्लाहीबाट ५, रौतहटबाट ४, बाराबाट ९ र पर्साबाट ३५ पत्रपत्रिका प्रकाशित छन् । तर प्रदेशभित्रबाट नियमित प्रकाशित भएर वर्गीकरणमा परेका साहित्यिक पत्र पत्रिकाको सङ्ख्या केवल ३ ओटा मात्र छन् । यो अत्यन्तै विचारणीय पक्ष हो ।

जिल्लाबासीको नाताले **नवप्रज्ञापनले शतकीय अङ्क** प्रकाशित गर्न लागेको थाहा पाउँदा म अति आल्हादित छु । यस्तो वीरोचित कार्य इतिहासमा बारम्बार दोहोरिन्नन् । बाराबाट प्रकाशित भएका साहित्यिक पत्रिकाहरू भारती, प्रतिनिधि, जनहित ज्योति, निसाप, प्रसुन, सोपान, मिलन, सुनाखरी, देवकोटा स्मारिका, साहित्य किरण, समाज दर्पण, शुभारम्भ, फूलबारी, प्रतिबिम्ब आदि कुनैलाई पनि आज जीवित रूपमा भेट्न सकिन्न ।

सोही सम्पादीयमा सम्पादक भन्नुहुन्छ प्रेस काउन्सिल नेपालले २०७६/२०७७ मा गरेको वर्गीकरणमा प्रदेशभित्र १६३ पत्रपत्रिका वर्गीकृत भए पनि साहित्यिक पत्रिकाको सङ्ख्या केबल तीनओटा मात्र छन् । किन होला ? यो एउटा ज्वलन्त प्रश्न हो । प्रश्न मार्मिक र सान्दर्भिक पनि छ । आफूलाई देशको जिम्मेवार नागरिक ठान्नेहरूले यसको उत्तर खोज्नु अत्यावश्यक छ ।

सचेत र गम्भीर नागरिकका लागि यस प्रश्नको जवाफ सजिलो छैन । अप्ठेरो, गाह्रो र कठिन छ । यसको उत्तर खोज्ने हो भने भावनाको गहिराइमा डुब्नु अति आवश्यक छ । न उत्तर जहाँ पायो त्यहीँ पाउन सकिन्छ न जो पायो त्यहीले दिन नै सक्छ ।

बारा जिल्लाबाट विगत ३० वर्षदेखि प्रकाशित भइरहेको नवप्रज्ञापन गरे सकिन्छ भन्ने एउटा उदाहरण हो । यसका लागि **नवप्रज्ञापन** बधाईको पात्र छ । बाराबाट केही अघिसम्म निरन्तर हुन नसकेको **भोजपुरीया माटी** पुनः प्रकाशित हुन थालेको छ यो अत्यन्तै सुखद पक्ष हो । त्यसलाई शुभकामना दिनु म मेरो कर्तव्य सम्झन्छु ।

यतिखेर देशमा तीन तहका सरकार छन् । तर ती सरकार कहाँ छन् ? साहित्य, सङ्गीत, कलाको संरक्षण र संवर्धन गर्नु उनीहरूको जिम्मेवारी हो तर यो कुरामा ती संवेदशील बनेको देख्न मुस्किल छ ।

हिजोदेखि आजसम्म **नवप्रज्ञापन** गतिशील छ । के कसरी गतिशील बनेको हो त्यो मलाई थाहा छैन, विभिन्न अप्ठेरा, असजिला र समस्याहरू कसरी समाधान गरिरहेछ त्यसको हेक्का पनि छैन, तथापि नवप्रज्ञापन हिँडिरहेको छ, यो मैले देखेको छु । समय समयमा पढ्ने अवसर पनि जुरिरहेको छ । यसर्थ भन्न सक्छु नवप्रज्ञापन गतिशील छ ।

गतिशील भएकै कारण ३० वर्षमा ९९ अङ्क प्रकाशित नवप्रज्ञापन भएर ३१ वर्ष प्रवेशको अवसरमा शतकाङ्क प्रकाशन गर्न सफल भएको हो । यो गतिशील बनिरहोस् शतक अङ्क प्रकाशनको अवसरमा हार्दिक मङ्गलमय शुभकामना !!!

(कलैया, बारा)

बारा जिल्लामा साहित्यिक गतिविधि

• सुनील कुमार

बारा जगत् जननी गढीमाईको आँचलमा सर्वसुरक्षित पावन भूमि हो । दक्षिणतिर भारतलाई छोएको यस जिल्लाभित्र ऐतिहासिक ठाउँ र विख्यात धर्मस्थलहरू छन् । सुप्रसिद्ध गढीमाईमा पञ्चवर्षीय मेला लाग्छ । अर्को सुप्रसिद्ध ठाउँ सिम्रौनगढ हो । त्यहाँ केही अघिसम्म खेत खन्दा सुन, चाँदी, तामा पित्तल आदि द्रव्यहरू पाइन्थे । कहीँ कतै आज पनि पाइन्छन् । गढीमाई, कंकालीमाई, रानीवास मन्दिर, रानीवासमा रहेको नेपालकै ठुलो घण्टा, झरौखर पोखरी काँटघाटको सहजनाथ महादेव, कलैयाको सिद्धेश्वर मन्दिर, रामजानकी मठ तथा महागढीमाई कै काठबाँसी माई आदि दर्शनीय धार्मिक स्थल हुन् ।

एकाबिहानै जिल्लाका मठमन्दिरहरूमा वेदोच्चारण, शङ्खनाद र घण्टीको ध्वनिले हाम्रो कर्णपटल झङ्कृत गराउँछन् । कतै मस्जिदमा अल्लाहु अकबर पनि सुनिन्छ । तीन नदी मिलेको त्रिवेणीघाट बारा जिल्लामै छ । बङ्गरी, दुधौरा, सरिसवा, किरकिचहा, पसाह, थलही, तिअर, जमुनी, अँडुवा, जोंकहा जस्ता ठुला नदीहरू रहेको यस जिल्लामा कृषि योग्य जमिन धेरै छ । धान, गँहु, मकै, तोरी, दाल, कोदो, उखु, अलसी, सागपात तथा सबै थरिका तरकारी उब्जिने बाराको जमिन उर्वरभूमि हो ।

अचेल चिमनी, पोखरी र बाटो चौँडा गर्ने नाँउमा यहाँको भूमि क्षय हुन थालेको छ । बाटोघाटोको स्थिति राम्रो छ । अनेक जात, धर्म र सम्प्रदायका मानिस बसोबास गर्छन् । बाहुन, क्षेत्री, अहिर, कानु, कोइरी, कुर्मी, कलवार, कुम्हार, थारु, बरई, बनिया, नुनिया, धानुक, धोबी, धुनिया, हजाम, हजरा गोंढ, भूमिहार, मुसहर, मल्लाह, लोहार, चमार, डोम, तेली आदिको बसोबास रहेको छ । जातपात, धर्म, सम्प्रदाय, पहाडे, मधिसेको कुनै पनि सङ्कीर्णता छैन । झिंझिया, चकेवा, जाठजाठिन, डोमकच, होली, छठ, दशै र तिहारजस्ता चाडपर्वहरू मनाइन्छन् ।

जिल्लाको शैक्षिक स्थिति राम्रो छ । सबै क्षेत्रमा ठुला-साना विद्यालय छन् । ठाउँ ठाउँमा अस्पताल र हेल्थपोस्ट छन् । अनि ठाउँ ठाउँमा व्यापारिक केन्द्र छन् । यिनले नेपालको ठुला क्षेत्रमा तरकारी दुध र मासुजन्य सामान पुऱ्याउँछन् । भोजपुरी भाषीको विशेष बाहुलता रहे पनि कामकाजी मानिस फाटफुट मैथिली, अवधी र हिन्दी पनि बोल्छन् । थारू समुदायमा थारू भाषा बोलिन्छ । जिल्लाको उत्तरी भेगमा नेपाली मातृभाषीहरूको बसोबास छ ।

विगतमा यहाँ राष्ट्रिय स्तरका साहित्यकारहरूको राम्रो उपस्थिति थियो । कलैयामा रहेको साहित्यिक संस्था देवकोटा स्मृति सभा साहित्यिक गतिविधिमा सक्रिय

थियो । संस्थाले महाकवि देवकोटाको जन्मोत्सवको अवसरमा देवकोटाको प्रतिमा स्थापना गरी कलैयाको एक चोकको नाम नै देवकोटा चोक राखेको थियो । विभिन्न राजनीति उतारचढाव र दुस्राजनीति प्रभावको कारण नेपालकै ठुला साहित्कारहरू प्रा.डा. केशवप्रसाद उपाध्याय, प्रा.डा. निमोही व्यास, मुकुन्द आचार्यलगायतका प्रतिभाहरू बाराबाट पलायन भएपछि देवकोटा-स्मृतिसभा निश्कृय बन्यो ।

मधेस आन्दोलनको नाममा केही नेता र उच्छृङ्खल व्यक्तिले देवकोटा चोकमा रहेको देवकोटाको शालिक फुटाएको घटनाले साहित्यकार तथा साहित्यानुरागीलाई मात्र मर्माहत बनाएन जिल्लामा हुने गरेका साहित्यिक गतिविधिमा पनि शिथिलता आयो । भोजपुरी भाषाको विकासका लागि वि.सं. २०५३ सालमा कवि जगदीश पंकजको नेतृत्वमा स्थापना भएको भोजपुरी बौद्धिक विकास मञ्चले केही समय विविध साहित्यिक गतिविधि गरे पनि यो संस्था समेत लामो समय जीवित रहिरहन सकेन ।

त्यसपछि नेपाल भोजपुरी प्रतिष्ठान नामक संस्था कवि रामप्रसाद साहको अध्यक्षतामा गठन भएर क्रियाशील रहेको छ । यसले भोजपुरीया माटी नामक साहित्यिक पत्रिका प्रकाशित गर्ने गर्छ । स्थापनाको उन्नाईसौं वर्ष पार गरेको भोजपुरी बौद्धिक विकास मञ्च आर्थिक अभावका कारण बन्द हुन पुग्यो । अहिले २०७४ मा जगदीशप्रसाद पङ्कजकै अध्यक्षतामा गठन भएको भोजपुरी साहित्य विकास मञ्च विभिन्न साहित्यिक गतिविधिमा सक्रिय रहेको छ । संस्थाको कार्य समितिमा सुनील कुमार, प्रा. सफिक अन्सारी, शम्भु कुशवाहा, प्रदोष सिंह, सकलदेव चौरसिया, दुर्गा यादव र गगनदेव साह छन् । भविष्यमा यो संस्था अझ सक्रिय बन्ने अपेक्षा गर्न सकिन्छ ।

बाराको पछिल्लो साहित्यिक गतिविधिमा २०५० मा प्रकाशन आरम्भ गरी २०८० मा **शतक अङ्क** प्रकाशित गरिरहेको नवप्रज्ञापनको विशेष योगदान छ । यसले समग्र नेपालकै साहित्यमा नयाँ आयाम थपेको महसुस म बारालीले मात्र हैन धेरैले गरेका छन् । पत्रिकाले नेपालको पूर्व, पश्चिम, उत्तर-दक्षिण सबै ठाँउहरूका भाषा, साहित्य र साहित्यकारलाई समेटेको छ । यसले नेपाली मात्र हैन नेपालका सबै भाषाहरूको विकास र संरक्षणमा आफ्नोतर्फबाट सकेको सहयोग गरिरहेको महसुस मैले गरेको छु ।

जन्म मितिदेखि आजसम्म तीस वर्ष निरन्तर प्रकाशित हुँदै आएको नवप्रज्ञापन पातलो, मझौलो र मोटो किताबको रूप धारण गरी नेपालभरि पुगेको छ । देशमा नेपाली भाषाका अन्य साहित्यिक पत्रिका पनि छन् तर ती नवप्रज्ञापनजस्ता छैनन् । म सबै पत्रिकाको सम्मान गर्छु तर तिनले नेपालीबाहेक अन्य भाषाका रचनालाई उचित स्थान दिई प्रकाशित गर्ने गरेको कुरा मेरो ज्ञान क्षेत्रभन्दा बाहिर छ । तर नवप्रज्ञापनले कुनै बेला दश दश भाषाका रचनाहरू एउटै अङ्कमा प्रकाशित गरेर अत्यन्तै उच्च कोटीको काम गरेको छ ।

सरकारी अनुदान र सरकारकै संलग्नतामा निस्किरहेका पत्रिकालाई समेत अलि अप्ठेरो अप्ठेरो परिरहेको समययमा पनि व्यक्तिगत प्रयासको यो पत्रिकाले निरन्तरता पाउनु सम्पादकको बलियो मानसिकता, अथक परिश्रम र भाषा साहित्यप्रति केही गरौँ भन्ने गहिरो लगावको परिणाम हो । नेपाली र नेपालभित्रका अन्य भाषाहरूलाई सम्मानजनक स्थान दिई जन जनसम्म पुऱ्याएर विकसित हुने अवसर प्रदान गर्नु यस पत्रिकाको विशेषता देखिन्छ ।

भोजपुरी भाषाको कवि र सेवकको नाताले मात्र होइन भोजपुरी मेरो मातृभाषा भएकोले पनि कहीँ कतै कुनै माध्यमले भोजपुरी भाषाको विकास हुनु मेरो लागि सुखद कुरो हो । नवप्रज्ञापनले आफ्ना अधिकांश अङ्कमा भोजपुरीको एउटा न एउटा रचना छाप्दै आएको छ । अझ स्मरणीय त यो छ कि यसले एउटा अङ्क नै भोजपुरी साहित्यका लागि सुम्पेको छ । **नेपालीय भोजपुरी साहित्य विशेषाङ्क**का नाममा निस्केको सो अङ्कले भोजपुरी भाषा साहित्यलाईं ठुलो गुन लगाएको छ ।

यसका लागि भोजपुरी भाषा र भोजपुरीयाहरूले यो पत्रिकालाई सदैव सम्झिरहने छन् म यो कुरा दावाका साथ भन्न सक्छु । उनान्सय अङ्क निकालेर **शतक अङ्क** निकाल्ने तरखरमा रहेको यो पत्रिकाले नेपालीका साथै नेपालका अन्य भाषाको विकासका लागि गरेको योगदानका कारण इतिहासमा अमर रहने छ । अन्त्यमा आइपुगेको छु, पत्रिकालाई **शतक अङ्क** प्रकाशनको शुभकामना दिँदै कलम यहीँ बन्द गर्ने अनुमति चाहन्छु ।

(महागढीमाई, बारा)

हेर्दाहेर्दै तीस वर्ष बितिसकेछ

• **रामप्रसाद अधिकारी**

म ठिङ्ग सिमरामा उभिएको छु । हेर्दाहेर्दै नवप्रज्ञापनले तीस वर्ष पार गरिसकेछ । **शतक अङ्क** प्रकाशनको अवस्थामा यसको एउटा किनारमा साक्षीको हस्ताक्षरमा ठडिने अवसर मलाई जुरेको छ । निश्चय पनि नवप्रज्ञापनप्रति आभारी छु । यो पनि मेरो कखराको साथी बनेको छ । यदाकदा मेरा लेख रचनाले यसभित्र समेटिने अवसर पाएका छन् भने यदाकदा उसले भनिरहँदा पनि लेखरचना दिन नसकेको अवस्था पनि छ । त्यसका आआफ्नै कथा व्यथाहरू होलान् । समय पर्दा तिनको पनि चर्चा गरिएला । यो गन्थनको बेला होइन । बधाई र शुभकामनाको बेला हो । मलाई अहिले यसले भाषा तथा स्रष्टाप्रति गरेको योगदान र सम्मानको स्मरणको बेला हो भन्ने लाग्छ ।

मेरा आफन्तजन मभन्दा कहिल्यै टाढा रहेनन् भनौँ सबैको नेरा घेरामा नै मेरा जीवनका समयहरू बिते । परका एक जना मित्र बनाएँ । हरि गौतम ‘दोषी’ उनको घर झापातिर, बसोबास नेपालगञ्जतिर थियो । उनका दस-बीस पत्र आए होलान् अनि यदाकदा एकदुई पत्र मैले पनि लेखेँ हुँला । एक हातले ताली त बज्दैन । अन्ततः दस-बीसको जवाफ एकदुई हुन्छ भने यो यात्रा पनि त्यति पर जाने ठहरिएन, टुट्यो । र पनि एउटा छापापत्रको सम्झना मलाई छ त्यो भने पछिसम्म आइरह्यो एकोहोरो प्रेम बनेर ।

त्यो थियो **प्रज्ञापन** । मैले भुल्न नसकेको एउटा नाम । जसलाई मैले कहिल्यै जवाफ फर्काइन । तर उसको भने माया निरन्तर पाइरहेँ ।

समयले कोल्टे फेरेछ । तिथिमिति ठ्याक्क याद भएन तर केही समयपछि नवप्रज्ञापनका नामले मेरो हातमा पुस्तकाकार कृतिहरू आउन थाले । खस्रा फुस्रा भित्री कागज, अनि सेता केही चिप्ला कागजमा बाहिरी आवरण कहिले गोपालप्रसाद रिमालको चित्र कहिले भैरव अर्यालका आकृति । त्यो प्रविधिको कमजोरी थियो या विशेषता ! म भन्न सक्तिनँ । तथापि कुनै महिना कुनै अङ्क बिस्तुर भयो होला, अन्यथा ती सबै प्राप्त भएका छन् । बाँच्नुपर्छ ती प्राप्त भइरहुन् शुभकामना पनि छ ।

साहित्यिक पाठक नपाउने समाज, साहित्यकर्मी नहुने समाज, जानेर वा नजानेर साहित्यको महत्त्वलाई नबुझिरहेको समाज र भए पनि तिनले यथोचित सम्मान नपाइरहेको समाजबाट उठेर नवप्रज्ञापनले जसरी यो अवधीमा **क वर्ग**को राष्ट्रिय पत्रिका हुने अवसर प्राप्त गरेको छ यो पत्रिका टिमको निरन्तर प्रयास र कडा परिश्रमको फल हो भन्ने मेरो बुझाइ छ । यसले हिँडेको बाटो अझ हिँडिरहनुपर्छ र हिँडिरहने पनि छ भन्नेमा म विश्वस्त छु ।

बारा जिल्लालाई केन्द्रमा राखेर आरम्भ भएको नवप्रज्ञापन आज मधेस प्रदेशकै प्रमुख पत्रिका त बनेको छ नै अझ देशकै पनि प्रमुख पत्रिका बन्न सफल भएको छ । पत्रिकाको समग्र पक्षलाई ध्यान दिने हो भने यसले यस क्षेत्रको साहित्यिक गतिविधिलाई गजबको माया छरेको देखिन्छ । अर्थात् क्षेत्रीयताप्रति यो सजग र सचेत छ । हाम्रो पहिचान हामी नै हौँ र हामी उठे मात्र अरूलाई उठाउन सक्छौँ भन्ने सोच राख्ने यसका सम्पादक यही मनसायले काम गर्छन् । बाराबाट प्रकाशन आरम्भ गरेर **राष्ट्रिय क वर्ग**मा पर्न सफल हुनु यसको एउटा उदाहरण हो ।

क्षेत्रीयतालाई यसले माया गरेको प्रमाणका रूपमा नारायणीका स्रष्टाहरू पहिलो र दोस्रो भाग, प्रदेश २ का नेपाली गजल विशेषाङ्क र नेपालीय भोजपुरी साहित्य विशेषाङ्कलगायतका अङ्कहरूलाई लिन सकिन्छ । यसो भन्न सकिन्छ यो मधेस प्रदेशकै प्रतिनिधित्व गर्ने राष्ट्रिय पत्रिकाको दर्जामा उभिएको छ । प्रदेश भित्रका वरिष्ठदेखि कनिष्ठसम्म र लब्ध प्रतिष्ठितदेखि नवोदितसम्म, समग्र साहित्यप्रेमी लेखक तथा पाठकहरूलाई समेत बौद्धिक खुराकको एउटा सुन्दर मञ्च उपलब्ध गराएको छ ।

साहित्यिक पत्रकारिता सहज छैन म पनि जान्दछु । सहज हुने भए यहाँबाट धेरै पत्रिकाहरू अवश्य पनि निस्कन्थे । बाराबाट त कमसेकम नवप्रज्ञापन आइरहेको छ यो सुखद कुरा हो । सिङ्गो प्रदेशबाटै निरन्तर प्रकाशित भइरहेका र प्रेस काउन्सिल नेपालको वर्गीकरणमा नेपाली साहित्यिक पत्रिका केवल दुईओटा मात्र छन् । ती दुई पत्रिका नवप्रज्ञापन र गोलसिमल हुन् । यसबाट के बुझ्न सकिन्छ भने साहित्यिक पत्रिकाको प्रकाशन कठिन कार्य हो ।

साहित्यिक पत्रिका प्रकाशनका लागि विषम परिस्थिति भए पनि नवप्रज्ञापन गतिशील छ । यसका लागि म सम्पादक मित्रलाई हार्दिक साधुवाद भन्न चाहन्छु । निरन्तरता र जीवन्तताको लागि हरसम्भव प्रयत्नशील रहने प्रतिबद्धता व्यक्त गर्दै आउँदा दिनमा यसले समग्र नेपाली भाषा साहित्यको क्षेत्रमा अझ फड्को मार्न सकोस् **शतक अङ्क** प्रकाशनको शुभकामना !!!

(सिमरा, बारा)

मन के बात



• जंग बहादुर यादव

अइसे त हमनी के भोजपुरिया क्षेत्र से नेपाली, भोजपुरी, हिन्दी, मैथिली आदि भाषा में कइगो पत्रिका निकलले स, निकलके कुछ दिन ले जीअबो कइले स । आजो निकल रहल बाँड़े स, बिहानो निकलिहें स, आ कवनो ना कवनो कारण से बंदो हो सकत बाँड़े स । एह सब का ओर हम नइखीं जाए के चाहत । आज से तीस बरिस पहिले बारा जिला के स्वभिमानबस्ती, डुमरवाना के कोख सें एगो पत्रिका के जन्म भइल, जवना के नाम ह- नवप्रज्ञापन । अइसे त ई पत्रिका मूल रूप से नेपाली भाषा में निकलेला ।

बाकिर एह पत्रिका के सम्पादक के बचपन आ जवानी भोजपुरिया आबोहवा आ माटी के महक के साथ-साथ गुजरला आ खुद भोजपुरी भाषा के आपन दोसरका भाषा मानला के कारण एह पत्रिका के सामान्य अंकन में भोजपुरी भाषा, साहित्य आ कला संस्कृति के रचनन के स्थान मिलला के साथ-साथ 'नेपालीय भोजपुरी साहित्य विशेषांक' तक निकलल । ई एह बात के प्रमाण बा कि नवप्रज्ञापन नेपाली वाङ्मय के साथ-साथ भोजपुरी वाङ्मय के भी संरक्षण आ विकास में आपन योगदान देत आइल बा । हम व्यक्तिगत रूप से ई बात जोड़ देत कह सकतानी कि 'नवप्रज्ञापन' के जे प्यार लाढ़ दुलार आ मिले, त ई पत्रिका नेपाली आ भोजपुरी के वाङ्मय के संरक्षण आ विकास में ऊ काम कर देखाई, जवना के गरिमा गान गावे में लोग के मन ना हारी-थाकी ।

हम त अपना प्रहरी नौकरी से सेवानिवृत होके पूर्ण रूप से समाज सेवा में लाग गइनी आ अपना गच्छ के मुताविक आजो लागल बानी । एह पत्रिका के प्रभाव आ एह पत्रिका के सम्पादक के प्रेरणा से हमरो एगो भोजपुरिया कवि आ लेखक का रूप में खुद के चिन्हावे के मौका मिलल । हम आज एह पत्रिका के सौवाँ अंक के प्रकाशन के पुनित अवसर पर दिल से ई शुभकामना देत बानी कि भगवान एह पत्रिका के सम्पादक जी के दीर्घायु करस, उनका के निरोग राखस ताकि ई पत्रिका निरंतर प्रकाशित होत रहो आ आपन खूबसूरती आ महक से भाषा साहित्य के फुलवारी के महकावत रहो ।

(सनफुलवा, सुवर्ण गा.पा. बारा)

विगत बीस वर्षदेखि संलग्न छु

• गणेशराज रिजाल

नवप्रज्ञापन प्रकाशन हुन लागेको पनि तीस वर्ष पुगेर एकतीस वर्ष लागेको छ । म विगत बीस वर्षदेखि यो पत्रिकासँग गाँसिएको छु । गाँसिनुमा पनि पारिवारिक कारण छ । त्यही कारण डोरिएको हुँ । त्यसो त लेखक नभए पनि साहित्यको म एउटा पाठक चाहिँ हुँ । सायद त्यसले पनि नवप्रज्ञापनको यात्रामा डोऱ्याएको हो । यही भएर राजी खुसीका साथ निरन्तर निरन्तर हिँडिरहेको छु । अर्थात् सहयात्री बनेको छु ।

पत्रकारितामा हिँड्ने बाटाहरू सजिला छैनन्, अप्ठेरा र असजिला छन् । म पनि एउटा पत्रकार हुँ । पत्रकारितामा लामै अनुभव छ । अहिले पनि स्वतन्त्र पत्रकारका रूपमा पत्रकारिता क्षेत्रमा लागिरहेको छु । त्यसो त केही वर्ष अघिसम्म मेरो सम्पादन/प्रकाशनमा बारा जिल्लाबाट **स्वावलम्बी** नामको साप्ताहिक पत्रिका प्रकाशित हुने गर्थ्यो । यसकारण पत्रकार र पत्रकारिता राम्रोसँग जान्दछु र बुझ्दछु पनि ।

म साहित्यले सिङ्गो समाजलाई निर्देश गर्छ होला भन्ने सोच्थेँ । हुनुपर्ने पनि त्यही हो । संसारका हरेक समाजहरूलाई उजागर गरेको साहित्यले नै हो । साहित्यविनाको समाज सुसंस्कृत हुन सक्दैन । तर हाम्रो परिप्रेक्षमा त्यो कुरा लागु हुँदो रहेनछ । यहाँ त राजनीतिलाई सबै थोक ठानिँदो र मानिँदो रहेछ । त्यसैले राजनीति सबैको आकर्षण बनेको रहेछ । राजनीति नै सबै थोक ठानिएको कारण हामी अगाडि बढ्न नसकेका रहेछौँ ।

अर्थात् जिम्मेवार निकाय र व्यक्तिहरूका साहित्यलाई हेर्ने आँखा साना रहेछन् । साहित्यजस्तो संस्कृति निर्माणको एक पाटोलाई हेर्ने आँखा नै सानो भएपछि साहित्यिक पत्रकारितालाई हेर्ने आँखा ठुलो हुने कुरा पनि आएन । हाम्रो राज्य र राजनीतिले कहिल्यै साहित्यिक पत्रकारिता बुझ्धेन । कुनै पनि सरकारका आँखामा कहिल्यै परेनन् मात्र हैन वातावरण पनि बनेन । तथापि साहित्यिक पत्रपत्रिका पातलो रूपमै आफ्नै लिगमा हिँडिरहेका छन् ।

खास गरी तराई मधेसमा केही गरौँ भन्ने सोचका साथ प्रकाशन आरम्भ भएको **नवप्रज्ञापन** साहित्यिक पत्रिका बिस्तारै हिँडेर पनि **सय अङ्क** प्रकाशित गर्न सफल भएको छ । यसलाई सकारात्मक आँखाले हेरेर सघाउनेहरू पनि छन् । त्यो साथ सहयोगप्रति नवप्रज्ञापन कृतज्ञ छ भविष्यमा भई नै रहनेछ । बाटामा भेटिएका सहयोगी मनहरू र सकारात्मक सोचहरूकै कारण नवप्रज्ञापन हिँडिरहन सकेको हो ।

एउटा कुरा कोट्याउन मन लाग्यो, रमाइलो कुरा के छ भने यसले यदाकदा विज्ञापन

पाउँछ र पाइरहेको पनि छ । विज्ञापनका आधारमा चल्ने पत्रपत्रिकाले विज्ञापन पाउनु अत्यन्तै सकारात्मक कुरा हो । तर विज्ञापन पाए पनि भुक्तानी पाउँदैन । अर्थात् विज्ञापन दिनेहरू पनि भुक्तानी दिनतिर तत्परता देखाउँदैनन् । साहित्य राम्रोसँग जान्ने, पढ्ने, बुझ्ने र लेख्नेले हैसियतका ठाउँमा बसेर पनि भुक्तानी नगरेका उदाहरण मनग्गे छन् । मैले यसलाई मानिसहरूको बोली र व्यवहारबिचको भिन्नताको रूपमा लिएको छु ।

"गुनासो गर्न हुँदैन, यो रहरले गरिएको काम हो, रहर लागेसम्म गरौँ, त्यसपछि बन्द गरौँला, कसैसँग स्वाभिमान बिर्सेर हात त थापौँ" सम्पादकको भनाइ यस्तो रहेको छ । सम्पादकसँग नै सहमत छु । यसर्थ सम्पादकको दिशानिर्देश र मेरो व्यक्तिगत ज्ञान विवेकले भ्याएसम्म **नवप्रज्ञापन**को पक्षमा आजसम्म काम गरिरहेको छु र भविष्यमा पनि गरिरहने छु । यसलाई मैले अवसर र सेवाको रूपमा लिएको छु ।

अन्त्यमा **नवप्रज्ञापन**लाई आजसम्म विभिन्न किसिमले सघाउने सबै सहृदयी मनहरूप्रति यथोचित आभार व्यक्त भविष्यमा पनि साथ सहयोग पाइरहने अपेक्षाका साथ बिदा चाहन्छु ।

(स्वाभिमानबस्ती, बारा)

अत्यन्तै हर्ष लागेको छ

• **विजय मैनाली**

साहित्यिक यात्रा अलि कठिन बाटो हो । यो मानव जीवनको उत्प्रेरणा र ऊर्जाशील जीवनको दिशानिर्देश गर्ने माध्यम पनि हो । साहित्य अध्ययनविना मानव जीवनको कुनै पनि पक्षको समग्र अध्ययन असम्भव हुन्छ । तथापि यस क्षेत्रमा लाग्नेहरू कम छन् । साहित्य लेखन तथा पठनमा रुचि राख्नेहरूको सङ्ख्या सानो भए पनि ती अत्यन्तै शक्तिशाली हुन्छन् । त्यही शक्तिका कारण थोरै मानिसले धेरैलाई प्रभावमा पारेको देखिन्छ । साहित्य एउटा सकारात्मक माहोल हो र लामो समयदेखि नवप्रज्ञापन त्यही माहोल तयार गर्न सक्रिय छ ।

विगत ३० वर्ष अघिदेखि यसै जिल्लाबाट प्रकाशित भएर देशका विभिन्न भागमा पुगिरहेको नवप्रज्ञापन 'क' वर्गको साहित्यिक पत्रिका हो । विभिन्न विशेषाङ्कसहित् ९९ अङ्क प्रकाशित गरिसकेको नवप्रज्ञापन शतकाङ्क प्रकाशनको तयारीका जुटेको थाहा पाउँदा मलाई अत्यन्तै हर्ष लागेको छ । विभिन्न मातृभाषामा लेखिएका रचनाहरूले यो पत्रिकामा स्थान पाएका छन् । धेरैभन्दा धेरै मातृभाषाका रचनाहरूलाई स्थान दिएका कारण नवप्रज्ञापन सबै भाषाको उत्थानका निम्ति सक्रिय रहेको बुझ्न सकिन्छ ।

नेपाली भाषामा प्रकाशित हुने पत्रिका भए पनि विभिन्न भाषाका फुटकर रचनाहरूलाई स्थान दिनुको अलावा यसले

८४औँ अङ्कलाई नेपालका प्रमुख १० भाषाका कथाहरू समेटेर बहुभाषा कथा विशेषाङ्कका रूपमा र ९६औँ अङ्कलाई नेपालीय भोजपुरी साहित्य विशेषाङ्कका रूपमा प्रकाशित गरेको छ। भोजपुरी मधेस प्रदेशको दोस्रो र नेपालको तेस्रो प्रमुख भाषा हो। विभिन्न भाषाका रचनाहरूलाई यथाचिते सम्मान दिँदै विशेषाङ्कहरू निकाल्नु अत्यन्तै सकारात्मक कुरा हो। यसले उनी देशका सबै भाषाहरूको समान विकास होस् भन्ने चाहना राख्छन् भन्ने कुरा पुष्टि हुन्छ।

मैले यो सन्दर्भ जोडिरहँदा अझ अर्को कुरा भन्न मन लाग्यो, हाम्रो क्षेत्रमा साहित्यिक पत्र पत्रिकाहरू अत्यन्तै कम छन्। खोज्दै जाँदा पत्ता लाग्यो मधेस प्रदेशमा नियमित प्रकाशित भइरहेका साहित्यिक पत्रिकाको सङ्ख्या जम्मा तीनओटा मात्र रहेछ। यो प्रेस काउन्सिल नेपालको अभिलेख हो। त्यो अभिलेखअनुसार बारा जिल्लाबाट नवप्रज्ञापन, सर्लाही जिल्लाबाट गोलसिमल र धनुषा जिल्लाबाट आँजुर प्रकाशित हुन्छन्। साहित्य र संस्कृतिको प्रत्यक्ष सम्बन्ध जीवनसँग छ तर हाम्रो क्षेत्रमा साहित्यिक कर्महरू कम हुने गर्छन्। यसलाई हामीले पाखामा राखेका छौँ अर्थात् प्राथमिकतामा राखेका छैनौँ हामीले गरिरहेको एउटा गम्भीर भुल हो।

यस प्रदेशबाट प्रकाशित हुने गरेका समाचारमूलक पत्रपत्रिकाहरू दुईसयको छेउछाउमा छन्। तर नियमित साहित्यिक पत्रपत्रिका तीनओटा छन्। किन ? यो यस क्षेत्रका जानकार, अगुवा, प्रबुद्धवर्ग, समाजसेवी र देश विकासमा तनमनले लागिरहेका छौँ भन्नेहरूका लागि ज्वलन्त प्रश्न हो। उत्तर खोज्नु पर्ने बेला उहिल्यै आइसकेको हो, तर अहँ, अहिलेसम्म कसैको ध्यान गएको देखिँदैन। साहित्य र संस्कृति रूपान्तरणको विषय हो, यो कमाउ र खाउको विषय हैन हामी केवल भौतिकतामा रमाइरहेका छौँ यसैले भाषा साहित्य बुझिरहेका छैनौँ। जुन समाजमा साहित्य कला र संस्कृतिको उचित कदर र सम्मान हुँदैन भौतिक रूपमा जति नै सम्पन्न भए पनि त्यो समाज विकसित मानिँदैन।

म आफू हुर्केबढेको, बाँच्नका लागि अनेको सङ्घर्षमा समावेश भएको, जीवनका कतिपय सहज-असहजलाई परिस्थितिलाई आत्मसात् गरिरहेकै स्थानका भाइ नवराज रिजालले डेढदशक अघिदेखि सम्पादन प्रकाशन गरिरहेको नवप्रज्ञापनका हरेक जसो अङ्क हेरिरहेको छु। पढिरहेको छु। सल्लाह, परामर्श र सुझाउ पनि दिइरहेको छु। हामीबिच विविध विषयमा कुराकानी हुन्छन्। भेट सधैँ हुँदैन तर हामी भेटमा घण्टौँसम्म छलफल र विचार आदानप्रदान गर्छौँ। उनी भाषा साहित्य र संस्कृतिका धेरै कुरा गर्छन्। यसको सम्बन्ध हामीसँग मात्र हैन जन्मेका र भविष्यमा जन्मने भावी सन्ततिमा पनि पर्ने सुनाउँछन्। केही गरौँ भन्छन्, म पनि उनको विचारलाई सम्मान गर्छु। हिँडिरहन र पछि नफर्कन आग्रह गर्छु। यति मात्र हैन आफूले सक्ने सहयोग सधैँ गरिरहने प्रतिबद्धता पनि जनाउँछु।

आठ जिल्ला भएको सिङ्गो प्रदेशबाट जम्मा तीनओटा मात्र साहित्यिक पत्रिका नियमित प्रकाशित हुनु, त्यसमा मेरो जिल्ला बाराबाट एउटा पर्नु, यसको सम्पादक/प्रकाशक छिमेकी भाइ (जसलाई मैले बाल्यकालदेखि नै चिनिरहेको छु र हामी एकै गाउँका बसोबासी हौँ) हुनुलाई मैले अत्यन्तै सुखद मानेको छु। ९९औँ अङ्क यतिखेर मेरो हातमा छ, निकट भविष्यमा शतक अङ्क आउने छ, यसले मलाई अझ रोमाञ्चित र उत्साहित बनाएको छ।

त्यो पल सम्झेर म खुसी र सुखी छु ।

बारा जिल्लाबाट प्रकाशित भएर राष्ट्रिय साहित्यिक यात्रामा जोडिएको **नवप्रज्ञापन** विभिन्न बाधा अड्चन पार गर्दै निरन्तर अगाडि बढिरहेको छ । यसको प्रमाण **नवप्रज्ञापन** प्रेस काउन्सिल साहित्यिक पत्रकारिता पुरस्कारबाट पुरस्कृत हुनु हो । यो प्रेस काउन्सिल नेपालद्वारा 'क' वर्गमा वर्गीकृत छ । अन्त्यमा नवप्रज्ञापनलाई निरन्तरता दिन आग्रह गर्दै **सय अङ्क** प्रकाशनको शुभकामनाका साथ बिदा चाहन्छु ।

(जितपुरसिमरा-१६, बारा)

चिनेजानेको मात्र हैन बुझेको पनि छु

• **ईशहाक हुसेन**

मैले जन्मकालदेखि नै उसलाई चिने जानेको हुँ । उमेरले म बहत्तर वर्षको भएँ । ऊ तीस वर्ष पूरा गरेर ३१औँ वर्षमा प्रवेश गर्दै छ । ऊ अर्थात् **नवप्रज्ञापन** आज एउटा लक्का जवान युवा बनेको छ । जन्मकालदेखि नै मेरा रचनाहरूलाई उसले आफूभित्र सङ्गालेर राख्न थालेको हो । त्यो क्रम हिजो मात्र थिएन आज पनि चलिरहेको छ । अस्तित्व रहेसम्म गरिरहला मैले यही सोचेको छु ।

त्यसो त हामी एकै क्षेत्रका बसोबासी हौँ । हाम्रो चिनजान नयाँ र नौलो हैन । बारा जिल्लाको तत्कालीन डुमरवाना गाविस भित्रका गाउँहरूमा रम्दै रमाउँदै र अनेक परिस्थिति सामना गर्दै दुधौरा र बालगङ्गाा खोला समीप हाम्रा जीवन ती नदीहरू जस्तै बगिरहेका छन् । तिनीहरूका उर्लिंदो उत्तेजक भेल हेरेर हाम्रा अघाएका छैनन् आँखाहरू आज पनि अघाएका छैनन् त्यसैले हेरिरहेका छन् ।

जीवन यात्राका विभिन्न चुनौतीहरू छिचोल्दै र कठिनतालाई सहज रूपमा स्विकार्दै यहाँसम्म आइपुगेको नवप्रज्ञापन बारा जिल्लाको एक सान र मान हो । त्यसो त बाराको मात्र किन कुरा गर्नु ? नेपाली भाषामा नियमित प्रकाशित हुने साहित्यिक पत्रपत्रिका यो प्रदेश भरिमा दुईओटा मात्र छन् । ती दुईओटा मध्ये एउटाको नाम नवप्रज्ञापन हो । यसैले मैले नवप्रज्ञापनलाई बाराको सान र मान भनेको हुँ ।

प्रकाशन कालदेखि नै नवप्रज्ञापनले विशेषाङ्क निकाल्ने परम्परा सुरू गरेको हो । यही सिलसिलामा पूर्णाङ्क २९ लाई नारायणीका स्रष्टाहरू दोस्रो भागका रूपमा २०५६ मा प्रकाशनमा ल्याएको थियो । त्यो अङ्कमा मेरो भोजपुरी भाषामा लेखिएको कथा 'मनोरोगी भदै साह' छापिएको थियो । त्यो कथा थापिएको झन्डै झन्डै २५ वर्ष हुन लाग्यो । यसबाट पुष्टि हुन्छ नेपाली भाषामा प्रकाशित हुने साहित्यिक पत्रिका भए पनि यसले पहिल्यैदेखि अन्य मातृभाषामा लेखिएका रचनालाई पनि उपलब्ध भएसम्म स्थान दिइरहेको छ ।

बारा जिल्लामा जन्मे पनि यो राष्ट्रिय

रूपमा प्रकाशित भइरहेको साहित्यिक पत्रिका हो । यसको वितरण पनि त्यसैगरी हुने गर्छ । जब जिल्ला बाहिरका साथीहरू नवप्रज्ञापनको कुरा गर्छन्, यसमा आफ्नो पनि रचनाहरू छापिएको कुरा गर्दै विभिन्न प्रतिक्रिया दिन्छन् तब मेरो छाती हर्षले ढक्क फुल्छ । पत्रिकाको सम्पादक अरू कोही नभएर म आफैं भएझैं लाग्छ । अनि साथीहरूसँग धक फुकाएर कुरा गर्छु । म आफू नै नवप्रज्ञापन हुँ कि जस्तो महसुस हुन्छ ।

यसका सम्पादक मेरा पुराना मित्र हुन् । हामी एकअर्कासँग परिचित छौं । घरमा जाने आउने गरेका पनि छौं । भेटमा भाषा, साहित्य र संस्कृति विषयमा कुराकानी हुन्छन् । यही सिलसिलामा हामी आफ्ना गाउँ, जिल्ला र राष्ट्रसम्म पुग्छौं । किन भएन, नहुनुको कारण के हो, कसो गर्दा हुन्छ, कसले आफ्नो दायित्व पूरा गरे अनि कसले गरेनन् ती विषय पनि छलफलमा आउँछन् । हामीले गर्न सक्ने त्यति मात्र हो बस् हामी त्यही गर्छौं ।

हिजोको तुलनामा आज देशमा शिक्षलयहरूको सङ्ख्या उल्लेख्य रूपमा बढेको छ । शिक्षिहरू दिन प्रति दिन बढेका बढ्यै छन् । मानिसहरूको जीवनस्तर माथि उठेको छ । प्रगति गर्नेहरू गरिरहेका छन् । तर हिजोको तुलनामा भाषा साहित्य र संस्कृतिको उन्नयन कति भयो ? यो आजको ज्वलन्त प्रश्न हो । भाषा साहित्य र संस्कृतिविनाको समाज पनि हुन्छ ? त्यस्तो समाजले कस्तो बाटो लेला र हामी कहाँ पुगौंला ? हामी दुईको भेटमा यी प्रश्नहरूले प्रवेश पाउँछन् । अनि हामी गफमा हराएर समय कटाउँछौं ।

अन्त्यमा मेरो जिल्लाबाट ३० अघि प्रकाशन आरम्भ गरेर सय अङ्क प्रकाशन र ३१ वर्ष प्रवेशको अवसरमा पुगेको **नवप्रज्ञापन**लाई निरन्तरताको शुभकामनासहित कलम यहीँ बन्द गर्ने अनुमती चाहन्छु ।

(जितपुरसिमरा-१४, बारा)

मेरो नजरमा नवप्रज्ञापन



- **जगदीशप्रसाद 'पंकज'**

तीन दशक अघिदेखि प्रकाशित हुँदै आएको नवप्रज्ञापनलाई म करिब डेढदशक अघिदेखि अत्यन्तै निकट रहेर हेर्दै, पढ्दै र मनन गर्दै आइरहेको छु । यसलाई मेरो रचनात्मक सहयोग पनि रहँदै आएको छ । नेपाली भाषामा प्रकाशित हुने यो पत्रिकाले नेपाली मात्र हैन नेपालमा बोलिने अन्य दर्जनौं भाषाका रचनाहरूलाई पनि आफ्नो हृदयमा स्थान दिएको छ । यो नवप्रज्ञापनको आफ्नै खालको नितान्त मौलिक विशेषता हो ।

यसले समय समयमा विभिन्न विशेषाङ्कहरू पनि निकालेको छ । यही क्रममा घरी बाल्यकालीन संस्मरण विशेषाङ्क, घरी छन्द कविता विशेषाङ्क, घरी भानुभक्त विशेषाङ्क, घरी लघुकथा विशेषाङ्क, घरी बहुभाषाकथा विशेषाङ्क, घरी मुक्तक विशेषाङ्क, घरी गीत विशेषाङ्क, घरी बालसाहित्य विशेषाङ्क तथा घरी प्रदेश दुई

(मधेस) का नेपाली गजल र घरी नेपालीय भोजपुरी साहित्य विशेषाङ्कहरू प्रकाशित गरी भाषा साहित्यको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएको कुरा सबै सामु छर्लङ्गै छ । नेपालीबाहेक अन्य मातृभाषाका साहित्य र साहित्यकारलाई आआफ्ना भाषाका रचनाका साथ नेपालभरि पुऱ्याउन यसले सहयोग गरेको छ । हो, तसर्थ यो अन्य पत्रिकाहरूभन्दा पृथक् छ ।

आज आम मानिस साहित्य विमुख हुँदै गएका छन् । सम्पत्तिको शक्ति र धेरै कमाउने होडबाजीले मानिसको हृदयलाई मरुस्थल बनाइरहेको छ । यसको असर सबभन्दा बढी साहित्य र साहित्यकार तथा साहित्यिक पत्रपत्रिकामा परेको छ । साहित्य पढ्ने मानिस दिन प्रति दिन सीमित बनिरहेका छन् । यस्तो स्थितिमा साहित्य र साहित्यिक पत्रिकाहरूको विकास र विस्तार कसरी हुन सक्छ ? झन् साहित्यिक कर्म त आय होइन व्ययका स्रोत मात्र हुन् ।

यस्तो विषम परिस्थितिमा पनि नवप्रज्ञापन एक, दुई, पाँच, चौध र चौबिस वर्षदेखि मात्र होइन तीस वर्षदेखि झरनाको पानी झैं छङछङ गर्दै निरन्तर साहित्यभूमिमा हिँडिरहेको छ । यो आफैँमा एउटा कठिन र साहसिक प्रयास हो । यसका लागि नवप्रज्ञापनलाई जति धेरै धन्यवाद दिए पनि पुग्दैन । विविध भाषाका रचनालाई पत्रिकामा स्थान दिनु भनेको ती भाषामा लेख्न प्रेरित गर्नु हो । धेरै अघिदेखि नवप्रज्ञापनले त्यो काम गरिरहेको छ । एउटा अङ्क त दश भाषाका कथा समेटेर बहुभाषा कथा विशेषाङ्ककै नाममा आएको छ । यसलाई मैले नवप्रज्ञापनको उदारताका रूपमा लिएको छु । मेरो विचारमा यो निकै उदार पत्रिका हो ।

अन्त्यमा आइपुगेको छु, म बाराली हुँ । बारा मेरो जिल्ला हो । नवप्रज्ञापन पनि बाराली हो । यसका जन्मदाता नवराज रिजाल पनि बाराली हुन् । साहित्यिक पत्रिकारिता विषम बाटोमा छ । प्रतिकुल अवस्थामा पनि नवप्रज्ञापन शतक अङ्कमा आइपुगेको छ । म एउटा भाषा सेवक हुँ । एउटा भाषा सेवकका लागि यो अत्यन्तै खुसीको विषय हो । यस अवसरमा पत्रिकालाई सय अङ्कसम्म सफलतापूर्वक हिँडाउने सम्पादकलाई धन्यवाद दिदैं शतक अङ्कको सफलताको कामना गर्दछु ।

(मैनी, महगढीमाई, बारा)

सूचना र जानकारीका कुरा

● **हिर्दयनारायण चौधरी 'थारु'**

प्रज्ञापनको अर्थ जनाउ दिनु, अर्थात् सर्व-साधारणलाई सूचित गर्नु भन्ने हुन्छ । हामी बारा जिल्लाबासीको लागि एउटा सन्देश दिनका लागि नै प्रज्ञापन पत्रिका अगाडि आएको हो । यसो भनिरहँदा मलाई औधी हर्ष र गर्व लागिरहेको छ । नवप्रज्ञापनले पूर्वदेखि पश्चिम र उत्तरदेखि दक्षिण सबैतिरका साहित्यिक धारालाई आफ्नो छातीको पानाभित्र समेट्दै समेट्दै

आइरहेको छ ।

साहित्यिक पत्रिकालाई जन्म दिएर स्याहार सुसार गर्दै सय खुड्किलासम्म पुऱ्याउनु एउटा दुर्लङ्घ्य कार्य हो । तर पनि यस्तो दुर्भेध कार्यलाई जितपुर सिमरा उपमहानगरपालिका-१६, स्वाभिमानबस्तीका मेरा परम् मित्र श्री नवराज रिजालले सहज ढङ्गले पूरा गर्नुभएको छ । म उहाँको यस आँटिलो कार्यलाई शत् शत् नमन र अभिवादन गर्दछु । यो अत्यन्तै पुनित कार्य हो । यस्तो कार्य सबैले गर्दैनन् र गरिरहेका पनि छैनन् । गर्नेहरूको सङ्ख्या साह्रै थोरै हुन्छ । अनि त्यही थोरैभित्र मेरा मित्र पनि पर्नु भएको छ । उहाँको कार्यबाट म अत्यन्तै प्रभावित बनेको छु ।

नवप्रज्ञापन नेपाली भाषाको पत्रिका हो । तर नेपाली भाषाको पत्रिका भए पनि यो त्यतिमा मात्र सीमित छैन । यसले नेपालमा बोलिने धेरैभन्दा धेरै मातृभाषाका रचनाहरूलाई स्थान दिइरहेको छ । म त्यसको साक्षी बनिरहेको छु । यसो त म थारू भाषाको लेखक हुँ । म लगायत थारू भाषी अन्य लेखकहरूका रचनाहरू पनि यसमा छापिएका छन् । आफ्नो भाषाको पत्रिका सञ्चालन गर्न नसकिरहेको अवस्थामा नेपाली भाषामा प्रकाशित हुँदै आएको पत्रिकाले मेरो आफ्नो मातृ भाषाका रचनाहरू छापिदिनु अत्यन्तै सह्रानीय कार्य हो । मैले देखिरहेको छु विगत लामै समयदखि नवप्रज्ञापनले यो काम निरन्तर गरिरहेको छ ।

समय बितेको पत्तै हुँदो रहेनछ । प्रकाशन आरम्भ गरेको धेरै भएको छैन । हिजै हो जस्तो लागिरहेछ **नवप्रज्ञापन** त ३१औँ वर्षमा प्रवेश गरेर **सय अङ्क** प्रकाशनको सङ्घारमा पुगिसकेछ । अलि अघिसम्म एउटै जिल्लाका बासिन्दा भए पनि फरकफरक पालिकाका थियौँ । तर अहिले एकै पालिकाका निवासी भएका छौँ । यो खुसीको कुरा हो, नवप्रज्ञापन, यसका सम्पादक र म एकै क्षेत्रका बासिन्दा हौँ । मेरै क्षेत्रबाट प्रकाशित हुँदै आएर सय अङ्कको सङ्घारमा पुगेको नवप्रज्ञापन मेरो मन र मुटुभरि छरपस्ट भएर बसेको छ । कस्तै प्रयासमा म यसलाई छातीबाट हटाउन सक्दै सक्दिनँ । मन र मुटुमा लपक्क टाँसिएर बसेको छ ।

नवप्रज्ञापन वर्षमा चारपल्ट प्रकाशित हुन्छ । मेरो विचारमा पत्रिका प्रकाशन गर्नु फलामको च्युरा चपाउनु बराबर हो । मैले पनि कुनै समयमा पत्रिका प्रकाशित गर्ने जमर्को नगरेको हैन । तर के गर्नु त्यसलाई निरन्तरता दिन सकिनँ । पत्रिका प्रकाशित गरेर निरन्तरता प्रदान गर्नु एउटा जटिल कार्य हो । मेरो निजी भोगाई छ, पत्रिका प्रकाशन गर्ने सिलसिलामा कहिले अर्थको कमी हुन्छ त कहिले लेख रचना अप्राप्त रहन्छ । कहिले आफैलाई फुर्सद हुँदैन त कहिले आफै अस्वस्थ्य भइन्छ । भनेको बेलामा काम गर्न पनि औधी गाह्रो छ । जीवन जगत्‌को सच्चाई पनि यही हो । बिघ्न, बाधा, अड्चन, अड्काउ आदि आउनु प्रकृतिको नियम हो । यसलाई पार गरेर अगाडि बढ्नु जीत हुन्छ । यस्ता विविध समस्यालाई सहज ढङ्गले चीरफार गर्दै **सय खुड्किला** पार गर्नु ठुलै बहादुरी हो ।

यसर्थ म यसलाई सय अङ्क प्रवेशका लागि बधाई दिन चाहन्छु । निरन्तर यात्राको पनि शुभकामना !

(बकुलिया भवानीपुर बारा)

हिँडिरहेछ नवप्रज्ञापन

• राधेश्याम शिवाकोटी

विगत तीस वर्षअघि प्रारम्भ भई अविछिन्न रूपमा ९९औँ अङ्कसम्म आइपुग्दा नेपाली साहित्य जगत्का अधिकांश स्रष्टा र पाठकहरूका बिच सुपरिचित बन्न पुगेको छ, **नवप्रज्ञापन** । साहित्यिक जीवन र यात्रा त्यति सजिलो छैन । तर साहित्यिक मन, सिर्जना र जागरण एउटा यस्तो अविश्राम यात्रा रहेछ जसले आफ्ना कठिन क्षणहरूलाई पनि छिचोल्न सक्दो रहेछ । शताङ्क प्रकाशनको घडीसम्म आइपुगेको **नवप्रज्ञापन**लाई धेरै-धेरै बधाई ! आफ्नो यात्रालाई शिखरसम्म पुऱ्याउन सकोस्, अनेक-अनेक शुभकामना !

स्वस्थ, सभ्य र शिक्षित समाजको निर्माणमा साहित्यको योगदान अतुलनीय छ । शिक्षा व्यक्तिको जीवनको अमूल्य सौन्दर्य भएझैं कलात्मक, संस्कारी एवम् ज्ञानवर्द्धक समाजको निर्माणमा साहित्यको आवश्यकता र महत्त्व अत्यन्त निर्विवाद मानिन्छ । साहित्य मानव इतिहास, सभ्यता र विकासको द्योतक हो, विगतलाई बुझ्ने र मापन गर्ने एक परिसूचक हो । यस अर्थमा साहित्यिक सिर्जना केवल एउटा कृति मात्र होइन, समाजका लागि ज्ञान-दर्पण, स्रष्टा जीवनका कीर्तिमान र नवसन्ततिका लागि मार्ग-दर्शन पनि हो । **नवप्रज्ञापन**ले यही मूल्यमान्यता र पदमार्गलाई पछ्याइरहेको छ । सय मात्र हैन अनगिन्ती अङ्कहरूमा यो झुल्कँदै जाओस् उद्घाटित हुँदै जाने छ पाठक-मन ।

विगतमा नेपाली साहित्याकाशमा बारा जिल्लाको साहित्यिक गतिविधि सह्राहनीय थियो । यस जिल्लाले धेरै साहित्यिक स्रष्टाहरूलाई जन्माएको छ । प्रा.डा. केशवप्रसाद उपाध्याय, जगन्नाथ गुरागाई, प्रा.डा. निर्मोही व्यास, प्रा.डा. ध्रुवकुमार घिमिरे, डा. गोपाल ठाकुर, नवराज रिजाल, वामदेव अनल, मुकुन्द आचार्य, हृदयनारायण चौधरी, अमर त्यागी, जगदीशप्रसाद पङ्कज, सुनील कुमार, रामप्रसाद साह, रामप्रसाद अधिकारीलगायतका विद्धत् व्यक्तिहरू यस जिल्लाका भाषा साहित्य क्षेत्रका विशिष्ट व्यक्तित्वहरू हुनुहुन्छ ।

उहाँहरूले आ-आफ्नो क्षेत्र र विज्ञताको आधारमा जिल्लाबाट उठेर देशको प्रतिनिधित्व गरिरहनुभएको छ । उहाँहरूले गरेका कामले बारा जिल्लालाई चिनाउने काम गरेको छ यसर्थ उहाँहरू भाषा, साहित्य र संस्कृति क्षेत्रका यो जिल्लाका अवैतनिक विधायक हुनुहुन्छ । समय समयमा विभिन्न कृतिहरू रचना गरेर जिल्लालाई देशमा चिनाउने काम गरिरहनुभएको छ । व्यक्तिगत तथा सामूहिक रूपमा **नवप्रज्ञापन** प्रकाशन गर्दै आउनुभएको छ । उहाँहरूका लेख रचना र कृतिहरूले बारा जिल्लाको साहित्यिक र सांस्कृतिक क्षेत्रको प्रतिनिधित्व गरिहेको छ । यसमा हामी बाराालीहरूले गर्व अनुभूति गर्नुपर्छ किनकि उहाँहरू ती कामले हाम्रो

शिर ठाडो बन्छ ।

नवप्रज्ञापनलाई बाराली साहित्यिक इतिहासको अग्रणी सिर्जना मान्नुपर्छ । त्यसो त बारा जिल्लामा पहिले पनि साहित्यिक पत्रिका नभएको हैनन् थिए तर ती टिकिरहन सकेनन् । साहित्यिक पत्रिका व्यापार व्यवसाय बन्न सक्दैनन् त्यसैले यी टिकिरहन सक्दैनन् । केही समय निस्कन्छन् फेरि बन्द हुन्छन् । विगत तीस वर्षदेखि प्रकाशित भइरहेको **नवप्रज्ञापन** बारा जिल्लाको मात्र हैन मधेसमै जीवित नेपाली भाषाको पहिलो पत्रिका हो । यसपछि सर्लाहीबाट प्रकाशित गोलसिमलको नाम आउँछ । अहिले मधेस प्रदेशबाट निरन्तर प्रकाशित भइरहेका नेपाली भाषाका साहित्यिक पत्रिकाहरू यी दुई मात्र हुन् ।

आजको समाज प्रगतिशीलताको नाममा पुँजीवादी अग्रगमनतर्फ लम्किँदै जाँदा अधिकांशतः हामी उपभोक्तावादी संस्कृतिको पर्याय बन्न पुगेका छौं । यसले हाम्रो राष्ट्रिय आत्मनिर्भरताको जगलाई निसन्देह कमजोर बनाइरहेको छ । आजको श्रमबजारमा क्रियाशील जनशक्तिको झुकाव कता छ ? जिम्मेवार निकायको भूमिका यसतर्फ पर्याप्त भए कि भएनन् ? यी आजका ज्वलन्त प्रश्न हुन् । हामीले वर्तमान सम्भावनाको आधारमा आफ्नै मौलिक राष्ट्रिय समृद्धिको आकाङ्क्षालाई जोड दिनुपर्दछ । आफ्नै माटोमा रमाउने र गर्व गर्ने मनोविज्ञानको सिर्जना गर्नुपर्दछ । यसका लागि साहित्यिक जागरण महत्वपूर्ण ऊर्जा बन्न सक्छ । **नवप्रज्ञापन**ले यही पदमार्गलाई पछ्याउँदै जानु पर्दछ । समाज र सभ्यताको निर्माणमा बौद्धिक मस्तिष्कहरूले पस्कने छाप शक्तिशाली हुन्छ । त्यसैले भनिन्छ पनि हरेक प्रभात, प्रज्ञा र परिवर्तनको ऊर्जा हो- साहित्य हो ।

बारा जिल्लाबाट उठेर देशभरि फिँजारिन सफल **नवप्रज्ञापन** नेपाली साहित्यमा एक अलग आयामका रूपमा आफूलाई स्थापित गर्न सफल भएको छ । एउटा जिल्लाबासीको नाताले मलाई गौरवबोध भइरहेको छ । यसका पाइला अगाडि बढिरहुन् म कामना गर्न चाहन्छु । यसमा धेरैभन्दा धेरै अग्रज सर्जकहरू जोडिँदै आउनुभएको छ । नवसर्जक र प्रतिभाहरूका लागि पनि **नवप्रज्ञापन** चौतारी बन्न पुगेको छ । यसले आफ्ना विभिन्न अङ्कहरूमा भिन्न-भिन्न विधाहरूलाई समेट्दै ज्ञानमूलक र सूचनामूलक कृतिका रूपमा आफूलाई पस्किँदै आएको छ ।

साहित्यको बहुआयामिकतालाई खुट्याउनु त्यति सजिलो नहोला । तर साहित्य समाजको ऐना हो, जीवनको कसी हो, सहजीवनको द्योतक हो, सिर्जनाको संसार हो ... आदि अनेक अर्थमा बुझ्न सकिएला । वास्तवमा, साहित्य समग्र जीवन हो, प्रकृति हो, संसार हो । साहित्यले जहाँसुकै डुबुल्की मार्न सक्दछ । साहित्य ज्ञानविज्ञान र कला मात्र होइन । यो मनोरञ्जनात्मक संसार पनि हो । समाज परिवर्तनको एक शक्तिशाली उपकरणका रूपमा पनि यो परिभाषित छ । यसले विदीर्ण मानव मनलाई जोड्ने र अन्तस्करणदेखि नै पखाल्ने काम गर्दछ ।

यसले विगतको अवलोकन मात्र गर्दैन भविष्यको प्रक्षेपणसमेत गर्दछ । यसर्थ साहित्य समाजलाई विज्ञानवादी रूपमा चित्रण गर्ने दर्शन हो भन्दा अत्युक्ति नहोला । साहित्य जति फस्टायो र झाङ्गियो समाज त्यति नै समृद्ध बन्न पुग्दछ । नवप्रज्ञापन यही मर्मलाई आत्मसात् गर्दै आएको छ ।

अन्त्यमा आगामी अङ्क शताङ्क प्रकाशनको तयारीमा लागेको नवप्रज्ञापनले भोलिको दिनमा यो मार्गको अनुसरण गरिरहोस् धेरै धेरै शुभकामना !

(जितपुर सिमरा-१६, बारा)

म र मेरो साइनो

• गोपाल अश्क

साहित्यिक पत्रिका र साहित्यकारका बिच गहिरो सम्बन्ध हुन्छ । म पनि एउटा साहित्यकार हुँ । यसर्थ मेरो पनि साहित्यिक पत्रिकासँग गहिरो सम्बन्ध छ । स्थापित साहित्यिक पत्रिकाहरूमा रचना प्रकाशित हुनु भनेको साहित्यिक जगत्मा स्थापित हुनु हो । यो स्वीकृत मान्यता हो । नयाँ साहित्यिक पत्रिका प्रकाशित हुनु अझ महत्त्वपूर्ण कुरो हो । साहित्यिक पत्रिकाका आफ्ना पाठक हुन्छन्, आफ्नो सौन्दर्य हुन्छ । ती पाठक, सौन्दर्य र गरिमाको प्राङ्गणमा साहित्यकारको उपस्थिति आलोकित हुन्छ ।

साहित्यकार नयाँ होउन् वा पुराना, तिनका रचनाबाट साहित्यिक पत्रिकाहरू आलोकित हुन्छन् । पाठक रचनाले दिएको सन्देश, भावको धारामा प्रवाहित हुन्छन् । साहित्यकार र साहित्यिक पत्रिका दुवै एकअर्काको पूरक भई समाजमा जीवित रहन्छन्, आ-आफ्नो उत्तरदायित्व निर्वहन गरिरहन्छन् । कुनै कुनै बेला सम्पादक र साहित्यिकारहरूबिच एक प्रकारको द्वन्द्व पनि उत्पन्न हुन्छ । यो द्वन्द्व भ्रमबाट सिर्जित हुन्छ । सम्पादकहरू साहित्यकारको रचना प्रकाशित गरेर उनीहरू माथि एक किसिमले उपकार गरिराखेको भाव राख्छन् । उनीहरूका विचारमा नयाँ साहित्यकारका रचना प्रकाशित गर्नु ती नयाँ साहित्यकारलाई स्थापित गराउनु हो । त्यसैले ती साहित्यकारहरूलाई कुनै भाव र महत्त्व दिई राखेका हुँदैनन् ।

सम्पादकहरूका यस्ता सोचबाट साहित्यकारहरू आफूलाई अपमानित तथा अवहेलित भएको ठान्दै भित्रभित्रै मुरमुरिन्छन् । यसको विपरीत सम्पादकहरू पनि साहित्यकारहरूसँग रिसाउँछन् । साहित्यकारहरूको सोच पनि कम्ता हुँदैन । उनीहरू हाम्रा रचना नभए यी के, कसरी र कुन रूपमा प्रकाशित हुन्ने सोच राख्छन् । उनीहरू सम्पादकमाथि पारिश्रमिक दिने दबाब दिन्छन् । उनीहरूको तर्क हुन्छ पत्रिका प्रकाशित गर्न चाहिने अन्य स्रोत-साधन (रचनाबाहेक) को मूल्य तिरिन्छ तर रचनाको मूल्य तिरिँदैन । किन ? के रचनाकारको परिश्रमको कुनै मूल्य हुँदैन ? एउटा रचना लेखनका लागि खर्चेका समय र टङ्कन गराएर पठाए वापत तिरेको शुल्कको कुनै मूल्य हुँदैन ?

भावनात्मक मूल्य नभए पनि भौतिक मूल्य त हुन्छ नै ? हो, त्यसलाई बेवास्ता गरिएको छ । यो कुरा कुनै पनि हिसाबले उचित होइन । यी र यस्ता सोचका बिचमा रुमल्लिइरहेका हुन्छन् साहित्यकार र साहित्यिक पत्रिकाका सम्पादकहरू । यस्तो प्रतिकूल वातावरणमा कतिपय सकारात्मक भावहरू हुर्किरहेका मात्र छैनन् ती भावहरू बोकेर पत्रपत्रिका प्रकाशित पनि भइरहेका राखेका छन् । प्रकाशित साहित्यिक पत्रपत्रिका

विचार भावनाका संवाहक बनि राखेका छन्। लगनशील र परिश्रमी साहित्य सेवकहरू विभिन्न सोचका साथ हाँसिरहेका छन् । साहित्य सेवकमा साहित्यकार र सम्पादक दुवै पर्दछन् नि फेरि ।

आजभन्दा तीन दशकअघि वर्तमान समयको मधेस प्रदेशको ऐतिहासिक जिल्ला बाराको स्वाभिमानबस्ती, डुमरवाना निवासी एक जना साहित्यसेवक (सम्पादक/साहित्यकार) साहित्यिक पत्रिका प्रकाशित गर्ने विचार गर्दछन् । पत्रिकाको न्वारन गरेर **नवप्रज्ञापन** नाम राख्छन् । यसपछि साहित्यिक पत्रिका प्रकाशनको कठिन बाटोमा उनको यात्रा सुरू हुन्छ । उनी हिँड्न थाल्छन् । बस्दैनन् अर्थात् स्वकर्म गरिरहन्छन् । जब मानिस कुनै पनि अठोट गर्छ, ऊ आफ्नो अठोट पूरा नभएसम्म त्यस काममा लागि रहन्छ । **नवप्रज्ञापन**ले पनि त्यही बाटो अवलम्बन गऱ्यो र आजसम्म त्यही बाटोमा बिना हिचकिचाहट हिँडिरहेको छ ।

निजी स्तरबाट प्रकाशित हुने पत्र पत्रिकाहरूको आफ्नै नियत र नियति हुन्छ। त्यो नियत र नियतिमा कहिले को अटाउँदैन त कहिले को अटाउँदैन । **नवप्रज्ञापन**को नाउँ आउनासाथ मन वा बेमनले दुवैले नवराज रिजालको नाम लिनै पर्छ । हुन त उनी आफ्नोभन्दा आफ्नो पत्रिकाको नाम लिएकोमा ज्यादा खुसी हुन्छन् । पाठक वा लेखकहरूलाई नाम लिने र नलिने दुवै स्वतन्त्रता हुन्छ । यसो हो वा गर्ने भनेर दिशानिर्देश गर्न सकिँदै सकिँदैन । तर नवज्ञापनको नाम लिनासाथ सम्पादक/प्रकाशकको नाम स्वतः उच्चरित हुन्छ । यसमा यो वा त्यो भनेर विभिन्न तर्क र विचारको वर्षा गरिरहनुको कुनै तुक छैन ।

म **नवप्रज्ञापन** र त्यसका सम्पादककै प्रदेशको एक अदना भाषा र साहित्यसेवी हुँ । हामीहरूको जिल्लामात्र फरक हो । म पर्सेली र उनी बाराली हुन् । हाम्रो साइनो माटो र रगतकै रहेको छ। हामी एकअर्कासँग राम्ररी टाँसिएका छौँ । प्रदेशको नाम राखिन ढिलाइ भएको सन्दर्भ कोट्याएर चिन्ने जान्नेहरू यदाकदा हामी दुवैलाई 'दुई नम्बरिया' पनि भन्ने गर्थे । नामकरण भइसकेको छ र हामी मधेसप्रदेशका बासिन्दा बनिसकेका छौँ । हाम्रो आफ्नै गति र यतिका साथ लय पनि निर्माणसमेत भएको छ । यसर्थ पक्का भएको छ, हामी अब चौबिस करेन्टको खरा सुन हौँ ।

नवराज रिजाल, **नवप्रज्ञापन** र म बिचको साइनो भावनात्मक साहित्यिकका साथ साथै पारिवारिकसमेत हो । म उनीसँग जोडिएको लगभग पत्रिका प्रकाशन सँगसँगै हो । अर्थात् मेरो र नवप्रज्ञापन बिचको साइनोको उमेर हाराहारी एउटै हो भन्दा फरक पर्दैन । हामीबिचको सम्बन्ध पनि त्यत्तिकै प्रगाढ छ । म आफूले सके जति नवप्रज्ञापनलाई र उसले सकेजति मलाई माया गरिरहेको अवस्था छ । मैले माया गरेको भन्नु नवप्रज्ञापन हातमा लिएर साथीहरू कहाँ पुग्नु हो । साथै सम्पादक मित्रले भनेको बेला कहीँ गइदिने पनि हो । अनि नवप्रज्ञापनले माया गरेको भन्नु भनेको मेरा रचनालाई यथा स्थान दिएर प्रकाशित गरिदिनु हो ।

हाम्रो मायाको मूल्य भौतिकभन्दा भावनात्मक बढी छ । जहाँसम्म सम्झना छ, मेरो पहिलो आलेख लगभग पच्चीस वर्ष पहिला नै नवप्रज्ञापनमा प्रकाशित भएको थियो । त्यसपछि यो पत्रिकामा लगभग निरन्तर प्रकाशित हुँदै आएको छु। मैले मलाई भन्नु पर्दा म भोजपुरी मातृभाषी, भोजपुरी भाषा र साहित्यको संवर्धन तथा विकासका

लागि सके जति गर्नुपर्छ भन्ने पात्र हुँ । अनि सम्पादकजी भोजपुरी भाषाभाषीको बहुलता भएको ठाउँमा हुर्के बढेको र पढे लेखेको नेपाली मातृभाषी व्यक्ति हुन् । मेरो नजरमा उनी भोजपुरी भाषालाई अलि बढी नै माया गर्ने र यसको विकासमा सकारात्मक रूपले लाग्ने पात्र हुन् ।

हामीबिच गहिरो सम्बन्ध हुनुका प्रमुख कारणहरूमा यो एउटा प्रमुख कारण हो जस्तो लाग्छ । यसका पौने दुईदर्जन जति विशेषाङ्कहरू प्रकाशित भएर प्रशंसित भइसकेका छन् । यी विशेषाङ्कमध्ये मधेस प्रदेशलाई केन्द्र बनाइएको **प्रदेश दुईका गजल** विशेषाङ्क र भोजपुरी भाषा र साहित्यलाई केन्द्र बनाएर प्रकाशित गरिएको **नेपालीय भोजपुरी विशेषाङ्क** विशेषाङ्क हो । त्यसो त भोजपुरी मात्र हैन नेपालका सबै मातृभाषाहरूप्रति उनको समदुरीको सम्बन्ध छ र धेरैभन्दा धेरै भाषाका रचनाहरूले यहाँ स्थान पाइरहेको देख्न सकिन्छ ।

कुनै जमानामा म पनि साहित्यिक पत्रकार थिएँ । मैले सम्पादन तथा प्रकाशन गरेको **गमक** नामक त्रैमासिक भोजपुरी साहित्यिक पत्रिका तीन वर्ष प्रकाशित भएर बन्द भयो । जति प्रयास गर्दा पनि अहँ मेरो केही लागेन । मलाई थाहा छ पत्रिका निकाल्न कति पापड बेल्नुपर्छ । यसो गर्दा पनि सफल हुन गाह्रो हुन्छ । त्यही भएर हामी कहाँ साहित्यिक पत्रपत्रिका कम निस्कन्छन् र कही अङ्क निस्के पनि निरन्तरता दिन सक्दैनन् । यसैले त रहरमा निस्केका साहित्यिक पत्रपत्रिका नचाहँदा नचाहँदै पनि सहिद बन्न बाध्य हुन्छन् । गमक त्यही भएर बन्द भयो ।

म पत्रिकालाई निरन्तरता दिन असमर्थ बनेँ तर नवराजजीले आफ्नो गाह्रोसाह्रो सबै मुठीमा कच्याककुचुक पारेर पत्रिकालाई निरन्तरता दिइरहनुभयो । हो, त्यसैले त १००औँ अङ्क निकाल्ने तयारीमा छ र म यसका नाममा शुभकामना लेख्दै छु । यदि गमकलाई पनि निरन्तरता दिन सकेको भए त्यो पनि नवप्रज्ञापनकै अवस्थामा पुग्ने थियो यो कुरा म ठोकुवाका साथ भन्न सक्छु ।

नवप्रज्ञापनले जसरी भोजपुरी भाषा साहित्यको विकासमा योगदान पुऱ्याउँदै आएको छ, त्यो आफैमा भगीरथ प्रयत्न हो । यसको ऋणबाट हामी भोजपुरियाहरू उत्तीर्ण हुन सक्दैनौँ । यस कार्यका लागि धन्यवाद भनेर औपचारिकता निर्वहन गर्नु भनेको यसको निःस्वार्थ सेवा, त्याग र तपस्याको अवहेलना गर्नु हो । त्यसैले म धन्यवाद भन्न चाहन्न । यसको त्यो सत्कर्म अगाडि नतमस्तक मात्र हुन्छु र भविष्यमा पनि भइरहने छु ।

अहिले कसैले नसोचेको भएको छ, अर्थात् कमसेकम पाँच अङ्क निकालेर सके अगाडि जाने नसके बन्द गर्ने सोचका साथ प्रकाशन सुरू भएको नवप्रज्ञापन **सयौँ अङ्क**मा पुगेको छ । गरे हुन्छ र सकिन्छ भन्ने यो बलियो प्रमाण हो । यदि त्यति बेला नथालेको भए आज नवप्रज्ञापन सय अङ्क प्रकाशनको अवस्थामा पुग्ने नै थिएन । सम्पादकले पहिले सपना देखे र प्रयास गरे यसले गर्दा आजको दिन आयो ।

हिजो आज समय प्रसङ्गमा पत्रिकाको अगाडिको यात्राबारे सम्पादकजी अभिव्यक्त हुने गर्छन्, 'पहिले सय अङ्क निकालौँ अनि हेरौँला, त्यसपछि के हुन्छ ?' यो 'कि ?' मजस्ता सहयात्रीहरूलाई उनका ती अभिव्यक्त हुन नसकेका विचारहरूले बिलाबेलामा चिन्तित बनाउने गर्छन् । नवप्रज्ञापन यतिखेर हामी सबैको

साझा भइसकेको छ । अब यसले पाइला रोक्नुहुँदैन । हिँडिरहनुपर्छ हिँडिरहनुपर्छ । यसका लागि म र हामी अर्थात् हामी पाठक तथा साहित्यकारहरूले पनि केही न केही गर्नु पर्दछ ।

नवप्रज्ञापन हाम्रो देश र प्रदेश दुवैको शान, मान हो र सम्मान हो । सिङ्गो मधेस प्रदेशबाट क्रमभङ्ग नगरी निरन्तर प्रकाशित भइरहेका साहित्यिक पत्रिका तीनओटा मात्र छन् । मैले प्रेस काउन्सिल नेपालको वर्गीकरणलाई आधार मानेको छु । तिनीहरूमा एउटा नाम नवप्रज्ञापन हो । यसले भनाउने संस्कारबाट मुक्त भएरै अधिकार प्राप्त गरिसकेको छ । म र नवप्रज्ञापनबिचको साइनो यस्तै छ हजुर... यस्तै छ । भन्न नसकिने... र अनुभूत मात्र गर्न सकिने । योसँग मेरो मायालु साइनो म बाँचुन्जेल रहिरहोस्, यही कामना गर्छु । केवल कामना गर्दछु । मेरो नवप्रज्ञापन दीर्घायु रहोस्, मेरो साइनो दीर्घायु रहोस् । मेरो हार्दिक शुभकामना !

(रानीघाट वीरगन्ज, पर्सा)

मधेसमा नवप्रज्ञापन

● डा. विश्वम्भरकुमार शर्मा

म प्राध्यापन पेसामा आबद्ध भएको मान्छे हुँ । यसर्थ म आफ्नो जीवनयापन पढाएर आर्जित भएको धनराशिबाट गर्ने गर्दछु । प्राध्यापन पेसामा झुटको खेती हुँदैन भन्ने अवधारणा रहेको छ । मैले अपवादको कुरो गरेको होइन । अपवाद त प्रत्येक क्षेत्रमा हुने गर्दछ । प्राध्यापन पेसामा पनि अपवाद नभएको होइन । तर म आफूलाई कमसेकम यस अर्थमा अपवादको सिकार हुनबाट जोगाउँदै आएको छु । मेरो एउटा कर्म शिक्षण र अर्को पत्रकारिता हो । साहित्यिक, सामाजिक, राजनीतिक आदि घटनाहरूबाट आम जनतालाई सूचित गराउने उद्देश्य बोकेको पत्रकारिता गरिरहेको छु । मैले गरिरहेको प्राध्यापन पेसाबाट यही महिनापछि अवकाश लिने तयारीमा छु । त्रिसठ्ठी वर्षको उमेरसम्म मधेस प्रदेशमा बिताएको जीवन र त्यस जीवनमा पत्रकारिता जगत्को हिसाबले मैले आर्जन गरेको अनुभवको आधारमा केही लेख्ने जमर्कोमा छु । यहाँनिर मेरो कुरा गराइ मधेस प्रदेशमा गरिँदै आएको नेपाली भाषाको साहित्यिक पत्रकारितासँग छ । यसर्थ यसलाई त्यही अर्थमा लिइदिन हुन विनम्र अनुरोध गर्दछु ।

हालको मधेस प्रदेश र विगतमा मध्य तराईको मध्यामाञ्चल क्षेत्र विविध कारणले चर्चामा रहँदै आएको क्षेत्र हो । यो प्रदेश साहित्यिक, राजनीतिक, आर्थिक तथा आन्दोलन आदिका दृष्टिले निकै

महत्त्वपूर्ण क्षेत्र मानिन्छ हो । किनकि यो एउटा ऐतिहासिक क्षेत्र हो । मलाई लाग्छ काठमाडौँपछि यसै प्रदेशको चर्चित र ऐतिहासिक ठाउँ वीरगन्जबाट २००८ मा 'सेवा' (सम्पादक-श्यामप्रसाद शर्मा) नामक साहित्यिक पत्रिका प्रकाशित भएको थियो । यस पत्रिकाले नेपाली साहित्यजगत्‌लाई निकै ठुल्ठुला साहित्यिक प्रतिभाहरू दिएको प्रमाण हामीसमक्ष रहिरहेको छ ।

त्यसपछि यस प्रदेशमा नेपालीका साथसाथै अन्य भाषाहरू मैथिली, भोजपुरी, हिन्दी, थारू आदिमा विभिन्न पत्रपत्रिकाहरू प्रकाशित हुँदै र विभिन्न कारणले बन्द हुँदै आएको इतिहास ताजा रहेको छ । वर्तमान समयमा मधेस प्रदेशबाट निरन्तर रूपमा प्रकाशित हुने साहित्यिक पत्रिकाहरूमा **आँजुर** (मैथिली-सम्पादक-रामभरोस कापडि 'भ्रमर'), **गोलसिमेल** (नेपाली, सम्पादक-अच्युत अधिकारी) र **नवप्रज्ञापन** (नेपाली, सम्पादक-नवराज रिजाल) रहेका छन् । यी पत्रिकाहरूका आआफ्ना सीमा रहेका छन् । आआफ्ना उद्देश्य र लक्ष्य रहेका छन् । यसर्थ ती आआफ्ना उद्देश्य प्राप्तिका लागि निरन्तर सङ्घर्ष गरिरहेका छन् ।

आँजुर पत्रिकाले केवल मैथिली भाषा र साहित्यको विकासको उद्देश्य बोकेर हिँडिरहेको छ भने **गोलसिमेल** पत्रिकाले नेपाली भाषा र साहित्यको विकासमा आफूलाई केन्द्रित गरी रहेको छ । जब कुरो उठ्छ **नवप्रज्ञापन**को, तब मन प्रफुल्लित हुन जान्छ । किनभने यस पत्रिकाले नेपाली भाषका साथसाथै नेपालभित्र र त्यसमा पनि खास तौरमा मधेस प्रदेशमा बोलिने भाषा मैथिली, भोजपुरी, थारू, बज्जिका आदि भाषा र साहित्यको विकासमा आफूलाई समर्पित गरी हिँडिरहेको छ । बहुभाषी देशमा यो हुनु अत्यन्तै सान्दर्भिक कुरा हो । नवप्रज्ञापनले कसैको अह्रोट वा आदेशमा हैन आफ्नै स्वविवेकमा यो काम गरिरहेको छ ।

वि.सं. २०५० सालदेखि निरन्तर रूपमा प्रकाशित भइरहेको यसले आफ्नो सामर्थ्य र क्षमताले भ्याएसम्म वाङ्मयको सेवा गरिरहेको छ । यही क्रममा १००औँ अङ्क प्रकाशित हुन गइरहेको छ । साहित्यिक पत्रकारितामा अडिनु र निरन्तर हिँडिरहनु सामान्य घटना होइन, अपवादबाहेक यो त असामान्य घटना नै हो । मेरो दोस्रो भाषा भोजपुरी भएको र अध्ययन, लेखन आदिको क्षेत्रमा भोजपुरीको विशेष स्थान रहिआएको कारणले गर्दा **नवप्रज्ञापन**को भोजपुरी विशेषाङ्क मेरो मन मनस्तिष्कसँग टाँसिएर बसेको अस्वाभाविक होइन । **नवप्रज्ञापन**ले पौने दुई दर्जन विशेषाङ्कहरू प्रकाशित गरिसकेको छ र ती सबै सङ्ग्रहणीय छन् तर **नेपालीय भोजपुरी साहित्य विशेषाङ्क**ले मेरो निम्ति अलि बढी महत्त्व राखेको आभास हुन्छ ।

साहित्यिक पत्रकारिता गर्नु आफैँमा फलामको चिउरा चपाउनु सरह हो । मूल रूपमा साहित्यिक पत्रिका र सम्पादक दुवैलाई स्थानीय तथा सरकारी निकायहरूबाट त्यति र सद्भाव पनि हुँदैन । अरू त अरू सम्बन्धित भाषाभाषीहरूले पनि साहित्यिक पत्रपत्रिका खासै किनेर पढ्न रुचाउँदैनन् र सहयोग गर्न पनि मान्दैनन् । सामान्य पाठक मात्र होइन, आफूलाई भाषा साहित्यका पुजारी भनाउनेहरूले समेत साहित्यिक पत्रपत्रिका वा पुस्तकहरू किनेर पढ्न रुचाएको देखिँदैन । त्यही पत्रिका कसैगरी हात पार्छन् जसमा उनीहरूको

रचना प्रकाशित भएको हुन्छ । फेरी आफ्नो रचनाबाहेक अरूको रचना पनि पढ्दैनन् । यस्तो प्रतिकूल वातावरणमा **नवप्रज्ञापन** जस्तो विशुद्ध एउटा साहित्यिक पत्रिका सम्पादकको निजी प्रयासबाट **१०० औँ अङ्क** निस्किनु, आफैँमा एउटा इतिहास रच्नु बराबर हो । यसका सम्पादक मित्र नवराज रिजालको एउटा भनाइले मलाई सधैँ सोच्न बाध्य बनाइरहन्छ । उनी भन्छन् "एक जना साहित्यकारले दशओटा पाठक बनाउन नसक्नु विडम्बना नै हो । दशओटा पाठक पनि बनाउन नसक्नेहरूको फुर्तीले मलाई सधैँ अचम्मित बनाइरहन्छ ।"

वर्तमान समयमा **नवप्रज्ञापन** ले मधेसमा बोलिने भाषा र ती भाषामा रचिने साहित्यिक रचनाहरूको प्रकाशन तथा वितरणमा जे जसरी सहयोग गरेको छ, त्यो स्तुत्य योग्य छ । यसका लागि म **नवप्रज्ञापन**का सम्पूर्ण टिम (जसमा एक जना म पनि छु) का साथै सम्पादक/प्रकाशकलाई हार्दिक धन्यवाद दिँदै **नवप्रज्ञापन**को उत्तरोत्तर प्रगति र निरन्तरताको लागि शुभकामना व्यक्त गर्दछु ।

(कवि शिरोमणि टोल,
बीरगन्ज, पर्सा)

परिचयको खोजी

• **गणेशप्रसाद लाठ**

नवप्रज्ञापनसँगको मेरो साइनो त्यति पुरानो हैन । मोटामोटी पाँचवर्ष देखि म यसको सामीप्यतामा छु । मित्र समीर पाखिनले एक समयमा **नवप्रज्ञापन**का केही अङ्क कोशेलीमा ल्याइदिएका थिए । पत्रिका रोचक अनि मजस्ता साहित्यका नयाँ विद्यार्थीका लागि विशेष उपयोगी लाग्यो । यसमा नेपालका एकसेएक नाम चलेका साहित्यकारका रचना छापिएका थिए । जति भ्याए त्यति पढेँ । केही दिन पछि म कहाँ एकजना पाहुना आएका थिए उनले **नवप्रज्ञापन**का ती अङ्कहरू पढ्ने इच्छा जाहेर गरे । मैले नाइँ भन्ने कुरै भएन । पत्रपत्रिका होस् वा किताव कोठाको सौन्दर्य सामग्रीमा सीमित गरेर राख्ने कुरै पनि भएन । ती सामग्रीहरू बढिसे बढि पाठकहरूले पढ्न पाउनु पर्छ भन्ने मेरो धारणा छ । केही अन्तराल पछि अर्का साहित्यकार मित्र गोपाल अश्कले **नवप्रज्ञापन**का केही नयाँ अङ्कहरू पुनः कोशेलीकै रूपमा ल्याई दिए ।

पत्रिकासँग सित मेरो मित्रता बिस्तारै बिस्तारै गहिरिँदै गयो । **नवप्रज्ञापन**ले आफ्नो ९६ औँ अङ्क **नेपालीयभोजपुरी साहित्य** विशेषाङ्कका रूपमा निकाल्ने तयारी गरिरहँदा यसका सम्पादक भनौँ अथवा प्रकाशक, अथवा दुबै भनौँ नवराज रिजालसित भेट हुने अवसर जुर्‍यो । साथमा गोपाल अश्क पनि थिए । अनि बल्ल सुरु भयो, **नवप्रज्ञापन** बारे मेरो गम्भीर सोधखोज । नवप्रज्ञापन पत्रिका त २०५० सालताका

नै बजारमा आइसकेको रहेछ । उति बेला एक साहित्यकारका रूपमा मेरो जन्म नै भएको थिएन । वि.स. २०५० सालदेखि निरन्तर सेवारत रहेको **नवप्रज्ञापन** र सो पत्रिका प्रकाशनमा लागेका मित्रहरूप्रति मेरो अन्तस्करणमा झनै श्रद्धाभाव उब्ज्यो ।

आजको समयमा साहित्यिक पत्रपत्रिकाहरूलाई दुई ठूला चुनौतिहरूले पछ्याई राखेका छन् । पहिलो चुनौति हो, पाठकको खडेरी, दोस्रो चुनौति अर्थको खडेरी । यी दुवै चुनौतिहरू एकअर्कामा जेलिएका छन् । कुनै पनि पत्रपत्रिकालाई निरन्तरता दिन प्रयाप्त सङ्ख्यामा ग्राहकहरू हुनु आवश्यक छ । ग्राहक नै भएनन् भने पत्रपत्रिकाको लागत खर्च कोसित र कसरी उठाउने ? केही गरी अनुदान अथवा विज्ञापनको सहयोगले अर्थको व्यवस्था जेनतेन मिलाइसके पछि पनि अगाडिको बाटो खासै सहज भइसकेको हुँदैन । आजको डिजिटलाइज्ड युगमा कागजी पत्रपत्रिकामा आँखा गडाउने मान्छेहरूको रुचि दिनानुदिन घट्दै गएको छ ।

यस्तो विकट परिस्थितिका बीचमा पनि **नवप्रज्ञापन** पत्रिका निरन्तर अगाडि बढ्दै छ । यो कम्ति लोमहर्षक कुरो होइन । हामीले आफ्नो अन्तस्करणबाट सलामी नै दिएर सम्मान प्रकट गर्नु पर्दछ । अनि अझ गज्जबको चित्तबुझ्दो कुरो त नवप्रज्ञापनका अङ्कहरू एक नेपाली भाषामामात्र सीमित छैनन् । यो पत्रिका बेलाबखत क्षेत्रीय भाषामा समेत प्रकाशित भइराख्छ । यसको ८४ औं अङ्क त बहुभाषाकथा विशेषाङ्क नै थियो । यही त हाम्रो समाजिक एवं भाषिक समरसताको असल सम्मान हो नि । ९६ औं अङ्कमा मेरो एक व्यङ्ग्य कथा, हम वीरगंजिया पनि छापिएको थियो । सो कथालाई नेपालीबाट भोजपुरीमा गोपाल अश्कले उल्था गरिदिनु भएको थियो । सो अङ्कमा नेपालका अनेक नाम चलेका विद्वानहरूका लेख, कथा, कविता, विवेचनहरू भोजपुरीमा छापिएका थिए ।

मैले बारम्बार भन्दै आएको कुरो हो साहित्यलाई कुनै एक भाषाको घेरामामात्र राख्नु हुन्न । अन्यथा साहित्यमाथि अन्याय हुनेछ । हो, भाषाको जगेर्ना त गर्नै पर्छ, तर साहित्यको समग्र विकाशलाई बन्धक बनाएर होइन । नेपाली साहित्य सयौँ भाषामा अनुवाद भएर विश्वभरी नै पुग्छ, के नै विग्रिन्छ र ? बरू, नेपाली साहित्यलाई चिन्ने बुझ्नेहरूको परिधि फराकिलो हुने छ । हामीले तसलिमा नसरिनका किताबहरू नेपालीमा उल्था गरेर पढ्न हुने, हाम्रा विशेश्वरप्रसाद कोइरालाका लेखनीहरू अन्य-अन्य भाषामा उल्था भएर विश्व बजारमा पठाउन किन नमिल्ने ? नवप्रज्ञापनले मेरो यो धारणालाई अनुमोदन गरिदिंदा मेरो मन फुरूङ्ग नहुने कुरै भएन ।

यावत कुराहरूको बीचमा **नवप्रज्ञापन** परिवारलाई मैले केही सुझावहरू पनि दिन चाहेँ । सबै पत्रपत्रिका बिस्तारै इ-पेपरमा परिवर्तित हुँदै छन् । यसर्थ नवप्रज्ञापनलाई पनि ढिलोचाडो इ-पेपरमा लैजानै पर्छ । आफ्नै ऐप बनाउने, सोशल मिडियाको भरपूर सहयोग लिने र विस्तारै अडियोमा जानेसमेत दुःसहास गर्नै पर्छ । मैले बुझेसम्म **नवप्रज्ञापन** भनेको नविनतम कुरोलाई जनता समक्ष ल्याउनु हो । मेरो ठम्याइ ठीक हो भने नवप्रज्ञापन स्वयमूले पनि नविनतम प्रविधीलाई आत्मसात गरेमा राम्रै हुनेछ । एउटा कुरो भन्नै छुटाएँ -नवप्रज्ञापनमा

विश्वप्रसिद्ध साहित्यिक कृतिहरूलाई समेत बेलाबखत स्थानदिए, उत्तम हुनेछ । नयाँ पुस्तालाई समेत साहित्यतिर तान्ने हो भने बेलाबखत अङ्ग्रेजी भाषा विशेषाङ्क पनि निकाल्नु आवश्यक छ । हो, ठीकै भनेका छन् भन्ने, "ये इश्क नहीं आसाँ, इकआग भरा दरिया, पार उसके डुबकर जानाहोगा ।" मैले जति सजिलोसँग सुझाव दिएँ, त्यति सजिलोसँग अगाडि बढ्ने वातावरण पक्कै पनि छैन । यो कुराको हेक्का मलाई पनि छ । तर गर्ने के ? बाटो जति सुकै दुरूह भए पनि अगाडि त बढ्नै पर्छ पर्छ । आखिर मनुष्य जीवनको मूल मर्म पनि यही त हो । खैर ! **नवप्रज्ञापन**ले आफ्नो सय अङ्क पुरा गरेकोमा यसलाई लाखलाख साधुवाद ।

(बीरगञ्ज, पर्सा)

सम्यक् सोच र कर्मको प्रतिफल

- **विनयराज गौतम**

मैले जीवनमा आफूले चिनेजानेका व्यक्तिहरूसँग जतिपटक भेटेको छु, त्यति नै पटक एउटै ज्ञान प्राप्त भएको छ, त्यो हो कुनै पनि व्यक्ति आफ्नो जीवन र पेसासँग कहिल्यै सन्तुष्ट हुँदैन । खासमा के कारण हो त ? मैले आजसम्म पत्तो लगाउन सकेको छैन । भन्ने गरिन्छ बिना कारण कुनै काम सम्पादन गरिँदैन । यस आधारमा भन्दा मान्छे आफ्नो जीवन र जीवनयापन गर्ने स्रोतसाधनबाट असन्तुष्ट हुनुमा कुनै न कुनै कारण पक्कै हुनुपर्छ । यद्यपि अहिले म शिक्षण पेसाबाट सेवा निवृत्त भइसकेको छु । तथापि मन मस्तिष्कमा शिक्षण पेसासँग अनेकौँ असन्तुष्टि छन् । ती कुरा यहाँ म केही भन्दिनँ ।

मैले भन्ने कुरो अर्कै छ । म पनि साहित्यिक जगत्को जानकारी एउटा व्यक्ति हुँ । भनाइको अर्थ के भने म पनि समय समयमा मनका कुराहरू कहिले कविता त कहिले कथा, कहिले स्मरण त कहिले साहित्यका अन्य विधाहरूका नाममा पोख्ने गर्दछु । अर्थात् म पनि एउटा लेखक सामान्य हुँ । लेखकका नाताले साहित्यिक पत्रपत्रिकाहरूसँग मेरो पनि प्रत्यक्ष/अप्रत्यक्ष सम्बन्ध छ । केही मात्रामा भए पनि साहित्यिक पत्रिकाका सम्पादक, प्रकाशक, पाठक र लेखकहरूको मनोविज्ञान जाने बुझेको छु ।

लेखक/साहित्यकारले आफूलाई सधैँ समाजको एउटा जागरुक प्रहरीका रूपमा लिने गर्दछन् । उनीहरूका रचनाहरूबारे समाज तथा समाजमा बसोबास गर्ने व्यक्तिहरूले गम्भीर चासो लिनु पर्दछ भन्ने सोच राख्छन् । घर, परिवार, समाज तथा देशले उनीहरूले उठाएका आवाजहरूलाई गम्भीरतापूर्वक नलिएकोमा दुःखी र चिन्तित बन्दै विगतको कार्यप्रति पछुतो र पश्चात्ताप मान्न पनि पछि पर्दैनन् । अर्कोतिर पाठकहरू साहित्यकारहरूलाई युगीन सामाजिक अवस्थासँग टाढा भएर लेख्ने गरेको आरोप

लगाउन पनि पछि परिरहेका हुँदैनन् । आफ्नै दुनियामा रमाइ राखेको आक्षेपको माला उन्न पनि पछि पर्दैनन् ।

यति मात्र कहाँ हो ? सम्पादक-प्रकाशक तथा साहित्यकारहरूबिच बेलाबेलामा भनै असमभदारी हुने गरेको देखिन्छ। सम्पादकहरू उनीहरूकै कारण साहित्यकारहरू चम्किने वा स्थापित हुने दावा गर्छन् । साहित्यकारहरू पनि उनीहरूकै कारण सम्पादक बाँचिराखेका छन् भन्न बिर्सँदैनन् । साहित्यकार, सम्पादक तथा पाठकहरूबिच असमभदारीको ठुलो खाडल छ। बेला बखत असभदारी र अहम् भाव प्रस्फुटित पनि हुने गर्छन् । अचम्म त के भने यति असमभदारी हुँदाहुँदै साहित्यकारहरू धमाधम लेखिराखेका छन् । सम्पादकहरू क्रमशः प्रकाशित गरिराखेका छन् । अनि पाठकहरू उत्साहका साथ पढिराखेका छन् । परिस्थिति र अवस्था जे भए पनि अन्त्यमा साहित्यकार, सम्पादक र पाठकबिच गहिरो सम्बन्ध हुन्छ र रहेको पनि छ ।

नवप्रज्ञापन साहित्यिक पत्रिका यही गहिरो सम्बन्धको परिधिभित्र बाटै हिँडिरहेको छ । मेरो विचारमा यसका सम्पादक स्वयम् साहित्यकार भएका नाताले पनि त्यति असमभदारी उत्पन्न नभएको हुन सक्छ । त्यसैले त विगत एकतिस वर्षदेखि यो प्रकाशित हुँदै आएको छ । अझ खुसीको कुरा त के भने यो १०० औं **अङ्क** अर्थात् शताङ्क प्रकाशित हुने तरखरमा छ । यो साहित्यिक पत्रकारिताका यो क्षेत्रमा काम गरिरहेकाहरूका लागि त खुसीको विषय हुँदै हो, अझ म जस्ता केही लेख्ने जमर्को गरिरहेका लागि त झन् गर्व र गौरवको विषय हो ।

म र यस पत्रिकाका सम्पादक-प्रकाशक एउटै मधेश प्रदेशका मात्र होइन, एउटै जिल्ला र एउटै उपमहानगर पालिकका जितपुर-सिमराका स्थायी बासिन्दा पनि हौँ । पत्रिका पनि बारा जिल्लामै दर्ता भएर प्रकाशित भइरहेको हो । हामी दुबै बाराली हौँ । मैले मेरो जीवनमा देशभरबाट कैयौँ साहित्यिक पत्रिकाहरू प्रकाशित तथा बन्द भएको देखे सुनेको छु । पर्सा र बारा जिल्लाबाट प्रकाशन आरम्भ गरेर बन्द हुन पुगेका पत्रपत्रिकाहरूको त एउटा साक्षी म पनि हुँ । तर मेरो जिल्लाबाट प्रकाशित नवप्रज्ञापन हिँडिरहेको छ, उसको हिँडाइबाट म अत्यन्तै खुसी छु ।

बाटोमा जस्तो परिस्थिति आए पनि विगत एकतिस वर्षदेखि नवप्रज्ञापन हिँडिरहेको छ । त्यसको ज्वलन्त प्रमाण पत्रिका सय अङ्क प्रकाशनको सङ्घारमा पुग्नु हो । साहित्यिक पत्रिकाको प्रकाशन पक्कै पनि सहज छैन, म यो पनि बुझ्छु। सहज भएको भए नियमित साहित्यिक पत्रिकाहरू ५दर्जनको सेरोफेरोमा मात्र पक्कै हुने थिएनन् । सय अङ्क प्रकाशनको तयारीमा लागिरहँदा सम्पादकको मनमा एउटा सोचले काम गरिरहेको देखिन्छ छ । उहाँ भन्नुहुन्छ -'जबसम्म सक्छु, तबसम्म निकालिरहन्छु ।'

उहाँले यसलाई आफू बाचुन्जेल निकालिरहने कुरा गर्नुभएको छैन । यो सोच नै सम्यक् सोच हो । यही सम्यक् सोच र सम्यक् कर्मको प्रतिफल हो नवप्रज्ञापन। उहाँ कुरामा होइन, काममा विश्वास गर्नुहुन्छ । यसैले पौनेदुई दर्जन हाराहारीका गहकिला, चम्किला र उपयोगी विशेषाङ्क प्रकाशित भएर प्रशंसा पनि बटुलेका छन् ।

मलाई आशा एवं विश्वास दुबै छ, नवप्रज्ञापनको १००औँ अङ्कले इतिहास रच्ने छ । साहित्यकार, पाठक तथा शोधार्थी/विद्यार्थीहरूका लागि उपयोगी हुने छ । १००औँ अङ्कको अवसरमा यही भन्न चाहन्छु, नवप्रज्ञापन प्रकाशित भइरहोस् र सम्पादक-प्रकाशकले भाषा र साहित्य क्षेत्रमा योगदान गरिरहुन् ।

(फूलबारीटोल,
बीरगन्ज, पर्सा)

सहयात्रीलाई शुभकामना



• नगेन्द्रराज शर्मा

हामी हिँडिरहेका छौं । हामी हिँडेपछि पत्रिकाहरू हिँड्ने नै भए। **अभिव्यक्ति** साहित्यिक पत्रिका २०२७ सालदेखि निरन्तर हिँडिरहेको छ । हाम्रा साथीहरू सारथी बनेका अन्य नामका साहित्यिक पत्रिकाहरू पनि निरन्तर हिँडिरेका छन् । हिँड्नु र हिँडाउनु सकारात्मक कार्य हो हामी त्यही कार्य गरिरहेका छौं ।

यही मेसोमा २०५० सालदेखि बारा जिल्लाबाट प्रकाशन आरम्भ गरेको **नवप्रज्ञापन** पनि सहयात्री बन्न आइपुगेको छ। साहित्यिक पत्रकारिताको महासागरमा मिसिन आइपुगेको नवप्रज्ञापनको गतिले अघिदेखि नै यो क्षेत्रमा रहेका हामी सबैलाई हर्षित बनाएको छ। नवप्रज्ञापनलाई यात्रामा मिसाएर हिँडाउन थालेको पनि केही समय बितिसकेको छ र हामी सँगसँगै पनि हिँडिरहेका छौं ।

हिँडाइ कै क्रममा ३१औं वर्षमा प्रवेश गरेको **नवप्रज्ञापन सयौँ** खुड्किलामा उक्लिएको छ । यो हाम्रो लागि अत्यन्तै खुसीको विषय हो । जीवनको रहस्य यात्रामै छ तसर्थ म नवप्रज्ञापनलाई यात्रामा निरन्तर रहिरहन आग्रहका साथ सय अङ्क प्रकाशनको शुभकामना दिन चाहन्छु शुभकामना ! शुभकमना !! शुभकामना !!!

(संस्थापक सम्पादक/प्रकाशक
अभिव्यक्ति द्वैमासिक)

साहित्यिक पत्रकारितामा नवप्रज्ञापनको शताङ्क यात्रा

• मोहन दुवाल

साहित्यिक पत्रपत्रिका प्रकाशन गर्नु साहसिक कार्य हो । अर्थात् हाम्रो देशको परिवेशमा निरन्तर साहित्यिक पत्रकारिता गरेर **शताङ्क**मा प्रवेश गर्नु अझ गौरवपूर्ण र ऐतिहासिक कार्य हो । किनकि ज्ञान/विज्ञानको सम्प्रेषण गर्नु भनेको अँध्यारो परिवेशमा उज्यालो छर्किदिने कार्य हो ।

बारा जिल्लामा दर्ता भई त्यहीँबाट प्रकाशन आरम्भ गरेर राष्ट्रिय रूपकै

साहित्यिक पत्रकारिताको एउटा मनोरम सुन्दर अनुहार बन्न सफल भएको छ नवप्रज्ञापन । स्तरीयतामा, निरन्तरतामा र समर्पणमा साहित्यलाई राखेर जे-जति प्रयत्न भएको छ वा गरिएको छ **नवप्रज्ञापन**को त्यो सराहनीय कार्य हो ।

पत्रकारितामा जेष्ठ रहेको बौद्धिक र प्राज्ञिक सिर्जनात्मक कार्य मानिन्छ साहित्यिक पत्रकारिता । यही सिर्जनात्मक पदचापहरू साँचेर, बोकेर यात्रा-पथमा लम्किरहनु कठिन कार्यजस्तो सम्झिए पनि सम्पादक नवराज रिजालले निरन्तर कठिन यात्रामा कुदिरहने साहस बोक्नु भएको छ । यो कुरा **नवप्रज्ञापन**को पृष्ठ-पृष्ठमा स्पष्ट झल्किएको देख्न पाइन्छ । सुन्दर कार्यको सिर्जना-यात्रा शताङ्कित हुनु भनेको निकै महत्त्वपूर्ण विषय हो । यसर्थ नवप्रज्ञापनको प्रगतिमा अझ ऊर्जा थपिँदै जाओस्; सुन्दर यात्राका लागि नवप्रज्ञापनको शतक अङ्कलाई पुनः बधाई र शुभकामना दिन चाहन्छु ।

(अध्यक्ष : नेपाल साहित्यिक पत्रकार संघ
प्रधान सम्पादक : जनमत मासिक)

गाह्रै गाह्रोको बिच नेपाली साहित्यिक पत्रपत्रिका

• **विनयकुमार शर्मा नेपाल**

नेपाली भाषा साहित्य विगत एक हजार वर्षदेखि निरन्तर परिस्कृत र नियमबद्ध हुँदै आइरहेको छ । यसका लागि निकै नेपालीले आफ्नो पसिना चुहाएका छन् । एकातिर साहित्य सिर्जना गर्ने सर्जकहरूले सिर्जनाका माध्यमबाट भने अर्को थरीले सिर्जना भएका रचनाहरूलाई प्रकाश गर्ने काम गरेर यस भाषा-साहित्यका क्षेत्रमा विशुद्ध सेवा गरिरहेका छन् । न शक्ति वल्लभले नाम र दामका लागि लेखे न त भानुभक्तले नै । न मोतीरामले पैसाको लागि भानुभक्त खोजे न ऋद्धिबहादुर मल्लले पत्रिका छपाए । यहाँ कहीँ कतै कसैले बाँच्ने क्रममा यसलाई पेसा बनाए होलान् तर विशुद्ध र निशुद्ध देश र भाषाप्रतिको भावपूर्ण भावना नभई कसैले भाषा-साहित्य वा साहित्यिक रचना लेख्ने वा प्रकाशन गर्ने काम गरेन वा गर्न सकेन । जसले मात्र पैसाको मोहमा यस क्षेत्रमा हात हाले ती (पाठ्य सामग्रीको कुरा छाडेर) शून्य शून्यमै रहे ।

वास्तवमा शून्य एउटा यस्तो विन्दु हो जुन आफू शून्य भएरै पनि अरूलाई सङ्ख्याको बढी बढाउ खेल खेल्न हमेसा मद्दत गरी नै रहन्छ । भौतिक वस्तु र द्रव्य समाजमा भरिभराउ ठानिएकाहरू अन्तमा शून्यमै बिलाए भने यसै भौतिक वस्तु र द्रव्य समाजमा शून्य मानिएका साहित्य क्षेत्रका सर्जक होस् वा सर्जकलाई उजिल्याउने प्रकाशक दुवै अन्तमा भरिभराउ भए । अर्थात्

यसलाई यसरी बुझौँ धनको धनी मरेको दिन मर्दछ तर विचार, भाषा-साहित्यको धनी मरे पनि सयौँ हजारौँ वर्ष बाँच्दछ । यस्तो खेलको हुटहुटीमा जानेर होस् कि नजानेर फसेका नवराज रिजालज्यूले पनि कुनै बेला २०५० मा नवप्रज्ञापनको आरम्भ गर्नुभयो । आज ३१ वर्ष वित्दा जसले जुन बेला जति उहाँलाई निरन्तर हुट्हुट्याए ती सबै आज **नवप्रज्ञापन**ले **१०० अङ्क** निकाल्दा पनि उहाँसँगै बधाईका मात्र नभई प्रेरणका पनि पात्र हुनुहुन्छ । पत्रिकासहित सबैलाई एकमुष्ट बधाई ।

अनि सुनिन्छ, पत्रिका निकाल्न गाह्रो छ रे ! त्यसमा पनि साहित्यिक पत्रिका । सुनेको थिएँ, अहिले आफैले पनि अलि अलि भोग्दै छु । आफ्नै रहर र इच्छाहरूले गरेको काम, कसैले घाँटी समातेर नगराएको काम, दुःख पाएँ पनि भन्न नमिल्ने । यस्तै रहर पलाएर एकतिस वर्षभन्दा अगाडि नवराज रिजालज्यूले जुन आजसम्म पनि निरन्तर चलाइरहनुभएको छ र अहिले १०० औँ अङ्कको हुट्हुटीले गाँजेको छ ।

लेख माग्न गाह्रो, पटक पटक नझुकेको टाउको झुकाएर सम्झाइरहन झनै गाह्रो । भोलि भोलि भनेर पन्ध्रौँ दिन कुर्नुपर्ने बाध्यता पनि गाह्रो । लेखकको पनि आफ्नै बाध्यता होलान्, सक्दिनँ भने हुने नि ! सक्दिनँ पनि भन्न नसक्ने । पत्रिका प्रेस गएपछि प्राप्त हुने लेख छाप्न पनि गाह्रो र अर्को अङ्कमा है भन्न पनि लाज मर्दो ।

विज्ञापन माग्न पनि गाह्रो । मागेर पाउन पनि गाह्रो । पाइसकेपछि पैसा लिन झनै गाह्रो । बल्ल बल्ल दालभात खानुपर्ने, घरमा स्वास्नी, छोराछोरीको लागि खर्च गर्नुपर्ने पैसा बचाएर, कन्जुस गरेर, सञ्चयकोष झिकेर पत्रिका छाप्यो, घरको गालीको डरले लागेको भन्दा आधामात्र खर्च बताउन झूट बोल्नु पर्दा आफ्नो आँखामा आफै पनि उभिन गाह्रो । छापिसकेपछि बेच्न गाह्रो । साहित्यिक पत्रिकाको अनुहार देखेर पसलेको चाउरी अनुहार हेर्न झनै गाह्रो । झोलामा पत्रिका धेरै बोक्न गाह्रो । बोकेको पत्रिका सबैलाई भाग नपुग्दा अनुहार देखाउन र लाज पचाउनै गाह्रो ।

लागेको नशा छाड्न गाह्रो । पत्रिका समयमा लिकाल्न नसक्दा वा अल्छी गर्दा साथीभाइबाट 'आयो ? कुन अङ्क आयो....?' को बोलीले लागेको नशा दोब्बर बढेर घरैमा बसिरहन झनै गाह्रो । यस्तै हालतमा चलेको छ हाम्रो देशको साहित्यिक पत्रिकाको सेरोफेरो । नशा हो, नशा लागेपछि सकियो रे ! मान्छेका सुख, खुसी र आनन्दहरू भन्छन् पनि मान्छेहरू तर म भन्दिनँ किनकि यस्तो नशा सबैलाई लागोस् ।

नवराज रिजाललाई मात्र किन ? यो एउटा सेवा हो, सेवा सबैले कहाँ गर्न सक्छन् र ? त्यसमा पनि भाषा साहित्यको ! भाषा साहित्यको विकास नभई कुनै देश पनि उँभो लाग्दैन । यो एउटा तपस्या पनि हो । तपस्या पनि सबैले कहाँ गर्न सक्छन् र ? तपस्या नगरी कुनै काम सफल पार्न सकिन्न र राष्ट्रको उन्नति पनि गर्न सकिन्नँ । हो यस्तै तपस्या गरिरहेछ नवप्रज्ञापनले र यस्तै तपस्या गरिरहोस् निरन्तर नेपाल, नेपाली र नेपाली भाषाको सजिलो ठानेर । यो एउटा अर्को पत्रिका निकाल्ने केटोको र वैजयन्ती पत्रिकाको शुभकामना !

(निर्देशक, वैजयन्ती विधा केन्द्रित साहित्यिक पत्रिका)

ऊर्जा प्राप्त भइरहोस्

● विदुर गौतम

साहित्यिक पत्रकारिता नेपालको जेठो पत्रकारिता हो । यसको इतिहास लामै छ । तथापि साहित्यिक पत्रिकाहरू केही अङ्क निस्कँदैं बन्द हुँदै गरिरहेका छन् । थोरै पत्रिकाहरू मात्र निरन्तर प्रकाशित हुन सकिरहेका छन् । यसले के बुझाउँछ भने यो काम सजिलो छैन । यसो भए पनि हामी साहित्यिक पत्रकारहरू पत्रिका निकालिरहेका छौं । अधिकांश साहित्यिक पत्रिकाहरू आज कठिन यात्रामा छन् । कठिन यात्रामा हिँड्नु आनन्द प्राप्तीको एउटा अवसर पनि हो ।

म पनि चार दशकभन्दा लामो समयदेखि साहित्यिक पत्रिका तन्नेरी प्रकाशित गरिरहेको छु । मलाई भने साहित्यिक पत्रिका प्रकाशन कार्य त्यति कठिन लाग्दैन । त्यही भएर तन्नेरी पत्रिकाले निरन्तरता पाइरहन सकेको छ । हामीले मेहनत परिश्रम अलि धेरै गर्नुपर्छ यो चाहिँ सत्य हो । तथापि नेपालको सन्दर्भमा साािहत्यिक पत्रकारिता अलि जटिलको विषय नै हो । यही साहित्यिक पत्रपत्रिकाको सङ्ख्या अलिकम नै छन् ।

बारा जिल्लाबाट विगत लामो समयदेखि विविध विधाका विषय विशेषाङ्कसहित प्रकाशित प्रकाशित भइरहेको नवप्रज्ञापनले सयअङ्क प्रकाशन गर्न लागेकोमा एउटा साहित्यिक पत्रकारको नाताले म अत्यन्तै हर्षित छु । पत्रिकाका यस अघिका हरेक विशेषाङ्कहरू खोजमूलक छन् । भविष्यमा पनि यस्तै विशेषाङ्कहरू पत्रिकाले निरन्तरता पाइरहोस् हार्दिक मङ्गलमय शुभकामना !!!

(सम्पादक/प्रकाशक तन्नेरी पत्रिका)

मलाई यसो भन्न मन लाग्यो

● नवराज पुडासैनी 'ज्योत्स्ना'

उसै पनि अनेकानेक सङ्कट झेल्दै जेनतेन बामे सरिरहेको नेपाली साहित्यिक पत्रकारिता झन् कोभिड- १९ को जबर्जस्त हस्तक्षेप र युक्रेन-रुस युद्धका बहानामा बढाइएको मूल्य बृद्धिका कारण त थला नै परेको अवस्थामा छ । झन् जहिले पनि सत्ताको प्रतिपक्षमा उभिएर खबरदारी गरिरहने साहित्य र साहित्यिक पत्रकारिता सत्ताको सुदृष्टिमा पर्ने त कुरै पनि भएन ।

यस्तो प्रतिकुल अवस्थामा पनि साहित्यिक पत्रपत्रिका अस्तित्व रक्षाका लागि भए पनि जसोतसो प्रकाशित भइरहेछन् । त्यही प्रतिकुलताको अवस्थामा पनि प्रकाशित भइरहने विभिन्न पत्रिकाहरूमध्ये एउटा साहित्यिक पत्रिका **नवप्रज्ञापन** हो । बारा जिल्लाबाट तीन दशकभन्दा अघिदेखि निरन्तर प्रकाशित भइरहेको यस पत्रिकाले पौने दुई दर्जन त विशेषाङ्कहरू नै प्रकाशित गरेको छ ।

यतिखेर म यही **नवप्रज्ञापन शतक अङ्क** प्रकाशनको तयारीमा जुटिरहेको थाहा पाएर अत्यन्त पुलकित भएको छु । कुनै पनि मानिसले आफूले भित्री हृदयदेखि नै चाहेको काम गर्न पायो भने जस्तो सुकै चुनौतीलाई पनि सहजै पार लगाउन सक्ने रहेछ भन्ने बोध यतिखेर भइरहेको छ । यसर्थ म नवप्रज्ञापनको कर्मप्रति अत्यन्तै उत्साहित छु ।

नवप्रज्ञापन शतक अङ्क प्रकाशनको अवसरमा म सम्पादकसहित सम्पादन टोलीका सम्पूर्ण सदस्यहरूलाई हार्दिक बधाई टर्क्याउँदछु । यसको भाषा साहित्यप्रतिको लगाव अझै बढिरहोस् र यसले निर्बाध रूपमा निरन्तरता पाइरहोस् हृदयदेखि नै हार्दिक मङ्गलमय शुभकामना अर्पण गर्दछु ।

(प्रधान सम्पादक-प्रकाशक
कल्पतरु द्वैमासिक)

प्रगतिको कामना

• **राम सञ्जेल**

यहाँ अवसर र मौका खोज्नेहरूका लागि साहित्यभित्र राजनीति घुसेकै हुनुपर्छ । त्यसको स्वाद मिसिएकै हुनुपर्छ । अझ साहित्यिक पत्रकारिता त राजनीति र बडाहरूको आशीर्वादविना जिउँदो रहन पनि मुस्किल छ । विज्ञापनविना साहित्यिक पत्रकारिता बाँच्न सक्दैन । विज्ञापन बडाको फोनविना प्राप्त गर्न सकिने सम्भावना नै छैन । तर पनि रहर र जिम्मेवारी बोधका कारण साहित्यिक पत्रकारहरू यो क्षेत्रमा लागि रहनुभएको छ ।

हो, यस्तो विषम र अविवेकी समयमा पनि **नवप्रज्ञापन**ले आफूलाई हिँडाइरहेको छ । बचाइरहेको छ । निरन्तरता दिइरहेको छ । पछि हटेको छैन र हट्ने सोच पनि बनाएको छैन । हिँड्न त हिँडिरहेको छ, तर कसरी हिँडिरहेको छ, यो गम्भीर सोधखोजको विषय हो । परिस्थिति र अवस्था जे जस्तो भए पनि नवप्रज्ञापनले खुट्टा कमाएको छैन अर्थात् हिँडिरहेको छ । यो आशा र विश्वास लाग्दो कुरा हो ।

एउटा साहित्यिक पत्रिकाले निरन्तर ३१ वर्षसम्म हिँडेर **सय अङ्क** प्रकाशित गर्नु निश्चय पनि खुसीको कुरा हो । यही क्षेत्रमा लामो समयदेखि लागिरहेको म **नवप्रज्ञापन**को यो कर्मलाई सकारात्मक र आवश्यक कर्म भन्छु । यस्तो कर्म

आफ्नै खुट्टामा उभिनेहरूले मात्र गर्न सक्छन् । यसर्थ आफ्नो खुट्टामा उभिएर आवश्यकता र औचित्यानुसार हिँडिरहको **नवप्रज्ञापन**लाई मुरी मुरी धन्यवाद नदिइरहन सक्दिनँ ।

तराई मधेसको भूगोलबाट उठेर देशभर छरिँदै सकारात्मक काम गरिरहेको नवप्रज्ञापनले सय अङ्क प्रकाशित गर्न लागेकामा एउटै सामूहिक साहित्यिक महाभूगोलमा काम गरिरहेको नाताले उत्तरोत्तर प्रगतिको कामना गर्दै बधाई अनि शुभकामना दिन चाहन्छु ।

(प्रधान सम्पादक तथा प्रकाशक लहरा त्रैमासिक)

जुम्ल्याहा यात्राको शताङ्क

• वियोगी बुढाथोकी

साहित्यिक पत्रकारिताको वर्तमानमा प्रवेश गर्नु अगाडि नवप्रवेशी र इच्छुकहरूको खुल्दुली इतिहासको खोजमा हुने गरेको विश्वास गर्न सकिन्छ। हो त्यसैकारण वि.सं. को १९४३ तिर फर्किएर मोतीराम भट्टको नाम र उनको देनलाई उल्लेख गर्नु अनिवार्य हुन सक्छ। उनैले सर्वप्रथम वनारसबाट प्रारम्भ गरेको नेपाली भाषाको पहिलो साहित्यिक पत्रिका गोर्खा(भारत जीवन सम्म पुग्नुपर्ने हुन्छ । इतिहासले नै वर्तमानको बाटो भएर भविष्यको यात्रा नाप्नु पर्ने हुन्छ। वनारसबाट फर्किएर देशकै राजधानी काठमाडौँमा प्रवेश गरेपछि मात्र त्यो पनि वि.सं. १९५५ मा पं. नरदेव मोतीकृष्ण शर्माको सुधासागर लाई स्वागत गर्न सकिन्छ । सुमसुम्याएर साहित्यिक पत्रकारिताको प्रथम सन्तान हात लागेको खुसियाली मनाउन पाइन्छ। हो एउटा कुरा यी पत्रिकाहरू के, किन, कसरी, कस्को निर्देशन र के कस्तो उपलब्धिको खोजीमा प्रकाशित भएका थिए । अनि के कस्तो इच्छाले तान्यो ? यो भने अनुसन्धानको विषय हुन सक्छ। यो कुरा अग्रज साहित्यिक पत्रकार वा अनुसन्धाताको जिम्मामा छोड्नुपर्ने हुन्छ। साहित्यिक पत्रिकाहरूको प्रकाशनपछि नै अर्थात् वि.सं. १९५८ मा सरकारी तबरबाट देशको राजधानी काठमाडौंबाट गोरखापत्र नामको समाचारपत्र प्रकाशित भएको इतिहास बोल्छ।

साहित्यिक पत्रकारिता पढ्दै गरेकाहरूबाट इतिहासको खोज गरिनुपर्छ । प्राध्यापन क्षेत्रमा रहनुभएका प्राध्यापकहरूले पनि खोजपूर्ण विषयलाई प्राथमिकतामा राखेर के हो साहित्यिक पत्रकारिता ? र किन आवश्यक छ भन्ने बारेमा लेख्नु र पढाउनु जरुरी छ । यसो भएको खण्डमा यस्को महत्त्व अझै बढ्न सक्ने यथार्थलाई सम्बन्धित सबैले बुझ्नु जरुरी छ।

यसै सन्दर्भलाई दृष्टिगत गर्दा (नितान्त व्यक्तिगत धारणा बोल्छ यसमा हामीले गर्व गर्नुपर्छ। धन्य हो भनेर बधाई र शुभकामना पनि दिनुपर्छ । किनभने गोरखापत्र अझै

जीवित छ र गोरखापत्रले हप्ताको एक दिन भए पनि साहित्यकारको रचना पढ्ने अवसर दिन्छ । यो पनि खोजकै विषय भएको हुनुपर्छ गोरखापत्रमा आफ्नो रचना प्रकाशित गरेर को कति साहित्यकारहरू साहित्यकार भएका छन् ! यसो भन्दै गर्दा जसरी अभिव्यक्ति र रचनाजस्ता साहित्यिक पत्रिकाहरूले कैयौँलाई ती साहित्यकारको हैसियतमा उभ्याएको सुन्न र पढ्न पाइन्छ ।

तेसो त वर्तमानमा प्रायः ठला धनाढ्यहरूको संलग्नतामा चर्चित पत्रिकाहरू नभएका होइनन् । यी पनि देशमा बहुदल आएपछिका प्राप्ति हुन् स्वीकार र स्वागत गर्नै पर्छ । तर ती र त्यस्ता केही पत्रिकाहरूमा पहुँच हुनेहरूको मात्र रचना प्रकाशित हुँदै आएको खबर बेलामौकामा सुन्नु पर्दा दुःख लाग्छ । यी र यस्ता पत्रपत्रिकामा भुइँमान्छेका रचना खै त ?

देशमा तीन तहका सरकार छन् तर सबैतिर साहित्यिक पत्रकारिताको क्षेत्रलाई अनुत्पादक ठान्नेहरूकै रजगज चलेको छ । समाचारपत्रहरूले खै के के गरेको भरमा मोटो विज्ञापन हात पार्दा पनि साहित्यिक पत्रिकाहरू अबोधको अवस्थामा हुनुलाई राम्रो मान्न सकिँदैन । केही सुविधा दिएर साहित्यिक पत्रिकालाई जीवन्त राख्न सकियोस् भन्ने सोच सम्बन्धित निकायमा पलाउने कहिले होला ? त्यो समय कहिलेसम्म कुर्नु पर्ने हो थाहा छैन । समय पनि मौन छ ।

तर यात्रा जारी छ : २०५०/०५१ तिर फर्केर हेर्ने हो भने तीन दशकको लामो यात्रा नाप्नु, त्यो पनि नेपाली साहित्यिक पत्रकारिताको क्षेत्रमा, कोही नयाँ र नौलो व्यक्तिसँग परिचय गर्दा पत्रिका सप्रेम उपहार दिँदा ग्रहण गर्नेले अचम्म मान्ने गरेको सम्झना हुन्छ । अहिले अझ बढी मात्रामा यो क्रम नयाँ पुस्ताको हकमा अचम्म लाग्ने पल ज्यूँका त्यूँ छ भन्दा कतिपयलाई अचम्म लाग्छ । यो यथार्थभन्दा टाढा छैन । जो अभियानमा होमिएको छ । जो अघोषित अभियन्ता बनेको छ । उसैले महसुस गर्ने विषय हो ।

रचनाको अनेक रूप र प्रकार हुन्छन् । शब्दकोशहरूले मान्यता दिएका छन्, दिँदै आएका छन्, भविष्यमा पनि दिँदै गर्लान् त्यो के भने निर्माण गर्नुको नाम हो रचना । राम्रो रचना, कालजयी रचना, परिवर्तनकारी रचना, बनोट, संरचना, खाका, रूपरेखा अर्थात् विरचन, संरचन भनेर स्वीकार गरिएको पाइन्छ । तथापि व्याख्या र परिभाषा योग्य र सक्षम व्यक्तिमा भर पर्ने कुरा हुन् यी र यस्ता तर्क र वितर्क जन्मँदै जानुलाई स्वागत योग्य मान्नै पर्छ । मौन बस्ने हो या अनिच्छुक हुने हो भने यी र यस्ता शब्दहरू कोरल्न नसक्ने गरी ओथारो बस्न सक्छन् । त्यसैले एक शब्दबाट अनेक अर्थको आशा राख्नु स्वाभाविकै हो । सायद त्यही शब्दको परिभाषाभित्र शब्द संरचनाको भोक बोकेर साहित्यिक पत्रकार निरन्तर अगाडि बढिरहेको हुनुपर्छ । नयाँ नयाँ बिम्ब र प्रतीकको भोक साहित्यिक पत्रकारको सम्पादकीय कक्षमा बसेर स्वागत गरिएको हुन्छ ।

यसो भन्दै गर्दा ख्यालख्यालमै र रहरै रहरमै शिवपुरी सन्देश, साहित्यिक त्रैमासिकले नयाँ वर्ष २०८० को स्वागत गर्दै गर्दा बैशाख असार अङ्क निकाल्ने तयारीमा विशेष अङ्क पस्किने योजनामा सोचमग्न हुन पुगेको अवस्था छ । यसै प्रसङ्गमा शीर्षकमा उल्लेखित वर्ष र अङ्कको हिसाबले जुम्ल्याहा बन्न पुगेको साहित्यिक पत्रकार मित्र नवराज रिजालको अथक प्रयास र मेहनतको फलले शताङ्कको पाइला टेक्ने सङ्घारमा बारा जिल्लाबाट प्रकाशित भइरहेको नवप्रज्ञापन पनि

उभिएको छ । सर्वप्रथम सम्पादकीय क्षमता र धैर्यलाई बधाई दिँदै निरन्तर यात्राको लागि जुम्ल्याहाको तर्फबाट हार्दिक नवप्रज्ञापनलाई शुभकामना दिनु सहयात्रीको धर्म हो ।

यस अर्थमा - हामी ऋद्धिबहादुर मल्ल, उत्तम कुँवर, भवानी घिमिरे, रोचक घिमिरे, नगेन्द्रराज शर्मा, चूडामणि रेग्मी, मदनदेव भट्टराई र मोहन दुवाललगायतलाई निरन्तर अन्तर्बोध, अक्षय अक्षर, अक्षय ज्ञान, अक्षरमार्ग, कल्पतरू, कौशिकी, चेतना सन्देश, दायित्व, वनिता, शारदा, शाल्मलिलगायतले पछ्याइरहेका छौँ । साहित्यिक पत्रकारिताको प्रसङ्ग आउँदा विगत भुल्न मिल्दैन वर्तमानमा दुःख जिलोका साथ शताङ्कसम्म पार गर्नु भनेको चानचुने धैर्य र समर्पण भन्न मिल्दैन । थोरै अर्थात् नगन्य मात्रामा प्राप्त सहयोग र धेरै समर्पणको भावले खल्ती छामछुम गरेर जसोतसो पत्रिकाले निरन्तरता पाएको छ ।

अतः भन्न मन लाग्छ र शुभकामना दिन मन लाग्छ : हामी दुबै नेपाल साहित्यिक पत्रकार सङ्घका पदाधिकारी हौँ । यही हैसियतले पनि एकअर्काको मर्का नजिकबाट बुझ्ने प्रयास गरेका छौँ । त्यतिमात्र नभएर मित्र नवराज रिजालले पत्रिका निकाल्नुभन्दा अगावै साहित्यकारको परिचय बनाइसकेका कारण पनि साहित्यिक पत्रिकाको आवश्यकता र महत्त्व बुझ्नुको अर्थमा पनि पत्रिकाले निरन्तरता पाएको हो भन्दा फरक पर्दैन । एक किसिमको समर्पण नै हो साहित्यिक पत्रिकाको प्रकाशन । अझ नियमित गर्नु अर्को कठिनाईसँग जुध्नु हो । यस अर्थमा पनि आगामी दिनमा नवप्रज्ञापनले निरन्तर यात्रा नाप्न कुनै किसिमको कठिनाइको सामना गर्न नपरोस् । देशभित्रका सबै प्रदेश, सबै नगर तथा गाउँपालिकामा फैलिन सकोस् । अझ विस्तारित रूपमा नेपालीहरू पुगेका देशहरूमा समेत पुग्न सकोस् र विश्वास जित्न सकोस् अहिले शतक अङ्कको शुभकामना !!!

जय साहित्यिक पत्रकारिता ।

(प्रधान सम्पादक/प्रकाशक
शिवपुरी सन्देश त्रैमासकि)

शव्दको शुभकामना

● **चेतनाथ धमला**

साहित्यिक पत्रकारिता आफैँमा प्राज्ञिकता हो । यसमा कुनै पनि साहित्यिक विधा र गतिविधिलाई समेटिन्छ । एउटा कुशल साहित्यिक पत्रकारमा विधागत संरचना, समय, कला र सौन्दर्य चेतना अनिवार्य छ । बौद्धिक चेतनाको उच्चतम रूप साहित्यिक पत्रकारिता हो ।

नेपाली भाषामा पहिलो पटक वि.सं. १९४२ मा **गोर्खा भारत जीवन** नामक साहित्यिक मासिक पत्रिका बनारसबाट प्रकाशित भएको थियो । यस पत्रिकाको प्रकाशन बनारसमा अध्ययनरत युवाकवि मोतीराम भट्टको प्रेरणाबाट भएको थियो भन्ने कुरा सतहमा उल्लेख हुँदै आएको छ ।

नेपालका आदि साहित्यिक पत्रकार मोतीराम भट्टको उत्प्रेरणा र चाँजोपाँजोमा पं.नरदेव मोतीकृष्ण शर्माको सम्पादन र प्रकाशनमा वि.सं. १९५५ साउनबाट **सुधासागर** साहित्यिक मासिक पत्रिकाको प्रकाशन नेपालमा पहिलोपटक भएको थियो । यसको प्रकाशन हुँदा मोतीराम कीर्तिशेष भइसकेका थिए । यो थालनीले नै नेपाली पत्रकारिताको द्वार खुलेको हो । यसपछि मात्र नेपालको समाचार साप्ताहिकको रूपमा वि.सं. १९५८ वैशाख २४ गते गोरखापत्र प्रकाशित भएको थियो । यसै दिनलाई लिएर नेपाल सरकारले राष्ट्रिय पत्रकारिता दिवस मनाउन थालेको छ ।

ती प्रकाशनको जगमा दैनिक, साप्ताहिक, अर्ध साप्ताहिक, पाक्षिक, मासिक, द्वैमासिक, त्रैमासिक, अर्धवार्षिक, वार्षिक, गोजी, हवाई र भित्तेलगायतका पत्रपत्रिका प्रकाशित भइरहेका छन् । यसैगरी टेलिभिजन, रेडियो, एफएम. र अनलाइन जस्ता अनेकौँ विद्युतीय सञ्चार माध्यमहरू खुलिसकेका छन् । यी सबैको जग नेपालमा साहित्यिक पत्रकारिता नै हो । यसको प्रभाव सामाजिक सञ्जालमा पनि त्यतिकै रहेको छ । साहित्यिक पत्रकारिताको प्रभाव समाजका लागि भए पनि त्यसको महत्वबोध अहिलेसम्म हुन सकेको छैन ।

१०४ वर्षे निरङ्कुस जहानीया राणाशासन कालमा समेत शारदा, उद्योग, पुरुषार्थ र साहित्यस्रोत लगायतका साहित्यिक पत्रपत्रिकाहरू प्रकाशित भएकै थिए । यी पत्रिकाहरूले राणाको स्वार्थ प्रभावलाई झेल्दै अप्रत्यक्ष रूपमा केही न केही साहित्यिक, सांस्कृतिक र स्वतन्त्रताका लागि घुमाउरो रूपमा चेतना छर्ने काम गरेका थिए । त्यसो त सयौँ युगादि चेतना छर्ने साहित्यिक पत्रपत्रिका नेपालमा प्रकाशित छन् । यिनले पञ्चायविरुद्ध पनि सङ्घर्ष गरे । तर पनि साहित्यिक पत्रपत्रिकाको अवस्थामा कुनै परिवर्तन आउन सकेको छैन । बेलाबखत मासिक, द्वैमासिक र त्रैमासिक लगायतमा ती पत्रपत्रिकाहरू प्रकाशित हुँदै आएका छन् ।

सरकारको बेवास्ता, पाठक र बजारको अरुचि र बेमतलवका कारण पनि साहित्यिक पत्रपत्रिकाहरू व्यावसायिक हुन सकेका छैनन् । कुनै आत्मनिर्भरताको अवस्था छैन । श्रमजीवीले उत्पादन, बिक्रीवितरण र मुनाफा गर्ने पृष्ठभूमि साहित्यिक पत्रकारितामा देखा परेको छैन । यो अवस्था आइरहनुमा बदलिँदो बजारको माग र उपभोक्तको चाहनालाई ख्याल गर्न नसक्नु पनि हो ।

साथै, बुद्धिजीवी र बौद्धिक वर्गहरू आकर्षकित हुन नसक्नु अर्को विडम्बनापूर्ण अवस्था हो । साँच्चिकै भन्ने हो भने यसप्रति स्वयम् स्रष्टाहरू पनि जिम्मेवार भएको अनुभूति मैले गर्न सकेको छैन । छापासँगसँगै अनलाइन साहित्यिक पत्रकारितालाई एकसाथ अघि बढाउन सकेमात्र केही वृत्ति विकासमा राहत हुने सम्भावना देख्छु । यसले इच्छुक पाठकको पहुँच वृद्धि हुने छ । अहिले सङ्घीय गणतन्त्रमा पनि साहित्यिक पत्रकारिताले मोतीराम भट्टकालीन पीडा बोध गरिरहेको छ । एकप्रकारको उपेक्षा र उत्पीडन झेलिरहेको छ ।

व्यक्ति व्यक्तिको समर्पण भावले कतिञ्जेल टिकिरहने हो, दयाको पात्र बन्नुपर्ने परिस्थिति पहिले देखिकै छँदै छ । यसका लागि कसैको विज्ञान प्राथमिकतामा पर्दैन । नितान्त व्यक्तिगत लगावले मात्र साहित्यिक पत्रपत्रिका टिकिरहनु दल्छी ढुङ्गा फोड्नु जस्तै हो । प्रेसकाउन्सिल नेपालको वर्गीकरणका आधारमा प्राप्त गर्ने

एउटा लोककल्याणकारी विज्ञापनले मात्र साहित्यिक पत्रपत्रिका बाँच्ने स्थिति छैन । अझ जीवनमरणको दोसाँधमा छ । यस स्थिति भन्दामाथि उठ्ने प्रयत्न नै आजको आवस्यकता हो ।

समग्रमा, यस लघु लेखमा नेपालबाट प्रकाशित सयौँ साहित्यिक पत्रपत्रिकाको नामोङ्किकत गर्न सम्भव छैन । नवराज रिजालद्वारा प्रकाशित तथा सम्पादित **नवप्रज्ञापन क** वर्गको एक नियमित र उत्कृष्ट साहित्यिक त्रैमासिक पत्रिका हो । यसले कयौँ स्रष्टाहरूलाई प्रेरित गरेको, फुलाएको र फलाएको छ । यस ऊर्जावान् पत्रिकामा स्तरीय साहित्यिक लेख, रचनाहरू प्रकाशित हुँदै आएका छन् । **नवप्रज्ञापन**ले विशेष अर्थ राख्ने महत्वपूर्ण विशेषाङ्क प्रकाशित गरिसकेको छ । नियमित अङ्क पनि त्यतिकै स्तरीय छन् ।

वि.सं २०५० सालदेखि बारा जिल्लाबाट प्रकाशित भइरहेको **नवप्रज्ञापन सय अङ्क** प्रकाशन हुन लागेकोमा असाध्यै गर्वबोध भएको छ । यसका पौने दुईदर्जन विषयगत विशेषाङ्कहरू प्रकाशित भईएसकेका छन् । यो **नवप्रज्ञापन**को आफ्नै खालको मौलिक विशेषता हो । अहिले जस्तै, सधैँभरि पाठकको ढुकढुकीमा नवप्रज्ञापन छाइरहोस्, शतक अङ्क प्रकाशनको हार्दिक शुभकामना !!!

(प्रधान सम्पादक/प्रकाशक
कौशिकी द्वैमासिक)

प्रगतिको कामना

• आर.सी. रिजाल

नेपालमा साहित्यिक पत्रपत्रिकाले भोग्नु परेका विविध समस्याहरू बारे म पनि भुक्त भोगी हुं । यथार्थमा भन्दा साहित्यिक क्षेपत्रपत्रिका समाचारमूलक पत्रिकाझैं कमाई गर्ने भाँडा हैन र हुन पनि सक्दैन । मेरो विचारमा राज्यले भनौं वा समाजका अन्य क्षेत्रले साहित्यलाई बेवास्ता गऱ्यो भनी गनगन गर्नु उचित हुँदैन । यसलाई सामाजिक सेवा ठानेर आआफ्नो बहुबुताले भ्याएसम्म गर्दै जाने हो । यस्तै कार्य **नवप्रज्ञापन**ले गर्दै यहाँसम्म आइपुगेको छ । सर्वप्रथम **नवप्रज्ञापन शतक अङ्क** पुग्न सफल भएकोमा हार्दिक शुभकामना व्यक्त गर्दछु । पत्रिकालाई यहाँसम्म ल्याई पुऱ्याउन मेहनत गर्ने सम्पादक-प्रकाशकलगायत सम्पूर्ण टिमलाई बधाईका साथै पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

(सम्पादक-प्रकाशक
अक्षय अक्षर त्रैमासिक)

नवप्रतिभालाई उठाउन सक्षम पत्रिका

● **होमशङ्कर बास्तोला**

यतिखेर **नवप्रज्ञापन** र नवराज रिजाल भाषा साहित्यको उन्नयनमा पर्याय भएका छन् । २०५० बाट प्रकाशन आरम्भ भएको नवप्रज्ञापन ३१ वर्षको लक्का जवान भएको छ। बारा जिल्लामा दर्ता भई भाषा साहित्यको सेवामा सक्रिय यस पत्रिकाले गाउँ, सहर तथा मोफसलामा रहेका प्रतिभाहरूका सिर्जना विभिन्न ठाउँहरूमा छरिएर रहेका पाठकहरूसम्म पुऱ्याइरहेको छ । यसको यस्तो कार्यलाई आदर सम्मानका आँखाले हेर्नु न्याय सङ्गत हुन्छ ।

सम्भवतः २०५७/५८ तिर नारायणी वाङ्मय प्रतिष्ठान, वीरगञ्जबाट भएको राष्ट्रव्यापी कविता प्रतियोगिताको समयमा पहिलोपटक मेरो भेट **नवप्रज्ञापन** पत्रिकासँग भेट भएको हो । नवप्रज्ञापन मैले वीरगञ्जमा पाएर पढेको कुन अङ्क हो त्यो त याद छैन तर त्यस पत्रिकाले मलाई लेखनमा केही ऊर्जा भने थपेकै हो । जागिरको सिलसिलामा वीरगञ्ज पुगेको म जागिरकै सिलसिलामा वीरगञ्जबाट काठमाडौँ आएपछि **नवप्रज्ञापन**सँग अलि नजिक पनि भएँ । अनि मेरा रचनाहरू पनि यसले प्रकाशित गर्न थाल्यो । **नवप्रज्ञापन**का रचना पढेर लेख्न थप हौसला जागेको कुरा मैले बिर्सेको छैन ।

नवप्रज्ञापनमा मेरो पहिलो रचना कहिले प्रकाशित भयो त्यसको पनि मलाई कुनै हेक्का छैन । मलाई सम्झना नभए पनि यो पत्रिकामा मेरा कथा, कविता, गजल, समीक्षालगायतका सिर्जनाहरू मनग्गे प्रकाशित भएका छन् । साहित्यिक पत्रिका निकाल्न त्यसै पनि कठिन छ । विज्ञापन पाइँदैन । दुःखका साथ पत्रिका प्रकाशन गरी पाठकका हातमा पुऱ्याए उनीहरूको दृष्टिपात पत्रिकासम्म पुग्दै पुग्दैन । व्यावसायिक पत्रकारिताले साहित्यिक पत्रिका ओझेल परेका छन् । साहित्यिक पत्रिकाबाटै नेपाली पत्रकारिताको सुरुआत् भए पनि साहित्यिक पत्रिका राज्य र व्यावसायिक क्षेत्रबाट उपेक्षित छन् । म पनि साहित्यक पत्रकार भएर अन्तर्बोध साहित्यक पत्रिका निकालिरहेकाले साहित्यक पत्रिका निकाल्दाको पीडा थाहा नहुने कुरै भएन ।

साहित्यक वा अन्य कार्यक्रमहरूमा भेट हुँदा सम्पादकज्यू नवप्रज्ञापन दिनुहुन्छ । उहाँ वर्षमा एकपटक नवप्रज्ञापन साहित्यिक पत्रिकाको कुनै न कुनै अङ्क विशेष अङ्कका रूपमा प्रकाशित गर्नुहुन्छ । विशेष अङ्क अन्य अङ्कभन्दा मोटै हुने हुँदा 'के गरी खर्च जुटाउनुहुन्छ भन्ने प्रश्नमा उहाँ भन्नुहुन्छ 'तलब खर्चेर भए पनि पत्रिका निकाल्नै पऱ्यो । साथीहरू भेट हुँदा फेरि नयाँ अङ्क कहिले आउँछ भनी सोध्छन् ।' साहित्यक पत्रिका निकालिरहने सम्पादक-प्रकाशकका लागि यो कार्य नसा जस्तै हो । एउटा अङ्क निकालेपछि फेरि अर्को अङ्कको तयारीमा जुट्नुपर्छ । श्रम र स्रोत

दुबै व्यक्तिगत रूपमा खर्च नगरी पत्रिका प्रकाशन गर्न सकिँदै सकिँदैन । अर्थात् सके पनि काम अत्यन्तै कठिन छ ।

नवप्रज्ञापन विशेष अङ्क ठुलै पृष्ठमा निस्कने गरेको देख्छु । कहिले गजल, कहिले कथा, कहिले समालोचना, कहिले बालसाहित्य तथा भाषासम्बन्धी विशेषाङ्कहरू प्रकाशित भएका छन् । स्रोत, साधन जुटाउन कठिन भइरहेको समयमा पनि **नवप्रज्ञापन १०० अङ्क** प्रकाशित हुन सफल भएको छ । यसका लागि सम्पादक प्रकाशक नवराज रिजाललाई धेरै धेरै धन्यवाद दिनै पर्छ । प्रकाशनको पहुँचबाट टाढा रहेका सर्जक र दुरदराजका नव प्रतिभावान् लेखकहरूलाई पाठकसम्म परिचित गराउन यस पत्रिकाले महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । **सय अङ्क** प्रकाशित गर्न सफल भाषासाहित्य क्षेत्रमा समर्पित नवप्रज्ञापनको निरन्तरताको कामनासहित बधाई तथा शुभकामना ।

(सम्पादक/प्रकाशक
अन्तर्बोध त्रैमासिक)

शताङ्क : महत्त्वपूर्ण अङ्क

• धीरकुमार श्रेष्ठ

२०५० सालदेखि बाराबाट प्रकाशन सुरु भएको **नवप्रज्ञापन**ले ३० वर्षको अवधि व्यतीत गरी ३१औँ वर्ष प्रवेश गरेको अवसर पारेर २०८० सालको पूर्वार्द्धमा नै **शताङ्क** प्रकाशित गर्न लागेकोमा खुसी लागेको छ । यस अवसरमा सम्पादक-प्रकाशक र उहाँको समूहलाई हार्दिक बधाई ज्ञापन गर्दै आगामी दिनमा यात्रा अझ सुखद रहोस् भन्ने शुभकामना प्रकट गर्न चाहन्छु । प्रकाशनको यस अवधिमा यसले बेला बेला विभिन्न खाले विशेषाङ्क प्रकाशन गर्नुका साथै सामान्य अङ्क प्रकाशनसमेत गरेर निरन्तरतालाई कायम राखेको छ । यो पनि नेपाली साहित्यिक पत्रकारिताका लागि ठुलै उपलब्धि हो । यसलाई कुनै पनि अर्थमा कम आँक्नु हुँदैन/सकिँदैन ।

नेपाली पत्रकारिताको सुरुआत् साहित्यिक पत्रिकाबाटै भएको यथार्थ कसैबाट छिपेको छैन । समयक्रममा भने अखबारी पत्रकारिताका तुलनामा साहित्यिक पत्रकारिता लगभग जस्ताको तस्तै रहँदै आएको छ । यसले समयसँगै आएको परिवर्तनको चुनौतीलाई जसोतसो स्विकार्न बाध्य हुनु परेको छ । यति हुँदाहुँदै पनि साहित्यिक पत्रकारिता चलिरहेको छ । केही उत्सुक मनकारीका कारण रहरबस जेनतेन धर्मनिर्वाह गरिरहेको छ । यो भोलिका दिनमा पनि जारी रहने छ भन्नेमा विश्वस्त हुने आधारहरू प्रशस्त देखा परेका छन् । कारण, कतिपय कठिनाइ र अप्ठ्याराको सामना गर्दै भए पनि यो पत्रकारिता निरन्तर अगाडि बढिरहेको छ ।

यसबिच दुई खाले अवधारणा सतहमा आएका छन् । **पहिलो धारणा छ** : मिहिनेत

गर्ने हो र विभिन्न निकायमा सम्पर्क र सम्बन्ध बढाउन सक्ने हो भने विज्ञापन प्राप्त गरेर अथवा ती निकायहरूमा बिक्रीवितरण गरेर आर्थिक आयआर्जन गर्न सकिन्छ । यसो गर्न सके साहित्यिक पत्रकारिताबाटै सहजै जीवन यापन गर्न सकिन्छ । **अर्को धारणा छ :** कसैले बाध्य पारेर होइन आफ्नै रहरले थालिएको हो । यसर्थ यसो र उसो भएन भनेर गुनासो गर्नु व्यर्थ छ । सकिन्छ, प्रकाशन गर्ने, सकिन्न प्रकाशन गर्नैपर्छ भनेर कसैले कर लगाएको छैन चुपचाप बस्ने । कुरो सबैका आआफ्ना ठाउँमा ठिक र सही छन् । यस्तोमा कसैले कसै उपर आरोपप्रत्यारोप गरिराख्नुपर्ने आवश्यकता छैन । यी र यस्ता कुरा हिजो पनि भइरहेका थिए । आज पनि भइरहेका छन् । भोलि पनि भइरहने छन् । यति हुँदाहुँदै पनि साहित्यिक पत्रिका प्रकाशनले विश्राम लिने होइन/छैन । कुनै न कुनै बेला, कहीँ न कहीँ, कोही न कोही साहित्यिक पत्रकार प्रकाशनको मैदानमा उत्रिहाल्छन् । कसैले छेक्न खोजेर पनि रोक्न छेक्न सक्ने होइन । मात्र फरक हुन सक्छ, मात्रा र गुणस्तरको ।

अवश्य, आजको साहित्यिक पत्रकारिताले यहीँनिर आफूलाई अब्बल प्रमाणित गरेर देखाउनुपर्ने चुनौती विद्यमान छ । मात्राभन्दा पनि गुणस्तरमा ध्यान दिएर प्रतिभाशाली हस्ताक्षरहरूलाई सहजै मञ्च प्रदान गर्न सके यसको अनुपम उपलब्धि यही हुने छ । यसलाई कसैले प्रशंसा गरोस् अथवा निन्दा; त्यसले साहित्यिक पत्रकारिताको गतिलाई कुनै पनि अवस्थामा अवरुद्ध गर्न सक्ने होइन/छैन । हो, साहित्यिक पत्रकारिताले पनि सूचना र प्रविधिको जगत्मा आएको चामत्कारिक परिवर्तनबाट लाभ उठाउनै पर्छ । अब पनि कुनै पनि नाममा यस दृष्टिले पछाडि परेर साहित्यिक पत्रकारिताले समयको गतिसँगै आएको परिवर्तनसँग कदममा कदम मिलाउन नसक्ने हो भने चाहिँ ठुलै घाटा बेहोर्न आफूलाई तम्तयार राख्नुपर्छ । यस मामलामा सम्पूर्ण साहित्यिक पत्रकार र पत्रिकाहरूले सफलाता प्राप्त गर्न सकोस् । सन्दर्भ, नवप्रज्ञापनको शताङ्क प्रकाशनसँग सन्दर्भित रहेको हुँदा यसका सम्पादक/प्रकाशकलगायत सम्पूर्णलाई टिमलाई पुनः हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु ।

(प्रधान सम्पादक
शब्दाङ्कुर, साहित्यप्रधान मासिक)

मेरो शुभकामना

• **लक्ष्मी भट्टराई 'परिधि'**

पत्रिका निकाल्नुको धौ धौ, विज्ञापनको शून्य प्रायता, सित्तैमा पत्रिका बाँड्नुको बाध्यता, लेखकश्व दिन नसक्नुको निरीहता ... आदि इत्यादिको धङ्धडीबाट नेपाली साहित्यिक पत्रकारिता माथि उठेको हेर्ने रहर यस क्षेत्रमा लागि परेकाहरू को कसलाई नहोला र ? सबैलाई छ । यसबाट उकास्ने धेरथोर प्रयास नभएका पनि होइनन् । तथापि, साहित्यिक पत्रिकाको अवस्था भने दिन-प्रतिदिन कमजोर बन्दै गइरहेको यथार्थ

हाम्रो आँखा अघिल्तिर प्रस्टै छ ।

व्यक्तिगत प्रयासमा गरिँदै आइए पनि साहित्यिक पत्रिका प्रकाशन गर्नु भनेको गुणवेत्तायुक्त सामाजिक कार्य हो । व्यक्ति व्यक्तिले यस्तो पहल नगरिदिने हो भने सङ्ख्यात्मक हिसाबले साहित्यिक पत्रिका कतिओटा निस्कने थिए ? प्रेस काउन्सिल नेपालको ०७७-७८ को तथ्याङ्कले ५० को हाराहारीका साहित्यिक पत्रिका मात्र गणना गरेको देखिन्छ । काउन्सिलले त त्यहाँ दर्ता गर्न ल्याइएका मध्ये नियमित पत्रिकालाई मात्रै गणना गर्ने हो ।

देशभरिबाट निस्कने नियमित, अनियमित साहित्यिक पत्रिकाको सङ्ख्या त्यसभन्दा कैयौँ गुना बढी छ । उसै त काउन्सिलले दिई आएको सेवासुविधाको दायरामा अत्यन्त थोरै साहित्यिक पत्रिका पर्ने गरेका छन् । त्यसमाथि काउन्सिलले दिलाउने सुविधा भनेको 'साहित्यिक पत्रिका निस्किराखेको जानकारी राज्यलाई छ है' भन्नेसम्म हो, सान्त्वना दिलाउने बाटो मात्रै हो ।

साहित्यिक पत्रिकालाई लामो समयदेखि नियमितता दिनु हाडे ओखर दाँतले फोड्नु जत्तिकै हो । यस्तो बौद्धिक-सामाजिक कर्मका खातिर बौद्धिक लगानीको कुरै छाडौँ, व्यक्तिगत रूपमा यथेष्ट आर्थिक लगानी पनि लाग्दै आएको हुन्छ । श्रम, सिप पनि लगाउनु, त्यसमाथि आर्थिक भार पनि आफैँले व्यहोर्नुको कठोर तपस्याका बिच स्तरीय सामग्रीसहित निरन्तर प्रकाशित हुँदै आएको सहकर्मी साहित्यिक पत्रिका नवप्रज्ञापन को सक्रियता लोभ लाग्दो छ ।

साहित्यिक पत्रकारिताको विरासत इज्जतसाथ धान्दै एक स्तरीय नियमित पत्रिकाको रूपमा यस मुकामसम्म आइपुग्नु भनेको आफैँमा गौरवको कुरा हो । **नवप्रज्ञापन** ३१ वर्ष हिँडेर आजको अवस्थामा सयौँ अङ्क प्रकाशन गर्न आइपुगेको हो । यो गौरवशाली यात्रा अझ गतिशील बनोस् ।

नवप्रज्ञापन परिवार, विशेष गरी सम्पादक नवराज रिजाललाई **नवप्रज्ञापन**को **शताङ्क** प्रकाशनको सन्दर्भमा **शाल्मलि** मासिकको तर्फबाट हार्दिक मङ्गल कामना एवं बधाई प्रकट गर्दछु । राज्य अनि पाठक; दुबैको नजरमा **नवप्रज्ञापन** को 'क' सधैँ श्रेणी कायम रहोस्, निरन्तरताका लागि हार्दिक मङ्गलमय शुभकामना छ ।

(सम्पादक/प्रकाशक
शाल्मलि मासिक)

पुष्पगुच्छा अर्पण गर्छु

• सूर्यप्रसाद लाकोजू

साहित्यिक पत्रिकारिताको मूलमर्म चेतनाको कर्म हो, उज्यालो र अझ उज्यालोको कर्म हो । नेपाली भाषा र साहित्यको फाँटमा केही गर्न सकिन्छ भन्ने अठोटका साथ साहित्यिक पत्रिकाहरू प्रकाशन हुँदै आएको विगत र वर्तमानले देखाउँछ । साहित्यिक पत्रकारिताकै कारण नेपाली भाषाको विकास र विस्तार भएको हो । यदि साहित्यिक पत्रपत्रिका हुँदैनथे

भने नेपाली भाषा र साहित्य पक्कै आजको अवस्थामा हुने थिएन ।

हुन त सीमित बजार, विज्ञापनको अभाव, समाचारमूलक पत्रिकाको तुलनामा कम पाठकजस्ता विविध कारणहरूले साहित्यिक पत्रिकाहरूको दिगोपना र स्थायित्वका लागि ठुलो चुनौती रहँदै आएको छ । नेपालको साहित्यिक पत्रकारिताको इतिहासमा कैयौँ ऐतिहासिक महत्त्वका साहित्यिक पत्रिकाहरूले कमजोर आर्थिक अवस्थाकै कारणले निरन्तरता प्राप्त गर्न सकेनन् । राष्ट्रिय स्तरकै साहित्यकार बनेका धेरै साहित्यकारका प्रारम्भिक सिर्जनाहरू प्रकाशन भएका त्यस्ता थुप्रै साहित्यिक पत्रिकाहरू आज अस्तित्वमा रहेका छैनन् । इतिहासका पानाहरूमा विलुप्त बनिसकेको अवस्था छ। अर्थात् ती इतिहास बनेका छन् ।

यी र यस्ता चुनौतीहरूसँग वर्तमान पनि अछुतो छैन । तथापि हिँड्नेहरू हिँडिरहेका छन् बसेका छैनन् । वर्तमान समयमा पनि साहित्यिक पत्रपत्रिकाहरू विविध समस्याका पहाड चढ्दै हिँडिरहेका छन् । सबैले हिँड्नुपर्छ र हिँड्छन् भन्ने हैन । यसर्थ बस्नेहरू बसेका छन् । हिँड्नेहरू अनेक अप्ठेरा र असजिलाहरूलाई पाखा लगाएर भए पनि मूल बाटोबाट हिँडिरहेका छन् अर्थात् थाकेका छैनन् । यसो भनिरहनुको अर्थ उनीहरू हिँडिरहेको देखिनु हो ।

अथक यात्री बन्दै **नवप्रज्ञापन** पनि विगत लामो समयदेखि यही कर्ममा निरन्तर लागिरहेको छ । बारा जिल्लाबाट प्रकाशित भइरहेको यस पत्रिकाले भाषासाहित्य क्षेत्रमा सक्रियताका साथ काम गरिरहेको छ । यही निरन्तर तपस्याकै कारण यसलाई **शताङ्कको** पावन अवसर जुरेको हो । यस अवसरमा म **नवप्रज्ञापन**प्रति हार्दिक बधाईका साथै अनेकौं पुष्पगुच्छा अर्पण गर्दछु ।

(सम्पादक/प्रकाशक
अक्षरमार्ग त्रैमासिक)

मनभरिको शुभकामना !

● **नानीमैयाँ अधिकारी**

नवप्रज्ञापनको सय अङ्क प्रकाशित हुन लागेको खबरले मलाई उत्साहित तुल्याएको छ । भाषा साहित्यमा रूचि राख्नेहरूका लागि यो अत्यन्तै खुसीको विषय हो । विगत ३१ वर्षदेखि प्रकाशित हुँदै आएको यसले नेपाली भाषा साहित्यलाई समृद्ध बनाउन विभिन्न विषयका विशेषाङ्कहरू पनि यथा समयमा प्रकाशित गरिरहेको छ ।

अझै अगाडि बढ्ने हो भने यस पत्रिकामा नेपाली भाषा मात्र हैन नेपालका अन्य भाषाका रचनाहरूले पनि स्थान पाइरहेका छन् । विभिन्न अङ्कमा फाट्टफुट्ट अन्य भाषाहरूका रचनाहरूले पनि ससम्मान स्थान पाइरहेका छन् यो सन्तोषको विषय हो । यसबाहेक यसका पूर्णाङ्क ८४ र पूर्णाङ्क ९६ त अझ धेरै महत्त्वपूर्ण छन् ।

पूर्णाङ्क ८४ नेपालमा बोलिने प्रमुख १० भाषाका कथाहरू समेटिएर प्रकाशित बहुभाषा कथा विशेषाङ्क हो । यसैगरी पूर्णाङ्क ९६ नेपालीय भोजपुरी साहित्य विशेषाङ्कका रूपमा आएको छ । नवप्रज्ञापनले गरेका अधिकांश कामहरू महत्त्वपूर्ण छँदै छन् तिनीहरूमध्ये पनि यी २ कामहरू अझ महत्त्वपूर्ण छन् । अन्त्यमा मधेस प्रदेशको बारा जिल्लाबाट नियमित हुँदै आएको **नवप्रज्ञापन**लाई **शतक अङ्क** प्रकाशनका लागि हार्दिक शुभकामना !

(प्रधान सम्पादक/प्रकाशक लोकभावना त्रैमासिक)

शताङ्क यात्राको साक्षी म

• **अच्युत घिमिरे**

ठ्याक्कै महिना र गते भन्न नसके पनि कुरा २०६४/०६५ तिरको कुरा हुनुपर्छ । त्यतिबेला म भर्खर काठमाडौँ आएको थिएँ । तत्कालीन चामुण्डा उमावि जोरपाटी काठमाडौँमा दुई घण्टी पिरियड बेसिसमा कक्षा ११-१२ लाई पढाउँथे । छँदा खाँदाको प्राइभेट कलेजको राम्रो जागिर छोडेर रहरले काठमाडौँ आएको थिएँ । तर मेरा लागि ती दिन सारै दुःखका थिए । जसरी भए पनि बाँच्नु त पर्‍यो नै । म त्यही ध्याउन्नमा थिएँ । उच्च माध्यमिक शिक्षा परिषद् भक्तपुरबाट कक्षा ११-१२ का कापी ल्याएर चेक गर्थें । म प्रायः २-३ दिन बिराएर त्यहाँ पुग्थें पनि ।

यसै क्रममा उच्च माध्यमिक शिक्षा परिषद् सानो ठिमी भक्तपुरमा नवराज रिजाल अर्थात् **नवप्रज्ञापन** साहित्यि पत्रिकाका सम्पादक प्रकाशकसँग पहिलोपटक गफ वा कुराकानी भएको हो । त्यसभन्दा अघि उहाँसँग साउदे कतै भेट भएको थियो होला । नढाँटी भन्छु त्यो दिनभन्दा मैले उहाँलाई चिनेकै थिइनँ । चिनाजानी भयो । जागिर, साहित्य, राजनीति र कापी कटाइ बारे केही कुराकानी भए । अनि हामी छुटियौँ ।

म अलि अन्तरमुखी र एकलकाँटे स्वभावको रहेको मेरै मूल्याङ्कन छ । तर उहाँ मभन्दा अलि बोलैया हुनुहुँदो रहेछ । उहाँले नै बोलाउनुभयो । उच्च माध्यमिक शिक्षा परिषद्को प्राङ्गणमा केहीबेर हामी गफियौँ । भेटपछि हामी नजिकैको मित्र भयौँ । त्यसबेला उहाँले मलाई नवप्रज्ञापनको कुनै अङ्क दिनुभएको थियो । हरेक भेटमा अहिले पनि म नवप्रज्ञापनका अङ्कहरू उपहार पाउने गर्छु । त्यो सिलसिला आज पनि यथावत् छ ।

उहाँ लामो समयदेखि नवप्रज्ञापन साहित्यिक पत्रिकाको सम्पादन र प्रकाशन कार्य गरिरहनु भएको छ । म उहाँको पत्रिकाले निरन्तरता पाइरहेको देखिरहेको छु । निजी क्षेत्र त्यसमा पनि एउटा व्यक्तिको

एकल पहलबाट साहित्यिक पत्रिका प्रकाशन त्यति सहज कुरा हैन। जजसले जेजे भनुन् केही छैन साहित्यिक पत्रिकाको प्रकाशन सामान्य होइन। यस्ता पत्रिकाहरू नाफाको उद्देश्यले नभै सेवाभावले प्रकाशित गरिने प्रचलन कायम छ।

मान्छेले झट्ट हेर्दा पत्रिका देख्छन् र ए छापिएछ भन्छन् तर एउटा साहित्यिक पत्रिका प्रकाशन गर्न गल्ली गौँडा चाहानु पर्छ खोलाका कति जङ्घार तर्नुपर्छ त्यो बताएर साध्य कुरा हैन। अनगिन्ती अप्ठ्याराहरू छन्, त्यो कुरा भोग्नेलाई मात्र थाहा हुन्छ। रचना सकङ्लन गर्नु आफैँ, आर्थिक जोहो गर्नु आफैँ, विज्ञापन लिन जाउआउ गर आफैँ, कतिपय विज्ञापन दाताहरूले रकम नदिएको पीडा भोग आफैँ, आम निजी क्षेत्रका साहित्यिक पत्रकारले जस्तै नवप्रज्ञापनले भोगेका भोगाइ हुन्।

यस्ता अनेकौँ भोगाइहरूसँग पौठेजोरी खेल्दै नेपाली साहित्यको विकासमा अहोरात्र लागेको लागिरहेको **नवप्रज्ञापन** १००औँ अङ्क प्रकाशनको सङ्घारमा पुगेको छ। यो सुखद अवसरमा मेरा सहयात्री मित्र नवराज रिजाललाई हार्दिक बधाई तथा शुभकामना अर्पण गर्दै भाषा साहित्यको सेवामा खटिरहेको नवप्रज्ञापनको उत्तरोत्तर प्रगतिका कामना गर्दछु।

(सम्पादक/प्रकाशक
आलेख साहित्यिक मासिक)

यात्रा जारी रहनुपर्छ

• **देवराज खरेल**

वि.सं २०५० देखि मधेस प्रदेशको बारा जिल्लाबाट प्रकाशित हुँदै आएको नवप्रज्ञान साहित्यिक पत्रिका २०७९को माघ महिनासम्म आइपुग्दा ९९ औँ अङ्क प्रकाशित गरेर १०० औँ अङ्कको तयारीमा लागेको थाहा पाउँदा अत्यन्तै खुसी लागेको छ। समाचारमूलक पत्रिकाको लागि ९९औँ अङ्क प्रकाशित थरेर १००औँ अङ्कको तयारीमा जुट्नु सामान्य विषय भए पनि साहित्यिक पत्रिकाको लागि भने यो ठुलै अवसर मानिन्छ। अर्कोतिर नेपाली साहित्यमा १०० औँ अङ्क नाघेका पत्रिकाको नामको सूची खोज्दै जाँदा सङ्ख्या त्यति धेरै नभएको पनि यस क्षेत्रमा लामो समयदेखि सक्रिय रहेकाहरूको बुझाई छ।

तीन दशक अघिदेखि नेपालीलगायत नेपालका अन्य भाषाका रचनाहरूलाई समेत् ससम्मान स्थान दिँदै प्रकाशित भईरहेको नवप्रज्ञापन निरन्तर पढ्न पाउँदा अत्यन्त खुसी लागेको छ। पक्कै हो, पत्रिका प्रकाशन गर्न त्यति सजिलो कार्य है न। यदि हुँदो हो त साहित्यिक पत्रिका यति थोरै हुने नै थिएनन्। साहित्यिक पत्रिका प्रकाशन गर्नु फलामको चिउरा चपाउनु सरह हो। कहिले प्रकाशन सामग्रीको त कहिले

आर्थिक अभाव । कहिले वितरणको त कहिले व्यवस्थापनको समस्या । यी तमाम अभाव र अप्ठेरा झेल्दा झेल्दै पनि एउटा सहयात्रीको पत्रिका १०० औँ अङ्क प्रकाशित हुनु अर्को सहयात्रीको अत्यन्तै खुसीको कुरा हो ।

साहित्यिक पत्रिकाको प्रकाशन एउटा साधना मात्र हैन कठोर तपस्या हो । विगत लामै समयदेखि म पनि यही काम गरिरहेको छु । तसर्थ साहित्यिक पत्रकारिता बारे मलाई राम्रो जानकारी छ । यसर्थ पत्रिकालाई १००औँ अङ्कसम्म पुऱ्याउने नवप्रज्ञापन परिवारलाई हार्दिक हार्दिक बधाई र शुभकामना !

(प्रकाशक/सम्पादक
हाम्रो मातृभूमि त्रैमासिक)

जय हो : नवप्रज्ञापन

● **डा. तुलसी भट्टराई**

"हेलो... दाइ, म नवराज बोल्दै छु । **नवप्रज्ञापन**को सयौं अङ्क प्रकाशित हुँदै छ । यसका लागि एउटा रचना दिनुपर्छ दाइले एक हप्ता जतिमा पाऊँ । अहिले फोन राख्दै छु ।"

मैले बोल्न नपाउँदै मोबाइल काटियो । रचना दिने तर के कस्तो कुन विषयमा लेख्ने भनेर संवाद हुन पाएन । आफ्नै मनोज्ञानले केही त लेख्नै पऱ्यो ।

मेरो विचारमा **नवप्रज्ञापन** राम्रो साहित्यिक पत्रिका हो । यसको धेरैजसो अङ्क पढेको छु । साहित्यिक पत्रकार भाइ, नवराज रिजालको निकै ठुलो परिश्रम, मेहनत र लगनशीलताका कारण नवप्रज्ञापन **सय अङ्क**सम्म पुग्न सकेको हो जस्तो लाग्छ मलाई ।

नव-नयाँ, प्रज्ञापन-जनाउ सूचना । अर्थात् समग्रमा **नवप्रज्ञापन** शब्दबाट नयाँ नयाँ कुरा सोच्न सक्ने नयाँ नयाँ कुराको बोध-चिन्तन गर्न सक्ने । मानसिक शक्ति बुद्धिमान् र गतिमान् क्षमतायुक्त आदि अर्थ खुल्दछ । साँच्चै नै नवप्रज्ञापनले यस्तो अर्थ सुहाउँदो कर्म साहित्य विकासको उत्थान कर्मको दायित्व बोकेको छ । साहित्य लेखन र कृति प्रकाशनभन्दा धेरै अप्ठ्यारो र अपजसे काम हो साहित्यिक पत्रिकाको प्रकाशन । कुनै पनि भाषा साहित्य र साहित्यकारको बौद्धिक विकासमा साहित्यिक पत्रिकाको महत्त्वपूर्ण योगदान रहँदै आएको इतिहास छ ।

नेपाली साहित्यिक पत्रिकाहरूको एक सय वर्षभन्दा बढीको सेवा र योगदान छ । सुन्दरी, माधवी, चन्द्र, उदय, शारदा, भारती आदि पत्रिकाहरू वि. सं. २००० अघि नै नाम चलेका साहित्यिक पत्रिकाहरू थिए । पछिल्लो समय प्रजातन्त्रोत्तर काल यता रूपरेखाले निकै नाम चलायो । सिउँडी पनि चलेको थियो ।

साहित्यिक पत्रिकालाई सय अङ्क पुऱ्याउनेहरू आज दश औँलाभित्रै पर्दछन्

गन्तीमा ।

सम्पादक बन्नु र पत्रिका निकाल्नु त सजिलो छ तर पत्रिकालाई स्तरीय बनाउनु र स्थायित्व दिनु लर्तरो त्याग र धैर्यको कुरा होइन । यसका निम्ति ठुलै योगदान चाहिन्छ । उदय पत्रिकाका सम्पादक काशिबहादुर श्रेष्ठको यो भनाइ करिब साठी वर्ष अघिको हो । उदयले सय अङ्क पार गरेको हो ।

दैनिक/साप्ताहिक पत्रिकाले जस्तो साहित्यिक पत्रिकाले विज्ञापन पाउँदैन । कतै पाइहाले पनि विज्ञापनको रकम उठाउन निकै गाह्रो पर्छ । विचरा ! सम्पादक कति ठाउँ हात जोड्दै धाउनु ।

उहिलेका साहित्यिक पत्रिकाले भोग्नुपरेका आर्थिक कठिनाइका कुरा आजका पत्रिकाले पनि भोगिरहेकै छन् । **रूपरेखा** जस्तो पत्रिकाले बन्द हुनुपर्‍यो । इतिहास प्रसिद्ध **शारदा** बन्द भयो धेरै वर्ष । अहिले धिपधिप चल्दै छ ।

गरिमा, **मधुपर्क** संस्थागत हुन् । त्यसको कुरै अर्को हो । जनमतलाई भने मोहन दुवालले निरन्तरता दिएका छन् । विदुर गौतमद्वारा सञ्चालित **तन्नेरी** पत्रिकाले सय अङ्क नघाएको छ । रोचक घिमिरेद्वारा रचनालाई निरन्तरता दिने काम भएको छ । यसले पनि शताङ्क पुर्‍यायो । अभिव्यक्तिले सय नघायो । पचासी कटेका नगेन्द्र घिमिरे अझै सक्रिय छन् । यी दुई साहित्यिक महारथीसँग प्रत्यक्ष भोगाइ र अनुभवको भण्डार छ र पत्रिका चलाउन कति सङ्घर्ष झेल्नुपर्छ ।

साहित्यिक पत्रिका चलाउन र निरन्तरता दिन सङ्घर्ष गर्नेहरूमध्येका किरण पुस्तकालय तम्घासका शशी पन्थी, दिन पन्थीको **हाम्रो पुरुषार्थ** सयतिर पुग्दै छ । तीन दशकअघिको साङ्ग्रिला विजय चालिसेद्वारा सञ्चालित निकै राम्रो थियो गयो बिचैमा । **उन्नयन** पत्रिका पनि ज्यादै स्तरीय थियो बन्द भयो । **कल्पतरू** निकै अगाडि बढ्दै छ । धीरकुमार श्रेष्ठको **शब्दाङ्कुर** शताङ्क यात्रा पार गरिसकेको छ । यी केही उदाहरणहरू मात्र हुन् । अन्य केही पत्रिकाहरू पनि छन् । अहिले तत्काल स्मृतिमा आएन ।

नवप्रज्ञापनले शताङ्क यात्रा पूर्ण गर्‍यो । साहित्यिक पत्रिकाहरूको सञ्चालकका निम्ति गौरवको कुरा हो । पत्रपत्रिका विशेष गरी साहित्यिक पत्रिका बिक्री हुँदैनन् । प्रायः कसैले किनिँदैनन् । सम्पादक प्रकाशकले झोलामा बोकेर बाँड्दै हिँड्नुपर्छ । हातमा राखिदिए पछि सम्पादकले पाउने कुरा ए हो ! पत्रिका निकाल्नुभएछ । ज्यादै राम्रो । हुन्छ म पढेर खबर गर्छु । पढ्छु । म त नियमित पढ्ने गर्छु तपाइँको पत्रिका । यस्तै केही वाक्य सुनेर मख्ख पर्दै सम्पादकले मौन बस्नुपर्छ ।

कसैलाई लेख-रचनाका कुरा गर्‍यो भने ए हुन्छ, म पठाउँछु तर प्रायः दुईचार पटकभन्दा पनि लेख पाउन सकिन्न । साहित्यिक पत्रपत्रिकाका निम्ति सरकारी सम्बन्धित मन्त्रालय विभाग अथवा निकायले पनि यस्तै केही सहयोग गर्दैन । एक प्रकार यो सम्पादक/प्रकाशक नितान्त व्यक्तिगत इच्छा र परिश्रमसँगै एकनिष्ठ निरन्तरतासँग सम्बद्ध छ कति खट्न सकिन्छ, समय दिन सकिन्छ । निरन्तरता त्यसमा भर पर्दछ ।

साहित्यिक पत्रिकाले नवोदित स्रष्टाहरूलाई अझ राम्रो लेखनका निम्ति उत्प्रेरित गर्दछ । कृति तयार हुनु अघि कविता, कथा, लेख रचनाहरू छापिने हुँदा स्रष्टा स्वयम्ले पनि आत्ममूल्याङ्कन गर्ने अवसर पाउँछ । सङ्ग्रह तयार पार्नु अघि आफ्ना रचनाको काटछाँट संशोधन गर्ने

अवसर पाउँछ ।

साहित्यिक पत्रिकामा भाषा, साहित्य, संस्कृति, धर्म अध्यात्म आदि विविध पक्ष र विधाका रचनाहरू छापिने हुँदा पाठकले विविध विषयको अध्ययन गर्ने मौका पाउँछ । रुचिअनुसारका सामग्री पढेर आनन्द लिन्छ । यस कारण साहित्यिक पत्रिका भनेको विभिन्न विधा मिश्रण भएको बौद्धिक खजाना हो । साहित्यिक पत्रिकाको योगदान अतुलनीय रहँदै आएको छ । रहिरहने छ सम्पादक प्रकाशकहरूको धैर्य र जाँगर नटुटेसम्म ।

नवराजजी तपाईँ आजको यस विद्युतीय साइबर संस्कार र संस्कृतिले छापा माध्यमलाई समेत आक्रमण गर्दै गरेको सङ्क्रमण समयमा पनि ठिङ्ग उभिन सक्नुभएको छ । पत्रिका चलाउन उत्साहित देखिनुभएको छ । यो उदाहरणीय पक्ष हो ।

आजका पुस्ताले त छापा माध्यमलाई ध्यान दिन छोडेको छ । अनलाइन पत्रिका युटुब, आदिका रचना खोजेर पढ्छन्, हेर्छन् । छापा पत्रिका किन खोज्नु, यतिबेला पुस्तक पत्रिका बिक्रेताहरू पनि विचलित हुन थालेका छन् । बिक्री बजार घटेको छ । कागजको मूल्य अक्कासिएकाले पुस्तक पत्रिका छाप्न गाह्रो गाह्रो भएको छ । मूल्य धेरै राख्नुपर्ने भएकाले क्रेता पाठकलाई पनि अप्ठेरो पर्छ ।

सम्पादकज्यू, तपाईँको यस **नवप्रज्ञापन**को **शताङ्क**का निम्ति एउटा लेख रचना तयार पार्ने कुरा सोच्दै थिएँ । यत्तिकै अलमलमा परेछु । यसपटक यस्तै भयो । पछि लेख्दै जाने छु । तपाइँको यो नवप्रज्ञापन निरन्तर अगाडि बढ्दै जाओस् र द्विशताङ्कतिरको यात्रा लक्ष्यका साथ ।

तपाईँको यो राष्ट्रिय सांस्कृतिक प्रेममा कुनै आघात नपरोस् । 'कर्म गर फलको आशा नगर' गीता वाणीलाई ध्यान दृष्टिमा राखेर काम गर्दै जानुपर्दछ । जय हो नवप्रज्ञापन ।

(काठमाडौँ)

नवप्रज्ञापनको शुभशताङ्क

• प्रा. डा. लक्ष्मणप्रसाद गौतम

नेपाली साहित्यमा साहित्यिक पत्रकारिताको इतिहास पुग नपुग एक शतकको हुन लागेको छ । यस अवधिमा सरकारी स्तरबाट अत्यन्त न्यून मात्रामा साहित्यिक पत्रिका प्रकाशित भएका छन् भने संस्थागत वा सामुदायिक रूपमा केही बढी प्रकाशित भएका छन् । इतिहासको गर्भमा विलीन भइसकेका र अहिलेसम्म निरन्तरता कायम भइरहेका साहित्यिक पत्रिकाहरूमा असी प्रतिशत जति व्यक्तिगत प्रयासबाट मात्र सञ्चालित, जीवित र, निरन्तर रहेको स्थितिमा 'शारदा', 'रूपरेखा' जस्ता इतिहासबद्ध पत्रिका र अहिलेसम्म जीवन्त रहेका पुराना पत्रिकाहरू 'रचना', 'अभिव्यक्ति', 'भानु', 'हाम्रो पुरुषार्थ', 'दायित्व', 'जनमत' आदि पनि

सम्पादक/प्रकाशककै प्रयासबाट जीवित छन् । यस्तै साहित्यिक पत्रिकामध्ये नवराज रिजालद्वारा सम्पादित 'नवप्रज्ञापन' एउटा विशिष्ट पहिचान बनाएको साहित्यिक पत्रिका हो । धेरै कारणबाट यस पत्रिकाले आफ्नो पृथक् अस्तित्व स्थापित गरेको छ र अहिले नेपाली साहित्यमा देखिएका धेरै साहित्यिक पत्रिकाहरूको भिडमा टाढैबाट चिनिने हुनु यस पत्रिकाको आफ्नै विशेषता र विशिष्टता हो ।

नेपाली साहित्यिक पत्रकारितामा नवराज रिजालको सक्रियता, साधना र समर्पणको पर्याय नाम हो भने त्यसको परिणति 'नवप्रज्ञापन' साहित्यिक पत्रिका हो । तीन दशकको यात्रा पूरा गरेको यस पत्रिकाले आफ्ना शताङ्क अर्थात् एक सयओटा अङ्कहरूको यात्रामा एक्काइसओटा त विशेषाङ्कहरू नै प्रकाशित गरेको देखिन्छ । कविता, कथा, लघुकथा, निबन्ध नियात्रा/संस्मरण, गीत/गजल, हाइकु, मुक्तक, समीक्षा/समालोचना आदि विभिन्न विधा-उपविधाहरूको समुन्नयन र साहित्यमा प्रवेश गर्ने, गर्न चाहने र प्रतिभाशाली स्रष्टाहरूलाई मञ्च प्रदान गरेर यस पत्रिकाले उल्लेखनीय योगदान पुऱ्याएको देखिन्छ । कुनै पनि स्रष्टाको कृति प्रकाशित भएपछि त्यसले चर्चा पाउँछ, समीक्षाहरू छापिन्छन् तर त्यसभन्दा बढी दुःख गरेर एक जना सम्पादक रचना सङ्कलन गरी निकै कष्टका साथ पत्रिका प्रकाशित गर्छ । पुस्तककै आकारप्रकारमा साहित्यिक पत्रिका छापेर लेखक र अन्य पाठकका हातहातमा पुऱ्याउने अनुकरणीय काम 'नवप्रज्ञापन'ले गरिरहेको छ । प्रेस काउन्सिलबाट 'क' वर्गको पत्रिकामा परेको यसले आफ्नो गुणात्मक मूल्य कायम राख्न सक्नु पत्रिका र यसका सम्पादकसमेत प्राप्ति हो ।

'नवप्रज्ञापन' पत्रिकाका नियमित अङ्कहरूका साथै एक्काइसओटा विशेषाङ्कहरू प्रकाशित हुनु यसको अर्को विशिष्टता हो । पूर्णाङ्क ७ लाई गजल अङ्कका रूपमा प्रकाशित गरेको यस पत्रिकाले विधागत, व्यक्तित्वपरक, क्षेत्रगत, स्थानीय भाषागत आदि विशेषाङ्कहरूमा आफूलाई वितरित गरेको छ । विधागत विशेषाङ्कका रूपमा **गजल अङ्क पूर्णाङ्क ७, गीतगङ्गा पूर्णाङ्क १३, बाल्यकालीन संस्मरण पूर्णाङ्क ४०, बालसाहित्य विशेषाङ्क पूर्णाङ्क ६०, छन्द कविता विशेषाङ्क पूर्णाङ्क ६८, लघुकथा विशेषाङ्क पूर्णाङ्क ७२, मुक्तक विशेषाङ्क पूर्णाङ्क ८०, गीत विशेषाङ्क पूर्णाङ्क ८८** रहेका छन् । यस दृष्टिले विधागत विशेषाङ्क आठओटा छन् । त्यस्तै **माधव घिमिरे अङ्क पूर्णाङ्क ११, ईश्वर ढुङ्गेलका कविता पूर्णाङ्क १४, सरुभक्त अङ्क पूर्णाङ्क १६, श्यामप्रसादका रचना पूर्णाङ्क** २७ र **भानुभक्त विशेषाङ्क पूर्णाङ्क ६४** गरी पाँचओटा विशेषाङ्कहरू व्यक्तिपरक देखिन्छन् । अनि **नारायणीका स्रष्टाहरू पहिलो भाग पूर्णाङ्क** २२, **नारायणीका स्रष्टाहरू दोस्रो भाग पूर्णाङ्क** २९, **प्रदेश २ गजल विशेषाङ्क पूर्णाङ्क** ९२ र **नेपालीय भोजपुरी साहित्य विशेषाङ्क पूर्णाङ्क ९६** गरी चारओटा विशेषाङ्कहरू क्षेत्रीय वा स्थानीय विशेषाङ्कका रूपमा रहेका छन् ।

त्यस्तै प्रवेशाङ्क, **स्वर्ण अङ्क पूर्णाङ्क ५०, स्वअभिलेख अङ्क पूर्णाङ्क** ७६ र **बहुभाषाकथा विशेषाङ्क पूर्णाङ्क** ८४ विविध विशेषाङ्कका रूपमा रहेका

छन् । प्रस्तुत अङ्क एक सय पूर्णाङ्क पूरा गरेको शताङ्कका रूपमा रहेको छ र यस विशेषाङ्कको विशेष महत्त्व देखिन्छ । एक जना व्यक्तिको प्रयासमा एक सय अङ्क नाघेका केही सीमित साहित्यिक पत्रिकाको इतिहासमा 'नवप्रज्ञापन' पनि जोडिएको छ ।

कुनै पनि स्रष्टाको सृजनायात्रा वा लेखनको आरम्भ पत्रिकाबाट हुन्छ । पत्रिकामा धेरै रचना प्रकाशित भएपछि ऊ चिनिन्छ र परिचय बनाउँछ । केही समयपछि पुस्तक प्रकाशित हुन्छ र ऊ स्थापित बन्छ । यस दृष्टिले 'नवप्रज्ञापन' ले पनि धेरै स्रष्टाहरूलाई जन्माएको छ र प्रतिष्ठित बनाएको छ । अनि विशिष्ट स्रष्टाहरूका विशेषाङ्क प्रकाशित गरेर सम्मान पनि गरेको छ । अझ खासरूपमा नारायणी अञ्चलका धेरै नवप्रतिभाहरूलाई मञ्च प्रदान गरेर चिनाउन र नारायणी अञ्चलको साहित्यिक समुत्थानमा यस पत्रिकाको योगदान अझ विशिष्ट देखिन्छ ।

साहित्यिक पत्रिकाहरू उत्साहका साथ जन्मिन्छन्, केही समय चर्चित हुन्छन् र कालान्तरमा इतिहासको गर्भमा विलीन हुन्छन् । प्रायः कमैले मात्र किनेर पढ्ने साहित्यिक पत्रिकालाई व्यक्तिगत प्रयासमा निरन्तरता दिनु, विभिन्न विशेषाङ्कहरू प्रकाशित गर्नु र शताङ्कसम्मको यात्रा पूरा गर्नु आफैमा उल्लेखनीय कुरा हो । तीस वर्षसम्मको अनवरत साधना, त्याग र समर्पणका लागि 'नवप्रज्ञापन' का सम्पादक/प्रकाशक, विविध विधाका स्रष्टा एवं कुशल कथाकार नवराज रिजाललाई शताङ्क प्रकाशनको अवसरमा हार्दिक बधाई । 'नवप्रज्ञापन' को यस शुभशताङ्कले अब धेरै धेरै **शताङ्क**हरूको निरन्तर यात्रा गरोस् र नेपाली साहित्यिक पत्रकारिताको इतिहासमा विशिष्ट पहिचान बनाओस्, शुभशताङ्क प्रकाशनका अवसरमा हार्दिक शुभाशंसा प्रकट गर्दछु ।

(त्रिभुवन विश्वविद्यालय
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौँ)

नवप्रज्ञापनसँग पहिलो भेट

• माया ठकुरी

"दिदी नमस्कार" यो स्वर मेरो कानमा पऱ्यो । टेम्पो चढ्ने र ओर्लनेहरूको भीड थियो । त्यो शब्द कसले कसलाई भनेको हो, मैले ख्याल गरिनँ । यो स्थान रत्नपार्क थियो र म आफू चढेर आएको टेम्पोबाट ओर्लिएर उसलाई भाडा दिँदै थिएँ । कुनै कार्यक्रममा भाग लिन प्रज्ञा प्रष्ठिानमा जानु थियो । अलिकति अगाडि के बढ्न खोज्दै थिएँ । नजिकै उभिएका युवाले मेरो हातमा नवप्रज्ञापन राखिदिनु भयो ।

यो पत्रिकाको ३०औँ अङ्क थियो । “अनि तपाई ?” मैले उहाँतिर सोधेको थिएँ । म नवराज रिजाल उहाँले हात जोड्दै भन्नुभएको थियो । “ए ए, ल चिनेँ” मैले भनेको थिएँ । नवप्रज्ञापन बारा जिल्लाबाट प्रकाशित हुने एउटा साहित्यिक पत्रिका हो र नवराज रिजाल त्यसका सम्पादक/प्रकाशक हुनुहुन्छ भन्ने जानकारी मसँग थियो । तथापि हामीबिच भेटघाट थिएन । त्यसपछि अघिको नमस्कार भाइले मलाई नै गर्नुभएको रहेछ अनुभूति भयो । एकछिन सँगसँगै हिँड्यौँ । हाम्रो बाटो छुट्टियो ।

उहाँ बागबजार पुग्नु छ भनेर हिँड्नु भयो । मैले प्रज्ञा प्रतिष्ठानको बाटो सोझ्याएँ । अब यदाकदा भेट हुन थाल्यो । ३१औँ अङ्क मेरो हात परेपछि मैले उहाँलाई मेरो घरमा निम्त्याएँ । तर आउनु भएन । ३२ औँ अङ्क हात परेपछि फेरि निम्त्याएँ । आफू अलि टाढा बस्ने कुरा बताउनु भयो । प्राध्यापन गर्नुहुँदो रहेछ । कुनै समयमा म पनि शिक्षण पेशामा नै थिएँ, त्यो स्मरण भयो । साहित्यिक पत्रिकाको प्रकाशन अलि कठिन काम हो भन्ने मेरो बुझाइ छ । निरन्तरताको यसलाई केही सहयोग गर्न पाए हुन्थ्यो, म बेला बेलामा सोच्ने गर्थें । ३३औँ अङ्क हात परेपछि मैले भाइलाई घरमा पुनः बोलाएँ । उहाँ ३४औँ अङ्क लिएर आउनु भयो ।

नेपालका साहित्यिक पत्रपत्रिकाहरू, यिनीहरूका अवस्था, बिक्री वितरणको स्थिति आदि बारे विविध कुराकानी भयो । यसको “आजीवन सदस्य बनाऔँ” मैले प्रस्ताव राखेँ, “पछि कुरा गरौँला दिदी, अहिले नगरौँ” यति भनेर उहाँ बाटो लाग्नु भयो । एउटा कार्यक्रममा ३५औँ अङ्क दिनु पनि भयो । पुरानो कुरा सम्झाएँ । केवल हाँस्नु भयो, कुनै प्रतिक्रिया दिनु भएन । साहित्यिक पत्रिका जोगिए मात्र साहित्य फस्टाउँछ भन्ने कुरामा विश्वस्त थिएँ । यसर्थ भाइलाई त्यसले पनि सहयोग गर्छ भनेर सम्झाउँथेँ । तर उहाँ आलटाल गरिरहनुभएको थियो ।

“दिदी पत्रिकाले त लेखकलाई पारिश्रमिक दिनुपर्ने हो, तर हामी असमर्थ छौँ, यसर्थ उहाँहरूलाई आजीवन सदस्य बनाएर कसरी पैसा लिनु ? म त सक्दिनँ” एक दिन भाइले मुख खोल्नु भयो । “हो भाइ, तपाईँले भनेको यथार्थ हो, तर यथार्थ पनि समय, परिस्थिति र स्थानअनुसार हुन्छ । पत्रिका ३५औँ अङ्क प्रकाशित भइसकेको छ । मैले सबैलाई यसरी भनेको छैन र भन्न पनि सक्दिनँ । म दिदी हुँ, मेरो कुरामा आनाकानी नगर्नुहोस् । मेरा साथीहरूलाई तपाईँ हैन म भन्छु” मैले यसरी भाइलाई सम्झाएको थिएँ ।

३६औँ अङ्कदेखि आजीवन सदस्य बनाउन लागेको यो पत्रिकाको पहिलो आजीवन सदस्य म हुँ । “पत्रिकालाई यहाँले निरन्तरता दिनु हुने छ, भन्नेमा म विश्वस्त छु । मलाई यसमा कुनै शङ्का छैन । तसर्थ धक नमान्नोस् भाइ” मैले यसो पनि भनेको थिएँ । भाइ खिस्स हाँस्नुभएको थियो । भाइले मेरो कुरा बुझिदिएकोमा म उत्साहित् भनेको थिएँ । २०६२ को वैशाखमा ३० औँ अङ्क प्रकाशित नवप्रज्ञापन २०८० को वैशाखमा १००औँ अङ्क प्रकाशित भएको छ । यसले मलाई अत्यन्तै खुशी बनाएको छ । पत्रिकाको प्रकाशनले निरन्तरता पाइरहोस् र नेपाली लगायत नेपालका अन्य भाषा साहित्यको विकासमा योगदान गरिरहोस् म नवप्रज्ञापनलाई हार्दिक बधाईसहित नव वर्ष २०८० को मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

(धोबिघाट, ललितपुर)

हार्दिक शुभकामना

• **भागीरथी श्रेष्ठ**

नवप्रज्ञापन साहित्यिक पत्रिकाले साहित्यको विविध विधामा कलम चलाएर भाषा साहित्यको उन्नयनका लागिरहनु भएका साहित्यकारहरूलाई प्रेम अनि सेवा गर्दै एउटा सफल यात्रा गरिरहेको छ । यसका लागि सम्पादक भाइ नवराजको अथक प्रयास र धैर्यता तथा साहित्यप्रतिको अनुरागले काम गरिरहेको छ । अत्यन्तै मिलनसार र आत्मीय भाइ नवराजको आग्रहलाई मेरो अन्तरमनले अस्वीकार गर्न सकेन । यसर्थ आफ्ना मनमा लागेका केही कुराहरू व्यक्त गर्न पाउँदा खुसी लागिरहेछ।

साहित्यिक पत्रिका प्रकाशन गर्नु त्यति सहज र सरल कुरा पक्कै छैन । यसका लागि धेरै अप्ठेरा, असजिला र कठिन बाटाहरू हिँड्नु पर्ने हुन्छ । ती सब कुराहरूलाई बिर्सिएर नवप्रज्ञापन निरन्तर हिँडिरहेको छ र साहित्यका विविध विधाका स्वादहरू पस्किरहेको छ । कहिले लघुकथा, कहिले बहुभाषा कथा, कहिले कविता, कहिले गजल, कहिले मुक्तक र कहिले गीत लगायत विविध विशेषाङ्कहरू प्रकाशन गर्नु यसको खास विशेषता हो । यसले धेरै नवप्रतिभाहरूलाई स्थान दिएर उनीहरूको साहित्यिक उन्नयनको लागि सार्थक भूमिका पनि निभाएको छ ।

नवप्रज्ञापन सय अङ्कमा पुगेको छ । एउटा साहित्यि सय अङ्कसम्म पुग्नु अत्यन्तै सुखद् पक्ष हो । पत्रिकाप्रतिको सम्पादक भाइ नवराजको समर्पण र प्रेमलाई प्रशंसा गर्न चाहन्छु । भाइको सक्रिय पाइलाहरू नरोकिउन् । पत्रिकालाई अझै विशिष्ट बनाउँदै लैजाने क्रममा पाइलाहरू अघि अघि बढिरहुन् । नवप्रज्ञापनले नयाँ आवाज, नयाँ स्वाद र नयाँ विम्ब निरन्तर दिइरहन सकोस् । पत्रिकाको सफलताको हार्दिक शुभकामना र बधाई ।

(बूढानीलकण्ठ, काठमाडौँ)

शताङ्कको शुभकामना

• **श्रीओम श्रेष्ठ 'रोदन'**

खुसी लाग्छ, साहित्यिक पत्रिकाको शताङ्क प्रकाशन हुँदा । हामी पाठक, शुभचिन्तकहरूलाई नै खुसी लाग्ने विषयमा सम्बन्धित सम्पादक, प्रकाशक र पत्रिका परिवारलाई कति गौरबको अनुभव हुँदो हो, यो सहजै अनुमान गर्न सकिन्छ । सामान्य अर्थमा पत्रिकाको सय अङ्क निस्कनु ठुलो कुरो पनि हैन । तर नेपाली साहित्यिक पत्रकारिताको इतिहासदेखि वर्तमानसम्मको

अध्ययन गर्ने हो भने साहित्यिक पत्रिकाको सय अङ्क निस्कनु ठुलो उपलब्धि र सफलता हो । एक प्रकारले भन्दा कठिन र चुनौतीपूर्ण यात्रा पार गरेर सर्वोच्च शिखर पुगे जत्तिकै खुसीयाली हो । यो शिखरको सफल यात्राका लागि **नवप्रज्ञापन** साहित्यिक पत्रिका, सम्पादक/प्रकाशक तथा पत्रिका परिवारलाई म अनन्य बधाई र हार्दिक शुभकामना व्यक्त गर्दछु ।

नेपालमा साहित्यिक पत्रिका प्रकाशन गर्नु नै चुनौती स्वीकार गर्नु हो । निरन्तर निकाल्न सक्नु निकै कठिन काम हो । स्तरीय निकाल्न सक्नु झन् झन् गाह्रो काम हो । साहित्यिक पत्रिका निकाल्नलाई रहर र पैसाले मात्र सम्भव हुँदैन । यसका लागि साहित्यिक चेतना, पत्रकारिताको ज्ञान, आर्थिक स्रोत र त्योभन्दा धेरै आँट हुन जरुरी हुन्छ । आँट पनि कहिले कमजोर नहुने र नमर्ने हुनुपर्छ ।

लगनशीलता, शालीनता, हार्दिकता र संयमता पनि पत्रिका नेतृत्व गर्नेमा हुनुपर्ने गुण हो । यस दृष्टिले नेपाली साहित्यिक पत्रकारिता गर्नेहरू बहादुर हुन् । दुई हात माथि उठाएर ताली बजाएर सम्मान गर्नुपर्ने बहादुर । थोरै बहादुरमध्येका बहादुर हुनुहुन्छ नवराज रिजाल । हार्दिक सम्मान छ शताङ्कका लागि तपाईलाई ।

एक सय पच्चीस वर्षको प्रकाशन अभिलेख छ साहित्यिक पत्रकारिताको । यसको इतिहास नेपालकै जेठो पत्रकारिताको छ । वर्षले निकै गौरवको बनेको छ । साहित्य र साहित्यिक पत्रकारिता सामाजिक रूपान्तरणको एउटा पक्ष पनि मानिन्छ । साहित्यले मानिसलाई चेतनशील बनाउन र संस्कारित बनाउन सहयोगी भूमिका निर्वाह गरेको पनि भनिन्छ । हो, यति महत्त्वपूर्ण क्षेत्र भएर पनि साहित्यिक पत्रकारिता आजसम्म न संस्थागत हुन सकेको छ न व्यावसायिक नै ।

सय वर्षअघि साहित्यिक पत्रकारिता प्रकाशन गर्ने सम्पादक र प्रकाशकको पीडा आजसम्म पनि जस्ताको तस्तै छ । हिजोका गुनासा अहिले पनि त्यसरी नै गरिरहनुपरेको छ । इतिहास साक्षी भएको एक उदाहरण हेरौँ । वि.सं. १९७३ मा भारतको खर्साङबाट पारसमणि प्रधानको सम्पादनमा प्रकाशित **चन्द्रिका** मासिकको आह्वानलाई हेरौँ- *"जबसम्म भाषाको उन्नति हुँदैन, तबसम्म कुनै प्रकारको उन्नति हुँदैन । त्यसकारण नेपाली बन्धु हो, सहयोग गर्नुहोस् ।"*

वि.सं. १९९१ मा सुब्बा रिद्धिबहादुर मल्लले प्रकाशन गरेको 'शारदा' ले भोग्नुपरेको पाठकको अभाव, विज्ञापनको समस्या, वितरणको समस्या, सरकारी नीतिको उपेक्षा अहिले पनि जस्ताको त्यस्तै छ । **शारदा** पत्रिकाको १९९२ को मङसिर-पुस अङ्कमा प्रकाशित सम्पादकीयको दुई अंशलाई हेरौँ - *"यहाँ त लड्दै-पड्दै, होस्टे हैँसे गर्दै शारदा माताको स्तुति गर्नु पो परेको छ - व्यापार गर्न होइन । मानिसमा लोभ हुनु एउटा साधारण कुरो हो, सम्भवतः शारदाका सञ्चालकहरूमा पनि लोभको केही अंश होला तर पत्रपत्रिकाहरूका सञ्चालनसम्बन्धी कुराको अलिकति पनि अनुभव राख्नेले, शारदाको अहिले जुन अवस्था छ, त्यस अवस्थामा नोक्सानदेखि बाहेक केही लाभ होला भन्ने भुल गर्न सक्तैनन् । विज्ञ सहृदयी पाठकहरूका अघिल्तिर पोल्टो थापेर भीक (चन्दा) माग्नु हाम्रो कर्तव्य हो, कुनै सूरतले पत्रको प्राण बचाइराख्नु हाम्रो कर्तव्य हो । यसदेखि बर्ता शारदाको उन्नति र अवनति पाठकहरूकै हातमा छ ।"*

यसबाट के स्पष्ट हुन्छ भने सरकारी नीति साहित्यिक पत्रकारिताप्रति कहिल्यै

सकारात्मक भएको छैन । यो नीतिगत कुरा हो । त्योभन्दा ठुलो विडम्बना हामी आफै भएका छौँ अर्थात् लेखक साहित्यकारहरू नै । एक शताब्दीभन्दा बढी समयमा जनसङ्ख्यासँगै लेखक कविहरूको सङ्ख्या अकल्पनीय रूपमा वृद्धि भएको छ । तथापि आजसम्म पनि हामी पत्रिकाको पाठक बन्न सकिरहेका छैनौँ । यो सबैभन्दा गम्भीर र दुखद पक्ष नै हो ।

सबैलाई थाहा छ साहित्यिक पत्रिका प्रकाशन गर्नु भनेको One Man Army हुनुजस्तै हो । लेखक कविलाई परिचित र स्थापित गराउने साहित्यिक पत्रिका नै हो तर पनि किनेर पढ्नै खोज्दैनौँ । सम्पादकले हातैमा ल्याएर सित्तैमा दिएको पत्रिका पढ्ने बानी हामीलाई परेको छ । साहित्यिक पत्रिका भनेकै निःशुल्क पढ्ने पत्रिका हो भन्ने कुरा हाम्रो दिमागमा बसेको छ । यसका समस्या हामीलाई थाहा नभएको पनि होइन । साहित्यिक पत्रिका निकाल्नु रहर हो बाध्यता होइन । सम्पादक प्रकाशकले गाँस काटेर पत्रिका निकालिरहेका छन् र हामी खर्च नगरीकन मजाले पढिरहेका छौँ । साहित्यिक पत्रकारिताको विकास गर्ने हो भने सबैभन्दा पहिला यो प्रवृत्तिमा नै परिवर्तन हुनु पर्दछ ।

अन्त्यमा, सम्पादक प्रकाशक नवराज रिजाल आफैमा सिद्धहस्त साहित्यकार हुनुहुन्छ । पत्रिकाका लागि प्रतिबद्ध र त्यागी हुनुहुन्छ । नत्र तीस वर्षदखि कसरी निकालिरहन सक्नुहुन्छ बारा जिल्लाबाट यो पत्रिका ? नयाँ वर्ष असीको पहिलो महिनामा **नवप्रज्ञापन**को शताङ्क प्रकाशन गर्नसक्नु पत्रिकाको लागि मात्र नभएर साहित्यको विधागत उन्नयन र साहित्यिक पत्रकारिताका लागि पनि विशेष र उपलब्धिमूलक बनेको छ ।

नेपाली साहित्यका लागि यति महत्त्वपूर्ण योगदान पुऱ्याउन सफल **नवप्रज्ञापन**का आगामी अङ्क अझ विशेष बन्दै जान सकोस् । यसका लागि साहित्यकार तथा साहित्यिक पत्रकार नवराज रिजालको त्याग, समर्पण र प्रतिबद्धताको उच्च प्रशंसा गर्दै शताङ्कको शुभकामना व्यक्त गर्दछु ।

(झम्सीखेल, ललितपुर)

साहित्यिक पत्रिकाहरूमा नवप्रज्ञापन

• राममणि ढुङ्गेल

नेपाली साहित्यिक पत्रिकाको इतिहास केलाउँदा 'शारदा' र 'सुधासागर' मात्र भनेर पुग्दैन । त्यसका लागि मोतीराम सम्झँदै बनारस र 'गोर्खा भारत जीवन' सम्म पुग्नुपर्छ । नेपाली भाषाका पुराना पत्रिकाहरू, सुधासागर, माधवी, सुन्दरी, गोर्खेखबर, तरुण गोर्खा आदि हुन् । धेरै पत्रपकिाहरू प्रकाशनमा आए पनि थोरै पत्रिकाहरू मात्र जीवित हुन सकिरहेका छन् ।

कतिमय पत्रिका केही अङ्क प्रकाशन ल्याएर बन्द भएका छन् भने केही नियमित

प्रकाशनको क्रममा पनि छन् । पछिल्लो समय प्रकाशनमा रहेका पत्रिकाहरू अन्तर्बोध, अन्तर्ध्वनि, अक्षय अक्षर, अक्षरमार्ग, अक्षलोक, अक्षयज्ञान, अभिनव, अभियान, अभिव्यक्ति, आलेखन, आँजुर, उदय, उदय मञ्जरी, उन्नयन, कपन वानेश्वर, कल्पतरू, कविता, कालीको सुसेली, कौशिकी, गरिमा, गुगुल्डी, गोलसिमल, गौरी, चेतना सन्देश, जनमत, जमघट, ज्याम्दीखोलाको तरङ्ग, तन्नेरी, दायित्व, दोभान, नवप्रज्ञापन, नवमाधुरी, नारी स्वर, मधुपर्क, महामण्डल, रचना, रजस्थल, रूपायन, लहरा, लोकभावना, वनिता, वैजयन्ती, शब्दसंयोजन, शब्दाङ्कुर, शारदा, शाल्मली, शिवपुरी सन्देश, शृङ्खला, सगुन, सङ्गम अभियान, सचेतना, समकालीन साहित्य, सुलेख, हरचाली, हाम्रो पुरुषार्थ, हाम्रो पूर्णिमा, हाम्रो मातृभूमि, हिमाली गुराँस, हिमाली सौगात, आदि छन् ।

नेपाली साहित्यिक पत्रिकाहरूको लाममा नवप्रज्ञापन छुट्टै पहिचानका साथ तीस वर्षदेखि नियमित प्रकाशन हुँदै आएको एउटा पत्रिकाको नाम हो । नेपाली साहित्यका अधिकांश पाठकहरूले यसको नाम पक्कै पनि सुनेका छन् मेरो ठम्याई छ । अर्थात् यसको प्रज्ञापन गरिरहनु पर्दैन । आजसम्म नवराज र नवप्रज्ञान एकसाथ हिँडिरहेका छन् । यो हिँडाइले के पुष्टि गर्छ भने यी भविष्यमा पनि दुवै एक साथ हिँडिरहने छन् । यो खुसीको कुरा पनि हो । सँगसँगै हिँडिरहनुको अर्थ नेपाली साहित्यिक पत्रकारिता अझै झाङ्गिनु फैलनु हो ।

विगत तीस वर्षदेखि प्रकाशित भइरहेको नवप्रज्ञापनको निरन्तरका लागि परिश्रम खर्चने व्यक्ति रिजाल यसका सम्पादक/प्रकाशक पनि हुन् । यसैले त नवप्रज्ञापन भन्ने बित्तिकै नवराज रिजाल र नवराज रिजाल भन्ने वित्तिकै नवप्रज्ञापनको नाम हरेक मन मस्तिष्कमा आउने गर्छन् । साहित्यका विभिन्न विधाहरूमा कलम चलाउने उनी मूलतः कथाकार हुन् । यसका अलावा उनी सफल सम्पादक पनि हुन् ।

नेपालमा साहित्यिक पत्रिका प्रकाशन गर्नु सहज छैन । सहज भई दिएको भए देशभरबाट नियमित प्रकाशित हुने साहित्यिक पत्रपत्रिकाहरू पाँच दर्जनको हाराहारीमा मात्र सीमित हुने थिएनन् । समाचारमूलक पत्रपत्रिकाहरू झन्डै एक हजारको छेउछाउमा हुने ठाउँमा साहित्यिक पत्रपत्रिकाहरू पाँच दर्जन हाराहारी हुनु पक्कै पनि सन्तोषको विषय हैन । यसले हाम्रो औकात कस्तो रहेछ भन्ने कुरा पुष्टि गर्छ । झन् त्यसमाथि निजी प्रयासमा निकाल्नु भनेका त झन् फलामको च्युरा चपाउनु जत्तिकै हो । तर नवराज रिजाल थाकेका छैनन् । आफ्नो कर्ममा लागेको लाग्यै छन् । उनको यो कर्मले के पुष्टि गर्छ भने साहित्यप्रति अत्यन्तै बफादार छन् ।

संस्थागतरूपमा पत्रिका निकाल्दा केही सहज हुन सक्ला तर निजीस्तरमा पत्रिका प्रकाशन गर्दा विभिन्न समस्यासित जुधिरहनुपर्ने हुन्छ । नामका लागि तँछाडमछाड गर्ने, काम गर्नेबेला पछि हट्ने प्रवृत्ति समाजमा यत्रतत्र मौलाएको छ । पत्रिकामा धेरैको नाम भए पनि खटिनेहरूको सङ्ख्या अत्यन्तै थोरै हुन्छ र तिनै थोरै मध्येका एउटा पात्र हो नवप्रज्ञापन । सरसर्ती हेर्दा धेरै जना संलग्न भएको देखिए पनि खास खटिने एक या दुई जना मात्र हुन्छन् र तिनै एक वा दुई जना मध्येका एक जना नवराज रिजाल ।

जुनसुकै पत्रपत्रिकाको निम्ति पनि आर्थिक अभाव प्रमुख समस्याको रूपमा

हुन्छ । अनि पत्रिका प्रकाशनपछि बिक्री वितरणको सम्भावना ज्यादै न्यून रहन्छ । यसर्थ विज्ञापनबाट खर्च धान्नु पर्ने समस्या टड्कारो रूपमा देखिन्छ । साहित्यिक पत्रिकाका लागि विज्ञापन सङ्कलन गर्न पनि उत्तिकै कठिन । पहुँचका आधारमा मात्र विज्ञापन प्राप्त हुन सक्ने अर्को यथार्थ छ। प्रकाशन योग्य स्तरीय सामग्रीको अभाव अर्को समस्याको रूपमा हुन्छ । यति गरेर प्रकाशन गरिएको पत्रिका निःशुल्क वितरण गर्नु पर्ने अर्को कटु यथार्थ विद्यमान छ । यी र यस्ता चुनौतीहरूसित पौँठाजोरी खेल्दै नवप्रज्ञापनले सय अङ्कको कोसेढुङ्गा स्पर्श गरेको छ ।

यसका लागि यसका सम्पादक/प्रकाशक नवराज रिजाललाई धन्यवादका पात्रभन्दा कुनै अर्घेल्याइँ नहोला । सय अङ्कसम्मको मात्र नभएर कायम गर्न सकेको गुणस्तरीयता यसको पहिचान बनेको छ । साथ साथै विभिन्न विषय केन्द्रित विशेषाङ्कहरू प्रकाशन गरेर धेरैबाट धन्यवाद पनि बटुलेको छ । यसले पाठकमाझ वाहवाही बटुलेको छ । नवप्रज्ञापनको सय अङ्क प्रकाशनको यस घडीमा नवप्रज्ञापनले अझै गुणस्तरीयता र नियमितता प्राप्त गर्दै हजारौं हजार अङ्क प्रकाशन गर्न सकोस् शुभकामना ।

(कटुन्जे, भक्तपुर)

सम्पादकीय जादुयी लेखनको निरन्तरताको कामना

• **श्याम रिमाल**

पत्रिकाको सम्पादकीय त्यसको मुटु मानिन्छ । कुनै पनि पत्रिकाको आफ्नै गृहनीति, विदेशनीति, अर्थनीति आदि हुन्छ भनेर पत्रकार अनिरुद्ध श्रीकृष्ण गौतमका मुखबाट कुनै बेला सुनेको थिएँ । तैपनि सम्पादकीय पढ्न खासै रुचि लाग्दैनथ्यो । सम्पादकीय लेखनले पत्रिकाको स्तर मापन गर्दो रहेछ भन्ने चाहिँ चाल पाइसकेको थिएँ । दैनिक पत्रिकाले बेलाबेलामा कडा सम्पादकीय लेखेका छन् । सम्पादकीय लेखन एउटा कला नै हो । त्यसैले दैनिक वा साप्ताहिक पत्रिका गृहहरूमा सम्पादकीय लेख्न विशेष सहकर्मीलाई अह्राइन्छ । तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला समसामयिक घटनाहरू बुझ्न सम्पादकीय वा पत्रिकाको शीर्षक मात्र पढ्थे वा पढ्न लगाउँथे भन्ने सुनेको छु ।

मैले पनि बेलाबखत साप्ताहिक वा साहित्यिक पत्रिकाको सम्पादकीय लेखेको छु। लेख्न गाह्रो भए पनि समय मिलेमा लेख्न

मजै हुन्छ । भारतको 'हिन्दूस्तान टाइम्स' को सहप्रकाशन सामाजिक सांस्कृतिक विषयमूलक 'कादम्बिनी' लोकप्रिय भएको सम्पादक राजेन्द्र अवस्थीको 'कालचिन्तन' स्तम्भले नै हो। त्यसले मृत प्रायः पत्रिकालाई सास हालेको थियो । सोही स्तम्भले गर्दा अवस्थीले असीम लोकप्रियता पाएका थिए। उनको कुशल सम्पादनले पत्रिकाको बिक्रीको अभिलेख तोडिदिएको थियो । आफैँ साहित्यकार अवस्थी 'कालचिन्तन' मा आत्मा, परामात्मा, रहस्य, रोमान्स, रत्नआभूषण, तन्त्रमन्त्रयन्त्र, सिद्धि आदि विषयमा गहिरो खोज, अनौठो विश्लेषण र अद्‌भुत तार्किकता पेस गर्थे ।

उनी सहजताका साथ पाठकको दार्शनिक उल्झनलाई सुल्झाएर राखिदिन्थे। एकएक शब्द सूत्रात्मक रूपमा नापेर, जोखेर, जाँचेर, पारख गरेर लेखिएको हुन्थ्यो । त्यसमा उनको अथाह अनुभवको गहिराइ प्रकट हुन्थ्यो। सन् १९६० मा प्रकाशन सुरु भएको साहित्य, संस्कृति, स्वास्थ्य, विज्ञान, मनोरञ्जनका सामग्री समेटिने सो मासिक पत्रिकाको अनौठो र अद्‌भुत विशेषाङ्क पनि निकाले जो गम्भीर पाठकका सङ्ग्रहका रूपमा हुन्थे । अवस्थी सन् २००९ मा बितेपछि पत्रिका सन् २०२० सेप्टेम्बरसम्म प्रकाशन भएर बन्द भयो। त्यसमा स्थापित नेपाली साहित्यकारका रचना हिन्दीमा प्रकाशित हुन्थे । धेरै नेपाली साहित्यकार तथा पाठक त्यसको नियमित ग्राहक थिए।

मेरा केही कविता, निबन्ध र अन्य समसामयिक लेखरचना दैनिक, साप्ताहिक, पाक्षिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक पत्रपत्रिकाहरूमा प्रकाशन भएका छन्। नेपाली पत्रिकाहरूमा मैले सम्पादकीय लेखनमा अलि फरकपन महसुस गरेको ' शारदा', 'नवप्रज्ञापन' र 'जनमत' हो । सम्पादक विमल भौकाजीले 'शारदा' मा कुनै एक विशेष विषय समातेर कवितात्मक सम्पादकीय दिन्छन् । 'जनमत'ले पनि सूत्रात्मक लेखन दिने गरेको लाग्छ। यस्ता लेखनले पाठकलाई बेग्लै स्वाद दिन्छन् ।

साहित्यिक पत्रिकाको भिडमा ' नवप्रज्ञापन'ले सूत्रात्मक रूपमा लेख्ने गरेको जादुयी सम्पादकीयमा मेरो जस्तै अन्य पाठकको पनि आँखा परेको हुनुपर्छ। कुनै व्यक्ति वा संस्था कसैको नाम नलिईकन छोटा छोटा शब्द, शब्दावलीमा बढीमा दुई तीन विषयमा लेखिने सम्पादकीय अन्यका लागि पनि अनुकरणीय छ । समसामयिक विषयमा लेखिएका यी मौलिक शैलीका सम्पादकीयले ठोक्नुपर्नेलाई ठोकेका छन् र बोक्नुपर्नेलाई बोकेका छन् । त्यसमा विचार, चिन्तन, कल्पना र व्यङ्ग्यहरू पाइन्छन् । सम्पादक।प्रकाशक रिजालकै हस्ताक्षरसहितको यस्तो लेखन सबै अङ्कमा नहुँदा भने आश्चर्य नलागि छाड्दैन। एउटा शैली बनाइसकेपछि हरेक अङ्कमा नियमितता दिनुपर्ने जरुरी ठान्छु। नत्र मौलिकता नहुने भएकाले भविष्यमा निरन्तरता दिन आग्रह गर्दछु।

म अन्त्यमा आइपुगेको छु । ३० वर्ष हिँडेर ९९ अङ्क प्रकाशित गरेको **नवप्रज्ञापन**को ३१औँ वर्ष प्रवेश र शताङ्क प्रकाशन एकसाथ हुँदै छ। यो काम सानो धैर्य र मेहनतले हुन सक्दैन । यसर्थ यसका निम्ति नवप्रज्ञापन परिवारलाई शुभकामना दिँदै भविष्यमा पनि यसको निरन्तरताको कामना गर्दछु।

(विदुर-८, नुवाकोट)

नवप्रज्ञापनप्रति हार्दिक नमन !

• **अमृत योन्जन-तामाङ**

नवप्रज्ञापनको सयौँ अङ्क ! साहित्य जगतमा यो एउटा विशेष उपलब्धि हो । साहित्यिक पत्रिका एक सयौँ अङ्कसम्म प्रकाशित हुनु चानचुने कुरो होइन । यो सम्पादन जगत्का सबैलाई थाहा भएको कुरो हो- लेख-रचना सङ्कलन तथा अर्थको जोहो गर्नु असजिलो काम हो । यस सन्दर्भमा सम्पादक नवराज रिजालको अथक प्रयासलाई अभिवादन गर्नै पर्छ । नवराजजी अभिवादन !

अझ प्रस्ट भनौँ म यस पत्रिकाको नियमित पाठक होइन । साहित्यको गहन पाठक पनि होइन । मेरो झुकाव भाषाप्रति छ । विशेषगरी अझ मातृभाषाप्रति । भनौँ न भाषाको संरचनाप्रति र मातृभाषामा शिक्षाप्रति । म मूलतः मातृभाषाको अभियन्ता र भाषिक समान अधिकारको पक्षधर हुँ । म बहुभाषिक नीतिको वकालत पनि गर्ने गर्छु ।

नवप्रज्ञापनले बेलाबेलामा विभिन्न मातृभाषाका सामग्रीहरू छाप्ने गर्दछ । यसप्रति मेरो ध्यान जानु स्वाभाविकै हो । यस पत्रिकाको ८४ **औँ अङ्क बहुभाषा कथा विशेषाङ्क**का रूपमा प्रकाशित भएको छ । यहाँभित्र नेपाली भाषाका अतिरिक्त मैथिली, भोजपुरी, अवधि, बज्जिका, थारू, तामाङ, नेपाल भाषा, मगर र डोट्याली भाषाका कथाहरू मातृभाषामा नै छापिएका छन । यस अङ्कमा प्रत्येक भाषाका ५ देखि ७ ओटासम्म कथाहरू समावेश छन् । सम्बन्धित सबै भाषाका साहित्य र साहित्यकारका परिचयात्मक लेख पनि समावेश छन् ।

यसै गरी पत्रिकाको **९६औँ अङ्क नेपालीय भोजपुरी साहित्य विशेषाङ्क**का रूपमा प्रकाशित भएको छ । मलाई लाग्छ यो निकै उदार हृदयको प्रतिफल हो । यसैको लागि मैले माथि नै सम्पादकजीलाई अभिवादन गरेको हुँ । यो पनि प्रस्ट पारी दिऔँ कि नवराजजीको दोस्रो भाषा भोजपुरी हो । यति मात्र होइन, नवराजजीले नवप्रज्ञापनका प्रायः जसो सबै अङ्कहरूमा कुनै न कुनै मातृभाषाका साहित्य सामग्री पस्कने पनि गर्नुभएको छ ।

नवप्रज्ञापनका विभिन्न अङ्कहरूमा तामाङ भाषाका सामग्रीहरू पनि एक दर्जनभन्दा बढी प्रकाशित भएको हुनुपर्छ भन्ने मेरो अनुमान छ । सम्पादकजी मातृभाषाका सामग्री प्रकाशन मात्र गर्दैनन् त्यस्ता सामग्रीका लागि लेखक तथा कविहरूलाई हुट्हुटी पनि लगाउने कार्यमा पनि उत्तिकै सक्रिय देखिन्छन् । पत्रिकाको सयौँ अङ्कमा प्रकाशित विभिन्न लेखक तथा तिनीहरूका लेख-रचनाहरूको विवरणले मेरो कुराको

पुष्टि गर्ने छ ।

नेपालको संविधान (२०७०) ले परिकल्पना गरे झैँ अर्थात् हाम्रो राष्ट्रिय गीतले 'सयौँ थुङ्गा फूलका हामी' भनेर भने झैँ नेपाललाई बहुभाषिक मुलुकमा परिणत गर्न नवराजजी दिलो ज्यानले लागि परेका छन् । संविधानप्रति उनी कुराले मात्र हैन कामैले प्रतिबद्ध छन् ।

अन्त्यमा नवराजजीको जाँगर सधैँ झाँङ्गिई रहोस् । बहुभाषिक सामग्रीहरू समावेश गर्दै नवप्रज्ञापन हजार अङ्कसम्म निरन्तर प्रकाशित भइरहोस् हार्दिक मङ्गलमय शुभकामना !

(बौद्ध, काठमाडौँ)

नवप्रज्ञापनसँग बिताएको २५ वर्ष

• **प्रमोद पाण्डे**

म २०५२ सालमा गाउँकै विद्यालयबाट एसएलसी परीक्षा उत्तीर्ण गरेपछि उच्च शिक्षाका लागि काठमाडौँ खाल्डोमा छिरेको हुँ । त्यतिबेलाको परिवेश अहिलेभन्दा निकै फरक थियो । अर्थात् व्यवस्था फरक थियो । शैक्षिक, सामाजिक, राजनीतिक, आर्थिक अवस्था फरक थियो । गाउँ घरको परिवेश आज जस्तो थिएन । उच्च शिक्षाका लागि काठमाडौँ नै धाउनु पर्ने परिस्थिति थियो । गाउँबाट खर्च ल्याउँदै काठमाडौँ बसेर अध्ययन गर्न सक्ने अवस्था प्रायः कमैको हुन्थ्यो । त्यतिबेला अहिलेजस्तो प्लस टुको कुनै व्यापार थिएन । सरकारी क्याम्पसमै भर्ना भएर अधिकांश विद्यार्थीहरू प्रवीणता प्रमाणपत्र तह हुँदै उच्च शिक्षासम्म पुग्थे ।

गाउँबाटै प्रथम श्रेणीमा एलएलसी पास गरेर उच्च जोस र जाँगरका साथ काठमाडौँ छिरेको मसँग जोस, जाँगर र उमङ्ग त कति थियो कति । आर.आर. क्याम्पसमा प्रवीणता प्रमाणपत्र तहमा भर्ना भएसँगै ममाथि पढाइका साथै आफूलाई काठमाडौँमा टिक्न सक्ने वातावरण बनाउनुपर्ने चुनौती थियो । घरबाट खर्च ल्याएर पढ्न सक्ने अवस्था फिटिक्कै थिएन । प्रवीणता प्रमाणपत्र तहमा भर्ना भएपछि कामका लागि अनेक ठाउँहरू पुगेँ । अनुनय विनय गरेँ । भौँतारिएँ । अहँ, कतै कामको अवसर मिल्दै मिलेन । मसँग त्यस्तो कुनै सिप पनि थिएन । सिप भएकाहरू पनि काम पाउन सकिएन भनिरहेका थिए । म पनि के के गरौँ भएर छटपटिई रहेको थिएँ ।

कम्प्युटर सिके सहजै जागिर पाइने सोच धेरैमा थियो । अर्ती, उपदेश, सल्लाह र सुझाव दिनेहरू त्यसै भनिरहेका थिए । धेरैका मुखमा कम्प्युटर र जागिर जोडिएको थियो । मैले पनि जसोतसो खर्चको जोहो गरेर काठमाडौँको पुतलीसडकमा ६ महिने कम्प्युटर कोर्स गरेँ । त्यही इन्स्टिच्युटमा काम पनि गर्न थालेँ । १७-

१८ वर्षको जोसिलो उमेरमा मेरो ध्यान कम्प्युटरतिर केन्द्रित भयो । त्यतिबेला कम्प्युटर विलासिताकै वस्तु मानिन्थ्यो । कम्प्युटरमा नेपाली, अङ्ग्रेजी राम्रो टाइप गर्न सक्ने र माइक्रोसफ्ट, वर्ड, एक्सल, पेजमेकर, फोटोसप आदिजस्ता प्रोग्राम चलाउन सक्नेलाई कामको खाँचो थिएन ।

म पनि कामका लागि दक्ष भएँ । ठाउँ ठाउँबाट कामको अफर आउन पनि थाल्यो । सोही सिलसिलामा भानिज दाइ गोविन्द त्रिपाठी (जो हाल इन्सेकमा कार्यरत हुनुहुन्छ) बाट साहित्यकार नरनाथ लुइँटेलसँग भेट भयो । उहाँहरूले काठमाडौँको बागबजारमा 'हाम्रो कम्प्युटर सेवा' खोल्नुभएको थियो । म त्यहीँ काम गर्न थालेँ । कामकै सिलसिलामा २०५५ सालमा नवराज रिजाल र **नवप्रज्ञापन**सँग पहिलो भेट त्यहीँ भएको थियो । त्यो सानो भेटपछि **नवप्रज्ञापन**सँग मेरो सम्बन्ध गाँसिएको थियो । त्यतिबेला गाँसिएको सम्बन्ध अहिले पनि यथावत् छ । हामी जोडिएका छौँ । जोडिएका मात्र पनि छैनौ एकसाथ हिँडिरहेका पनि छौँ । यो हिँडाइ गतिशील साँच्चै बनिरहेको छ ।

वि.सं. २०५० मा बारा जिल्लाबाट प्रकाशन आरम्भ भएको नवप्रज्ञापनमा म २०५५ तिर जोडिएको थिएँ । र आज पनि जोडिएकै छु । त्यसपछिका सबै अङ्कहरूका काम म आफैँले गरेको हुँ । त्यसो त त्यो काम अहिले पनि गरिरहेको छु । मलाई पूरा यकिन त छैन तर मैले ३० अङ्कबाट यसको काम थालेको हुनुपर्छ । **नवप्रज्ञापन** मात्र हैन नवराज रिजालका सबै कृतिहरूका काम पनि मैले नै गरेको हुँ । अब **नवप्रज्ञापन**को **सय अङ्क**को काम पनि सकियो । अहिले सम्पादकज्यू अलिकति हतारिरहनु पनि भएको छ । म अन्य ठाउँमा पनि जोडिएको छु । बाँच्नका लागि धेरैतिर भौँतारिनु पर्ने अवस्था रहेको छ । अर्थात् त्यही आवश्यकताले फनफनी घुमाइ रहेको छ ।

नवराज रिजाल अर्थात् **नवप्रज्ञापन**का सम्पादक-प्रकाशकसँगको सम्बन्ध बर्षेनी फस्टाइरहेको छ । मैले भेट्दा उहाँ एकदमै जोसिलो युवा हुनुहुन्थ्यो । ढाका टोपी र कालो ब्याग बोकी नेपालीपनमा ठाँटिएर हिँड्नुहुन्थ्यो । आज मात्र कहाँ हो र ? २५ वर्षअघि पनि परिपक्व साहित्यकार जस्तै देखिनुहुन्थ्यो । उहाँसँगका कुराकानीमा देशका लागि केही गरौँ भन्ने हुटहुटी सधैँ जागिरहेको देख्थेँ । त्यतिबेला पत्रपत्रिका निकाल्नु चानचुने विषय थिएन । अहिलेजस्तो इमेल, इन्टरनेट, मोबाइल, कम्प्युटरको सहज पहुँच थिएन । कम्प्युटर, ल्यापटप जोड्नु निकै ठुलो कुरा थियो । जो कोहीले सक्ने अवस्था थिएन ।

त्यति अप्ठेरो समयमा पनि यसका सम्पादकले हार मान्नुभएन । पछाडि फर्कने सोच कहिल्यै पनि राख्नुभएन । उहाँको बसाई काठमाडौँ खाल्डोभित्र पनि थिएन । उपत्यकाबाहिरको एउटा ग्रामीण इलाकामा शिक्षक हुनुहुन्थ्यो । स्नातकोत्तर तहको विद्यार्थी पनि हुनुहुन्थ्यो । विद्यार्थी, शिक्षक र सम्पादक-प्रकाशकको काम समय मिलाएर जोस र जाँगरका साथ गरिरहनुभएको थियो । यो काम सजिलै जो-कोहीले गर्न सक्ने कुरै थिएन । प्रायः कम्प्युटरमै काम गरिरहने म उहाँको सक्रियता देखेर अचम्म मान्थेँ । समय कसरी मिलाउनुभएको होला मनमनै सोच्थेँ । उपत्यकाबाहिर ग्रामीण इलाकाको मानिस समयको व्यवस्थापन गर्दै सहजताका साथ सहरमा उपस्थित भएर विभिन्न काम एकसाथ गरिरहेको छ ।

उठबस बाक्लो हुँदै गएपछि आत्मीयता बढ्दै जानु स्वाभाविक नै

हो । सम्पादकज्यूको सहज समय बिदाको दिन र साँझ बिहान भएकाले त्यही समय मिलाउँथेँ । उहाँ टाइप गर्नुपर्ने लेख रचना मलाई छाडेर जानुहुन्थ्यो । यसले भेटघाट अझ बाक्लो गराएको थियो । २०५५ देखि २०५७ सम्मको दुई वर्षभित्रै अत्यन्तै निकट भइसकेको थिएँ । मैले काम त धेरै पत्रिकाको गरिरहेको थिएँ तर **नवप्रज्ञापन** मेरो आफ्नै पत्रिका जस्तो लाग्न थालिसकेको थियो । यसैले त म जहाँ जहाँ गएँ **नवप्रज्ञापन**को कामलाई सँगसँगै लिएर गएँ । अर्थात् मेरो बसाई सराई सँगै **नवप्रज्ञापन**को कामको बसाई सराई पनि बारम्बार भइरह्यो ।

केही वर्ष म बस्ने कोठा चावहिल र मैतीदेवीबाट पनि **नवप्रज्ञापन**को काम भयो । २०५७ मा काठमाडौँको बागबजारमा 'डीएन्डडी कम्प्युटर' खोलेँ । त्यसपछि पत्रिकाको काम त्यहीँबाट हुन थाल्यो । उहाँलाई समयको पाबन्दी थियो । आइरहन पाउनु हुन्नथ्यो । यो कुरा म राम्ररी बुझ्थेँ । यसैले **नवप्रज्ञापन**को काम जहिले पनि मेरो शिरमा हुन्थ्यो । सम्पादकसँगको आत्मीयताले पत्रिका मेरै हो भन्ने ठानेको म आज पनि त्यही अवस्था छु । अलिकति पनि पर ठानेको छैन । बागबजार सरेपछि नवप्रज्ञापनको कार्यालय पनि यही जस्तो भयो । सम्पादकज्यू बिदाका दिन हुने साहित्यिक कार्यक्रमहरू प्रायः छुटाउनु हुन्नथ्यो । कार्यक्रममा आउँदा बागबजारमा हामीबिच भेट भइहाल्थ्यो ।

ती दिन सम्झँदा अहिले पनि आङ्जिरिङ हुन्छ । पत्रिका निकाल्ने क्रममा निकै कष्ट र दुःख ब्यहोर्यौं । १८ घण्टाको लोडसेडिङसँग जुध्दै पत्रिका निकाल्नु चानचुने विषय थिएन । सम्पादकज्यूकै जोसका कारण मैले चार-पाँच घण्टासम्म थेग्ने इन्भटर जोडेको थिएँ । त्यसपछि काम केही सहज भए पनि लोडसेडिङको मारले प्रताडित तुल्याएको थियो । परिवेश हेर्दा लाग्थ्यो यो मुलुक अन्धकारबाट कहिले पनि मुक्त हुन सक्दैन । जेनेरेटरका आवाजहरू जतातते सुनिन्थे । मैनबत्तीको व्यापार राम्रैसँग मौलाएको थियो ।

बत्तीको तालिकाअनुसार बागबजार कार्यालयमा उपस्थित हुनुपर्थ्यो । कहिले बिहानैदेखि त कहिले बेलुकादेखि खट्नुपर्थ्यो । लोडसेडिङले हरेक मानिसको दैनिकी अस्तव्यस्त बनाएको थियो । **नवप्रज्ञापन**का सामान्य अङ्क निकाल्न त्यति कठिनाइ नभए पनि विशेषाङ्क निकाल्न निकै मुस्किल हुन्थ्यो । विशेषाङ्क निकाल्नका लागि हप्तौं दिन खट्नुपर्थ्यो । भात भान्सा बागबजारमै हुन्थ्यो । बाध्यता थियो त्यसैले समय जसरी पनि निकाली छाड्थ्यौँ । पत्रिका प्रेसबाट निस्किएपछि प्राप्त हुने सुखानुभूतिको सीमा नै हुने थिएन । हामी दुबै आफूलाई के के न गर्यौँ भन्ने ठानेर आफूले आफैलाई बहादुरको कोटीमा दर्ज गर्थ्यौं ।

सम्पादकज्यूको काम र बसोबास दुबै उपत्यकाबाहिर भएकाले आउजाउ सहज थिएन । अत्यन्तै अप्ठेरो थियो । एउटा जागिरेका लागि मन लागेको समय कहाँ उपलब्ध हुन सक्छ र ? अहँ हुँदैन । उपलब्ध समयको व्यवस्थापन गर्ने हो । तर गर्दागर्दै पनि त मिल्दैन । यता मिलायो उता मिल्दैन । अनि उता मिलायो यता मिल्दैन । उहाँ कतिपल्ट त उपत्यका बाहिरबाट सिधै हान्निएर बागबजार आइपुग्नुहुन्थ्यो । उहाँको अनुहार र अवस्था देखेपछि मलाई त्यतिबेला लाग्थ्यो साहित्य त एउटा नशा रहेछ । त्यसले छोएपछि छाड्न सकिँदो रहेनछ ।

आफ्ना बालबच्चा र परिवारलाई

दिने समयसमेत कुनै परवाह नगरी पत्रिका र साहित्यप्रतिको उहाँको लगाव र खटाइ देख्दा मलाई लाग्थ्यो- एउटा अठोट लिएर लक्ष्य प्राप्ति गर्न हिँड्नेहरूका लागि सानातिना बाधा अड्चनले रोक्न सक्दैन । यो कुरा म यसका सम्पादकमा देख्थेँ । म उहाँको खटाइ र दौडधुप नजिकबाट नियालिरहेको हुन्थेँ । कहिलेकाहीँ थकित मुद्रामा अफिसको कुर्सीमै निदाउनुहुन्थ्यो । तर उहाँको शरीर थाके पनि मन थाकेको हुँदैनथ्यो । जुरुक्कै उठेर कतै जानु छ भनेर हिँडिहाल्नुहुन्थ्यो । पत्रिकाको काममा बढीभन्दा बढी शनिबार खट्नुहुन्थ्यो । म पनि सकेसम्म शनिबार उहाँकै लागि छुट्याउँथेँ । मलाई लाग्छ आराम र घर परिवारका लागि दिने अधिकभन्दा अधिक समय पत्रपत्रिकालाई दिनुहुन्थ्यो । यसैको प्रतिफल नवप्रज्ञापन १००औँ अङ्कमा आइपुगेको हो ।

आज **नवप्रज्ञापन** एउटा युग बनेको छ । २०५५ सालदेखि निरन्तर यसको संरचनासँग अन्तरघुलित छु । टाइप गर्ने क्रममा, शुद्धाशुद्धी हेर्ने क्रममा यसका प्रायः सबै सामग्रीहरू बुझ्ने अवसर पाइरहेको छु । यसका लेख रचनाले विभिन्न कालखण्डको प्रतिनिधित्व राम्रैसँग गरेका छन् । साहित्यमा नयाँ प्रतिभा जन्माउन र श्रीवृद्धिका लागि नवप्रज्ञापनले महत्त्वपूर्ण भूमिका खेलेको छ । यसमा प्रकाशित हुने कथा, कविता, लेख, समीक्षा, समालोचना, नियात्रा, निबन्ध आदिले समयानुसारका परिवेशलाई खुलस्त पारेका छन् । माओवादी द्वन्द्व, विभिन्न खालखण्डका राजनीतिक परिघटना, सांस्कृतिक सामाजिक विकृतिसम्बन्धी विविध लेखरचना र यसमा प्रकाशित सम्पादकीयले समयक्रमको परिवेशलाई राम्रैसँग उजागर गरेको छ ।

मलाई सम्झना छ पत्रिका प्रकाशनका क्रममा सामग्री तयार गर्दा चियाको चुस्की लिँदै त्यतिबेलाका राजनीतिक परिवेश र विभिन्न घटनाक्रमसँग जोडिन्थ्यौँ । देशमा भएका विविध काण्ड र राजनीतिक घटनाक्रम बारे पनि राम्रै बहस हुन्थ्यो । विचार विमर्श चल्थ्यो । माओवादी द्वन्द्वकाल, राजदरबार हत्याकाण्ड, राजा ज्ञानेन्द्रको कु, २०६२/६३ को जनआन्दोलन सबैलाई हामीले बागबजारका अँध्यारा कोठाबाट राम्रैसँग नियाल्यौँ । जनआन्दोलनका बेला बागबजार क्षेत्रमा दिनहुँ हुने झडपमा मुस्किलले जोगिन्थ्यौँ । संविधानसभाको निर्वाचन, नयाँ संविधान जारी, २०७२ सालको भूकम्पजस्ता घटनाक्रम पनि काम गर्ने क्रममै बागबजारबाटै नियाल्यौँ । भूकम्प जाँदाका बखत बागबजारका मच्छीगल्लीमा बिताएका क्षणहरू निकै अविस्मरणीय रहेका छन् ।

अफिसमा बसेर काम गर्दागर्दै भूकम्पले कम्प्युटर हल्लाएपछि भागाभाग चल्थ्यो । २०७२ साल बैशाख-असारको पूर्णाङ्क ६८ (छन्द कविता विशेषाङ्क) निकै मुस्किलले निकाल्यौँ । भूकम्पपछि गइरहने पराकम्पको त्रास र काठमाडौँको अत्यन्तै बाक्लो बस्ती भएको बागबजारको चर्केको घर त्यतिबेला हाम्रो लागि निकै जोखिमपूर्ण थियो । तैपनि हामी ज्यानकै बाजी लगाएर पनि कामका लागि खटिरह्यौँ । यो बाध्यता थियो । समयमै पत्रिका निकाल्नुपर्छ भन्ने सम्पादकज्यूको विचारलाई म टार्न सक्दिनथेँ । ती विगत, ती दिनहरू, उसका पञ्जा र इतिहासका कुरा अहिले पनि सम्झदा आङ सिरिङ्ग हुन्छ ।

माओवादी युद्धकालमा निकै अप्ठ्यारा र असहज स्थिति सिर्जना भए । माओवादी युद्धलाई बागबजारबाटै नियाल्यौँ । द्वन्द्वको

चरम उत्कर्षको बेला त्रासदीले आम मानिसलाई आतङ्कित तुल्याएको थियो । सेना र माओवादी लडाकुबाट को कति बेला मारिने हुन् कुनै टुङ्गो थिएन । आम नागरिक त्रसित त्रसित थिए । नागरिकहरूमा एक किसिमको सन्नाटा थियो । दिनहुँ जसो सुरक्षाकर्मी र माओवादी लडाकुबिच भिडन्त भइरहन्थे । प्रहरी प्रशासनले निगरानी बढाएको थियो । अफिसमा काम गरिरहँदा पनि असुरक्षित महसुस गर्थ्यौँ । बागबजारका घर र कोठाहरूमा सुरक्षाकर्मीले कुन बेला छापा मार्ने हुन् टुङ्गो थिएन । प्रगतिशील लेखरचना भेट्टाए झनै पक्राउ गरेर लाने गर्थ्यो ।

मेरो कार्यालयमा प्रगतिशील लेखकहरूको काम अलि बढी हुने भएकाले पनि निकै डर थियो । प्रहरी प्रशासनले छापा मारेर दुःख दिने हो कि भन्ने त्रास मनमा हरदम रहिरहन्थ्यो । तथापि द्वन्द्व कालभर मैले कुनै अप्ठेरो र असजिलो महसुस गर्नुपरेन । निर्बाध रूपमा काम अगाडि बढिरह्यो । जस्तै सङ्कटमा पनि नवप्रज्ञापनको कामले निरन्तरता पाइरह्यो । यतिसम्म कि राजा ज्ञानेन्द्रले सत्ता हातमा लिएर चौतर्फी घेराबन्दी र दमन गरिरहँदा नवप्रज्ञापनले कुनै पनि काम रोकेन । लुकेर आएर पनि यसको काम गरिरहेँ ।

देशमा भइरहेका अनेक घटनाक्रमका विषयमा बागबजारका चिया पसलहरूमा अनेकौँ विचार विमर्श हुन्थे । विशेषगरी पत्रकारिता, राजनीति र साहित्य क्षेत्रका मानिसहरूको अहिले पनि त्यहाँ बाक्लै उपस्थिति हुने गर्छ । यहाँ साहित्य र पत्रिका प्रकाशनमा लाग्नेहरूको भेटघाट हुने थलो भएकाले पनि यस्तो बहस हुनु स्वाभाविक हो । पत्रिका र पुस्तक निकाल्ने क्रममा अनेक विचार धाराका मानिस जमघट हुने भएकाले हाम्रै कार्यालयमा पनि कहिलेकाहीँ निकै ठुलै बहस र विवाद पनि चल्थ्यो । यस्ता वादविवाद र बहसप्रति मेरो चासो रहन्थ्यो र काममा झन् स्फुर्ति प्रदान गर्थ्यो ।

प्रेसबाट मुद्रण भएर आएपछि पत्रिका राख्ने ठाउँ पनि मेरै कार्यालय नै थियो । म त्यहीँ नियमित काममा व्यस्त हुन्थेँ । सम्पादज्यू 'यसपटक त पत्रिका यस्तो निस्कियो नि !' भन्दै उत्साहका साथ मुस्कुराउँदै देखा पर्नुहुन्थ्यो । पत्रिका हेरेर कमीकमजोरी सुधार्ने पक्षका बारे समीक्षा हुन्थ्यो । पत्रिका आकर्षक बनाउन के के गर्न सकिन्छ हरदम सरसल्लाह भइरहन्थ्यो । नवप्रज्ञापनले कहिल्यै राम्रो विज्ञापन सङ्कलन गर्न सकेन । विज्ञापन सङ्कलन गर्न नसके पनि प्रकाशनबाट बिमुख हुने सोच पनि बनेन ।

सम्पादकज्यू पत्रिकाको स्तरोन्नति गर्ने कुरामा निकै हौसिनु हुन्थ्यो । कहिल्यै पत्रिका निकाल्दा दुःख पाएको कुरा गर्नु भएन । आफ्नो गाँस काटेर भए पनि पत्रिका राम्रो बनाउनुपर्छ भन्ने उहाँको मान्यता र सोच देखेर म छक्क पर्थेँ । छपाइका लागि नयाँ प्रविधि सीटीपी प्लेटबाट अफसेट प्रेसमा छाप्दा पत्रिका निकै राम्रो र आकर्षक निस्कन्छ तर खर्च दोब्बरभन्दा बढी लाग्छ के गर्ने होला मैले एकपटक के भनेको थिएँ, उहाँले त्यही प्रविधिबाट पत्रिका छाप्न हिम्मत गरिहाल्नुभयो । अनि पत्रिकाले आफ्नो मुहार फेर्‍यो । यतिखेर देश विदेशका सम्पूर्ण पाठकहरूलाई सहज र सर्वसुलभ हुने गरी **नवप्रज्ञापन**का सबै अङ्कहरूका सम्पूर्ण सामग्री इन्टरनेट (nabapragyapan.com.np) मा पढ्न सकिन्छ ।

कोरोना महामारी पछि मेरो बागबजारसँगको सम्बन्ध अलि पातलो भएको छ । अत्यन्तै कम मात्रामा बागबजार आउने जाने गर्छु । कोरोना महामारी पछि

काम गर्न नसक्ने अवस्था आएर बागबजारको कार्यालय बन्द गरेँ । तर, नवप्रज्ञापनसँगको सम्बन्ध टुटाएको छैन । जस्ताको तस्तै छ, अझ भनौँ झन् प्रगाढ बनेको छ । कोरोना महामारीका बिचमा पनि मैले आफू बस्ने कोठाबाट नवप्रज्ञापनको काम गरेँ । अहँ कहिल्यै रोकिनँ । सामान्य अङ्क मात्र हैन विशेषाङ्ककै काम पनि भए । गरौँ र गर्न सकिन्छ भन्ने भाव भए कठिन काम पनि गर्न सकिँदो रहेछ भन्ने प्रमाण कोरोना कालमा पनि कोठाबाट विशेषाङ्क निकाल्न गरेको कामले पुष्टि गर्छ ।

त्यसपछि सम्पादकसँगको भेटघाट केही पातलिएको छ । तर पनि प्रविधिमार्फत जोडिएर सहयात्रा जारी रहेको छ । **१००औँ** अङ्कको कामसम्म जोडिँदा हाम्रो सम्बन्धले पनि एउटा इतिहास बनाएको छ । भाइ, दाइ हुँदै अङ्कलको परिचय बन्दासम्म योसँग जोडिन पाउनु मलाई निकै गर्वको विषय लागेको छ । देशकै प्रतिष्ठित र प्रेस काउन्सिलको मूल्याङ्कनमा समेत **क** वर्गमा परेको लाखौं साहित्यिक पाठकहरूको ढुकढुकी **नवप्रज्ञापन**ले आफ्नो पाइला ३१ वर्षमा प्रवेश गराई **शतक अङ्क**का रूपमा पस्किनु गौरवको विषय हो । यो **नवप्रज्ञापन** टिमको मात्र नभई नेपाली साहित्य क्षेत्रकै अभूतपूर्व सफलता हो । साहित्यिक क्षेत्रमा **नवप्रज्ञापन**का विशेषाङ्कहरू सधैँ चम्किरहने छन् । पत्रिकामा यति लामो समय आबद्ध हुन पाउँदा म आफूले आफैलाई पनि निकै गौरवान्वित ठानेको छु ।

(ठूलो पर्सेल, काभ्रे)

धेरै धेरै सम्झना

• **विनय अर्याल**

हामी हिँड्न सकेका छौँ वा छैनौँ त्यो अर्को विषय हो तर समय हिँडिरहेछ । बसेको हामी मात्र हौँ, त्यो अहँ, बसेन बस्दैन र बसेको पनि छैन । हिँड्नेहरू अगाडि पुग्ने हुन् । बस्नेहरू जहाँको त्यहीँ र जस्ताको त्यस्तै हुन्छन् । कहिले हिँड्ने, कसरी हिँड्ने र कति हिँड्ने भन्ने कुरा नै हैन, हिँड्ने भनेपछि हिँड्ने हिँड्ने । सुरु गरिहाल्ने, अनि जाने जति हिँड्ने, सके जति हिँड्ने र आफूलाई समाहित गर्ने । जीवनको अर्थ यही हो ।

हिँड्नेहरूको बाटोमा मिसिएको तेह्र वर्षपछि मैले **नवप्रज्ञापन**लाई भेटेको हुँ । मैले भेट्दा यो हिँडिरहेको थियो । र अहिले पनि हिँडिरहेछ । कहिलेसम्म हिँड्छ ? त्यो त म जान्दिनँ तर अहिलेसम्म हिँडिरहेछ यो यथार्थ हो । सोध्न मन लागेको छैन । अर्काको हिँडाइलाई बेदखल गर्नु आवश्यक पनि ठान्दिनँ । किन ? कृपया यो प्रश्न नगरिदिनु भए आभारी हुने थिएँ ।

तेह्र वर्षे बालक नवप्रज्ञापनलाई पहिलोपटक भेटेको थिएँ । त्यसपछि **नवप्रज्ञापन** मेरो असल साथी बन्यो । सँगसँगै हिँड्न थालेँ । यसका सम्पादक र मेरो कार्य

क्षेत्र एकै थियो । दुबै शिक्षण पेसामा थियौँ । पेसाले अझ नजिक बनायो । साथ सहयोग लिन र दिन लगायो । केही समय कार्यस्थल एउटै पनि भयो । सहकर्म गर्‍यौँ । त्यसले अझ निकट तुल्यायो । यसका सम्पादक र मैले लामो समय बिताएको त्यो स्थान हामीले छाडेको केही समय बिति सकेको छ । आउने जाने क्रम हुन्छ यो जीवनको नियमितता हो । त्यसलाई सबैले आत्मसात गर्नै पर्छ ।

नवप्रज्ञापनका सम्पादक नवराज रिजाल र मैले धादिङ्को धुनिबेसी क्षेत्रको **धुनिबेसी आदर्श क्याम्पस**मा केही समय सँगै पढायौँ । उहाँ सो क्याम्पसको संस्थापक क्याम्पस प्रमुख हुनुहुन्थ्यो । उहाँको अर्को संलग्नता महेशधर्म मा.वि. र मेरो ब्लोमिङ्लोटस सेकेन्डरी स्कुलसँग थियो । आज हामी दुवै जना त्यहाँ छैनौँ तर ती संस्था यथास्थानमा छन् । हुने कुरा पनि त्यही हो । हामीले ती स्थान छाडे पनि तिनीहरूका सुन्दर तस्बिर मनमा आसन जमाएर मज्जाले बसिरहेका छन् ।

आफूले गर्ने कामको जे जस्तो अवस्थामा पनि **नवप्रज्ञापन**लाई नवराज रिजालले हिँडाइ रहनुभयो । सँगै काम गरिरहनुभएको छ । फेरि पत्रिका पनि निस्किरहेको छ कहिले काहीँ अचम्म पनि लाग्थ्यो । म कहिले काहीँ नयाँ पत्रिका हात परेपछि आश्चर्य मान्दै सोध्थेँ पनि । सकिन्छ र सक्नुपर्छ उहाँको जवाफ हुन्थ्यो । प्रशासनिक क्याम्पस र स्कुलको जिम्मेवारी बहन गर्नु पर्दा होस् वा नपर्दा नवप्रज्ञापनले सधैँ निरन्तरता पाइरह्यो । किनकि उहाँको मन वचन र भावमा यसको स्पष्ट चित्र थियो । यो मैले गरेको निजी अनुभूति हो ।

यतिखेर मेरो हातमा यसको ९९औँ अङ्क छ । यसमा **शताङ्क** प्रकाशित हुने सूचनासहित त्यसका लागि रचना मागिएको पनि छ । **शतक अङ्क** प्रकाशित हुने कुराले मलाई अत्यन्तै हर्षित बनाएको छ । २०६३ देखि नवराज रिजाल र म सँगै छौँ । पत्रिका हिँडिरहेको छ । सम्पादकले कठोर मेहनत र परिश्रम गरेर यसलाई हिँडाइ रहनुभएको छ । तसर्थ पत्रिकाको यो गति र शतक अङ्क प्रकाशनका लागि नवप्रज्ञापनलाई हार्दिक मङ्गलमय शुभकामना !

(संयोजक जुबिल्यान्ट कलेज, कालिमाटी)

पहिलो अङ्कदेखि नै चिनेको हुँ

• **अरुणबहादुर खत्री 'नदी'**

नवप्रज्ञापन साहित्यिक पत्रिका बारा जिल्लाबाट वि.सं. २०५० देखि प्रकाशित हुन लागेको हो । म सुरुकै अङ्कदेखि यो पत्रिका पढिरहेको छु । पत्रिका पढिरहे पनि सम्पादक-प्रकाशकसँग परिचय भने अलिपछि मात्र भएको हो । साहित्य पढ्न मन लाग्थ्यो त्यसैले पढिन्थ्यो । त्यही सिलसिलामा नवप्रज्ञापन पनि पढ्न थालेको हुँ । **नवप्रज्ञापन** पढेर प्रतिक्रिया दिन थालेको केहीपछि मात्र यसका सम्पादकसँग मेरो

पहिलो साक्षात्कर भएको थियो । म रक्षा लेखा नियन्त्रकको कार्यालय, सुन्धारामा काम गर्थे । यसका सम्पादक मित्र मलाई त्यहीँ भेट्न आउनुभएको थियो । सुन्धारा छेउको चिया पसलमा हामीले चिया पिएका थियौँ । यसपछि भेटघाटको क्रम अलि बाक्लिएको थियो । भेटघाटमा हामी यही पत्रिकाका बारेमा छलफल र विचार विमर्श गर्थ्यौँ । पत्रिकामा मेरा लघुकथा र कविता पनि बेला बेलामा प्रकाशित हुन्थे । यसमा मैले लेखेका कथा कविताबाहेक विभिन्न स्रष्टाहरूका पुस्तकका समीक्षाहरू पनि छापिएका छन् । यसमा मैले भनेर देशका विभिन्न भागहरूका सर्जकहरूका थुप्रै लेख रचना पनि प्रकाशित हुँदै आएको छन् । अहिले पनि साथीहरूले आग्रह गरेर पठाएका रचना विभिन्न पत्रिकाहरूका सम्पादकलाई भनेर छपाउन सहयोग गर्ने गरेको छु ।

हिजो जस्तो लाग्छ पत्रिका ३० वर्ष पुगेर ३१औँ वर्षमा प्रवेश गरिसकेछ । यति मात्र कहाँ हो र ? **शतक अङ्क** प्रकाशनको तयारी पनि पूरा गरिसकेछ । हिजोदेखि आजनसम्म पढिरहेको नवप्रज्ञापनलाई शुभकामना !!

(बूढानीलकण्ठ-४, काठमाडौँ)

डट पेनले सोध्छ मलाई

• **राजेश मानन्धर**

ओहो ! हेर्दाहेर्दै **नवप्रज्ञापन** १०० अङ्कमा आइपुग्यो । आवरण र शब्दचित्र बनाएर रमाई रहेको म यस अङ्कको लागि शब्द कोर्ने प्रयत्न गरिरहेको छु । नवप्रज्ञापनसँग मेरो गहन नाता जोडिएको छ । प्रेम बसेको छ । हो, एउटा बलियो नाता छ । नवप्रज्ञापनसँगको त्यही नाता समाएर बनेको सम्बन्धको आधारमा यो डटपेन चल्दै छ ।

डटपेनले मलाई शब्दचित्रको मान्छे किन यता ? भनेर सोधेको छ । मेरा परम् मित्र श्री बाबुराम लम्सालको शब्द सापट लिदै 'हे... केही हुँदैन क्या !' लु डटपेन महाशय केही हुँदैन ! नेताहरू एक पार्टी छोडेर अर्को पार्टीमा सवार हुन हुने अनि म शब्दचित्र लेखनबाट शब्द लेखन त्यो पनि **नवज्ञापन** १००औँ अङ्कको लागि तयार हुन नहुने के नै छ र ? लौ भन्नोस् त, म त लेख्छु के लछारिन्छ र भन्या ! हो कि हैन ? कृपया मनन गर्नोस् त !

मलाई फेरि डटपेन सोध्छ, नाता छ भन्दैमा टाँसिएर आउनु त भएन नि ? लु अब भने मलाई त डटपेन महाशयले झ्याप्पै पो समात्यो । **नवप्रज्ञापन**सँग नाता मात्रै हो र भोटोको पनि सम्बन्ध छ महाशय ! त्यो कसरी नि भन्ने यहाँको प्रश्न हुन सक्छ । **नवप्रज्ञापन**मा शब्दचित्र मात्र हैन जति पनि गातामा आउने आवरणको लुगाभित्र लाउने भोटोजस्तो सम्बन्ध छ भन्या क्या महाशय मेरो । त्यति मात्र हो र ! सबभन्दा पहिले **नवप्रज्ञापन**मा आवरण बनाउँदै बनाउँदै भित्र शब्दचित्र यानी कार्टुन पनि समावेश भएको हो ।

साहित्यिक पत्रिकामा शब्दचित्र

बनाउँदा बनाउँदै भित्र शब्दचित्र यानी कार्टुन राख्ने प्रचलन मेरो गुरु रैथाने (वरिष्ट कलाकार) शशी विक्रम शाहबाट सुरुआत भएको हो । साहित्यिक पत्रिकामा शब्दसँगसँगै चित्रहरू पनि आउँदा ठुलो आनन्द आउँछ भनी साहित्यकारहरूले बोलेको बोलीबाट प्रस्ट हुन्छ ।

डटपेन महाशय फेरि प्रश्न गर्छ, ठुलो आनन्द चैं कसरी आउँछ त ? डटपेन महाशय त झन् झन् हरेक प्रश्न गरेर साहित्यिक परिधिभित्र पनि खोज्दै छ जस्तो लाग्यो बा ! लु शब्द नै शब्द मात्र भएको किताब र शब्द सँगसँगै ठाउँ ठाउँ चित्र भएको किताब अलि हेर्दा नि फरक पाउन सकिन्छ क्या । जस्तो केही शब्दका भावहरू नबुझेको खण्डमा चित्र हेरेरै बुझ्न सकिन्छ । सजावट पनि बडो राम्रो देखिन्छ नि डटपेन महाशय ।

डटपेन महाशय फेरि प्रश्न सोध्न के लागेको थियो विचरा चल्न छोड्छ । डटपेन महाशयको मनमा साहित्य अनेक किसिमको हुने रैछ, शब्द, शब्दरेखा, शब्दचित्र, शब्दलेखन इत्यादि भन्ने बोध हुन्छ । मलाई लागेको चैं खाली कागजमा कसैले शब्द-शब्दले भरिदिन्छ, कसैले बुट्टा नै बुटटाले भरिदिन्छ तर म चैं शब्द मात्र हैन शब्द चित्रबाट पनि भर्न सक्दछु, भन्ने भनेको त्यो पनि मनमनैमा बस्यो ।

म नवप्रज्ञापनसँग गाँसिएको लामै समय भयो । अहिले पनि सँगै हिँडिरहेको छु । सहकार्य चलिरहेको छ । साहित्यप्रति मेरो पनि अनुराग छ । म पनि कलम चलाउँछु । नवप्रज्ञापन सय अङ्क प्रकाशनको तयारीमा जुटेको छ । यो मेरो लागि खुसीको कुरा हो । म पनि नवप्रज्ञापन टिमकै सदस्य हुँ । यसर्थ टिम सदस्यकै नाताले भविष्यमा पनि यो सँगै रहने प्रतिबद्धतासहित **शतक अङ्क** प्रकाशनको शुभकामना अर्पण गर्दछु ।

(देवपत्तन, काठमाडौँ)

प्रज्ञापनदेखि नवप्रज्ञापनसम्म

• **रवीन्द्र तामाङ**

उठान : भाषा र साहित्यको श्रीवृद्धिका लागि थुपै साहित्यिक पत्रिकाहरू विभिन्न काल खण्डमा देखा परेका हुन्छन् । देशमा बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि आएको प्रकाशन स्वतन्त्रताको खुल्ला वातावरणमा राजधानी र राजधानी इतर जिल्लाहरूमा पनि थुप्रै साहित्यिक पत्रिका पनि देखा पर्न थाले । यसरी प्रकाशन हुने चर्चित साहित्यिक पत्रिकाहरू दुईथरीका थिए । एकाथरी साहित्यिक पत्रिकाहरू थिए भने अर्को थरीमा हवाईपत्रमा छापिने साहित्यिक पत्रिका थिए । प्रज्ञापन पनि यसैमध्ये पर्दथ्यो र सम्पादक/प्रकाशक थिए, नवराज रिजाल ।

साइनो र भेटघाट : नव प्रतिभाहरूलाई प्रोत्साहन गर्नु, मोफसलमा साहित्यिक परिवेश निर्माण गर्नु, साहित्यिक क्रियाकलापबाट सक्रियता बढाउनु, स्थानीय स्तरमा

साहित्यिक अभाव पूर्ति गर्नु र साहित्यिक व्यक्तित्वहरूसँग सम्पर्क बढाउनु यस्ता पत्रिकाहरूका उद्देश्य थिए । सोही क्रममा वि.सं. २०५० ताका **प्रज्ञापन** प्रकाशन आरम्भ भएको थियो । २०४९ असार १५ ताका नै मैले प्रतिभा समूहद्वारा प्रकाशित **प्रतिभा** साहित्यिक मासिक आरम्भ गरेको थिएँ । मेरो पत्रिकाको पनि उद्देश्य तिनै पत्रिकाहरूसँग मिल्दोजुल्दो थियो ।

लक्ष नवोदित प्रतिभालाई प्रोत्साहन र वयोवृद्धलाई सम्मान गर्ने थियो । त्यसैले पत्रिकाको आवरणमा वयोबृद्ध साहित्यकारको तस्बिर, मूल लेख र साहित्यकारको जीवनी राख्थैं भने बाँकी सबै रचनाहरू नयाँ प्रतिभाहरूको हुन्थ्यो । ती र त्यस्ता रचनाहरू छापेर म मेरो संस्थाको उद्देश्य पूरा गर्थें । यसो गर्नुको कारण वयोबृद्ध साहित्यकारको जीवनीबाट, नवोदित प्रतिभाहरूले एकातिर प्रेरणा लिनु पर्दछ र अर्कोतिर नवोदित प्रतिभाको रचनाहरू छापेर नेपाली साहित्यिक लेखनमा उनीहरूलाई उत्प्रेरित गर्नु पर्छ भन्ने थियो ।

प्रतिभा पत्रिका प्रकाशन आरम्भ भएको एक वर्ष पुगेको अवसरमा वि.सं. २०५१ असार २६ गते मध्यवानेश्वरमा रहेको रत्नराज्यलक्ष्मी स्कुलको प्राङ्गणमा मैले वार्षिक उत्सव कार्यक्रमको आयोजना गरेको थिएँ । कार्यक्रममा वरिष्ठ उपन्यासकार दौलतविक्रम विष्टलाई अभिनन्दन गरिने कार्यसूची भएकाले थुप्रै नवोदित तथा वरिष्ठ साहित्यकारहरूको उपस्थिति थियो । सम्भवतः मलाई स्वयं नवराज रिजाल वा अरू कसैले सोही कार्यक्रममा प्रज्ञापन दिएका थिए भन्ने लाग्छ । वार्षिक उत्सवको दिन वा त्यसपछि सम्पादक रिजालसँग परिचय भएर हाम्रो मित्रता गाँसिएको थियो भन्ने मेरो अनुमान छ । त्यो समयमा भएको चिनारी आजका दिनसम्म आइपुग्दा अझ प्रगाढ बनेको छ ।

न्युरोड पिपलबोटतिर : यसै कार्यक्रमले मलाई थुप्रै युवा साहित्यकारहरूसँग चिनापर्ची गरायो अर्थात् सम्बन्ध स्थापित गरायो । यही कारण रचना सङ्कलन गर्न परिचित युवा साहित्यकारहरूसँग एकातिर भेटघाट बढाएँ भने अर्कोतिर बेलाबेलामा न्युरोडको पिपलबोटमा जाने सिलसिला पनि चल्यो । पिपलबोटमा बेलुकीपख थुप्रै वरिष्ठदेखि कनिष्ठसम्मका साहित्यकारहरू भेटघाट हुन्थ्यो । जहाँ शान्ति प्रिय र व्याकुल पाठकको सन्देश, दीपक कथितको कोपिला, काशिराम विरशको प्रवाह, सत्येश्वर मकैको स्पन्दन, रासाको शब्द सङ्ग्राम, पूर्ण भण्डारीको कदम, चिरञ्जीवी मास्केको कोसेलीजस्ता हवाईपत्रिकाहरूको साथमा नवराज रिजालको प्रज्ञापन पनि हात पर्दथ्यो । यसदेखि बाहेक अन्य पत्रिकाहरू टिकट टासेर प्रतिभाको पोस्टबक्समा पनि निःशुल्क रूपमा प्राप्त हुने गर्दथ्यो ।

प्रज्ञापनको प्रेरणाले तिप्लिङ हवाई पत्रिका : **प्रज्ञापन**लगायतका साहित्यिक पत्रिकाहरूले अरूहरूलाई के कस्ता प्रेरणा दिए त्यो मलाई थाहा छैन तर मलाई भने हुलाक सेवा विभागबाट प्रकाशित हवाई/हवाई जस्तै गरी निकालिएको पर्चा साहित्यिक पत्रिकाले संक्षिप्त रूपमा साहित्यका हरेक विधाका रचना लघुकथा, कविता, मुक्तक, गजल, गीत, समीक्षा, अनुवाद र साहित्यिक समाचारहरूलाई कसरी पस्किन सकिन्छ भन्ने चेतना दियो । मलाई तामाङ जातिको मातृभाषा तामाङमा **तिप्लिङ अर्थात् मेघ** नामक हवाई पत्रिका प्रकाशन गर्न उत्प्रेरित गऱ्यो । मातृभाषा नआए पनि तिप्लिङ नामक हवाई साहित्यिक पत्रिका दुपवाङ्गेल मोक्तान र दिपेन्द्र दोङ तामाङलाई कार्यकारी सम्पादक बनाएर पाँच अङ्कसम्म प्रकाशन गरेँ । यो मलाई प्रज्ञापनले सिकाएको हो ।

हवाई पत्रिकाहरूको अवसान : समयक्रममा विस्तार विस्तार हवाई पत्रिकाका प्रकाशनहरू बन्द हुन थाले । यसो हुनुको मुख्य कारण नेपाली साहित्य आकाशमा साहित्यकारको रूपमा आफ्नो परिचय बनाएपछि[१], नेपाली साहित्यिक पत्रिकासँगको सम्बन्ध प्रगाढ भएर रचना अन्यत्र छापिन थालेपछि तथा पत्रिका परिवारका सदस्यहरूबिच आएको साहित्यिक खटपटका कारण २०६० को दशकसम्म आउँदा प्रायशः अधिकांश हवाई पत्रिकाहरू प्रायः बन्द हुन पुगे । तर प्रज्ञापनले स्थगन वा रूप परिवर्तन गर्न २०६० साल कुरेन । २०५२ बाटै यसले रूप, आकार र गति परिवर्तन गऱ्यो । परिर्वतन विकासको एउटा खुड्किलो हो । अगाडि बढ्न चाहनेहरूले त्यसलाई आत्मसात् गर्नै पर्छ । परिवर्तन र परिवर्तित समय नबुझ्नेहरू कि हराउँछन् कि त बाटो बिराएर सोच्दै नसोचेको ठाउँमा पुग्छन् ।

नवप्रज्ञापनको जन्म : प्रज्ञापनले नवराज रिजाललाई नेपाली साहित्यको आकाशमा परिचय र स्थापित गराएको कारणले हो अन्य कुनै कारणले हो त्यो भन्न म सक्दिनँ, उनले साहित्यिक पत्रकारिता छाडेनन् यो यथार्थ हो । यात्रामा निस्केका मानिसहरूले बाटो अप्ठेरो भयो भन्दैमा यात्रा रोक्नतिर लाग्न हुँदैन । त्यसो गरियो भने पछि यात्रा गर्छु भनेकाहरूमा नकारात्मक असर पर्छ । यसर्थ यात्राको रूप, आकार, अवस्था, स्थितिमा परिमार्जन हुन सक्छ तर रोक्नु हुँदैन । हिँडिरहे गन्तव्य अवश्य भेट्टाइन्छ यसमा कुनै शङ्का छैन । गन्तव्य वा लक्ष्य फेला पार्ने भनेकै बाटो हिँड्नेहरूले हो । उनी हिँडे त्यसैले आजको अवस्थामा आइपुगेका हुन् ।

अलिकति रूप र आकार फेरेको **नवप्रज्ञापन** निरन्तर प्रकाशित भइरहेको छ । बसेको वा थकाइ मारेको छैन । हिँडेको छ र हिँडिरहेको छ । हिँडेकै कारण **सय अङ्क** प्रकाशनको सङ्घारमा आइपुगेको हो । यो भन्दा अघि वा पछि प्रकाशन थालेका यसका दौँतरीहरूमध्ये धेरै बाटोमा छैनन् । तर यो आज पनि यो बाटोमा छ अर्थात् हिँडिरहेको छ । सधैँ हिँडोस् र हिँड्नु पर्छ म भन्दिनँ सकेसम्म हिँडोस् यति भने भन्छु । पत्रिकामा छाप्नका लागि मसँग रचनाहरू पटक पटक मागे । तर, दिन सकिनँ । आफ्नो कृति समीक्षा गर्न पनि दिए । त्यो काम पनि भ्याइनँ । यही कारण हामीबिच सम्बन्ध अलि चिसिन पुग्यो । तर, व्यक्तिगत मित्रता र आत्मीयतामा कुनै कमी आएको छैन ।

नवप्रज्ञापनमा मेरो एउटा रचना : नेपाल सरकारको जागिर र तामाङ जातिको अनुसन्धानात्मक लेखनमा लाग्दालाग्दै मैले **नवप्रज्ञापन**का लागि कुनै साहित्यिक रचना दिन सकिनँ । तथापि वि.सं. २०५३ मा रसिला तामाङ (रविन्द्र सिंह लामा) नामक छद्म नाममा "तामाङ सेलो र डम्फू" नामक एउटा अनुसन्धानात्मक एउटा लेख पठाएँ । मित्र एवम् सम्पादक रिजालले उक्त लेख **नवप्रज्ञापन**को वर्ष ४, अङ्क ४, २०५३ मा प्रकाशित गरिदिनु भयो । जुन लेखलाई सन्दर्भ सामग्री बनाएर वरिष्ठ साहित्यकार एवम् लोक संस्कृतिका मर्मज्ञ कृष्णप्रसाद पराजुलीले आफ्नो पुस्तक नेपाली लोकगीतको आलोक (२०५७) मा तामाङ लोकगीतमा चहार्दा पाठ लेख्नुभयो । यसपछि नेपाली लोक संस्कृतिसम्बन्धी जुनसुकै

---

१. टिका राम उदासी, चंकी श्रेष्ठ, राम कुमार एलन, कृष्ण शाह यात्री, काशिराम विरस, सुविद गुरागाई, प्रोल्लास सिन्धुलीय, कृष्णराम सर्वहारी, शान्ति प्रिय, व्याकुल पाठक, दीपेन्द्र दिन दुखी, चिरिञ्जीवी मास्के, राजेन्द्र मानन्धर, डम्बर रसिक, दिपक कथित, पूर्ण भण्डारी, विवश वस्ती लगायत तत्कालीन नवोदित साहित्यकारहरुले आफू स्थापित भएपछि हवाई साहित्यिक पत्रिका प्रकाशन गर्न छोडेको देखिन्छ ।

पुस्तकहरू प्रकाशन भए पनि ती पुस्तकहरूमा मेरो लेख सन्दर्भ सामग्रीको रूपमा आउन लाग्यो । त्यसले मलाई पनि तामाङ लोक संस्कृतिको सङ्कलक र लेखकको रूपमा परिचय दिलायो ।

यसपछि मलाई विभिन्न पत्रपत्रिकाहरूबाट तामाङ लोक संस्कृति बारेको लेख लेख्न अनुरोध आउन थाल्यो । तामाङ लोक संस्कृतिसम्बन्धी मैले थुप्रै लेखहरू लेखेँ । साहित्यिक पत्रिका **नवप्रज्ञापन**मा छापिएको मेरो त्यो एउटै **तामाङ सेलो र डम्फू**सम्बन्धी लेख नेपाली लोक संस्कृतिसम्बन्धी पुस्तकमा सन्दर्भ सामग्रीको सूचीमा रसिला तामाङ : तामाङ सेलो र डम्फू, नप्रज्ञापन : ४/४, २०५३ भनेर देख्न पाउँछु । यसर्थ मैले पटक पटक सम्पादक एवम् प्रकाशक मित्र रिजाललाई हार्दिक रूपमा मनमनै धन्यवाद दिएको छु । **नवप्रज्ञापन**कै कारण आज तामाङ संस्कृतिकर्मीको रूपमा परिचित भएको छु । यो **नवप्रज्ञापन** पत्रिका कै देन हो भन्दा पनि फरक नपर्ने मेरो ठम्याई छ ।

बैठान : नवप्रज्ञापन १००औँ अङ्कसम्म पुग्नुमा यसका सम्पादक एवम् प्रकाशकको नेपाली साहित्यप्रतिको अगाध प्रेमका साथै उनको जीवनको दुई दशकको शारीरिक र मानसिक ऊर्जाको खपतको परिणाम हो भन्ने लाग्दछ । यसैका कारण एकातिर नेपाली साहित्यिमा थुप्रै नवसाहित्यकारको जन्म भएको छ भने अर्कोतिर पुराना साहित्यिकारलाई समेत साहित्यिक लेखनमा उर्जा प्राप्त भईरहेको छ । यसको तथ्य **नवप्रज्ञापन**को १०० अङ्कसम्म प्रकाशित विषयसूचीले प्रष्ट पार्छ । मेरो विचारमा अन्य कुराहरूलाई यथावत राखेर सम्पादक एवम् प्रकाशक नवराज रिजाल भन्नु नै **नवप्रज्ञापन** साहित्यिक पत्रिका हो र नवप्रज्ञापन साहित्यि पत्रिका भन्नु नै नवराज रिजाल हो । अतः **नवप्रज्ञापन**को **१०० औँ अङ्क** प्रकाशनको अवसरिमा **नवप्रज्ञापन**लाई निरन्तरता, दीर्घायु र अमरताको कामना व्यक्त गर्दछु ।

(मध्य वानेश्वर, काठमाडौँ म.न.पा- ३१)

मन स्मृतिकै बाटो समाउन खोज्छ

• **सानुराजा अन्जान**

विक्रमको ५० को दशकमा नयाँ सडकमा साथी भाइसँग चिया पिउने क्रममा थपिन आएका एक होचोहोचो कदका रातापिरा मनुवाको तस्बिर मेरो नजरमा आज पनि यथावत् छ । ती व्यक्तिसँग मेरो परिचय अर्का गुल्मेली कवि खिमानन्द पोखरेलले परिचय गराएका थिए । परिचयपछि उनको सादगी र मृदुभाषाले मलाई आकर्षित गऱ्यो । उनले झोलाबाट झिकेर पत्रिका दिए । मैले पत्रिका गोजीमा राखेँ र घर लगेर पढेँ । त्यसपछिका हरेक भेटहरूमा उनी पत्रिका दिन्थे र म प्रेमपूर्वक त्यो पढ्थेँ ।

पहिले पहिले मैले नमागे पनि उनी मलाई सम्झाएर पत्रिका दिन्थे । पछि पछि त बिर्सेलान् भनेर मैले नै सम्झाउन थालेँ । म बिस्तारै नवप्रज्ञापन प्रेमी बनिरहेको थिएँ ।

यो पत्रिका मैले आफूले मात्र पढेको हैन साथीहरूलाई पनि पढ्न प्रेरित गरेको छु । साहित्यिक पत्रपत्रिकाहरूलाई माया गर्ने बानी ममा अझै पनि ज्यूँका त्यूँ रहेको छ । किन यस्तो हुन्छ थाहा छैन तर हुन्छ यो महसुस मैले धेरै पहिलेदेखि गरिरहेको छु ।

पचासको दशकको पहिलो चरणदेखि प्रारम्भ भएको हाम्रो सुमधुर मित्रता आज पनि कायम छ । मेरो जीवनको सबैभन्दा ठुलो पाठ मित्रको व्यवहार आत्मसात् गर्नु हो । जीवनमा आइपर्ने सम्पूर्ण सुखदुःखलाई समभावले हेर्ने, दुःख परेकाहरूलाई आवश्यक सरसहयोग गर्ने र आफ्ना दुःख कसैलाई नदेखाई सहज रूपले स्वीकार्ने एवं शोक र दुःखलाई शक्तिमा रूपान्तरण गर्नु नै सही अर्थमा मान्छे हुनु हो भन्ने कुराले वर्षौं वर्षदेखि ममा घर गरिरहेको छ ।

दिन बित्दै गए, नवप्रज्ञापन पनि बिस्तारै बिस्तारै अगाडि बढिरह्यो । यात्रा रोकेन, हिँड्नेहरू निश्चित गन्तव्यमा नपुगेसम्म हिँडिरहन्छन् । यो हिँडाइको नियम पनि हो । नवप्रज्ञापनले अक्षरशः यो नियम पालना गरिरह्यो । बाटोमा भन्ज्याङ, चौतारी र देउराली नभेटिएका हैनन् तर बसेन । हिँड्यो र हिँडिरह्यो । यो संसारकै पुरानो नियम हो हिँड्नेहरू आफूलाई बिर्सेर कहीँ कतै रोकिँदै रोकिँदैनन् । कस्तै अप्ठेरा, असजिला र समस्यामा लोभलालच वा अप्ठेरा असजिलामा बस्दैनन् ।

पहिलो भेट देखिनै थाहा पाइरहेछु नवप्रज्ञापन सितिमिति बस्दैन । ढिलो नै सही तर गन्तव्यमा नपुगी अन्यत्र आँखा लगाउँदैन धेरैतिर आँखा लगाएर हिँड्नेहरूको भलो र उन्नति कहिल्यै हुँदैन । पत्रिकामा मेरा कविता-गजलजस्ता रचनाहरूले निरन्तर स्थान पाइरहे । म मात्र हैन यसले मोफसललाई स्थान दिएको र दिइरहेको मेरो बुझाइ छ । नवप्रज्ञापनको यो सोचलाई म ससम्मान र अभिनन्दन एकैपटक गर्छु । नवप्रज्ञापनले कहिल्यै आफ्नो गाउँबस्ती बिर्सेको छैन मलाई यसैमा गर्व छ ।

नवप्रज्ञापन शताङ्क प्रकाशनको तयारीमा छ भन्ने कुरा सुनेको छु । यो खबरले मनलाई अत्यन्तै हर्षित बनाएको छ । औधी खुसी छु । सङ्घर्ष थाहा पाएको र जाने बुझेको छु । नवप्रज्ञापन हिँडिरहोस्, हिँडिरहोस् र हिँडिरहोस् ।

(देवपतन, काठमाडौँ)

पहिलो भेटको सम्झना

• **हरिप्रसाद पाण्डेय**

नवप्रज्ञापको ९९औँ अङ्क मेरो हातमा छ । केही समय अघिको भेटमा सम्पादकले मलाई उपलब्ध गराउनु भएको यो अङ्क पढिरहेको छु । मैले नै पढ्न थालेको पनि धेरै भइसकेको छ । हरेक अङ्क फरक फरक साजसज्जामा हुने यसको स्वाद पनि पृथक्पृथक् नै हुने गर्छ । अरूलाई के कस्तो लाग्छ म भन्न सक्दिन तर मलाई भने स्वादिलो र मिठो लाग्छ । यो मेरो

विगतदेखिको लामै अनुभव हो । पहिले पहिले त्यस्तो लाग्दैनथ्यो तर ९९ अङ्क हेरेपछि भने मनमा कौतूहलता र उत्सुकता एकसाथ बढिरहेको छ ।

ओहो ! तीस वर्ष हिँडिसकेछ त्यति मात्र हो र ? एकतिसौँ वर्ष हिँड्न कम्मर कसिरहेको रहेछ त भन्या । मैले चिनेपछि पनि यसले धेरै अङ्क हिँडिसकेको छ । ठिक छ हिँडिरहोस् म मनमनै कामना गर्छु । हिँड्नुपर्छ, हिँडाइ नै जीवनको परिचय वा गति हो । यसका सम्पादक र मबिच भेटघाट गराउने सेतु नै नवप्रज्ञापन हो । मलाई राम्रो हेक्का छ । वसन्तपुरको नेपाल संस्कृत विश्वविद्यालयमा रहेको मेरो कार्यकक्षमा भेटिएका थियौँ हामी । उहाँ सुधन पौडेलको नाम लिएर आउनुभएको थियो । भेटमा केही गफियौँ अर्थात् कुराकानी गर्‍यौँ । प्राप्त नवप्रज्ञापन ओल्टाइपल्टाइ हेरेँ । हिँड्ने बेलामा उहाँले मेरो लागि मात्र हैन सुधनजीको लागि पनि नवप्रज्ञापन दिएर जानुभएको थियो ।

उहाँ विद्यावारिधिको विषयमा बुझ्न आउनुभएको रहेछ । त्यहीँको प्रशासक भएका नाताले मैले जाने बुझेका कुरा बताएको थिएँ । त्यसपछि उहाँ महिना दुई महिनामा आउन थाल्नुभएको थियो । आउँदा मेरो लागि नवप्रज्ञापन कहिल्यै छुट्दैनथ्यो । नवप्रज्ञापनले हामी दुईबिच मित्रताको बलियो जग बसाउन राम्रो भूमिका निर्वाह गरिरहेको थियो । त्यसपछि भेटघाटको क्रम अझ बाक्लो हुँदै गयो । भेटमा साहित्यिक चर्चा परिचर्चाका साथ साथै जीवन यात्राका दुःख सुखका कुरा साटासाट हुन लागेका थिए ।

मित्रता बाह्र बजेपछिको घामको बिम्ब जस्तै हुँदै गयो । भेटघाट पश्चात् मेरा रचनाहरू पनि नवप्रज्ञापनसम्म पुगे । क्रमशः बाक्लै छापिए र छापिँदै गए । साहित्यप्रति अनुराग राख्ने मेरा लागि नवप्रज्ञापन एउटा असल मित्र बन्यो । केही समयपछि मैंले पनि पत्रिकासँग जोडिने आशय व्यक्त गरेँ । हाम्रा साहित्यिक पत्रपत्रिकाका अवस्था बुझेको मलाई जोडिनु उचित लाग्यो । त्यसैले जोडिएँ र आज पनि जोडिएकै छु ।

२०५० देखि प्रकाशनमा आएको साहित्यिक पत्रिका **नवप्रज्ञापन**ले २०७९ सालसम्म ९९औं अङ्क प्रकाशित गरेको छ । २०८० वैशाखमा मा १०० औं अङ्क प्रकाशन कार्यमा पत्रिका टिमले सक्रियताका साथ काम गरिरहेको थाहा पाउँदा मन हर्षविभोर भएको छ । मेरा कतिपय रचनाहरूले यहाँ स्थान पाएका छन् । एकपछि अर्को गरी विविध विधामा पौने दुई दर्जन बढी यसका विशेषाङ्क प्रकाशित छन् ।

त्यसो त **नवप्रज्ञापन**सँग जोडिन खोज्दाको मेरो प्रसङ्ग अलि रोमाञ्चक छ । पत्रिका निरन्तर पढ्न पाइएला भन्ने आशयले म पत्रिकासँग जोडिन खोज्ने तर सम्पादक अनकनाउने र मेरो कुरालाईं कम महत्त्व नदिने । दुईतीन चोटी जोड्न आग्रह गरेपछि मात्र सम्पादकजी बल्लबल्ल सहमत हुनु भएको थियो र म जोडिएको थिएँ । कतिपय पत्रपत्रिकामा जोडिन आग्रह गर्छन्, मानिँदैन तर उहाँलाई बल्लबल्ल मनाउनु पर्‍यो । **नवप्रज्ञापन**ले १००औं अङ्क प्रकाशित गर्ने समाचारले मलाई अत्यन्तै उत्साहित बनाएको छ । म अत्यन्तै खुसी छु र निरन्तरताको कामनासहित **शतकाङ्क** प्रकाशनको शुभकामना भन्न चाहन्छु ।

(बालाजु, काठमाडौँ)

शुभयात्रा नवप्रज्ञापन

• रामविनय

'जब तिमी कसैलाई आफूसित हिँड्न आह्वान गर्छौ तब कसैले तिम्रो आह्वान सुनेन भने पनि ढुक्कसँग एक्लै हिँड्न अघि सर' - रविन्द्रनाथ टैगर

कुनै पनि काम या अभियान चलाउन कोही अघि लाग्छ भने सुरुमा दुरदृष्टि राखेर अभियानमा संलग्न व्यक्ति पहिले एक्लै हुन्छ। उसले एक्लै चालेको अभियान जब अरूले देख्न थाल्छन् र त्यो ठिक छ भन्ने लाग्छ तब अरूहरूले पनि पछि पछि साथ दिन्छन् भन्ने माथिको कविताको आशय हो। २०५० मा बारा जिल्लाबाट हिँड्न आरम्भ गरेको यो पत्रिका त्यही दिनदेखि हिँडेको हिँड्यै छ। सुरूका वर्षहरूमा केही कम हिँडे पनि त्यो क्रमलाई निरन्तरता दिइरहेको छ। हो त, यो क्रममा ३० वर्ष हिँडेको उसले ९९ खुड्किला पार पनि गरेको छ। भाषा साहित्य क्षेत्रमा लागिरहेकाहरूका निम्ति यो हर्ष र खुसीको विषय हो।

पक्कै पनि यहाँसम्म आइपुग्दा अभियानमा एक हुल मानिसहरूको सहभागिता भएको छ। अर्थात् यो चौतारो बनेको छ। चौतारोमा धेरै धेरै बसेका छन्। तर बस्नेहरूले पलेँटी कसेनन्। सुस्ताए पछि बाटो लागे। तर यसका सम्पादक थाकेका छैनन्। हिँडिरहेछन्। उनलाई नयाँ नयाँ साथीहरूको साथ प्राप्त भइरहेको छ। ती साथले हौस्याइरहेको छ। यसैले उनी हिँडिरहन सकेका हुन्। यो बुझाइ त मान्न र नमान्न दुवै सक्नुहुन्छ। कुनै पनि चौतारो यात्रीहरूको थकाइ मार्ने ठाउँ हो। यात्रीहरू चौतारामा सधैँ बसिरहँदैनन्। थकाइ मार्छन् र आआफ्नो लाग्छन्। मलाई लाग्छ, यसका सम्पादकबाहेक पहिलो प्रहरका अभियानीहरू नवप्रज्ञापनसँग अहिले छैनन्।

स्वाभाविक हो, सबैले सबैलाई सधैँ साथ दिइरहन सक्दैनन्। साहित्यिक पत्रकारिता भावनामा गरिने कुरा हो। भावनामा बाँच्नेहरूले मात्र यसलाईं निरन्तरता दिइरहन सक्छन्। अर्को कुरा साहित्यिक पत्रकारिता कहिल्यै पनि पेसा व्यवसाय हुन सक्दैन। यसैको परिणाम हो हामी कहाँ निरन्तर प्रकाशित हुने साहित्यिक पत्रपत्रिका ५ दर्जनको हाराहारी सङ्ख्यामा मात्र छन्। नवप्रज्ञापनले विभिन्न विशेषाङ्क पनि प्रकाशित गरेको छ। यसका विशेषाङ्क विषय केन्द्रित हुन्छन्। सुरूदेखि नै यस्तै काम गरिरहेको छ। नवप्रज्ञापनको सम्पादकीय लेख्ने आफ्नै तरिका छ। अधिकांश सम्पादकीयहरू कवितात्मक छन्। यो अङ्कमा यस्ता यस्ता रचनाहरू छन् भनेर कहिल्यै भन्दैन। नयाँ नयाँ विषय छनोट गरेर त्यही बारे बोल्छ। यसको बोल्ने शैली आफ्नै छ। उपदेश र आदर्श छाँट्दैन। यथार्थ बोल्छ। मलाई सबैभन्दा बढी मन परेको पक्ष त्यही हो। अन्त्यमा **नवप्रज्ञापन**लाई **शतकाङ्क** प्रकाशनको शुभकामनासहित यो लेखको बिट यहीँ मार्न चाहन्छु।

(कुलेश्वर, काठमाडौं)

तीन दशकको त्यो इन्द्रेनी

• गगनदीप सर्व

नवप्रज्ञापन र यसका सम्पादकलाई पहिलोपटक नयाँ सडकमा भेटेको हुँ । नयाँ सडकको पिपल बोट, चौतारो र पत्रिका पसलहरू हामीलाई जम्मा हुने र आपसमा भलाकुसारी गर्ने अवसर जुटाउँथ्यो । हामी बेला बेलामा त्यहाँ जम्मा भएर गफिन्थ्यौँ र साहित्यसम्बन्धी कुराकानी र छलफल गर्थ्यौँ । हामीमात्र कहाँ हो र ? न्युरोडको पिपल बोटमा उभिएर पत्र पत्रिका पढ्ने र देश विदेशका राजनीति तथा साहित्यसम्बन्धी कुराकानी सुन्नेहरू बग्रेल्ती हुन्थे । नवप्रज्ञापन र यसका सम्पादक/प्रकाशक सम्पादक नवराज रिजालसित २०५० तिरै सम्बन्ध विस्तार वा चिनजानी भएको होला, मेरो अनुमान छ । उहाँ पातलो पातलो आउनुहुन्थ्यो ।

नेपाली साहित्यमा त्यतिबेला गजल बाढीको रूपमा आइरहेको थियो । त्यसलाई प्रोत्साहन दिन गजल विशेष निकाल्ने सोच बन्यो । विशेष जिम्मा मैले पाएँ । नामावली तयार पारेँ । सोहीबमोजिम गजल जम्मा हुन लाग्यो । डेढ महिनाभित्रै गजल जम्मा भयो । कतिपय गजलहरू त पत्रमार्फत पनि आउँदै थिए । बढी प्राथमिकता हामीले जो जसको नामावली तयार पारिएको थियो, उहाँहरूलाई प्राथमिकतामा राख्यौँ । उहाँहरूका गजल नआएपछि पत्रमार्फत प्राप्त गजलहरूलाई राख्ने भयौँ । यसरी २०५१ असोजमा पूर्णाङ्क ७ गजल विशेष बनेर आयो ।

त्यसपछि राष्ट्रकवि माधव घिमिरेको लघुशब्दचित्र निकाल्ने सोच बन्यो । सामग्री सङ्कलनमा सहयोग गरेँ । फोन गरेर कवि घिमिरेलाई अवगत गराएँ । उहाँ सकारात्मक देखिनुभयो । समय लिएर लैनचौर पुगेँ । लगभग एक घण्टा उहाँसँग बसेँ । केही लिखित प्रश्न अगाडि राखेँ । हप्ता दिनमा सम्पर्क गर्न भन्नुभयो । एउटा गीतका लागि पनि अनुरोध गरेँ । उहाँ राजी हुनुभयो । उहाँले लेखेका पुस्तक, पाएका सम्मान र पुरस्कारको विवरण देखाएँ । छुटेका र गल्ती भएका भए सच्याएर लेखिदिन आग्रह गरेँ । अन्य विषयमा पनि कुराकानी भयो । लगभग २-३ महिनाको दौडधुपपश्चात् २०५१ माघमा पूर्णाङ्क ११, माधव घिमिरे लघुशब्दचित्र बनेर आयो ।

नव वर्षले काँचुली फेर्न लागेको थियो । जतातत‌ै हरियालीको रौनक र लालित्यले वातावरणमा सौन्दर्य देख्न सकिन्थ्यो, जुन तरङ्ग मन छोएर दौडिरहेको भान हुन्थ्यो । यहीँ कतै तारादेवीको कोकिल स्वरले नयाँ बिहानीलाई स्वागत गर्न तम्सेजस्तो लाग्यो । शुभकामना भरी हरेक श्वासमा तिम्रो दीर्घायुको कामना गर्न सकूँ म...समय बित्दै गयो । हामी हिँडिरह्यौँ, हिँडिरह्यौँ र हिँडिरह्यौँ । पातलै भए पनि भेट भइरहे । नवराजजी पढ्ने र पढाउने काम गर्नुहुन्थ्यो । जे भए पनि कहिले १५ दिन, कहिले महिना दिन त कहिले दुई महिनामा नै सही भेटघाट चलिरहेको थियो । गीत विशेष निकाल्ने सोच बन्यो । यो जिम्मा पनि मेरै काँधमा आयो । नामावली तयार पारेँ । गीतकार हरूलाई अनुरोध गरेँ । डेढ महिनाभित्र

तयारी पूरा भयो । साउन भदौ २०५२ मा पूर्णाङ्क १३ प्रकाशित भयो ।

आज जस्तो हैन बजारमा अन्य साहित्यिक पत्रपत्रिकाहरू बग्रेल्ती छँदै थिए । हामीभित्र जन्मिएको अलि पृथक् बनाउने सोच र मनसायले बेलाबेलामा हामीलाई औँला ठड्याएर सचेत गराइरहेको थियो । हामी कुरा बुझ्रिरहेका पनि थियौँ । २०५२ मङसिरमा सरुभक्त लघुशब्द चित्र अङ्क पूर्णाङ्क १६ का रूपमा प्रकाशित भयो । समय अघि बढिरह्यो । यसले आफ्नो यात्रालाई निरन्तरता दिँदै गयो । अहँ, रोकिएन । ढिलै सही हिँडिरह्यो तर हिँड्न छाडेन । हिँड्न नछाडेकै कारण यसले आज देख्न सकेको हो । हिँड्नेहरू सबैले कहाँ आज देखेका छन् र ? तपाईलाई त्यस्तो लाग्छ ? मलाई त लाग्दैन ।

नवप्रज्ञापनको गतिविधिमा म पनि कुनै न कुनै किसिमले सहभागी बनिरहेको छु । सहयोग र सद्भाव बोकिरहेको छु । पछाडि फर्केर हेर्दा असाध्यै रमाइलो लाग्छ मात्र हैन रमाइरहेको पनि छु । यात्राको क्रममा यसले लघुकथा विशेषाङ्क निकाल्ने सोच बनायो । अङ्ग्रेजी भाषाका ११-१२ ओटा लघुकथा छनौट गरेर अनुवाद गरेँ । ती कथा त के कथाकारका नाम पनि कतिपयले सुनेका र पढेका छैनन् होला । दुई महिनाभित्र काम सकियो । मैले अनुवाद गरेका कथाहरूसमेत समेटिएर २०७३ वैशाख असारमा पूर्णाङ्क ७२ लघुकथा विशेषाङ्क बनेर आयो ।

यसले नेपालका प्रमुख १० भाषाका कथा समेटेर बहुभाषा कथा विशेषाङ्क निकाल्ने सोच बनाएपछि नेपाल भाषाका कथाहरू खोज्ने र ती कथाहरूको भावभूमि खोज्ने जिम्मा मेरो काँधमा आयो । त्यो कामलाई मैले सहजतापूर्वक लिएँ । यसरी नेपालमा मातृभाषाका रूपमा बोलिने दश भाषाका कथा समेटिएको बहुभाषा कथा विशेषाङ्क २०७६ वैशाख असार पूर्णाङ्क ८४ बनेर आयो । २०७६ माघतिरको कुरा हो, नवराजसित बागबजारमा भेट भयो । "गगनजी गीत अङ्क निकाल्ने सोच बनेको छ, हामी त सँगै छौँ है" उहाँले एकपल्ट फेरि मेरो साथ सहयोगको अपेक्षा गर्नुभयो । हातमा हात मिलाउने सौभाग्य पाएँ । चिया पिउँदै विचार विमर्श आदान प्रदान भयो ।

ज-जसको गीत खोज्नुथियो ३०-३५ जनाको नामावली तयार पारेँ । त्यसमा वरिष्ठ र युवा गीतकारका नामहरू थिएँ । दुइओटा अप्रकाशित गीत राख्ने योजना थियो । नवराजजीलाई देखाएँ । छलफलपछि अन्तिम रूप दिइयो । सर्वप्रथम वरिष्ठ गीतकार भैरवनाथ रिमाल 'कदम' लाई फोन गरेँ । उहाँ निकै खुसी हुनुभयो । सौहार्दपूर्ण वातावरणमा कुराकानी भयो । आउनु कारण अवगत गराएँ । हप्ता दिनपछि आउन आग्रह गर्नुभयो । हप्ता दिनपछि पुगेर हस्ताक्षरसहित गीत लिएर आएँ । यसैगरी चेतन कार्की, विश्व वल्लभ, दिनेश अधिकारी, बालकृष्ण सजीव र कालीप्रसाद रिजाल कहाँ पुगेँ । केही दिनपछि सरुभक्त र प्रकट पगेनी 'शिव' लाई फोनमा कुरा राखेँ । उहाँहरूले तत्कालै भाइबरमा गीत पठाइ सहयोग गर्नुभयो ।

कोरोनाका कारण २०७६ चैत ११ गतेदेखि लकडाउन सुरू भयो । हप्ता दिनको लागि गरिएको लकडाउनको समय थपिँदै गयो । यस्तो विषम परिस्थितिमा गीत विशेषाङ्क कसरी प्रकाशित होला मनमा अनेक आशङ्काहरू जन्मिने क्रम चलिरह्यो । सास छउन्जेलको आस भन्ने उखान सम्झेँ । बेलाबखत फोन गर्न कन्जुस्याइँ गरिनँ । निरन्तर लागि रहेँ । कहीँकतै हिँड्डुल गर्न निकै जोखिमपूर्ण थियो । यस्तो स्थितिमा पनि हालखबर सोध्दै मन बुझाउने प्रयत्नमा लागि रहेँ । जो जसलाई भने पनि सम्भावना झन् न्युन हुँदै गइरहेको थियो । त्यो देखेर अलि हच्किएँ । जे होस् हिम्मतका साथ मन दह्रो बनाएँ ।

श्रीपुरुष ढकाल, यादव खरेल, शिवशंकर थापा, नरेन्द्र थापा, दुर्गालाल श्रेष्ठ, प्रकाश सायमि, सुभाषचन्द्र ढुंगेल, भूपाल राई, श्रवण मुकारुङ, रमेश क्षितिज, नरेश भट्टराई, डि आर उपाध्याय, सिन्धु राणा, उन्नति बोहरा 'शिला' लक्ष्मणकृष्ण ताम्राकार, भरत बम्जन, आनन्द अधिकारीलगायतसँग सम्पर्कमा थिएँ । त्यसबाहेक पनि धेरैसँग सम्पर्क गरेँ । कुनै जवाफ नआएपछि फोन गर्न छोडिदिएँ । राष्ट्रकवि माधव घिमिरे र रत्न शमशेर थापाको नामावलीमा नाम समावेश थियो । तर विविध कारणले उहाँहरू दुवै जनाका रचना प्रयत्न गर्दा पनि समावेश गर्न सकिएन । कतिपय गीतकारज्यूहरूलाई प्रविधिको ज्ञान नभएकोले अप्ठेरो भयो ।

उहाँहरू कहाँ पुग्ने अवस्था पनि थिएन । निकै दुविधामा परेँ तर केही छैन त्यसको समाधानको बाटो पहिल्याउन कठिन भएन । बिहान फोन गरेको, दिउँसै नै उषा शेरचन र नवराज लम्सालबाट गीत प्राप्त भयो । यसका लागि मलाई अरुणबहादुर खत्रीको ठुलै सहयोग रह्यो । उहाँले फोन नम्बर उपलब्ध गराउनासाथ नरेन्द्रराज प्रसाईलाई सम्पर्क गरेँ । उहाँले तत्कालै गीत पठाएर सहयोग गर्नुभयो । दिनेश अधिकारीबाट राम्रो सुझाव र सल्लाहका साथ आदरणीय किरण खरेलको गीत उपलब्ध भयो । गीतसम्बन्धी लेखका लागि प्रकाश सायमिलाई आग्रह गरेँ । थुप्रैपटक फोन पनि घुमाएँ । आखिरमा केही सिप लागेन । अन्तमा लेखको सट्टा बरु कुनै गीत उपलब्ध गराउने वचन आयो तर त्यो पनि सम्भव भएन अर्थात् म सफल हुन सकिनँ ।

गीत विशेषाङ्क बारे नवराजजी र वसन्तराज अज्ञातसित छलफल गरी अन्तिम रूप तयार भयो । लकडाउन भर्खर खुलेको थियो । केही दिनमै नगेन्द्र थापालाई फेरि फोन गरेँ । उहाँकहाँ पुगेर गीत ल्याएँ । ती दिनहरू सम्झिदा अहिले पनि रमाइलो लाग्छ । प्रतिकूल परिस्थितिमा पनि बैशाख असार २०७७ गीत विशेषाङ्क पूर्णाङ्क ८८ बनेर आयो । म मात्र हैन हामीलाई यसले अत्यन्तै खुशी बनायो । हिजोसम्म गीत दिन प्रायः आनाकानी गर्नेहरू त्यो विशेषाङ्क आएपछि हेरेको हेरै भए । कति जनाले त पश्चात्ताप मान्दै थुक पनि निले ।

हो, यिनै विषयमा केन्द्रित भई **जनमत** पत्रिकाको २७८ अङ्कमा नवप्रज्ञापनको गीत विशेषाङ्क बारे देखे- भोगेका तमाम घटनाक्रमको नालीबेली उतारेको छु । जुन जुन गीतकारहरूलाई सत्य तितो हुन्छ भने जानकारी सो पाँच पृष्ठ लामो लेखले बताउने छ । त्यतिखेर गीतकार सङ्घ नेपालको स्वागत मन्तव्य राख्ने इच्छा लकडाउनले गर्दा पूरा हुन सकेन । तैपनि सोही विशेषाङ्क २०७९ चैत १४ गते सङ्घका अध्यक्ष वसन्त वित्यासी थापालाई हस्तान्तरण गरेँ । म अब अन्त अन्तमा आइपुगेको छु ।

नवप्रज्ञापनसँग सम्बन्ध गाँसिएको पनि तीन दशक बितेछ । म नवप्रज्ञापनको साथी बनेर आवश्यकता अनुसार सघाई रहेको छु । अर्थात् हामीसँगै छौँ । मेरो मनमा उत्साह र उमङ्ग छ । परिणाम सबै सामु छ । कामले सन्तोष र आनन्द दिलाएको अनुभूति गरेको छु । म अहिले पनि ती दिन सम्झिदा गौवान्वित हुन पुग्छु । मेरा कामहरूमा हिजो जे जति जोडिएका छन् । उहाँहरूको सकारात्मक सोचले ऊर्जा प्राप्त गरेजस्तो महसुस गरिरहेछु । यस क्रममा मसँग जोडिएका कति जना सर्जकहरू बितिसक्नुभएको छ । तीन दशकको यात्राले मनभरि सौन्दर्य छताछुल्ल पोखिएको छ । त्यो आज पनि क्रमशः मगमगाउँदै छ ।

तीन दशक अघिदेखि मसँग जोडिएको नवप्रज्ञापन शताङ्क बनेर प्रकाशित हुन लागेकामा अझ उत्साहित बनेको छु । यति भन्न मन लाग्यो नवप्रज्ञापन - शुभकामना !!!

(अनामनगर, काठमाडौं)

नेपाली साहित्यिक पत्रकारिता र नवप्रज्ञापन

• देवेन्द्र अर्याल आँसु

साहित्यिक पत्रकारितालाई पनि आम पत्रकारिताको महत्वपूर्ण अङ्गका रूपमा लिइन्छ । साहित्यका विविध विधा समेटेर प्रकाशन हुने पत्रपत्रिकाहरूको सङ्ख्या पछिल्लो समयमा बढेको छ । साहित्यको उत्थान र सम्वर्द्धनमा यी पत्रपत्रिकाको विशेष भूमिका छ । विभिन्न पत्रपत्रिकाले साहित्यकारका विभिन्न रचनालाई स्थान दिए पनि ती पूर्णतः साहित्यिक पत्रिका होइनन् । साहित्यलाई प्राथमिकता दिएर प्रकाशित भएका पत्रपत्रिका मात्र साहित्यिक पत्रिका हुन् । त्यस्ता साहित्यिक पत्रपत्रिकामार्फत नेपाली साहित्यको विकास, प्रचारप्रसार एवं उन्नयन भएको पाइन्छ । भाषा, कला, साहित्य र संस्कृतिको संरक्षणमा साहित्यिक पत्रिकाको अहम् भूमिका छ ।

नेपालमा पत्रकारिताको आरम्भ साहित्यिक पत्रकारिताबाटै भएको हो । मोतीराम भट्टले बनारसमा रहँदा वि.सं. १९४३ मा **गोरखा भारत जीवन** नामक पत्रिका प्रकाशन गरेका थिए । त्यस्तै पं.नरदेव पाण्डेद्वारा **सुधानगर** नामक साहित्यिक पत्रिका वि.सं. १९५५ मा प्रकाशन भएको पाइन्छ । भारतमा रहेका नेपालीहरूले वनारस, दार्जीलिङ, देहरादुन आदि ठाउँबाट उपन्यास तरङ्गिनी (१९५९), सुन्दरी (१९६३), माधवी (१९६५), चन्द्र (१९७१), गोर्खाली (१९७२), चन्द्रिका (१९७२), गोर्खा संसार (१९८३), तरुण गोर्खा (१९८५) साहित्य सम्मलेन (१९८८), गोर्खा सेवक (१९९२) आदि साहित्यिक पत्रपत्रिका प्रकाशित गरेको देखिन्छ ।

नेपाली साहित्यिक पत्रकारिताको कोसेढुङ्गोको रूपमा परिचित शारदा मासिक वि.सं. १९९१ मा ऋद्धिबहादुर मल्लको सम्पादकत्वमा प्रकाशित भएको थियो । यस पत्रिकाको प्रकाशनपछि नेपाली साहित्यको आधुनिक काल सुरू भएको मानिन्छ । त्यसपछि साहित्यिक पत्रिकाहरू उद्योग (१९९२), साहित्य स्रोत (२००४), आँखा (२००५) आदि स्वदेशबाट र उदय (१९९३), युगवाणी (२००४), भारती (२००६) जस्ता पत्रिकाहरू भारतबाट प्रकाशित भएको पाइन्छ ।

प्रजातन्त्रको उदयपश्चात् नेपाली साहित्यिक पत्रपत्रिका प्रकाशनमा पनि ठुलो लहर आएको देखिन्छ । यस क्रममा प्रतिभा (२००९), प्रगति (२०१०), धरती (२०१०), साहित्य (२०१६), रूपरेखा (२०१७), रचना (२०१८), भानु (२०२०), मधुपर्क (२०२५), सुस्केरा (२०२७), वेदना (२०३०), उत्साह (२०३५), गरिमा (२०३९), बगर (२०३९) आदि पत्रिकाहरूको प्रकाशन भएको पाइन्छ । यिनीहरूले नेपाली साहित्यिक पत्रकारिताको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएको मात्र छैनन् स्पष्ट मार्गचित्र पनि कोरेका छन् ।

वि.सं. ०४६ र ०६२/०६३ को परिवर्तनपछि देशमा थुप्रै साहित्यिक पत्रपत्रिका प्रकाशन हुने क्रममा तीव्रता आयो । यही क्रममा २०५० मा आरम्भ भएको एउटा अहिले सय अङ्क प्रकाशनको तयारीमा छ । नेपालमा साहित्यिक पत्रिकाले

सय अङ्क पार गर्नु चुनौती मानिन्छ । तर नवप्रज्ञापनले यो सीमारेखा पार गरेको छ । नेपाली साहित्यका सम्पूर्ण विधालाई समेट्दै आएको यो पत्रिकासँग यस स्तम्भकारको लेखकीय सम्बन्ध रहेको छ ।

पछिल्लो समय कोभिड १९, २०७६ का कारण पत्रपत्रिका प्रकाशनमा कटौती मात्र भएन कतिपय त बन्द नै भए । साहित्यिक पत्रकारिताले विभिन्न समस्या भोग्नुपर्‍यो । सूचना विभागबाट प्राप्त हुने सहयोग पर्याप्त नभएका कारण प्रकाशनमा निरन्तरता हुन पनि सकेन । एकातिर बजारमा वितरण व्यवस्था सबल छैन भने अर्कोतिर पाठकको सङ्ख्या पनि सन्तोषजनक नरहेको अवस्था छ । साहित्यिक क्षेत्रलाई अनुत्पादक क्षेत्र भन्ने गरिएकाले उचित विज्ञापनसमेत प्राप्त गर्न कठिनाइ भएको अवस्था विद्यमान छ ।

एकातिर साहित्यिक पत्रकारिताले सरकारी प्रोत्साहन, सहयोग र संरक्षण जुन रूपमा पाउनुपर्ने थियो त्यो प्राप्त गर्न सकेको छैन भने अर्कोतिर साहित्यिक पत्रिकालाई हेर्ने राज्यको नीति र दृष्टिकोणमा पनि अस्पष्टता छ । आर्थिक अभाव नै नेपाली साहित्यिक पत्रपत्रिकाको ठुलो समस्या हो । त्यस्तै, कमजोर व्यवस्थापन, बिक्री वितरणका समस्या, स्तरीय सामग्रीको अभाव आदिका कारण पनि साहित्यिक पत्रपत्रिकाको अवस्था दिनप्रतिदिन खस्कँदै गएको हो ।

निरन्तरताको अभाव, कुशल सम्पादनको समस्या, सरकारी नीतिनियमको समस्या, पत्रिका बिक्री वितरण, वर्गीकरण समस्यालगायतले साहित्यिक पत्रिकाको विस्तारमा एकप्रकारको अन्यौलको स्थिति सिर्जना भएको छ । कल्याणकारी विज्ञापन पर्याप्तमात्रामा उपलब्ध नहुनु, पत्रपत्रिकाको बिक्री वितरणको भुक्तानीमा समस्या देखिनु साहित्यिक पत्रकारिताका थप समस्याहरू हुन् । यसैका कारण पत्रपत्रिका अनियमित मात्र बन्न पुगेका छैन आम पाठकहरूको सङ्ख्या घट्नेक्रम पनि बढेको छ । पाठकको अभाव र निःशुल्क लेखनका कारण वा पारिश्रमिकको उचित प्रवन्ध हुन नसकेका कारण स्तरीय लेख सामग्री प्रकाशन गर्न नसक्दा गुणस्तर खस्कँदै गएको हो ।

अखबारी पत्रकारिता क्षेत्रलाई जस्तो सुविधाको अभाव, अस्पष्ट सरकारी नीति, प्रेस प्रतिनिधि पत्र, परिचय पत्रसमेत यथोचित उपलब्ध नगराउनु र साहित्यिक पत्रकारिताको प्रवर्द्धनमा तालिम, भ्रमण, अवलोकनमा जोड नदिनुले यो क्षेत्रप्रति आकर्षण कम हुँदै गएको हो । समय समयमा तालिमको व्यवस्था नगर्नु, पत्रकार र व्यवस्थापकलाई अभिमुखीकरण नगर्नु, प्रेस काउन्सिलले समेत साहित्यिक पत्रकारिताको महत्त्व बोध गर्न नसक्नु, साहित्यिक पत्रकारिताको व्यवस्थापकीय पक्ष ज्यादै कमजोर हुनु लगायतका नीतिगत अन्यौल एकातिर रहेको छ भने अर्कोतिर साहित्यिक पत्रकारिताको श्रीवृद्धिमा सरोकारबालाले ठोस योगदान पुर्‍याउन नसक्दा पनि साहित्यिक पत्रकारिताको अवस्था फैलन नसकेको देखिन्छ।

पत्रपत्रिकाको मूल्याङ्कन परिपाटी वैज्ञानिक नहुँदा एवं साहित्यिक पत्रकारिताको प्रवर्द्धनका लागि स्थापना भएका पुरस्कारका लागि साहित्यिक पत्रकार र पत्रिकालाई विभेदपूर्ण व्यवहार गरिँदा पनि साहित्यिक पत्रकारिताको क्षेत्र सङ्कुचन हुन पुगेको हो । सम्पादक वा प्रकाशकको व्यक्तिगत प्रयासमा साहित्यिक पत्रपत्रिका सञ्चालनमा आएका कारण पनि त्यसले स्थायित्व पाउन नसकेको देखिन्छ ।

जे होस् साहित्यिक पत्रकारिता जे जस्तो विषम स्थितिमा रहे पनि **नवप्रज्ञापन** विगत ३१ वर्षदेखि हिँडिरहेको छ । त्यै हिँडाईले **शतक अङ्क** मा पुर्‍याएको पनि छ । एउटा साहित्यिक पत्रकारको नातामा म अत्यन्तै खुसी छु किनकि यो **शतक अङ्क**मा पुगेको छ।

(सम्पादक नवउद्घोष साहित्यिक त्रैमासिक)

शुभकामना नवप्रज्ञापन

• **राममणि दुवाडी**

२०७९ फागुन १४ गते बिहान कम्प्युटरमा बसिरहेको थिएँ । साहित्यकार नवराज रिजालको फेसबुक भित्तोमा "शतक अङ्कको छेउमा नवप्रज्ञापन" भन्ने पोस्टमा आँखा पऱ्यो । म पनि केही वर्ष अघिदेखि यसको नियमित पाठक बनेको हुनाले त्यसले मेरो पनि मन तान्यो । त्यसैबेला आफ्नै अध्ययन कक्षको दराजमा रहेका नवप्रज्ञापनका अङ्कहरू र मेरो बिचमा हेराहेर भयो । आसनबाट जुरुक्क उठेँ र दराजमा भएका नवप्रज्ञापनका उपलब्ध अङ्कहरू एकएक गरेर निकाल्दै क्रमबद्ध गरेँ ।

मसँग यसका ४२औँ देखि ९९ अङ्कसम्मका अधिकांश प्रतिहरू रहेछन् । वि.संवत २०५० मा प्रकाशन आरम्भ गरिएको यसका ४२औँ अर्थात् २०६५ कार्तिक-पौषदेखिका अङ्कहरू मैले पनि पढ्ने अवसर पाएको रहेछु । यस अर्थमा भन्नुपर्दा नवप्रज्ञापनको जन्म भएको १५ वर्षमा जुटेको सङ्गतले अर्को १५ वर्ष बितेछ । १५ वर्षमा ४२ अङ्क प्रकाशन गरेको यसले अर्को १५ वर्षमा ५८ अङ्क प्रकाशन गर्न सफल भएछ । यसरी हेर्दा पहिलो १५ वर्षमा भन्दा दोस्रो १५ वर्षमा नवप्रज्ञापनको तीव्र भएको प्रमाणित हुन्छ ।

मसँग भएका यसका अङ्कहरूमा प्रकाशित रचना सङ्ख्या गणना गर्दा विशेषाङ्कबाहेकका अन्य अङ्कमा औषतमा ३० देखि ४० सम्म रचनाहरू प्रकाशन गरिएको पाइन्छ । प्रति अङ्क औषतमा ३५ ओटा रचना प्रकाशन गर्दा पनि ७८ अङ्क (विशेषाङ्कबाहेक) अङ्कमा कुल २७३० रचना प्रकाशित भएका छन् । यसको अर्थ पत्रिका प्रकाशनका लागि न्यूनतम २७३० जनाबाट रचना सङ्कलन गरिएको देखिन्छ । केही विशेषाङ्कमा प्रकाशित रचना हेर्दा ७५ देखि १६० सम्म सङ्ख्यामा पाइन्छन् । त्यसलाई औषत गर्दा प्रति अङ्क ११५ रचनाको हिसाबले गणना गर्दा २१ विशेषाङ्कमा २५३० रचना पर्दा रहेछन् । यसरी हेर्दा विगत ३० वर्षमा निस्केका ९९ अङ्कहरूमा लगभग ५२६० रचना प्रकाशित भएका हुनुपर्ने मेरो एउटा अनुमान छ ।

पत्रिका प्रकाशित गर्नु ठुलो कुरा हैन । समाजमा रहर गर्ने रहरीहरू धेरै हुन्छन् । ती रहरीहरूमा रहर जम्मा भएपछि सम्पादक बन्ने र भनाउने चाहनाले मनमा डेरा गर्छ । पत्रपत्रिका जन्मन्छन् । सम्पादकहरूको मनले केही समयसम्म आकाश चुमिरहन्छ । ती आफूले आफूलाई के के न गरेँ भनेर सोच्छन् । मन प्रफुल्ल बनाउँछन् । उत्साह चुलिएर नाम्चे बजारबाट सगरमाथातिर उकालो लाग्छ । अहँ, ओरालो झर्न मान्दैन । अझ केही मानिसहरूले भित्र मनमा जे भए

पनि बाहिर वाह ! भनिदिए पछि भुट्टा हुने कुरै भएन ।

तर अपवादबाहेक धेरै पत्रपत्रिकाहरूको आयु त्यति लामो पनि हुँदैन । बाहिरबाट लामु देखिएकाहरूको अवस्था पनि त्यति सुदृढ हुँदैन । ती जसोतसो हिँडिरहेका मात्र देखिन्छन् । एउटा सत्य के हो भने बाहिर देखिए जस्तो ती हुँदै हुँदैनन् । हाम्रा साहित्यिक पत्रिकाहरू एउटा भावना बोकेर हिँड्ने भएकाले भावनाले काम गर्दासम्म ती निस्कन्छन् र त्यसले काम गर्न छाडेपछि ती बन्द हुन्छन् । यो देखिएको सत्य र यथार्थ दुवै हो ।

कतिपय साहित्यिक पत्रपत्रिका जन्मिएको २/४ वर्ष बित्न नपाउँदै विविध कारणले सम्पादकहरू थाकेपछि बन्द हुन्छन् । मानिसको कुरा गर्दा सय वर्षलाई पूर्णायु भनिन्छ । यस्तो आयु बाँच्नेहरूलाई भाग्यमानी भनिन्छ । यस्ता मान्छेको एकपटक मात्र दर्शन गर्न पाए आशीर्वाद पाइन्थ्यो भन्दै मानिस खोजीखोजी भेट्न आउँछन् । यो पत्रिका पनि शतायु अर्थात् पूर्णायु पार गर्दै छ त्यसकारण यसलाई पनि भाग्यमानी नै मान्नुपर्छ । तर १०० अङ्क पुग्दैमा पत्रिका बुढो भयो वा पूर्णायु भयो भन्ने होइन । त्यसो त यसको नाम नै नवप्रज्ञापन हो । त्यसैले त यो नित्य, नवीन, सशक्त, ऊर्जाशील र गतिशील छ ।

यसले आफ्ना प्रकाशनमार्फत् नेपाली साहित्यमा उल्लेखनीय योगदान पुऱ्याएको छ । अन्य भाषाका रचनाहरूलाई पनि बरोबर स्थान दिइरहेको छ । नेपाली भाषामा प्रकाशित हुने अन्य पत्रिकाहरूले यो काम गरेको कमसेकम मैले चाहिँ देखेको छैन । पत्रिका कुनै जात जाति, भाषा, क्षेत्र, लिङ्ग र सम्प्रदायको साँघुरो घेराभित्र सीमित नरही सिङ्गो राष्ट्रिय भावना र एकतालाई मलजल गर्न सदैव प्रयत्नशील देखिन्छ । समय समयमा विविध विधाका विशेषाङ्कसमेत निकालेर साहित्यको समग्र विकासमा उल्लेखनीय योगदान गरेको कुरालाई बिर्सन सकिँदैन ।

पत्रपत्रिका अल्पायु र दीर्घायु हुनुमा विविध कुराले प्रभाव पार्ने भए तापनि यो मूलतः सम्पादकको क्रियाशीलतामा निर्भर गर्दछ । अझ साहित्यिक पत्रिकाको दीर्घ जीवनका लागि त सम्पादकको झन् बढी क्रियाशीलताको खाँचो पर्दछ । खबर पत्रिकामा झैँ टेलिभिजन र रेडियोका मुख्य समाचारको समाचार बनाएर साहित्यिक पत्रिका चल्दैन । यसका लागि त सम्पादकको सक्रियता, व्यक्तिगत छवि, कामप्रतिको धैर्यता, साहित्यिक स्तर र उसको सक्रियता तथा लेखकसँगको सम्पर्क सञ्जालजस्ता विषयहरूले पनि ठुलो प्रभाव पार्ने गर्छ ।

मैले पाएको सूचनाअनुसार प्रेस काउन्सिल नेपालले गरेको पछिल्लो वर्गीकरणमा नेपालका साहित्यिक र भाषिक गरी करिब ६० ओटा पत्रिकाहरू परेका छन् । हाम्रो जनसङ्ख्या र चेतनालाई आधार मान्दा भाषा साहित्य र संस्कृतिको उत्थान र विकासमा हाम्रो ध्यान नपुगेकै हो । प्रकाशित भइरहेका पत्रपत्रिकाहरूले हाम्रो भाषा साहित्यको अवस्था के छ र हामी यसको उन्नयनमा कसरी दत्तचित्त भएर लागेका छौँ भन्ने कुराको पुष्टि गर्छ ।

प्रकाशनमा आएका पत्रपत्रिका कति समय अडिए ? अर्थात् कति वर्षमा कति अङ्क निकाले, यो महत्त्वपूर्ण कुरा हो । अनि १०० अङ्क पार गरेर पनि जीवित रहेका पत्रपत्रिका कति छन् ? कमसेकम आफूलाई देशका जिम्मेवार नागरिक सम्झनेहरूको दृष्टि यतातिर अति

आवश्यक भइसकेको छ । ३० वर्षे यात्रामा ९९औँ अङ्क प्रकाशित गरेर अगाडि बढेको यो पत्रिकाको ३१औँ वर्ष प्रवेश र शतकाङ्क प्रकाशन एकसाथ परेको छ ।

३० वर्ष छोटो समय हैन । यो एउटा लामो तपस्या र दीर्घ साधना हो । यो ऊर्जाशील लामो यात्रामा नवप्रज्ञापन अघि बढिरहनुमा धेरैको प्रत्यक्षपरोक्ष हातेमालो होला तर यसमा मुख्य योगदान र भूमिका सम्पादक/प्रकाशक रिजालकै रहेको छ । प्रकाशन आरम्भदेखि आजसम्म यसको सम्पादन प्रकाशनमा सशक्त उनी स्वयं लेखक र शिक्षक व्यक्तित्व पनि हुन् । शिक्षणका क्रममा विभिन्न जिम्मेवारी समेत लिएर काम गरेका उनी मेरो नजरमा अत्यन्तै सरल र सहज व्यक्तित्व हुन् ।

साहित्यिक पत्रकारितामा रचना सङ्कलन, सम्पादन, मुद्रण, प्रकाशन तथा वितरणका आआफ्नै समस्या र सीमितता छन् । ती सबै समस्या र सीमितताको सामना गर्दै ३१औँ वर्षमा प्रवेश गरेको **नवप्रज्ञापन** आगामी दिनमा अझ नयाँ ऊर्जाका साथ अघि बढोस् र नेपालका भाषा तथा साहित्यको विकासमा कोशे ढुङ्गा बनोस् यही कामना गर्दछु ।

(नीलकण्ठ-९, धादिङ)

शुभकामना तिमीलाई !

• **रमेश कँडेल**

हामी महेशधर्म माध्यमिक विद्यालयको प्राङ्गणमा पहिलो पटक २०६३ को एसएलसी परीक्षामा भेटिएका थियौँ । त्यो २०६४ बाट २०७५ सम्म भने नियमित चलिरह्यो । भेटघाट मात्र हैन हामीले सहकार्य नै गऱ्यौँ । २०७५ पछि पनि भेटघाट त चलिरहेको छ तर त्यो नियमित नभई आंशिक भएको छ । उहाँसँगको पहिलो भेटमै नवप्रज्ञापनसँग चिनाजानी भएको हो । त्यो चिनारी अहिले पनि यथावत् छ । त्यही समयदेखि नवप्रज्ञापन पढ्ने अवसर जुरिरहेको छ । यसमा मेरा पनि दुई रचना प्रकाशित भएका छन् ।

रचना प्रकाशनले मलाई हौस्याएको छ र यो क्षेत्रमा लाग्न तथा आफ्ना भावनामा सम्प्रेषण गर्न हौस्याइरहेको छ । म पनि अत्यन्तै उत्साहित छु र नवप्रज्ञापन मेरो साथीको रूपमा स्थापित भएको छ । मैले नवप्रज्ञापनका सारथीसँग झन्डै १२ वर्ष बिताएँ । अर्थात् सहकर्मी भएर एकसाथ काम गरेँ । महेशधर्म माध्यमिक विद्यालयमा जोडिएको सम्बन्ध धुनिबेसी आदर्श क्याम्पससम्म पनि पुग्यो । क्याम्पसका विविध गतिविधिहरूमा संलग्नता जनाएँ । समय हिँडिरह्यो । हावा बहिरहे । फूलहरू फुलिरहे । भमराले फूलको रस चुसिरहे । भमराले रस चुस्यो भनेर फूलहरू फुल्न छाडेनन् । मालीहरू भमरा विरुद्ध गए पनि फूल र भमराको सम्बन्ध कहिल्यै विग्रिएन । भमरा उडिरहे र मालीले गोडमेल गरिरहे ।

नवप्रज्ञापनका सारथीले यसलाई सँगसँगै हिँडाइ रहनुभयो ।

काम छाड्नु भएन किनकि हामीसँगै थियौँ । काम छाड्ने सोच पनि बनाउनु भएन । सम्भवतः त्यही भएर नवप्रज्ञापन हिँडिरहन सक्यो । मान्छेको मनमा बसिरहन सक्यो । खै, किन हो थाकेको छैन । बस्न खोजेको छैन । सारथीले बस्न नदिएकै कारण यसले बस्न नसकेको हो । मलाई शङ्का छ सारथी कै बलले हिँडेको हुनुपर्छ । म चाहन्छु यो नबसोस्, हिँडिरहोस्, हिँडिरहोस् र हिँडिरहोस् । मलाई यसको गति मनपर्छ । त्यसैले म चाहन्छु यसको गतिमा कहिल्यै अवरोध नआओस् ।

नवप्रज्ञापनका सारथी अर्थात् नवराज रिजाल धुनिबेसी आदर्श क्याम्पसका संस्थापक क्याम्पस प्रमुख पनि हुनुहुन्छ । उहाँसँग १२ वर्षसम्म मैले पनि सहकार्य गरेँ । हाम्रो सहकार्य बन्द भएको पनि झन्डै ५ वर्ष बितिसकेको छ । तर नवप्रज्ञापनसँग जोडिएको सम्बन्ध लम्बिइरहेको छ । यसो पनि भन्न सकिन्छ, हामीबिच भेघाट गराउने सम्बन्ध सेतुको काम यसैले गरिरहेको छ । हाम्रो सम्बन्ध सेतु नवप्रज्ञापन सयौँ अङ्क प्रकाशन हुन लागेको सूचनाले मलाई हर्षित तुल्याएको छ । यो अवसरमा म नवप्रज्ञापनलाई **सयौँ** अङ्क प्रकाशन र नववर्ष २०८० को मुरीमुरी शुभकामना भन्न चाहन्छु ।

(धुनिबेसी-३, धादिङ)

स्मृतिमा डुब्दै रमाउँदै

• राधा कणेल

कक्षा ७ मा पढिरहेको त्यो समयको मेरो कलिलो मस्तिष्क । हरेक हप्ता विद्यालयमा हुने अतिरिक्त क्रियाकलापका गतिविधि । शिक्षकसँग एक किसिमको भय । अतिरिक्त क्रियकलापमा भाग लिन कताकता डर लाग्ने अवस्था । यस्ता गतिविधिमा पुरस्कृत हुनेले पाउने पुरस्कार । साथीले पाएका पुरस्कार देखेपछि मनमा जागेको लोभ । त्यसमाथि पुरस्कारमा हुने केही थान किताबमध्येको एउटा किताब 'नवप्रज्ञापन' । 'नवप्रज्ञापन'सँगको पहिलो साक्षात्कारको पृष्ठभूमि हो यो । डर र भयलाई पुस्तक पाउने लोभले जित्यो । किनेर पढ्नुपर्ने किताब सित्तैमा पाउने भएपछि अतिरिक्त क्रियाकलापको कुनै पनि गतिविधिमा भाग लिन छाडिएन पुरस्कृत भइन्छ कि भन्ने आशाको बिरुवा मनमा उमारेर । पुस्तक किन्न नै नपाइने त होइन तर किन्नका लागि बजार पनि त थिएन मेरो गाउँ 'बत्तीमुनिको अँध्यारो' मानिने धादिङको छत्रेदेउराली र त्यसको सेरोफेरोमा । अर्को समस्या पैसा पनि हुँदैनथ्यो । त्यसैले किताब हात पार्न पुरस्कृत हुनुपर्ने बाध्यता थियो । यसले मेरो मिहिनेत गर्ने बानीमा मलजल गऱ्यो मात्र

हैन गरिरहन हौसला पनि प्रदान गऱ्यो ।

अग्रज तथा स्थापित साहित्यकारहरूका रचना छापिएका हुन्थे नवप्रज्ञापनमा । मलाई जुनु क्षेत्री, गोपाल अश्क, बागियान शर्मा, निर्मोही व्यास, आरआर चौलागाई, माधव काफ्ले, माधव घिमिरे, रमेश गोर्खाली, अच्युत खनाल, अमर त्यागीलगायतका धेरै स्रष्टाहरूलाई यही पत्रिकामार्फत चिन्ने अवसर जुऱ्यो । उहाँहरूसँग प्रत्यक्ष साक्षात्कार नभई धेरै पहिले उहाँहरूलाई चिनिसकेकी थिएँ, उहाँहरूका लेख रचनामार्फत । नभेटेरै मनका कुरा बुझ्न सकिने अनौठो हुँदो रहेछ साहित्यकारसँगको रचनामार्फतको साक्षात्कार । उहाँहरूकै मन पढेजस्तो ।

विद्यालयमा हुने हाजिरी जवाफ प्रतियोगितामा प्रायः प्रथम हुन्थ्यो हाम्रो समूह । बारम्बार पुरस्कार पाइरहिन्थ्यो । पुरस्कारका अन्य पुरस्कारका साथमा **नवप्रज्ञापन** कहिल्यै छुट्दैनथ्यो । हाजिरी जवाफ प्रतियोगितामा घोकेका कुरा बोल्दा पुगिहाल्थ्यो । पत्रिका पढ्दै गएपछि कताकता सिर्जनाको भोक मैले थाहा नपाउने गरी मनमा उमार्नीतिर म लागि सकेको रहेछु । ओहो ! आफ्नै रचनामा पुरस्कार पाउन पाए ... मनमा लागिरहन्थ्यो । यस्तो हुटहुटी नवप्रज्ञापनले नै जगाएको हो, मेरो मन बिगतमा पुगेपछि निर्धक्क बनेर भन्छ । ती सम्झनाहरू मनमा अझै पनि ताजै छन् । कक्षा ८ मा पुगेपछि कवितामा पुरस्कार पाएँ । अहिले म भन्नै सक्दिनँ । मेरो खुसीको सीमा रहेन त्यो त कति चुलियो चुलियो । मभित्र रहेको सिर्जनाशक्ति उजागर गर्ने सशक्त माध्यम बन्यो नप्रज्ञापन ।

मलाई किताब पढ्न असाध्यै रहर लाग्थ्यो । कथा, कविता, गीत, गजल पढ्न मलाई लत बसाएको यही नवप्रज्ञापनले नै हो । यही लत र नयाँ किताबको लोभले मैले सिर्जना गर्न थालेँ । कविता लेखेँ पहिलो पटक । विद्यालयको मुखपत्र 'मैदान'मा छापियो । यसको सम्पादक हुनुहुन्थ्यो नवराज रिजाल । आफू पनि लेखाइमा हामफालेपछि अरूहरूको रचनाको गहिराइ पनि बुझ्न थालेँ । त्यसपछि अरूका रचना पढ्दा बेग्लै आनन्दको अनुभूति हुन थाल्यो । रुचि र चाख बढिरहे । क्रमशः म गजलप्रति आकर्षित भएछु ।

एकपटक एक जना साथीले कक्षाकोठामा बडो सानसँग एउटा गजल सुनायो । नवराज रिजाल पढाइ रहनुभएको थियो । यो गजल तिमीले नै लेखेको हो ? त्यो साथीसँग सोध्नुभयो । उसले निर्भिक बनेर भन्यो हो सर मैले नै लेखेको हुँ । 'ल सुनाऊ त' सरले भन्नुभयो । साथीले अड्किँदै अड्किँदै सुनायो । सर मुसुमुसु हाँस्नुभयो । केही भन्नुभएन । हामी सर र साथीको अनुहार हेर्न व्यस्त थियौँ । हामीले नवप्रज्ञापनमा पहिले पढिसकेको रचना उसले वाचन गरेको थियो । त्यो रचना बागियान शर्माको थियो । रचनाकारको रहस्य त त्यस बेला थाहा भयो । अनि बागियान शर्मा र नवराज रिजाल एउटै व्यक्ति हुन् भन्ने थाहा पाउन भने धेरै वर्ष कुर्नु पऱ्यो । उहाँको 'चुपचाप चुपचाप' गजलसङ्ग्रह प्रकाशित भएपछि मात्र बागियान शर्मा नै नवराज रिजाल हुनुहुन्छ भन्ने कुरा सबैलाई थाहा भयो ।

यो तथ्य उक्त कृतिमा कवि, गजलकार, समालोचक घनेन्द्र ओझाले लेखेको भूमिकाबाट पनि अनुमान लगाए धेरैले तर अझ प्रस्ट भने ओझाले पनि खुलाइ दिनुभएको छैन आफ्नो भूमिकामा । वास्तवमै लामो समय कथा लेखनमा विशेष कलम चलाउनुभएका बागियान शर्मा अर्थात् नवराज रिजालले गजल लेखेको दशकौँ समय भइसक्दा पनि आफ्नो वास्तविक नाममा लेख्नुभएन । अत्यन्त कम उहाँका मित्रहरूलाई

मात्र बागियान शर्मा नवराज रिजाल नै हो भन्ने थाहा रहेछ ।

यी सबै कुराहरू भएको अढाइ दशक भएछ । 'नवप्रज्ञापन'का जन्मदाता, कर्मदाता र भाग्य विधाता, जेजे भने पनि नवराज रिजाल मात्र हुनुहुन्छ । उहाँकै सत्प्रयास, समय, श्रम र आर्थिक लगानीका कारण यो पत्रिका जीवित रहिरहन सकेको हो । नेपालमा धेरै यस्ता साहित्यिक पत्रपत्रिकाहरू जन्मँदै इतिहासका गर्तमा हराउँदै गरेका बेला यस पत्रिकालाई एकै व्यक्तिले अनवरत रूपमा नियमित प्रकाशन गरिरहनुभएको छ । नवराज रिजाल सरको यो प्रयास, लगन र नेपाली साहित्यमा उहाँले गरेको योगदानलाई म हृदयदेखि नमन गर्न चाहन्छु । लामो समयसम्म शिक्षण पेसामा आबद्ध हुनुभएका उहाँले कहिल्यै यसलाई अर्को नजरले हेर्नु भएन । अत्यन्तै माया गरिरहनु त्यसैका कारणले मात्र यो आजसम्म आइपुग्न सकेको हो ।

आफ्नो श्रम, समय र पैसा लगानी गरी यति लामो समयसम्म 'अनुत्पादक' क्षेत्र मानिने साहित्यिक पत्रिका प्रकाशनलाई निरन्तरता दिनु चानचुने कुरा हुँदै होइन । 'नवप्रज्ञापन' मेरा निम्ति त एक साहित्यिक पत्रिकामात्र होइन । यो मेरो साहित्यिक सिर्जना यात्राको बीज भूमि हो, प्रेरणा हो, मेरो शैक्षिक सफलताको उत्प्रेरक हो र हो मेरो व्यक्तित्व विकासको महत्त्वपूर्ण कडी पनि ।

यतिबेला मेरा आदरणीय गुरु नवराज रिजालले बारा जिल्लाबाट प्रकाशन गरिरहनुभएको पत्रिका नवप्रज्ञापन शताङ्कको रूपमा प्रकाशित हुन लागेका थाहा पाउँदा म अत्यन्तै हर्षित बनेको छु । यसले मेरा प्रारम्भिक कालका थुप्रै रचना प्रकाशित गरेर मलाई साहित्यिक यात्रामा निरन्तर लागिरहन प्रेरणा पनि प्रदान गरेको छ । यसर्थ मेरा गुरु र **नवप्रज्ञापन**लाई कहिल्यै बिर्सन सक्दिनँ । नवप्रज्ञापन थाकेर नबसोस् यो हिँडिरहोस् र यसको गतिलाई म पनि सकेको साथ सहयोग दिइरहन तत्पर छु ।

(गोठाटार, काठमाडौँ)

नवप्रज्ञापनसँग म

• गोपाल फ्युवा

नवप्रज्ञापन विगत लामो समयदेखि नेपाली साहित्य क्षेत्रलाई उजागर गर्दै आएको एक साहित्यिक पत्रिका हो । यस पत्रिकाका बारेमा अलि धेरै म कलैयामा शिक्षक तालिम लिन जाँदा २०६५ ताका थाहा पाएको थिएँ । त्यतिबेला एक दुई अङ्क पढेँ, राम्रो लागेको थियो । पछि यसलाई लामो समय पढ्न त के देख्न पनि पाइएन । पत्रिका बहुभाषिक पनि भएकोले मेरो मन पनि थियो तामाङ भाषाको एक रचना पठाऊँ तर भूकम्पपश्चात् मसँग

भएका सबै सम्बन्ध स्रोतहरू छुट्यो ।

यस पत्रिकाका सम्पादक/प्रकाशक नवराज रिजालसँग फेसबुकमा सामान्य बातचित भयो । मैले लामो लेखहरू लेख्न थालिसकेको थिएँ । समाजबारे शोधखोज गर्न थालेको थिएँ। यसै मेसोमा ६२औँ स्रष्टा पदयात्रा कार्यक्रममा पदयात्री बनेर नवराज रिजाल नवप्रज्ञापनका केही अङ्कहरू उपहार बोकेर मेरो गाउँमा आउनुभयो । त्यसपछि हाम्रो लगातार सम्बन्ध स्थापित हुन सक्यो । १००औँ अङ्कमा ती सबै सम्झने प्रयास गरेको छु ।

नवप्रज्ञापनमा नेपालीबाहेक अन्य भाषामा लेखिएका रचनाहरूलाई पनि स्थान दिने प्रचलन रहेछ । यो कुरा मलाई असाध्यै राम्रो लागेको छ । समय समयमा विशेष अङ्कहरूमार्फत नेपाली साहित्य जगत्मा अन्य भाषाका साहित्य पनि उत्तिकै लेखिन्छ र पढिन्छ भन्ने जानकारी यसले दिने गरेको छ । त्यति मात्र हैन यसले पढ्न र लेख्नसमेत जाँगर जगाइदिएको महसुस गरेको छु ।

लगातारको यात्रामा सय अङ्क पुग्नु चानचुन कुरा होइन । नियमित खट्ने नवप्रज्ञापनका सम्पादकमण्डलका सदस्यहरूलाई म बधाई र शुभकामना भन्न चाहन्छु । अझै लामो यात्राको लागि कम्मर कस्नुहोस्, मेरो आशीर्वाद । आगामी यात्रामा म पनि एक यात्री बन्ने छु ।

तामाङ भाषमा

नवप्रज्ञापन तिङ ङ

नवप्रज्ञापन तोपा रेङ्पे समय यन्सो नेपाली सेम्लेङ क्षेत्रइ फ्रल्ब स्हेङजिम खइडिपे गी साहित्यिक पत्रिका इहन्प । चु पत्रिकाकी बारेरी ङ कलैयारी लोप्बोन तालिम किन्परी ङिपे बेलोरी २०६५ क्योरनो थाहा यङपल मुपल । ओतेक्योर काकर ङ्हिङ्हि अंक खेत्पल, ज्यब छोर्पल मुपल । लिक्यम ङ्हेङ्पे समय खेत्पम ता म्रङ्प नो अयङ । बहुभाषिक तपे ग्यम्चे ङइ सेम्टी नो तामाङ ग्यातरी रचना पित्के म्हेन्डिपल तर सङ्गुलचे सम्बन्ध स्रोतम्हाम्हचि ।

चु पत्रिकाकी प्रकाशक नवराज रिजाल सरतिङ फेसबुकरी सामान्य वातचित तचि । ङचे ङ्हेङ्पे लेख ब्रिप तिप्जिम्पल मुपल । समाजकी बारेरी शोधखोज स्हेङ्प तिप्पल मुपल । चु मेसोरी ६२ औं श्रष्टा पदयात्रा कार्यक्रमकी पदयात्री तजिम नवराज सर नवप्रज्ञापनकी अंकम्हा उपहार नाजिम ब्योनखचि ङै नम्सरी । ओसेम तम तप तिप्जि लगातार । ओसेम १०० औं अंकरी हुचु जम्मानोव्हल स्हेङ्प छ्याडिप ।

नवप्रज्ञापनचे नेपाली बाहेकको अर्को भाषरी ब्रिपे रचनाम्हा समेत त स्थान पिन्पे पक्ष ङत असाध्यै ज्यप छोर्पल मुप । साथै समय समयरी विशेष अंकम्हा मार्फत नेपाली साहित्य जगतरी अर्को भाषाकी सेमलेङ योक्को नो ब्रिप, डोप असेम प्रचलनरी मुप बि जानकारी पिन्पल मुप । ओते गी अयिन खेत्प ब्रिपरी जाँगर जगाइदि पिन्पल महसुस तपल मुप ।

लगातारकी यात्रारी सय अंक फेत्पल चानचुन बात अयिन । नियमित खट्तिपे नवप्रज्ञापन ल सम्पादक मण्डलकी सदस्यम्हा त बधाई असेमज्यब डान्बा मुल । दबम ङ्हेङ्पे ग्यम खोपरी केमकेम कस्तिउ । देरे लिग्यमकी ग्यमरी ङ नो छ्यमछ्यम ब्रल । थुजेछे ।

(खनियाबास, धादिङ)

नवराज, नवप्रज्ञापन र कविताको भन्ज्याङ

• डा. नवीनबन्धु पहाडी

जीवन यात्राका अनन्त भन्ज्याङ र मोडहरू छन् । त्यही मोड र भन्ज्याङमा आत्तिएका, मात्तिएका र सुस्ताएका अनेक अनेक पलहरू मात्र छैनन् निकै यादगार घटना परिघटनाहरू पनि छन् । चरीले छाडी गएका उदास डालीहरू जस्तै डोब बिर्सिगएका बिम्भनाका भिल्का भिल्कीहरू पनि कतै न कतै बाँकिरहेका छन् । मान्छेलाई बिर्सिगएका बिर्सनाका पछ्तोले भन्दा भोगी आएका सुकिला क्षणहरूले नै आगत जीवनका सुखद यात्रालाई निर्देशित गर्दो रहेछ । प्रेमिल भन्ज्याङ र आल्हादक अक्षर हरूसँगको विश्राम सायद चिर यादगार बन्दो हो । त्यही मधुमय स्मृतिहरूका सौख्यले जीवनको उत्तरार्ध स्वप्नील बनाउँदो रहेछ । आज मेरो समयले त्यस्ता अनुभवहरूका केस्रा केस्रा केलाइरहेछ । स्मृतिका अन्तर गुह्यमा काव्ययात्राको पहिलो पहिलो लहरका केही बिसौनाहरूलाई त्यसरी नै पुष्प गुच्छा जस्तै सँगाली रहेछु ।

तिनताक भर्खर क्याम्पस पढ्दै गरेको गरेको जोस र उमङ्ग सेलाएको थिएन । क्याम्पसको ढोका देख्न दुर्लभ थियो तर कलेज अध्ययनको उग्र तृष्णा बाँचिरहेको थियो । २०४६ सालको जनआन्दोलनको आँधी, तुफान र त्यसको भङ्गालोमा निकै उत्साहसाथ भेलमा बगियो पनि । बग्न त सुन्दर सपनाको भेलमा पर्थ्यो होला, अथवा अध्ययनशीलताको कर्म पथमा हेलिनुपर्थ्यो होला । कि ंवा लक्ष्यहरूको प्रकाश पुञ्जहरूमा रापिन, तापिन र चहकिन पर्थ्यो होला । लहै लहैमा बेकार बिताइएका र खेर फालिएका समयको भयङ्कर दुखेसो बाँकी छँदै छ ।

लाग्छ, सिनित्त खेर फालिएको समय र त्यसले बर्बादी बनाएर तापित हुनुभन्दा बिगतमा सुस्ताएका स्वर्णिम भन्ज्याङ र घुम्ती तथा मोडहरूको गतिला यादगारहरू सँगालेर मधुर सुस्वाद पुनरावृत्ति गरिरहनु श्रेयश्कर रहनेछ । हो त्यही एउटा खुड्किलो, मधुर बतास बगिरहने भन्ज्याङ वा चिसो पानीको शीतल निर्मल भङ्गालो थियो मेरो नवप्रज्ञापन र नवराज रिजालसँगको भेट ।

विद्यालय तहबाट नै कविता लेखनको हुटहुटी मनमा थियो । दिलको हरियो कुना कानीतिर कथा, कविता र निबन्धका सपनाहरू उम्रिरहेका थिए । त्यतिबेला प्रकाशनको चाँजोपाँजो उतिसारो मिल्दैनथ्यो । साप्ताहिक पत्रपत्रिकाहरू त थिए तर धादिङतिर आइहाल्ने व्यवस्था थिएन । आफू पत्रकारिताकै विद्यार्थी भएकाले साप्ताहिक पत्रपत्रिकातिर फाट्ट फुट्ट लेख रचना दिने गरेको भए प्रकाशित भए वा नभएको थाहा पाउनै मुस्किल थियो । कति प्रति छापिन्थ्यो र कहाँ कहाँ

पुग्थ्यो पटक्कै थाहा हुँदैनथ्यो ।

उतिबेला म गाउँ विकास समितिको सचिव पदमा कार्यरत थिएँ । नवराजजी गाउँ विकास समितिको कार्यालय नजिकैको स्कुलमा शिक्षक हुनुहुन्थ्यो । हाम्रो परिचय उसै पनि छिमेकीको जस्तो र एक अर्काका समपूरक जस्तो छँदै थियो । सदरमुकामतिर भइरहने काव्य गोष्ठीतिर रचना वाचनमा गइरहने मेरो परिचय एकदिन नवराजजीले देख्नु भए पछि हाम्रा अक्षरहरूको पनि साइनो गाँसियो । परिचय अझै घनिभूत भयो ।

कुरै कुरामा नवराजजीले पत्रिका निकाल्न लागेको थाहा भयो । त्यसका लागि 'एक कविता दिनुहोस् न' उहाँले आग्रह गर्नुभयो । मसँग कविताभन्दा निबन्ध र आख्यान अलि बढी हुन्थे । हुन त कविता पनि नभएका हैनन्, थिए तर उस्तो प्रकाशन गरिहाल्ने प्रकृतिका थिएनन् । खुसी हुँदै प्रकाशन गर्ने हुटहुटीका लागि मैले छन्दका गणितलाई धेरै ठाउँमा भाँचेर लय मिलाएर दुई श्लोक कविता दिएँ । त्यसलाई पनि उहाँले स्थान दिएर गुन लगाउनुभयो । त्यो कविता 'आजका मान्छे' शीर्षकमा थियो । यसरी पत्रिकाको पहिलो अङ्कमा मैले स्थान पाएँ ।

छापाखानाको अभाव, यातायातले कतैबाट पनि नछोएको पहाडको एउटा गाउँमा बसेर पढाउने शिक्षक, न्युन बेतन, घर परिवारको अनेक आशा अपेक्षालाई पन्छाएर पत्रिकाको खेती गर्नु सहज त छँदै थिएन । उहाँको सत्प्रयासप्रति मेरो सहज स्वीकृति र सम्मान नहुने कुरै भएन । किनकि म पनि साहित्यमा कलम चलाइरहेको थिएँ । गाँस काटेर गरिने साहित्यको यस्तो दीपमालिकालाई पूजा सबैले गर्नुपर्छ र मैले पनि त्यही भएर गरेको हुँ ।

पञ्चकन्या नि.मा.वि. खाल्टेमा अङ्ग्रेजी विषय शिक्षकका रूपमा कार्यरत नवराज रिजालभित्र त्यतिबेला देखिएको आशा, जोश, उत्साह र समर्पण मनन योग्य थियो । सायद त्यसैले उहाँ साहित्य र साहित्यिक पत्रकारितामा प्रवेश गर्नुभएको हो । उहाँको त्यो अपेक्षा पूरा भयो भएन त्यो त म भन्न सक्दिनँ तर आज पनि त्यतिबेला उहाँमा देखिएको समर्पण भाव समयको भङ्गालो तीन दशकभन्दा पर पुगिसक्दा पनि म उस्तै देखिरहेको छु ।

मान्छेलाई राजनीतिको छिना झपटीले सुत्न, खान, बस्न र आरामसँग बस्न दिएको छैन । सेयर मार्केट, घर घडेरी र दलालीदेखि मान्छे नै बेचेर भए पनि सम्पन्नता बटुली कार चढेर हिँड्ने परिकल्पनाले सम्भव भए जति रिडाइरहेको छ । यो कुराले आजका मान्छेहरूको मात्रै होइन समाजको पहिचानसमेत समाप्त बनाइसकेको छ । यस्तो वीभत्स, विद्रुप र स्वार्थले ग्वाम्लाङ्गै गाँजेको समयमा पनि भाषा साहित्यको सफेद स्निग्ध र सुकिलो मन लिएर एकनाश बगिरहनु र उस्तै ऋषिमनले साधनारत भइरहनु नमनीय र स्तुत्य सत्प्रयास हो ।

यो सत्प्रयासका लागि नवप्रज्ञापनका सम्पादक/प्रकाशक योग्य र सत्पात्र छन् । केही समय मात्र भयो उहाँ धादिङको धराबाट भौतिक रूपले टाढिएर विशेष गरी बारा जिल्लालाई मनमा राखी कहिले काठमाडौँ त कहिले बारा जिल्लामा बसेर साहित्य साधना गरिरहनुभएको छ । यस अवधिभित्र के कति सम्मान र बधाईका खोसेल्टाहरू जोड्नुभयो वा जोडिए मलाई थाहा छैन । उहाँका कति कृतिहरू नेपाली साहित्य भण्डारमा समर्पण भए त्यसको फाटफुटबाहेक सबै जानकारी पनि मसँग छैन ।

यति हुँदाहुँदै पनि २०५० मा धादिङको

माटोमा जन्मेर हिँड्न सुरू गरेको नवप्रज्ञापन निरन्तर हिँडिरहेको र धेरै स्रष्टाहरूलाई प्रोत्साहित, उत्साहित र सम्मान गरिरहेको धेरथोर ज्ञात छ । त्यसैका आधारमा म विगत सम्झिइरहेको छु । प्रकृतिका हर सिर्जनाहरू गतिशील र परिवर्तनशील छन् । परिवर्तनको त्यो वेदीमा एक स्रष्टा सदाबहार उही स्वरूप, उही भेष र उही गतिले अकण्टक लागिरहनु भीष्म प्रतिज्ञाकै नमुना हो । त्यसैले नै नवराज रिजालको लेखक र साहित्यिक पत्रकार व्यक्तित्वलाई आज राष्ट्रिय आयाम प्राप्त गराएको हो । आज नवप्रज्ञापन नेपाली साहित्यको गणनीय र स्थापित पत्रिका मात्रै नभएर थुप्रै नयाँ पुराना लेखकहरू र पाठकहरूका लागि चिसो सिर्जनारस प्युने जरुवाको मूल मात्र हैन थकाइ मार्ने स्वप्नमय भन्ज्याङ समेत बनेको छ । नवराजजीको यो सत्प्रयासले विश्रान्ति ! अहँ, कहिल्यै नखोजोस्, व्यक्तित्वमा आएको निखार ओझ्र र चहक अझै आलोकित भइरहोस् र अझै नवयुगको शङ्खनाद गरिरहोस् । अभिनव स्रष्टाहरू र स्थापित कलमकर्मीहरूको सुखद मिलनको हार्दिक सङ्गमको चौतारीमा सहसुसेली गुञ्जन बन्न सकिरहोस् । म सदैव शब्द पुष्पहरू समर्पित गरिरहने छु । यो अविराम यात्रालाई हार्दिक नमन ।

(अक्षरआश्रम, धादिङबेसी)

मैले चिनेको नवप्रज्ञापन

• **भगवती अधिकारी**

भनिन्छ मानव चोला सर्वश्रेष्ठ हो । कसरी श्रेष्ठ ? त्यो आफैँमा निर्भर हुने होला यसमा फरक फरक भावना पाउइछन् । वाल्यकाल र बुढेसकाल केवल अरूमै निर्भर हुने र बिचको समय पनि खै केही गर्न नसक्नु आफैँमा कमजोरी महसुस गरिँरहदा आज अकस्मात विगतलाई स्मरण गर्दै बेढङ्गे सम्झना गरिरहेको छु । समय आउँछ पर्खन्न यसर्थ धेरै समयले नेटो काटिसकेको छ ।

जीवनयापनका दौरान थुप्रै आरोह अवरोह पार गर्दै आधा सय उमेर काटिसकेछ । तर उपलब्धि शून्य र कमजोर र संज्ञा शून्य छ । कर्मथलोमा विगत १९ वर्षदेखि निरन्तर निरन्तर हिँडिरहेको छु। हजारौँ मुहारसँगको साक्षात्कार अन्तर्गत २०६३ चैत्रमा नवराज रिजालसँगको पहिलो भेट भएको थियो । झन्डै १२ वर्ष हामीले सँगसँगै कर्म गर्‍यौँ। एकसाथ गरिएका कर्मले हामीलाई अझ नजिक बनाए ।

धादिङ शब्दप्रति अगाध ममता राख्ने म र नवराज सर एउटै कार्यमा संलग्न हुने अवसर मेरो लागि अति महत्त्वपूर्ण रह्यो । मेरो पारिवारिक परिवेशसँग चिरपरिचित तर म भने अपरिचित जस्तो लागे पनि परिचयपश्चात् मेरो जीवनमा अभिभावक प्राप्त भएको मैले गरेको महसुस अझै पनि स्मृतिमा छ । जीवनमा केही गर्नुपर्छ, अघि बढ्नुपर्छ, गरे सकिन्छ, खाने लाउने मात्र

जिन्दगी होइन सबै कर्मी साथीहरूलाई आआफ्नो कार्यमा दत्तचित्त हुन प्रेरित गरिरहनु हुने उहाँप्रति म गर्व गर्छु ।

उहाँ साहित्य र पत्रकारितामा पनि सक्रिय हुनुहुन्छ भन्ने कुराको प्रमाण उहाँको सम्पादन/प्रकाशनमा निस्कने गरेको नवप्रज्ञापनले स्पष्ट बनाउँछ । मैले **नवप्रज्ञापन** के हो ? कहिलेबाट सुरू भयो ? के कस्ता लेख प्रकाशित हुन्छन् जस्ता जानकारी २०६३ सालदेखि नै प्राप्त गरिरहेको छु । यसको अध्ययन गर्ने अवसर प्राप्त भइरहेको छ । ज्ञान विज्ञानका समग्र क्षेत्र समेटिएको नवप्रज्ञापनले ३० वसन्त पार गर्दै गर्दा नेपाली भाषा साहित्यको क्षेत्रमा सकेको योगदान गरिरहेको कुरा कसैको आँखाबाट छिपेको छैन ।

हामी एकै किसिमका काम गर्थ्यौं । हामी थकानको महसुस गर्थ्यौं तर उहाँ कहिल्यै त्यस्तो थकान महसुस गर्नुहुन्नथ्यो । सधैँ केही न केही लेखपढको काम गरिरहनुहुन्थ्यो । उहाँ जहाँ रहे पनि मनमा नवप्रज्ञापन थियो सायद त्यसैले आज नवप्रज्ञापन ३१औँ वर्षमा प्रवेश गर्न सकेको हो । उहाँले समय बुझ्नुभएको रहेछ त्यो महसुस म आज गरिरहेकी छु । काम गर्ने भनेकै समय बुझ्नेले हो समय नबुझ्नेका लागि केही पनि छैन ।

नवप्रज्ञापनका आगामी दिनहरू अझ धेरै सकारात्मक बनुन् । नेपाली भाषा साहित्यको उन्नतिका लागि यसको सक्रियता निरन्तर रहिरहोस् । सम्पादक हिजो जागिर खाएर पनि यसको काममा दत्तचित्त हुनुहुन्थ्यो तर आज उहाँ सेवा निवृत्त हुनुभएको छ । यसको अर्थ हो उहाँ अझ धेरै काम गर्न सक्नुहुन्छ । नवप्रज्ञापनले हिजोभन्दा आज अझ धेरै काम गर्ने छ भन्ने कुरामा म आशावादी छु ।

अन्त्यमा **सय अङ्क**को लागि पुनः शुभकामना भन्दै अहिले बिदा चाहन्छु ।

(कीर्तिपुर, काठमाडौँ)

म सम्पादकीयले तानिने गर्छु

● **ललिता 'दोषी'**

वासन्ती फूलजस्तै सधैँ मगमगाउनू तिमी
लाखौँको हृदयमा यसरी नै अटाउनू तिमी
दिनदिनै शिखर चढ्दै र बढ्दै जानू तिमी
बेली, चमेली, बास्मतीझैँ सुगन्ध छर्दै जानू तिमी
चालेछौ सय पाइला अब लाखौँ चाल्नू तिमी
जन्मायौ थुप्रै सर्जक अझै जन्माउनू तिमी
बनेका छौ प्रिय सबको यस्तै प्रिय बन्नू तिमी
पूर्णिमाको चाँदनीझैँ सधैँ जगमगाउनू तिमी
फुल्नू फल्नू लटरम्म भै डाली नै नुगाउनू तिमी
यही कामना तिमीलाई

यस्तै अमृत छर्नू तिमी **नवप्रज्ञापन** र यसका सम्पाकदसँग पहिलो परिचय कहिले भयो ? तिथिमिति त ठ्याक्कै याद छैन । तर पुस्तकका पानाहरू पढेको पुरापुर याद छ । । लघुकथाले भर्खरभर्खर सिँढी चढ्न लाग्दा मलाई अदृश्य पीडा लघुकथा सङ्ग्रह पढ्ने सौभाग्य जुरेको थियो । त्योभन्दा पहिला विभिन्न पत्रपत्रिकामा प्रकाशित लघुकथाहरू पनि फाटफुट रूपमा पढेको सम्झना छ । अहिले लघुकथा शिखर चढ्नुमा उहाँको पनि देन छ । पछि आउने

पिँढीले यो कुरा भुल्नु हुँदैन । लघुकथा पछि बालसाहित्यका पुस्तकहरू पनि पढेकी छु । ती रचनाले मेरो मनलाई छोएका पनि छन् ।

अदृश्य पीडाका लेखक नै नवप्रज्ञापन साहित्यिक पत्रिकाका सम्पादक/प्रकाशक हुनुहुँदो रहेछ यो अलिपछि थाहा पाएँ । पचास दशकको आरम्भदेखि प्रकाशित भइरहेको **नवप्रज्ञापन**सँग मेरो राम्रो परिचय पचासको दसककै अन्तिम वर्षदेखि भएको हुनुपर्छ भन्ने मेरो ठम्याइ छ । यतिबेला नवप्रज्ञापनमा मेरो पनि संलग्नता छ । रचनाहरू छापिइरहेका छन् । पत्रिकाले धेरैलाई माया गरिरहेको छ । माया पाउनेहरूमा म पनि छु ।

हरेक अङ्क हात पर्नासाथ पत्रिकामा छापिएको रचना पढ्नुभन्दा पहिले म सम्पादकीय पढ्ने गर्छु । अन्य पत्रिकाको तुलनामा यो पत्रिकाको सम्पादकीय मलाई अलि पृथक् लाग्छ । **नवप्रज्ञापन**को सम्पादकीयमा म विचार भेट्छु । विश्वास र आस्था भेट्छु । सोच र चिन्तन भेट्छु यसैले सम्पादकीप्रति लोभिएकी हुँ । मेरै रचना भए पनि सम्पादकीय पढेपछि मात्र अन्य रचनाहरूतिर आँखा पुग्छन् । आम पाठकहरूलाई के लाग्छ कुन्नी मलाई थाहा छैन तर मलाई यसको सम्पादकीयले बेस्सरी लोभ्याएको छ । हरेक अङ्कका सम्पादकीय त्यस्तै भइरहोस् भन्ने मेरो कामना पनि छ ।

पत्रिका **सय अङ्क** प्रकाशनको तयारीमा रहेको ९९औँ अङ्कको सूचनाले मलाई अत्यन्तै हर्षित बनाएको छ । हाम्रो नेपाली सन्दर्भमा साहित्यिक पत्रिकाले निरन्तरता पाउनु त्यति सहज कुरा हैन । मलाई लाग्छ **शारदा**देखि आजसम्म गणना गर्दा **सय अङ्क** पार भएका नेपाली साहित्यिक पत्रिकाहरू एक दर्जनकै सेरोफेरोमा छन् होला । देख्ने सुन्नेलाई सामान्य लागे पनि गर्नेलाई यो काम कठिन नै छ । कठिन यात्रामा हिँडिरहेका साहित्यिक पत्रिकाहरूको सूचीमा रहेको **नवप्रज्ञापन** ३१औँ वर्ष प्रवेशको अवसरमा **शतक अङ्क**का रूपमा प्रकाशित हुन लागेको थाहा पाउँदा म हर्ष विभोर भएकी छु । यसैले यति मात्र भन्छु नवप्रज्ञापन शुभकामना ! शुभकामना !! शुभकामना !!!

(बुद्धनगर काठमाडौँ)

गण्डकी प्रदेश

स्याङ्जाको सम्झना

• **विश्वप्रेम अधिकारी**

नवप्रज्ञापन बारा जिल्लाबाट विगत लामै समयदेखि निरन्तर प्रकाशित हुँदै आएको साहित्यिक पत्रिका हो । राजधानी बाहिरबाट प्रकाशित भइरहेको नवप्रज्ञापन २०८० को वैशाख-असार अङ्क **शताङ्क**का रूपमा प्रकाशित हुन लागेको सुन्दा बिछट्टै खुसी लागेको छ । साहित्यिक पत्रकारिता व्यावसायिक हुन नसकेको अवस्थामा नवप्रज्ञापन १०० अङ्कमा पुग्नुमा सम्पादक/प्रकाशकको विशेष मेहनत र

परिश्रमको रहेको कुरामा कुनै शङ्का छैन ।

वि.सं. २०७०/०७१ बाटै मैले नवप्रज्ञापन पढ्न थालेको हुँ । त्यो जुराइदिने व्यक्ति मिलन समीर हुन् । यसका केही विशेषाङ्कहरू पहिल्यै पनि मेरो हातमा परेका हुन् । नवप्रज्ञापनमा नवराज रिजालको सम्पादकीय र सम्पादन कलाले प्रभावित भएर नै स्याङजा साहित्य प्रतिष्ठानले उनलाई २०७४ को कालीगण्डकी साहित्य-कला पुरस्कारले सम्मानित र पुरस्कृत गर्ने निर्णय गरेको थियो ।

पुरस्कार लिने क्रममा हाम्रो पहिलो भेट स्याङ्जामा भयो । बाखासँग बाखा तथा भेडासँग भेडा भने झैं हामी दुई एकअर्काको मित्र हुन पुग्यौं । स्याङजाले पनि वि.सं. २०५५ सालबाट **रजस्थल** साहित्यिक पत्रिका प्रकाशित गरिरहेको छ । रजस्थलका छओटा विशेषाङ्कसहित ९२ औं अङ्क प्रकाशित छन् । हाम्रा यी दुवै साहित्यिक पत्रिकाको परिस्थिति एकै एकै भए पनि परिवेश भिन्न छ ।

मधेश बहुभाषिक प्रदेश हो । त्यहाँबाट नेपाली, मैथिली, हिन्दी, भोजपुरी उर्दू र बज्जीका भाषामा पत्रिका प्रकाशित हुने गरेका छन् । **नवप्रज्ञापन** नेपाली भाषामा प्रकाशित हुने पत्रिका भए पनि यसले त्यहाँ बोलिने मैथिली, भोजपुरी र थारु भाषाका रचनालाई यथोचित स्थान दिइरहेको छ । विविधि समस्यासँग लडिरहेको नवप्रज्ञापनले त्यसैका कारण आज देख्न सकेको हो ।

अप्ठेरा र असजिला परिस्थितिमा पनि नवप्रज्ञापन समन्वयात्मक भूमिका बोकेर निरन्तर अगाडि बढिरहेको छ । त्यसैले यो **सय अङ्क**सम्म आइपुग्न सकेको हो । हिँड्नेहरू नै अगाडि पुग्ने हुन्, बस्नेहरू त जहाँको त्यहीँ हुन्छन्, त्यस्ताहरू कहाँ अगाडि पुगेका छन् र ? छैनन् । नवराज रिजालजीले नवप्रज्ञापनलाई अझ अगाडि पुऱ्याउनु हुने छ भन्नेमा म पुरापुर आशावादी छु । नवप्रज्ञापन अझ अगाडि बढोस् र बढिरहोस् हार्दिक मङ्गलमय शुभकामना ।

(प्रधान सम्पादक
रजस्थल त्रैमासिक)

नवप्रज्ञापनभित्र नवप्रज्ञापन

• **सदानन्द अभागी**

साहित्यिक पत्रिका नवप्रज्ञापनको नाम धेरै अघि सुनेको हुँ । कहिँ कतै प्रत्यक्ष देखेको र पढेको पनि हुँ । पत्रिका राम्रो लाग्थ्यो । फरक धार बोकेर हिँडेझैँ मान्थेँ । बारा जिल्लाबाट प्रकाशित हुने यो पत्रिका ठाउँ ठाउँमा पुगेको कुरा बुझ्थेँ । भेटघाटमा साथीभाइ कुराहरू पनि गर्थे । म सुन्नुभन्दा बढी केही गर्न सक्दैनथेँ । कारण हो सम्पादकसँग पछिसम्म पनि भेटघाट र परिचय थिएन । मैले प्रत्यक्ष रूपमा भेटेको धेरै पछि हो ।

यसका सम्पादक/प्रकाशक नवराज रिजाल रहेछन् । यसले बेलाबेलामा विषयगत विशेषाङ्क प्रकाशित गरेका कुरा पनि

साथीहरूको बिचमा हुने गर्थ्यो । कहिले कुन त कहिले कुन विषयका विशेषाङ्क प्रकाशति गर्ने गरेको नवप्रज्ञापनले २१ विशेषाङ्कहरू प्रकाशित गरेको कुरा ९९औँ अङ्क पढेपछि अवगत भयो । यतिखेर सोचिरहेको छु साँच्चै नवप्रज्ञापनले राम्रो काम गरेको रहेछ । भविष्यमा पनि गरिरहे हुन्थ्यो मेरो मनमा लागिरहेको छ ।

उनी सम्पादकको अलावा लेखक पनि हुन् । उनले लेखेका बालसाहित्य होस् वा प्रौढ मलाई दुवै साहित्य मन पर्छन् । उनका रचनाहरूको असल पाठक हुँ । प्राप्त भएसम्मका सबै कृतिहरू पढेको मात्र छैन तिनीहरूको भाव, चिन्तन र विचार पक्ष केलाउने अभिप्रायले विषयवस्तुमा प्रवेश गरेर समीक्षा गरिरहेको पनि छु । ती विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भइरहेका पनि छन् ।

मलाई **नवप्रज्ञापन**ले समाएको बाटो असाध्यै मन पर्छ । कामबाट म अति प्रभावित छु । यसको खास उद्देश्य नेपाली भाषा र साहित्यको विकासमा आफ्नो तर्फबाट सकेको योगदान गर्नु हो । उद्देश्यअनुसार यो चलिरहेको छ । यसमा कुनै शङ्का छैन । साहित्यिक पत्रिका प्रकाशनको काम सहज छै । यो कुरा म जान्छु । सहज नभएकै कारण यो क्षेत्रमा लाग्नेहरूको सङ्ख्या सानो भएको हो । नाफा हुने भए यो क्षेत्रमा कति लाग्थे कति ।

साहित्यिक पत्रिकाको प्रकाशन भावनामा गरिने काम हो । हिजोदेखि आजसम्म जजसले गरे वा गरिरहेका छन् ती सबै एउटा अठोट वा इच्छाशक्तिका आडमा गरिरहेका छन् । कर्तव्य बोध गर्नेहरू मात्र यहाँ अडिन सक्छन् । लाभका लागि आएकाहरू केही समय त टिक्लान् तर लामो समयसम्म रहिरहन सक्दैनन् । यो क्षेत्रमा लाग्नेहरू सानो सङ्ख्यामा नै भए लागिरहेका छन्, डराएर पछि हटेका छैनन् ।

यही कुरामा खुसी छु । उत्साहित र प्रफुल्लित पनि छु । त्यो हिँड्नेहरूको लहरमा **नवप्रज्ञापन** पनि छ । अरूहरूसँग मिसिएर हिँडेको हिँड्यै छ । यसले साहित्यमार्फत देशका विभिन्न स्रष्टाहरूलाई एक आपसमा जोडिरहेको छ । भाषा साहित्यमार्फत देश सेवा गर्नु यसको उद्देश्य हो । त्यो काममा अडिग रहेको मेरो ठम्याई छ । यति मात्र हैन, देशका अन्य भाषाहरूको पनि सेवा गरेको छ । विभिन्न भाषाका रचनाले स्थान पाउनु ज्वलन्त उदाहरण हो ।

नवप्रज्ञापन भोजपुरी भाषा क्षेत्रबाट नेपाली भाषामा निस्किरहेको पत्रिका हो । यो पत्रिकामा भोजपुरी भाषाका अलावा अन्य भाषाका रचनाहरू पनि प्रकाशित हुने गरेका छन् । नेपालमा बोलिने प्रमुख दश भाषाका रचना समेटेर बहुभाषा कथा विशेषाङ्कका रूपमा पूर्णाङ्क ८४ प्रकाशित गरेको नवप्रज्ञापनले पूर्णाङ्क ९६ लाई नेपालीय भोजपुरी साहित्य विशेषाङ्का रूपमा प्रकाशित गरेको छ ।

नवप्रज्ञापनले विभिन्न भाषाका रचनाहरूलाई स्थान दिनुको अर्थ देशका सबै भाषालाई उत्तिकै सम्मान र आदर गर्छ भन्नु हो । त्यो काम हिजैदेखि गरिरहेको छ । अगाडि बढ्न हौसला प्रदान गरिरहेको छ । यी र यस्तै यस्तै कुराहरूबाट **नवप्रज्ञापन**सँग प्रभावित बनेको हुँ । म चाहन्छु भविष्यमा पनि यी कामहरूलाई निरन्तरता दिइरहोस् ।

साहित्यिक पत्रिकाको प्रकाशन सहज छैन । कतिपय मानिसहरू यसलाई सकारात्मक आँखाले पनि हेर्दैनन् । चारैतिर पैसाको बोलवाला छ । 'पैसा भए ऐसा हुन्छ, अन्य केही चाहिँदैन' विभिन्न

तहतप्काका मानिस यही सोचिरहेका छन् । यो सोचले धेरैको मन मस्तिष्कमा घर गरेको छ । ती दायाँ बायाँ कतै हेरिरहेका छैनन् । आवश्यकता पनि देख्दैनन् । यो अत्यन्तै पीडादायक कुरा हो ।

खै के भन्नु भाषा साहित्यको विकास हुनपर्छ । यसको विकास नभई हामीहरू कसैको पनि विकास हुँदैन भन्नेहरू फेला पर्न छाडेका छन् । स्वार्थको घेरामा उभिनेहरू बाटो चौबाटोमा गजधम्म बनेर बसिरहेछन् । बसाईको उद्देश्य के हो बुझ्ने प्रयास गरेको देखिँदैन । ती चञ्चल मन बोकेर बटुवाहरूलाई जिस्क्याउँदै बाटो छेकिरहेका छन् । यो सकारात्मक सोच हैन नकारात्मक चिन्तन हो । कुरा गर्दै जाँदा के के गर्रें गर्रें । बढी भए यहाँहरूसँग क्षमा याचना गर्न चाहन्छु ।

अन्त्यमा शताङ्कको तयारीमा रहेको **नवप्रज्ञापन**लाई **शतक** अङ्क पछि पनि निरन्तरताको शुभकामनासहित बिदा चाहन्छु ।

(कावासोती, नवलपरासी पूर्व)

नामै काफी छ !

• **मिलन समीर**

नवप्रज्ञापन (प्रेस काउन्सिल नेपालद्वारा राष्ट्रिय **क** वर्गमा वर्गीकृत साहित्यिक त्रैमासिक पत्रिका) ले आफूलाई गौरवमय १००औं अर्थात् **शताब्दी अङ्क**का रूपमा प्रकाशन गरेको छ । सहृदयी सिर्जनशील प्रिय पाठक मन ! योभन्दा खुसीको कुरा नेपाली भाषा साहित्यप्रेमी तपाईं हामीलाई अर्को के हुन सक्छ ?

सहृदयी सिर्जनशील आदरणीय साहित्यकार व्यक्तित्व नवराज रिजालको सम्पादन तथा प्रकाशनको व्यवस्थापनसहितको व्यक्तिगत पहलमा वि.सं. २०५० मा प्रकाशनको शिलान्यास भएर यहाँसम्म आइपुग्न सफल निजीस्तरको तर आफैँमा एउटा विशिष्ट साहित्यिक पत्रिकाले आफ्नो शताब्दी अङ्कको उज्यालो अनुहार देख्न पाउनु सामान्य सन्दर्भ कदापि हुनै सक्दैन ।

नव अर्थात् नयाँ, नौलो, नुतन, नवीन, प्रज्ञा अर्थात् सदैव नयाँ नयाँ कुराहरूको बारेमा सोच्न सक्ने वा कल्पना गर्न सक्ने मानसिक शक्ति, अत्यन्तै गहिरा कुराहरूको बारेमा सोच्न सक्ने बुद्धि, विवेक अथवा विशिष्ट ज्ञान, प्रज्ञापन अर्थात् कुनै घटना वा विषय, सन्दर्भ र प्रसङ्गहरूको बारेमा जनाउ दिने काम, सूचना, विज्ञापन, जानकारी ।

यस्तो विशिष्ट अर्थ बोकेको **नवप्रज्ञापन** साहित्यिक पत्रिकाको नामै काफी रहेको छ अनि यसको नाममा अहिलेसम्म गरिएको अर्थपूर्ण कामै काफी रहेको छ । यहाँसम्म हिँडेर आइपुग्ने क्रममा सामान्य अङ्कको रूपमा नियमित प्रकाशित यसका नवप्रज्ञापनका हरेक अङ्कहरू नै विशेष अङ्कको रूपमा रहेका छन् । त्यसमा पनि विभिन्न समय र सन्दर्भमा नवप्रज्ञापनले

आफूलाई विभिन्न विशेषाङ्कहरूको रूपमा समेत सार्वजनिक गर्दै आइरहेको छ । ती सबै विशेषाङ्कहरू हरेक हिसाबले एउटा उत्कृष्ट विशेष अङ्कको रूपमा रहेका छन् ।

नवप्रज्ञापनको प्रतिनिधि मुक्तक विशेषाङ्कको रूपमा प्रकाशित ८०औँ अङ्कमा अतिथि सम्पादकको रूपमा काम गर्ने अविस्मरणीय अवसर प्राप्त भएको थियो । जुन अङ्कको सम्पादन संयोजन गर्ने क्रममा मैले निकै मिहिनेत गरेको थिएँ । ४ दिन पुरै काठमाडौँ बसेर काम गरेको थिएँ मैले त्यतिबेला उक्त अङ्कका लागि ।

नवप्रज्ञापनको निरन्तर यात्रामा कुनै मोडमा म पनि प्रत्यक्ष रूपमा जोडिएर सहयात्रीको रूपमा यात्रा गर्ने सुनौलो अवसर प्राप्त गरेको थिएँ । त्यो मेरा लागि एउटा अर्थपूर्ण अवसरसँगै चुनौतीको रूपमा समेत रहेको थियो । जुन चुनौतीपूर्ण जिम्मेवारीलाई मैले क्षमताले भ्याएसम्म बहन गर्ने कोसिस गरेको थिएँ ।

यसले राजधानीभन्दा बढी राजधानी बाहिर अर्थात् मोफसलको दुरदराजमा लुकेर रहेका अनि प्रतिकुल परिस्थितिकै कारण ओझेलमा परेका प्रतिभाहरूलाई विशेष स्थान दिँदै आइरहेको छ । सोहीअनुसार म पनि एउटा नवोदित लेखकका रूपमा जोडिएको थिएँ । सबैभन्दा पहिले सम्भवतः बालसाहित्य विशेषाङ्कदेखि र पछि एउटा सहयात्रीको रूपमा निरन्तर जोडिइरहेको छु । सामान्यदेखि विशेषाङ्कका रूपमा प्रकाशित प्रायः अङ्कहरूमा मेरा मुक्तक, गीत, गजल, कवितादेखि समीक्षा, समालोचनात्मक आलेखहरू प्रकाशित हुँदै आएका छन् । त्यसरी मेरा रचनाहरू विशेष प्राथमिकताका साथ प्रकाशित भएको सन्दर्भले मलाई औधी खुसी लागिरहेको छ ।

नवप्रज्ञापन परिवारको एउटा सदस्यको रूपमा म आफू पनि रहेको छु भन्ने कुरामा मलाई साँच्चिकै गौरवको जीवन्त अनुभूति हुने गर्दछ । त्यसैले त अन्तरहृदयदेखि भन्न मन लाग्छ कि **नवप्रज्ञापन** नामै काफी छ । अन्त्यमा पुनः पुनः **शताब्दी अङ्कको शुभकामना** !

(करादीखोला, स्याङ्जा)

साहित्यको सुगम पाठशाला

• माधव घिमिरे 'अटल'

साहित्य समाजका मूल्यमान्यता, आकाङ्क्षा र समकालीन यथार्थहरूको जीवन्त अभिलेख हो । सभ्यताको सूचक, सामाजिक विधि, व्यवहार र समसामयिक स्थितिको दर्पण पनि हो । जहाँसम्म साहित्यिक पत्रकारिताको सन्दर्भ छ, यो साहित्यकार जन्माउने एक अत्यन्तै सबल कारखाना हो । साहित्यकार चिनाउने स्रष्टाहरूको अत्यन्तै गुनिलो स्वादिलो पाठशाला र चौपारी हो ।

रचना सङ्कलन, चयन तथा छानिएका रचना सम्पादन गरी पाठकसामु पस्कने सुकर्म गर्ने साहित्यिक पत्रिका पछिल्लो कालखण्डमा आफैँ सुकेनास लागेर मृत्युशैयूयामा पुग्नु सभ्य समाजको निम्ति एक लज्जा हो । अब रह्यो **नवप्रज्ञापन** प्रकाशन र यसको निरन्तरताको विषय । आर्थिक प्रतिफलरहित निष्काम कर्ममा यसरी लीन हुनका निम्ति प्रत्यक्ष परोक्ष निश्चित रकमको त दरकार पर्छ नै । यो अविरल जुटाउनु पनि फलामको चिउरा चपाउनु सरह हो ।

रहरले आरम्भ गरी दुई चार अङ्क निकालेर प्रकाशनको ढोका ढप्काएका साहित्यिक पत्रिकाको लेखा नै छैन । राज्य वा कतिपय सरोकारवालाको साहित्यिक पत्रिकाप्रति उपेक्षा अनुल्लेखनीय छ । यो विषम परिवेशमा सकसपूर्ण र कष्टसाध्य सुकर्म गर्न दत्तचित्त नवप्रज्ञापनको निरन्तरता स्तुत्य र आराधनीय छ । तीन दशकपछि शताङ्कमा पुगेका नवराजजी को यो अथक र प्रशंसनीय सुकर्म निःसन्देह चोमोलोङ्माको शिखर चुम्नुसरह हो भन्दा अत्युक्ति नहोला ।

मोफसलका स्रष्टालाई सिर्जना पस्कने सुगम चौपारी र प्रतिभा प्रस्फुटन गर्ने गुनिलो चौतारी उपलब्ध गराउनु आफैँमा चानचुने विषय होइन । अन्तरनिहित प्रतिभा उजागर गर्ने सर्वोत्तम मञ्च प्राप्त गर्नु सर्जकका निम्ति अत्यन्तै सुखद संयोग हो परन्तु प्रकाशकका निम्ति भने अवर्णनीय धामा हो ।

विगत डेढ दशक यही क्षेत्रमा समाहित हुँदाका आफ्ना अनुभवको सँगालोबाट यो अक्षरजीवीको के निष्कर्ष छ भने अविराम प्रकाशन अकल्पनीय कष्टसाध्य काम हो । बल्लतल्ल निरन्तरता कायम राख्न खोज्यो गुणस्तरीयतामा प्रश्न चिह्न खडा हुन्छन् । गुणस्तरीयताका निम्ति लेखकस्व जोडिन्छ । त्यसका निम्ति 'अर्थ' अगाडि आउँछ, जो सर्वाधिक सकसको विषय बन्छ साहित्यिक पत्रिकाको हकमा ।

न व्यापार प्रवर्द्धनका सामग्री उपलब्ध हुन्छन् न अन्य प्रज्ञापनका कच्चा पदार्थ नै । लेखकलाई सिर्जनाको दास्तीस्वरूप दुईचार पैसा हातमा थमाउन पनि सकिन्न । शिर ठाडो पारेर सिर्जना माग्न हब्बेहब्बे पर्छ । यस्ता अनगिन्ती शासन भोगेर पनि फगत निरन्तरताका निम्ति निरन्तरता नभई अनेक विधाविशेषका विशेषाङ्क प्रकाशित गर्ने हिम्मत बोक्नु सामान्य कुरा होइन ।

चाहे यसले समेटेको भानुभक्त विशेषाङ्क होस् वा स्वअभिलेख विशेषाङ्क । यसगरी गीत विशेषाङ्क होस् वा छन्द कविता विशेषाङ्क । लघुकथा विशेषाङ्क होस् वा बहुभाषा कथा विशेषाङ्क । मुक्तक विशेषाङ्क होस् वा भूगोल विशेष समेटिएका अन्य विशेषाङ्कहरू जम्मै एक से एक छन् । यी सबै सबै नेपाली साहित्यका विवेच्य कर्म हुन् ।

यी अङ्क सङ्ग्रहणीय र पठनीय यसर्थ पनि छन् कि यिनले नेपाली साहित्यमा तल्लीन सर्जकहरूको सुकिलो छवि पस्कन्छन् । यी दुर्लभ विशेषाङ्कहरूले पत्रिकाको कद बढाउन निर्वाह गरेको भूमिका अत्यन्तै सराहनीय छ । बहुआयामिक र बहुप्रतिभाशाली नवराजजीले प्रगतिशीलतालाई केन्द्रमा राखेर नवप्रज्ञापनलाई समाज रूपान्तरणको सार्वजानिक मञ्च बनाएका छन् । उनीभित्र यो ऊर्जा निरन्तर अम्लान फूलझैँ कायम रहोस् ।

(दोर्दी गा.पा. ३, लमजुङ)

सम्पादकीयले छोएको मन

• **विजयराज न्यौपाने**

नवप्रज्ञापन हात पर्दा यसो दुई चार हरफ पढेर पाना सरसर्ती पल्टाउँदै जाउँला भनेको थिएँ । पाना हतार हतारमा पल्टाउँदै अन्त्य गर्ने मनस्थितिमा थिएँ म तर सम्पादकीयले मन चिमट्यो र च्याप्पै समात्यो । म रोकिएँ, गहिरिएर पढ्न थालेँ । असाध्यै घत लाग्दा समसामयिक सवाल उठाइएको छ सम्पादकीयमा । घटनाको जनाउ छ, सूचना छ । हुन त नवप्रज्ञापनको वास्तविक अर्थ पनि यही होला ।

हतार छ आज जता जाउँ, जुनसुकै क्षेत्रमा जाउँ । धीरता कतै छैन किनभने समय छैन । एउटा कार्यक्रममा हेरौँ । प्रमुख अतिथि बनेर जो आउँछन्, कति बेला आफ्ना कुरा सुनाउ र टाप कसुँला भन्छन् । आउन ढिलो गर्छन्, जान हतारो गर्छन् । नेता गणमा देखिन्छ प्रायः यस किसिमको हतारो । सामाजिक संस्था विषय छ भाषा, कला, साहित्य तर प्रमुख अतिथिको भाषण हन्छ विपक्षीलाई खुइल्याउने । त्यतिबेला स्रोतालाई ताली बजाउने चटारो पनि हेर्न लायक हुन्छ । कति बेला त शब्दै पिच्छे ताली र वाक्यै पिच्छे ताली पटटट बजेका हुन्छन् । ताली बजाउनेलाई थाहा छैन किन ताली बजाएको हो । सुनाउनेलाई थाहा छैन के सुनाएँ र त्यस्तो ताली बज्यो । उही सकाउन हतारो ।

बस चढ्ने बेला त्यस्तै हतारो । को पहिला चढ्ने ? अस्पतालमा टिकट काट्दा त्यस्तै छ । बाटो काट्दा त्यस्तै छ । साना बालबालिका, अशक्त, बुढाबुढी, बच्चाको आमातिर कसैको ध्यान गएको पाइँदैन । किन यस्तो हुन्छ ? मान्छेको विकृत प्रवृत्तिलाई यहाँ औल्याउँदै सम्पादक नवराज रिजालले यसको उत्तर खोजिरहेका छन् । उत्तर सहजै पाउँदैनन् र पाएकोमा पनि चित्त बुझ्दो उत्तर नपाएको गुनासो गर्छन् ।

यस्तै होडबाजी त्यति बेला पनि देखेरै होला मेरो सबभन्दा पहिलो कविता **होड** सिने मनोरमा पत्रिकामा २०३४ सालतिर छापिएको याद आयो । यस्तो होड किन भइरहेछ ? होड केका लागि भइरहेछ ? हतारको होड र दौडपछि गन्तव्य कहाँ ? उद्देश्य प्राप्ति के हो ? कुनै सवालको पनि चित्त बुझ्दो उत्तर छैन । जताततै भद्रगोल छ । दलबदल, कित्ता अदलबदल अत्यधिक मात्रामा भइरहेको छ । यस्तो किन हुन्छ त ? कविशिरोमणि लेखनाथ पौड्यालको **तरुण तपसी** जस्तो महाकाव्य यिनै सवालहरूको जगबाट उठेको छ ।

म खाऊँ म लाऊँ सुख, सयल वा मोज म गरूँ
म बाचूँ, मै नाचूँ, अरू सब मरून् दुर्बलहरू
भनी दाह्रा धस्ने अबुझ शठदेखी छक परी
चिता खित्का छोडी अभयसित हाँस्यो मरी मरी ।

म, म जहाँ पनि मको संस्कृति हावी भयो । मको ठाउँमा हामी आउन सकेको भए यस्तो हुने थिएन होला । हामीले हाम्रो मौलिक गुरुकुलीय प्रणालीको शिक्षालाई युगानुकुल बनाउन सकेनौं । सर्वे भवन्तु सुखिन, सर्वे सन्तु निरामय । सबै सुखी होउन्, सबै निरोगी होउन् भन्ने आदर्श व्यवहारमा बिर्सिएको छ । सामूहिकतामा रम्नेपन हटेको छ । विधि र प्रक्रिया अवरोध छ । उठ्नु पर्ने हामी थियो तर उठाउन सकिएन । माथिको देखासिकी तलसम्म हुन्छ । तर माथिबाट तल सकारात्मक प्रभाव पर्न सकेन ।

गुटगत सङ्कीर्ण घेरा नाघेर विशालता अर्थात् जनतालाई सम्बोधन गर्न नसक्दा सामूहिकतामा जोड पुग्न सकेन । राष्ट्र निर्माणको भाव प्रभावकारी ढङ्गले जनमानसमा जगाउन सकिएन । राजनैतिक परिवर्तन भएपनि जनताको जनजीवनमा सकारात्मक परिवर्तन आउन सकेन । नयाँ नेपालको सपना देखाइए तापनि नयाँ नेपाल विपनामा देखाउन सकिएन । यहाँ नै केही हुन्छ नयाँ नेपाल बनाउने अभियानमा जुटौं, लागौं भन्ने भाव जगाउन सकिएन । यहाँ केही हुँदैन भन्ने निराशाले युवा पिँढी दिनानुदिन विदेशतिर भासिँदै छ ।

आ-आफ्ना काममा लाग्नु पर्नेमा कहीं न कहीं सबैतिर चुकिएकै छ । देश निर्माणको लय समाउन नै सकिएन । कहाँ चुकियो विश्लेषण पनि छैन । विश्लेषण भए पनि सोअनुसार सच्चिन कोही तयार छैनन् । महालेखाले साल बसाली लेखा परीक्षणको प्रतिवेदन तयार गर्छ तर बेरुजु चाङको चाङ छ । कहिले उठाउने बेरुजु ? दायित्व बोधको भाव कतै छैन भए पनि न्यून छ । सेवाको भावना पनि कतै छैन भए पनि नगन्य छ ।

राजनीति सेवा होइन पेसा भएको छ । सबैतिर आफै लिनका लागि तँछाड मछाड छ, दिनका लागि होइन । यस्तो अवस्थामा राजनीतिले सही बाटो देखाएर नयाँ वर्षलाई, नयाँ युगलाई हिँडाउन सक्नुपर्ने हो तर राजनेता नै अलमलमा छन् । सत्तामा पुग्ने हुटहुटी मात्र छ । सत्तामा पुगे पनि फेरि कसरी टिकिराख्ने मात्र ध्याउन्न छ । स्थिरता, धीरता, संयम, सदीक्षा, सामूहिकता, दायित्व बोधको भाव कतै नभएरै होला तँछाड र मछाडको विकृत, सङ्कुचित संस्कृतिले हामीलाई गाँजेको छ ।

यसर्थ **नवप्रज्ञापन**ले सम्पादकीयमा उठाएको सबाल व्यङ्ग्यात्मक छ तर समसामयिक छ । सम्पादकीयमा जे हुनुपर्छ भनेका छन् त्यही भइरहेको छैन । जे नहुनुपर्ने हो त्यही भइरहेको छ । सम्पादकीय विचार तेस्रो धारको देखिन्छ । एउटा धार सत्ताको वरिपरि झिंगाझैं घुमिरहेको छ । अर्को धार या त आफ्नै मोजमस्तीमा छ वा आफ्नै सुती धातीमा रमाई रहेछ । मानिसहरू अत्तो न पत्तो गोविन्द गाई भनेझैं अँध्यारोमा छन् ।

तेस्रो धारको जमात सानो छ जो राष्ट्रिय चिन्तन मनन गर्छ । राष्ट्रिय स्वाभिमानको पक्षमा छ । राष्ट्रिय सवाललाई बहसमा ल्याएर सही राष्ट्रिय गन्तव्यको खोजी गर्छ । सकारात्मक सोच राख्छ । यही धारबाट रिजालले सम्पादकीय लेखेका छन् । उनको **नवप्रज्ञापनले १०० अङ्क** निकाल्न लागेका बेला सम्पादकीयमा उठाइएको सबालमा राष्ट्रिय बहस होस् भन्ने सदीक्षा राख्छु । कसैले सुने पनि नसुने पनि जायज राष्ट्रिय सवालहरू उठाएकामा सम्पादकज्यूलाई हार्दिक धन्यवाद छ र **सय अङ्क**को शुभकामना पनि ।

(बोराङ, राइनास -१०,लमजुङ)

आँखाभित्र आँखा

• गायत्री लम्साल

रहरले जोडिएका सम्बन्धहरू रहर पूरा भए पछि भत्किन्छन् । रगतको नाता, रगतको सम्बन्ध हाम्रो सोच, विचार, चिन्तन, संस्कार र कर्तव्यबोधको दायित्वमा विभिन्न उतारचढावको बिच रहन बाध्य पारिन्छ । मनको सम्बन्ध, निस्वार्थ सम्बन्ध, अपेक्षाबिनाको सम्बन्ध निकै प्रगाढ भएर रहन्छ जीवनभरि । हो त्यही सम्बन्ध विस्तार भएको छ मभित्र साहित्यमा । **नवप्रज्ञापन** मेरो नजरमा कहिले पऱ्यो ठ्याक्कै मिति त थाहा भएन तर करिब पन्ध्र वर्षभन्दा अगाडि भने पक्कै हो ।

मोफसलमा रहेर साहित्यिक पत्रिका निकाल्नुको पीडा शब्दमा कहाँ बताउन सकिन्छ र ? आर्थिक स्रोतको व्यवस्थापन गर्न भिख माग्नुको पीडाभन्दा पनि गाह्रो हुने अनुभूति संयोगले मैले पनि लिन पाएको छु साहित्यिक त्रैमासिक पत्रिका निकाल्दा । विज्ञापन राख्छु है भनेर अनुमति लिनको लागि दशपटक जानुपर्ने एकातिर समस्या एकातिर छ भने अर्कोतिर विज्ञापन प्रकाशन गरिसकेपछि पैसा हात पार्न त झन् महाभारत हुने गर्छ । कति धेरै अमानवीय व्यवहार भोग्नुपर्छ एउटा साहित्यिक पत्रिकाको सम्पादकले त्यो मैले पनि भोगेको छु ।

आजभन्दा तीस वर्ष अगाडिदेखि बारा जिल्लाबाट प्रकाशित भइरहेको **नवप्रज्ञापन** साहित्यिक पत्रिका नेपाली साहित्यिक पत्रिकाको इतिहासमा एउटा कोशेढुङ्गा बनेर रहेको छ । एकातिर साहित्यिक पत्रिकाहरू प्रकाशन हुनु आफैमा निकै राम्रो काम हो भने अर्कोतिर यसले निरन्तरता पाउँदै तीन दशक पार गर्नु आम नेपाली साहित्य जगत्मा गौरवको विषय हो । यसले विभिन्न विशेषाङ्कसहित गुणात्मक रचनाहरू पस्किएर पाठकहरूसँग माया र ममता बाँडेको छ ।

नेपाली सन्दर्भमा साहित्यिक पत्रपत्रिका प्रकाशन गर्नु निकै जटिल काम हो । साहित्यमा रुचि नराख्ने र नाफामूलक समाजसेवाको व्यापार गर्नेहरूको जमातका नजरले साहित्यिक पत्रिका निकालेर पनि फाइदाकै व्यापार गरेका होलान् भन्ने सोच राख्ने गरेका छन् । वास्तविकता भने निकै दुःख लाग्दो र कहाली लाग्दो छ । हामी साहित्यमा रुचि राख्नेहरूले समेत पत्रिका किनेर पढ्ने बानीको विकास गर्न सकेका छैनौँ । सित्तैमा पाएका पत्रिकाहरू पनि पढ्दैनौँ । आजीवन सदस्य बन्दैनौँ । बरु तिहारमा देउसी भैलो खेल्ने र रिमिक्स गीतको तालमा तीनपानेको तागतमा फन्को मार्नेहरूलाई दशौँ हजार दिन पनि सहज मान्छौँ । हामीबिच साहित्यिक पत्रपत्रिका र पुस्तकमा पनि के को पैसा खर्च गर्ने भन्ने सोच बोक्नेहरूको निकै लामो लर्को छ । साहित्यिक पत्रकार र तिनका सम्पादकहरूलाई हेर्ने हाम्रा नजरमै खोट छन् ।

जब साहित्यिक पत्रपत्रिकाप्रति मोह बढ्छ तब तिनीहरूलाई आफ्नै छोराछोरी सरह माया लाग्छ । यिनै पत्रिकाको प्रकाशनको निरन्तरताको

लागि छोराछोरीको गास कटाइन्छ । जोईपोइका रहर घटाइन्छ । दायाँबायाँ बाउन्न घुस्सा, त्रिपन्न ठक्कर खाएर भए पनि पत्रिकालाई निरन्तरता दिइन्छ । पत्रिका नलिकालेसम्म सम्पादकलाई भोक लाग्दैन, तिर्खा लाग्दैन र निद्रा लाग्दैन । यसो भन्नुको तात्पर्य ऊ पत्रिका प्रकाशन गर्ने प्रसव पीडाले छटपटिन्छ । यो मैले पत्रिका प्रकाशन गर्दा भोगेको पीडा हो । नवप्रज्ञापन पनि उल्लिखित अप्ठ्यारा परिस्थितिहरूसँग रुझ्दै भिज्दै अगाडि बढिरहेको छ भन्ने कुरालाई नकार्न मिल्दैन ।

आगामी वैशाखमा **नवप्रज्ञापनको शताङ्क** प्रकाशन हुन लाग्दा हामी समस्त साहित्य अनुरागीहरूमा उमङ्ग थपिएको छ । नेपाली साहित्यिक पत्रिकाको इतिहासमा यो अमूल्य उपलब्धि हो । साहित्यिक पत्रिकाहरू खोजी खोजी किनेर पढ्ने बानीको विकास गर्नु/गराउनु हामी सबैको साझा दायित्व हो । राज्यले साहित्यकारलाई तिमीहरूले लेख, प्रकाशन गरेर पढ्ने वातावरण निर्माण गर्ने दायित्त्व हाम्रो हो भन्नु जरुरी छ । नयाँ वर्षको सुरुवात सँगै ३१औं वर्ष प्रवेश र शताङ्क प्रकाशनको उपलक्ष्यमा नवप्रज्ञापनलाई कोटी कोटी शुभकामना । साथसाथै नवप्रज्ञापन परिवारमा **शताङ्क** प्रकाशन पछि पनि यसको निरन्तरता र गुणस्तरीयताको लागि नयाँ जोस, नयाँ जाँगर र नयाँ उमङ्ग थपियोस्, पुनः हार्दिक शुभकामना ।

(वालिङ, स्याङ्जा)

लुम्बिनी प्रदेश

हार्दिक शुभकामना !

• टीकाराम उदासी

विदितै छ, नेपालमा पत्रकारिताको प्रारम्भ नै साहित्यिक पत्रकारिताबाट भएको हो । तर, आजसम्म आइपुग्दा पनि यसको अवस्था अपेक्षाकृत रूपमा अझै सुदृढ हुन नसकेको विडम्बना जगजाहेर नै छ । यहाँ उत्साहपूर्वक कुनै साहित्यिक पत्रिकाको प्रकाशन गर्नु अनि एक दुई वा चार छ अङ्कपछि बिस्तारै बन्द गर्नुपर्ने विवशताको निर्मम सिकार बन्नु सामान्य घटना मानिँदै आइएको छ ।

यस सन्दर्भमा **नवप्रज्ञापन** लगायतका केही सीमित साहित्यिक पत्रिकाहरूले विभिन्न प्रतिकूल अवस्थासँग जुझ्दै आफूलाई नियमित बनाइरहेको देखिनु आफैँमा सुखद पक्ष हो । मोफसलबाट विगत तीन दशकदेखि प्रकाशित **नवप्रज्ञापन**ले नेपाली साहित्यिक पत्रकारिताका क्षेत्रमा पुऱ्याएको योगदान प्रशंसनीय मात्र नभएर धेरैका लागि अनुकरणीय र प्रेरणादायी पनि रहेको छ ।

प्रेस काउन्सिल साहित्यिक पत्रकारिता पुरस्कारबाट समेत पुरस्कृत **नवप्रज्ञापन**ले नियमित अङ्कका साथसाथै बेलाबखत विभिन्न विधागत र क्षेत्रगत विशेषाङ्कहरू पनि प्रकाशित गर्दै आइरहेको छ । यसका अतिरिक्त यस पत्रिकाले विभिन्न मातृभाषा

साहित्य विशेषाङ्क प्रकाशन गरेर मातृभाषामा साधनारत प्रतिभाहरूलाई यथोचित प्रोत्साहन र उजागर गर्नुका साथै तिनको साहित्यिक सिर्जनालाई अभिलेखीकरणसमेत गर्दै आइरहेको पनि छ ।

यस अर्थमा बहुभाषी देशमा **नवप्रज्ञापन** सबैको साझा साहित्यिक पत्रिका बन्न पनि सफल भएको छ । निश्चय नै यात्राका बहुविध आरोहअवरोहमा यसले पनि अनेकथरिका दुःख, अभाव र सङ्घर्षका पहाडहरू छिचोलेको छ भने आत्म सन्तुष्टिका सास फेर्नुका साथै कला, साहित्य र संस्कृतिका क्षेत्रमा अझै केही काम गर्ने दायित्वबोध बोकेर यहाँसम्म आइपुगेको छ ।

समग्रमा यसले मोफसलबाट आफ्नो यात्रा प्रारम्भ गरेर आज नेपाली साहित्यिक पत्रकारिताका क्षेत्रमा आफ्नै मौलिक छवि र पहिचान बनाउन सफल भएको छ । आज यस पत्रिकाले आफ्नो शताङ्क प्रकाशन गर्न थालेकोमा हामी सबै पाठक र शुभेच्छुकहरू हर्षविभोर भएका छौँ । यस सुखद घडीमा निकै परिश्रमी र स्वाभिमानी पत्रिकाका सम्पादक तथा प्रकाशक प्रिय मित्र नवराज रिजाललगायत पत्रिकासँग सम्बद्ध सबैलाई हार्दिक बधाई दिँदै यसको आगामी नियमित यात्राका लागि धेरै धेरै शुभकामना दिन्छु ।

(कार्यकारी सम्पादक
अन्तरध्वनि त्रैमासिक)

विगत, आगत, म र नवप्रज्ञापन

• खिमानन्द पोखरेल

नवप्रज्ञापनको नाम लिइरहँदा साहित्यिक पत्रिकाको नाम आउँछ । २०५० सालदेखि निरन्तर प्रकाशन हुँदै आएको यो पत्रिकाले विगत र आगतका कुराहरू धेरै भोगिसकेको छ । यो नितान्त साहित्यिक पत्रिका हो । साहित्यमा भर्खर लागेकाहरूलाई यसले बामे सर्न सिकाउँछ । यसको नजिक रहेर काम गर्ने अवसर मलाई पनि प्राप्त नभएको कहाँ हो र ? यसले धेरै लेखकहरूलाई साहित्यकार बनायो । यस्ता कवि लेखकहरूले आफूलाई वरिष्ठको नाम सूचीकरण गरेका धेरै उदाहरणहरूमा पत्रिका आफै जानिफकार छ । हामीले देखेका र भोगेका साहित्यिक पत्रिकाहरू हाम्रै अगाडि धेरै आए र गए पनि । साहित्यको बिँडो थाम्ने पत्रिकाहरूको औकात भन्नु साहित्यिक मनोबल उच्च पार्नु हो । आजभोलि छद्मभेषी साहित्यकार बन्ने बिगबिगी बढिरहेको छ । धन हुनेहरू पैसा दिएर लेखाई साहित्यकार हुँ भनेर फुक्दै हिँड्ने प्रचलन पनि बढिरहेको छ ।

लामो समयदेखि भाषा साहित्यको सेवा गर्दै आएको नवप्रज्ञापन तराईको जिल्ला बाराबाट प्रकाशित हुने पत्रिका हो । म हिमाली गुराँस पत्रिकाको सम्पादक हुँ । हामीबिचको सम्बन्ध निकै दरिलो छ । हिमाली गुराँस द्वैमासिक र नवप्रज्ञापन त्रैमासिक रूपमा प्रकाशित हुने गर्छन् । हिमाली गुराँसले हालसालै १००औँ प्रकाशित गरिसकेको छ । यो अङ्क निबन्ध विशेषाङ्कको रूपमा आएको छ । प्रकाशनको आधारमा

नवप्रज्ञापन हिमाली गुराँसभन्दा जेठो हो तर हिमाली गुराँस द्वैमासिक र नवप्रज्ञापन त्रैमासिक रूपमा प्रकाशित हुने गरेकाले हिमाली गुराँसले पहिले शतकाङ्क प्रकाशित गऱ्यो । ९९औँ अङ्क प्रकाशित गरिसकेको नवप्रज्ञापन निकट भविष्यमा शतक अङ्क प्रकाशित गर्ने सुरमा छ ।

केही वर्ष अगाडि नवप्रज्ञापनको सम्पादकलाई सोधेको थिएँ, "हिमाली गुराँसले नवप्रज्ञापनलाई कहिले भेट्छ ?" "धन्दा मान्नुपर्दैन, एक दिन अवश्य भेट्नुहुने छ काम गर्दै जानेस् न" उहाँले भन्नुभएको थियो । त्यो कुरा म अहिले पनि बारम्बार सम्झिरहेको छु । यी दुबै साहित्यि पत्रिका हुन् । आआफ्नै तबरले काम पनि गरिरहेका छन् । कतिपय पाठक संयुक्त र कतिपय पाठक पृथक् पनि हुनुहुन्छ होला । तर दुबै भाषा साहित्यको सेवामा तल्लीन छन् । अर्थात् उद्देश्य भाषा साहित्यको सेवा गर्नु नै हो । द्वैमासिक र त्रैमासिक रूपमा छुट्टा छुट्टै दर्ता भएकाले हिमाली गुराँस नवप्रज्ञापनको भाइ भए पनि अगाडि शतक अङ्क निकालेको हो ।

म पत्रिकाका विषयमा केही सोध्नु बुझ्नु परे नवप्रज्ञापनसँग परामर्श लिने गर्छु । यसका सम्पादक हिमाली गुराँसलाई बढी माया गर्नुहुन्छ । सल्लाह सुझाउ दिनु हुन्छ । दुबै एकअर्काको उन्नति र प्रगति देख्न चाहान्छन् । म यो कार्य निरन्तर चलिरहोस् यही कामना गर्दछु । हामीबिचको सम्बन्ध लुकाउन खोज्दा पनि लुक्न सक्दैन । हिँडौँ र हिँडिरहौँ म नवप्रज्ञापनसँग हार्दिक अनुरोध गर्दछु ।

साहित्य रोजीरोटीको माध्यम कहिल्यै बन्न सक्दैन हामी दुबैले बुझेका छौँ । यो कुरा नवप्रज्ञापनले धेरै बुझेको छ । आफूले मात्र बुझेको छैन मलाई पनि बुझाएको छ । मैले धेरैपटक उहाँसँग कुराकानी गरेको छु । "हेर्नोस् म रहरले यो क्षेत्रमा केही गरौँ भन्ने अभिप्रायले प्रवेश गरेको हुँ, तसर्थ रोइलो गर्ने पक्षमा पटक्कै छैन" उहाँले मसँग पटकपटक भन्नुभएको छ र यो कुरालाई मैले आत्मसात् पनि गरेको छु ।

३० वर्षे यात्रामा विभिन्न विषयका विधागत झन्डै दुई दर्जन विशेषाङ्क प्रकाशित गरिसकेको नवप्रज्ञापन शतक अङ्कको प्रकाशनपछि अझ सशक्तताका साथ अगाडि बढोस् र नेपाली भाषा साहित्यको उत्थानमा लागि रहोस् भन्ने कामना सहित अहिले बिदा हुन चाहन्छु ।

(सम्पादक/प्रकाशक
हिमाली गुराँस द्वैमासिक)

...बधाई पत्र

• **रमेश समर्थन**

प्रिय नवप्रज्ञापन !

तिमी सयौँ अवतारमा अवतरित हुँदै छौ भन्ने आकाशवाणीले मेरो मनलाई कुत्कुत्याइरहेको छ । म कृष्णावतार पर्खिरहेका वसुदेव र देवकीजस्तै भएको छु । जीवनको आशा हराएको बेला भएको त्यस आकाशवाणीले उनीहरूमा प्राण सञ्चार गरेको थियो र आफैँ सञ्जीवनी बनेको थियो । उनीहरूमा जिजीविषा र

उत्साह जगाएको थियो । म पनि भर्खर जीवन मृत्युको युद्धमा जीवनको साथ पाएर तङ्ग्रिएको समयमा तिम्रो यो शुभ समाचार पाएँ । अब त म तिम्रो स्वागतार्थ परेलीले आँगन बढारेर बसेको छु ।

प्रिय ! मैले बिर्से पनि तिमीलाई त सम्भ्कना होला नि हाम्रो पहिलो मिलन कहिले, कहाँ र कसरी भएको थियो भनेर ! जहाँसम्म मेरो विस्मरणकारी स्मरण क्षमताको प्रश्न छ हामी त्यति बेलै एकअर्काका सहचर बनेका थियौँ । जब तिमी भर्खर **नवप्रज्ञापन**को नामले परिचित हुँदै थियौ र म पनि भर्खर पत्रिकाहरूको सम्पर्कमा आउँदै थिएँ । त्यसै बेला तिमीसित सहचरताको सम्बन्ध स्थापित भएको थियो । तिमी र म दुबै गाउँसहर चहाथ्यौँ । तिमीलाई थाहा छ, हामी भौगोलिक रूपमा छिमेकी पनि त थियौँ नि ! तिमी बाराको डुमरबानाबाट देशाटन गर्न निस्कन्थ्यौ र म पनि रौतहटबाट आक्कलभुक्कल जिल्लाबाहिर निस्कन्थेँ ।

केही वर्ष त हामी केवल औपचारिकतामै छट्पटाइरह्यौँ । तिमी मलाई आफ्नो जीवनभरको साथी बनाउन चाहन्थ्यौ तर म भने हाँडीको मकै पड्केर उछिट्टिए भ्कैँ छड्केर उछिट्टिइरहन्थेँ । त्यो त धन्यवाद दिनु पर्दछ चन्द्रनिगाहपुरको त्यस कार्यक्रमलाई जहाँ तिम्रा योजनाकार मित्र नवराज रिजाललाई सम्मान गर्न निम्त्याइएको थियो र म पनि बोलाइएको थिएँ । त्यहीँ हामी जीवनसाथी बन्ने प्रतिज्ञा पत्रमा आबद्ध र प्रतिबद्ध भएका थियौँ ।

प्रिय ! मोफसलबाट राजधानीसित प्रतिस्पर्धा गर्दै सयौँ अवतारमा अवतरित हुने तिमीमात्र हौ कि अरू पनि छन् हँ ? म त अलि ग्वाँजे परेँ । त्यसैले यस्ता महत्त्वपूर्ण सूचनाबाट पनि वञ्चित हुन्छु । तिम्रै जिल्लाको 'निसाप' अहिले चुपचाप बसेको छ । त्यसो त हिँड्न कहाँ सजिलो छ र, हैन त ? साहित्यिक पत्रकारिता सजिलो हुन्थ्यो भने यो बाटोबाट कति हिँड्थे कति । तिमीलाई यो शुभ अवसर नजुर्न पनि त सक्थ्यो । हो नि तिमीलाई त्यस्तो लाग्दैन ?

पर्साको ढुकढुकी बनेको 'सगर' ले सगर नदेखेको वर्षौं बिते । रौतहटकै 'सूर्योदय' पनि ग्रहणमा परेजस्तो छ । म छक्क परेको छु तिमी भने सबैको उत्साह र जाँगर एक्लै बोकेर मैदानमा तैनाथ छौ । तिम्रो जाँगर लोभ लाग्दो मात्र छैन सक्रियता प्रशंसनीय पनि छ । यसका निम्ति हार्दिक बधाई तथा तिम्रो दोस्रो शतकावतारका निम्ति पनि शुभकामना छ ।

मेरो अल्छे स्वभावलाई लिएर गुनासो गरे पनि रिसाएर बोली चैँ नबारे है ! एउटा गीत छ नि,

'कोई शिकवा अगर हो, शिकायत अगर हो,

हम से गिला करो ! पर तुममिला करो ।'

के गरूँ ? नानीदेखि लागेको बानी, आफूसँगै जानी । मेरो बानी नै त्यस्तै छ । तिमीले पिलाएका साहित्यिक खुराकहरू सञ्जीवनी तुल्य छन् । विशेषाङ्क त विशिष्ट नै भए । नियमित अङ्कहरू पनि पठनीय र सङ्ग्रहणीय छन् र मसँग सङ्ग्रहीत छन् । तिमीले इतिहास निर्माण गर्नुपर्दछ । मेरो शुभकामना छ ।

लौ त, फेरि फेरि पनि भेट्ने र भेटिरहने बाचासहित पुनः गहिरो बधाई तथा शुभकामना !

उही तिम्रो चिरपरिचित ।

(तिलोत्तमा-९, रूपन्देही)

कर्णाली प्रदेश

सय अङ्कको शुभकामना

• के.बी. सिम्पल

बोल्न जति सजिलो हुन्छ ठोस रूपमा काम गर्न अवश्य पनि त्यति सजिलो हुँदैन । सपनाको घामले कहिल्यै विस्कुन सुक्दैन । विना सपना लक्ष्यमा पुग्न पनि सकिँदैन । अनि उदाहरणीय काम गर्न पनि सकिँदैन । यसैले जीवनमा सपना देख्नु अत्यावश्यक छ । जुन कामको योजना बनाइन्छ, त्यो योजना पूरा गर्न, लगनशीलता, प्रतिबद्धता र समायोजनको आश्यक पर्दछ । योजनाअनुसार काम गरेकै कारण आज **नवप्रज्ञापन** एउटा टुङ्गोमा पुगेको हो । यस कार्यका लागि सम्पादकलाई जति धन्यवाद भने पनि पुग्दैन ।

२०५० सालमा बारा जिल्लाबाट भाषा, साहित्य, कला र संस्कृतिको उन्नयनका लागि आआफ्नो तर्फबाट सकेको गर्नुपर्छ भन्ने अभिप्राय बोकेर हिंडेको **नवप्रज्ञापन** आजसम्म चुपचाप हिँडिरहेको छ । जानेको गरौँ, सकेको गरौँ, बुझेको गरौँ र सकारात्मक बाटोबाट हिंडौं भन्ने उद्देश्यका साथ प्रकाशन थालिएको नवप्रज्ञापन ३० वर्ष पूरा गरेर ३१औं वर्षमा प्रवेश गरेको छ । यसले वर्ष प्रवेश मात्र गरेको छैन यो अवधिमा यसका ९९ अङ्क प्रकाशनमा आइसकेका छन् । यसको ३१औँ वर्षमा प्रवेश र १०० औँ अङ्क प्रकाशन एक साथ भएको छ ।

विभिन्न विषयगत विशेषाङ्कहरूसमेत प्रकाशित गरिसकेको नवप्रज्ञापन भाषा साहित्यको उन्नयनमा दिलो ज्यानले लागेको छ । यसभन्दा बढी यसको केही उद्देश्य र लक्ष्य केही पनि देखिँदैन । नेपालमा उपलब्ध भाषाका प्राप्त साहित्यलाई विशेष स्थान दिइरहेको यस पत्रिकाका डेढ दर्जन हाराहारीका मातृभाषाहरूका रचना छापिएका छन् । यस कुराले के पुष्टि गर्छ भने यो पत्रिका सबै भाषाहरूलाई उत्तिकै आदर सत्कार र मान सम्मान गर्छ । यो कामका लागि पत्रिका विशेष धन्यवादको पात्र रहिरहेको छ ।

शताब्दी अङ्क प्रकाशनको सङ्घारमा रहेको नवप्रज्ञापनले भाषा साहित्यप्रतिको प्रेम अति उच्च कोटीको रहेको छ । २०७७ सालको प्रेस काउन्सिल साहित्यिक पत्रकारिता प्राप्त गरिसकेको यो पत्रिकाको उद्देश्य भाषा साहित्यको उत्थान गर्नुबाहेक अरू केही पनि छैन । यो सबैको गौरवको विषय हो । यो कुरामा कसैको पनि विमति छैन ।

अबको शुभकामना यो हजारौँ हजार वर्ष बाँचोस् र सयौँ अङ्कहरू प्रकाशन होस् भन्ने छ । नवप्रज्ञापनले अनवरत लगनशीलता साथ नेपाली साहित्यमा पुऱ्याएको योगदान अतुलनीय छ ।

हामी सबै सबैले नवप्रज्ञापनको साहित्यिक यात्रामा सहभागी छौँ । मेरो ८४औँ वर्ष (चौरासी पूजा) मा **नवप्रज्ञपान** ६० वर्षको हुने रहेछ । म २००औँ अङ्कमा शुभकामना कोर्ने अपेक्षा राख्छु । यही भन्दै नवप्रज्ञापनलाई शुभकामना मेरो ।

(सर्केगाड, हुम्ला)

मनभरिको शुभकामना

• वीरबहादुर चन्द

समाज एउटा सागर हो। सागरमा विभिन्न जीवजन्तु र पदार्थ हुन्छन्। तीमध्ये कुनै अधिक महत्त्वका हुन्छन् त कुनै कम महत्त्वका हुन्छन्। यसैगरी कुनै लाभदायी तथा कुनै हानिकारक पनि हुन्छन् । समाजमा सज्जन र दुर्जन दुवै हुन्छन् । दुर्जन समाज फोहर गर्नेतिर अग्रसर हुन्छन् भने सज्जन समाजको मानसिक, बौद्धिक र भौतिक रूपले शुद्धीकरणका लागि काम गरिरहेको हुन्छन् ।

साहित्य समाजका लागि अति आवश्यक वस्तु हो यसले वैदिक कालदेखि समाजको रूपान्तरण र उन्नति प्रगतिका लागि निरन्तर महत्त्वपूर्ण भूमिका खेलिरहेको छ। साहित्यविनाको समाज परिकल्पना गर्न पनि सकिँदैन । यसर्थ साहित्य समाजको मार्गदर्शक र अगुवा सबै सबै हो ।

साहित्यिक पत्रपत्रिका प्रकाशित गर्नु फलामको चिउरा चपाउनु सरह नै छ । महङ्गो छपाई, बिक्रीवितरणको प्रतिशत अत्यन्तै कम र साहित्यपट्टि कम मानिसहरूको झुकावका कारण यस्तो परिस्थिति उत्पन्न भएको हो । अर्थ सङ्कलनपट्टि बढी आकर्षण देखिन्छ। जुन सुकै तरिकाले पनि धनार्जन गर्नु अधिकांश मानिसहरूको प्रवृत्ति भएको छ । जुनसुकै क्षेत्रमा पनि इमानदारिता, नैतिकता र कर्तव्य बोधमा ह्रास आएको छ।

तै पनि साहित्यक पत्रकारहरू आफ्नो अदम्य साहस, जोस र जाँगरका साथ विभिन्न व्यवधानका बाबजुद सामाजिक उत्तरदायित्व महसुस गरेर साहित्यिक पत्रपत्रिका निरन्तर प्रकाशित गरिरहेका छन् । कर्तव्यपथमा लम्किरहेका छन् । समाज रूपान्तरणमा साहित्यिक पत्रपत्रिका र साहित्यकारहरूको ठुलो भूमिका हुन्छ।

विगत ३१ वर्षदेखि बारा जिल्लाबाट प्रकाशित हुँदै आएको **नवप्रज्ञापन**ले **शतक अङ्क** प्रकाशन गर्न लागेको सुन्दा यही क्षेत्रमा लामो समयदेखि काम गरिरहेको व्यक्तिको नाताले मलाई अत्यन्तै हर्षित बनाएको छ। यो अत्यन्तै सकारात्मक र परिवर्तनगामी काम हो । सम्बन्धित निकायहरूले सहयोग गरुन् वा नगरुन् यो काम आफैँमा हो । हो, यस्तो काम थोरैले गरेका छन्। **गुगुल्डी** पनि निस्वार्थ भावले त्यही काम विगत लामो समयदेखि गरिरहेको छ। यसर्थ पनि **गुगुल्डी** सधैँ **नवप्रज्ञापन**को साथमा छ।

अन्तमा नवप्रज्ञापनलाई नव वर्ष २०८० र **शतक अङ्क** प्रकाशन दुवैको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ।

(प्रधान सम्पादक
गुगुल्डी साहित्यिक मासिक)

यो आँटिलो यात्रा !

• **रामचन्द्र नेपाल**

नवप्रज्ञापनको १००औँ अङ्क निस्कँदै छ !

बाबै ! यो लर्तरो कुरा कहाँ हो र ? एउटा निरन्तर यात्रा, नदीजस्तै गतिशीलता !

३० वर्षे आन्दोलन ! रहर बनेर प्रकाशित कतिपय पत्रिका ठहर नभै सेलाउँछन् । लहड बनेर निस्कने कति, निकाल्नेलाई जहर दिएर जान्छन् । यी कुरा सुनी जान्ने, देखी जान्ने र भोगी जान्ने हामीबिचै छौँ । म्याराथन दौडको **नवप्रज्ञापन** टिम, अब सयको कोशेढुङ्गामा पुग्दै छन् !

बधाई भन्नु मात्र पर्याप्त नहोला !

यसलाई यसरी केले हिँडायो होला ? के इन्धनले गुड्यो होला यति लामो बाटोसम्म ? किनभने, **नवप्रज्ञापन**ले यसअघि निकालेका एक्काइस विशेषाङ्कका काम आफैँमा या नाक ठोकिने उकाला, या कहाली लाग्दा ओराला हुन् ! तर पत्रिकाले लेक काट्यो, औलमा डट्यो, खोलो तऱ्यो, ९९औँ अङ्क पनि फत्ते गऱ्यो । पहिले गोरेटो, अनि अलि फराकिलो, त्यसपछि ग्राबेल-हाम्रा बाटाका स्वरूप र विकासक्रम हुन् । अबको अपेक्षा पक्की बाटामा सरसर गुड्ने हो ।

ती अङ्कहरूमा गजलले गाजल लाए, गीत गला खोलेर गाइए, माधव घिमिरेका मिठा मनमोहक फाँकी आए, श्यामप्रसाद र सरुभक्त सरर बगे । स्वर्ण अङ्क र स्वअभिलेख सजिए। भानुभक्त भजिए। हैन र ? त्यतिमात्र कहाँ ? बालसाहित्य बलशाली देखियो भने बाल्यकालीन संस्मरण सम्भावित नयाँ विधाको बीजारोपण गर्दै छन्दमा छमछम नाचेको देखियो । त्यसरी नै, मुक्तक मज्जाले मिलाएको देखियो । नारायणीका कविता नदीजस्तै निनादमा सुनियो । लक्षणासहित लघुकथा पनि ल्याइए । ती लघुकथामध्ये यो लघुमान्छेका दुई लघुकथा पनि परे । बहुभाषिक बहाबसँगै प्रदेश दुईका गज्जबका गजल गुन्जिए ! समग्रमा.....च्याट्ट चटनी जस्तै !

अर्को कुरा, नेपालीय भोजपुरी भनिएकोमा "नेपालीय" चाहिँ अलि अनौठो लाग्यो ! यो शब्दलाई कसले यसरी सिँगारपटार गऱ्यो ? नेपालीको दीर्घ ई पछि कसरी ईय प्रत्यय आयो ? व्याकरण मिल्यो र भन्या ? नेपालीय हुँदा सिँगो भोजपुरी वाङ्मयमा के तात्विक भिन्नता आयो ? या नेपालीमा भिन्नता आयो ? त्यस्तो त लाग्दैन । भोजपुरी मात्र भने हुँदैनथ्यो र ? अलि खसखस लाग्यो । यसबारे विमर्श र निरूपण हुनुपर्छ ।

आशा छ, कथा, नाटक/एकाङ्की, नियात्रा र उपन्यास विशेषाङ्क पनि चिटिक्क सजिएर आउने छन् ! सकारात्मक सोच राख्ने यो लघुमान्छे केही आग्रही पत्रकार जस्तो आफू उभिएको धरातल फरक पऱ्यो भने ९० प्रतिशत पूरा भइसकेको कामलाई पन्साएर बाँकी १० प्रतिशतलाई देखाउँदै

"अझै सकिएन, अझै भएन" भन्ने शीर्षक बनाउँदैन । तथ्यहरू बङ्ग्याएर आग्रहका डम्फू बजाउँदैन ।

यहाँ, अङ्क निकाल्न गाह्रो । त्यसलाई नियमित गर्न गाह्रो । स्तर कायम गर्न झन् गाह्रो । अझ विशेषाङ्कै विशेषाङ्क ! झनै गाह्रो !! तर **नवप्रज्ञापन**ले निरन्तर गाह्रो काम गरी देखायो । मलाई त नेपालभरिमा अरू एकदुई पत्रिकाहरू मात्र यसरी हिँड्न सकेका होलान् जस्तो लाग्छ !

यहाँ साहित्यिक क्षेत्रका निकै दर्बिला मान्छेका काँध र हात पनि देखिन्छन् । नवप्रज्ञापनले हुट्हुटी पायो होला, टेकोपुँडो भयो होला ! सोच चल्यो होला, सिर्जना चल्यो होला ! अनि पो सम्पादक र टिमको हातगोडा चल्यो होला !

यस क्रममा सम्पादकका हातपाखुरा कति दुखे, घुँडा र कुहिनाका छाला कति उप्किए, गेर्ग्यान बाटामा घिस्री हिँड्दा ज्यान कति लछार्‍यो ! नाकै ठोकियो होला कतिपटक ! तर घाउचोट दुखाइका दसी हुन् भने कडा कर्मका कसी पनि हुन् ! कोही बात छैन नवराज सर, ती रामापिथेकस घाउचोट अब साहित्य मान्छे बनिसके !

साहित्यलाई रहर भन्नेहरू छन् । रचना धर्मलाई लहडको टाँचा लगाइ दिने पनि छन् । मात्र विज्ञापनको वस्तु बनाउने र विज्ञताको अनुचित व्यापार गर्नेहरू पनि छन् । कोही एकान्तको वैयक्तिक गीत भन्ने अझ कति विकारलाई पनि वादको जामा भिराइ दिनेहरू पनि छन् । यो अनुत्पादक क्षेत्र भन्ने उत्पादनमुखी भनिएकाहरू पनि छन् । स्वान्तसुखाय भन्नेदेखि जनहिताय भन्नेहरू रहेकै छन् । यसै जनहिताय र रूपान्तरणायको साहित्यकै व्रतमा यसैको रुद्राक्षमाला जपेर आफ्ना सबै संसाधन होम गर्दै साहित्यकै यज्ञमण्डपमा बसिरहनेहरू नै साँचा साहित्यकार हुन् भन्ने लाग्छ । प्रश्न यति मात्र कि उनीहरूको अन्तः प्रेरणाको स्रोत के होला ? ननिभी बलिरहने यस्तो दियोको वर्तन के होला ? जे भए नि, एकलव्य नै हुनु त हो ! समयले बनाइदिएको कुनै गुरुलाई दक्षिणा दिनु नै त हो । यो कुरा समयले मूल्याङ्कन गर्ला !

"के लत बस्यो मलाई ..." गीतले भनेजस्तै हो तर, सतको लत । मान्छे शिक्षित हुँदै गए, पठन राम्रो बन्ला भन्दा त अब किताप कम पढिन थाले । यो सङ्ख्या घट्दो छ । साहित्यिक पत्रिका सीमान्तीकृत भए । प्रिन्ट मिडिया/सामग्री बासी हुन थाले । नयाँ प्रविधि भित्रिएपछि प्रिन्ट सामग्री, ज्येष्ठ भत्ता नपाउने गरी वृद्ध हुँदै गए । अझ, नेटको विस्तारसँगै AI अर्थात् artificial intelligence ले मानिसलाई कहाँ पुर्‍याउने हो, इमानदारहरू बाँच्ने ठाउँ कउबअभ कसले के गरी जुराउने हो, यो नयाँ परिवेशको मान्छेलाई नयाँ चुनौती हो । यस्तोमा बचाइ कस्तो हुने, मान्छेभित्रको बौद्धिकताको जचाइ कस्तो हुने ? त्यसरी सृजित साहित्यको उचाइ कस्तो हुने ? भेउ नपाएर होला, चिन्ता लाग्छ । जुनसुकै कुराको चिन्ता पनि प्रौढ पुस्तालाई बढी लाग्छ कि क्या हो ?

साहित्यकै क्षेत्रमा अलिकति चर्चा गरौँ । नयाँ माध्यम र विधाबारे एकाध शब्द बोलौँ । अनलाइन सामग्री त सबैले स्विकारेकै छौँ । नेपाली साहित्यकै सन्दर्भमा भन्नुपर्दा विद्या चापागाईंको हेर्ने कथा शृङ्खला आएको छ । यो परम्परागत कथा होइन, त्यसैले पढ्ने होइन, हेर्ने कथा भनिएको छ । यो हेरिन्छ सिनेमा होइन, यसमा जिउँदा पात्र र खाँटी परिवेश हुन्छ यो नाटक होइन । कथा प्रस्तोता र पात्र जीवन्त संवाद हुन्छ तर रिपोर्ताज होइन । क्यामेराले लेखिन्छ लेखेको देखिन्छ, यथार्थ हुन्छ, काल्पनिक भोगाइ होइन ।

यसमा माध्यम भिन्न छ, आयाम भिन्न छ। श्रव्यदृश्य दुवै भएकाले पाठक वा दर्शकको आस्वादन भिन्न छ। मोबाइलले यस अघिका धेरै उपकरण एकैमा ल्याएजस्तो यसले कथा निबन्ध, एकाङ्की, नियात्रा, रिपोर्ताज एकै ठाउँ ल्याएको हो। अझ, साहित्य, चलचित्र र पत्रकारिता विषयलाई एकै पोको बनाएको हो ? कि के हो ?

त्यसरी नै ड्रोन क्यामरा लिएर साहित्यिक प्रस्तुतिसाथ श्रव्यदृश्य ज्युँ का त्युँ देखाउँदै यात्रा गर्ने भाग्य न्यौपाने, सचिन न्यौपाने आदिका यात्राक्रमलाई के भन्ने ? आखिर, नियात्राकारले पनि गर्ने भन्ने या पाठकलाई पस्किने सामग्री त तिनै हुन् । यी माध्यम फेरिएका उनै विधा हुन् या अरू केही ? यी साहित्य हुन् या अरू नै केही ? यी पक्षहरू साहित्यका कतिपय परम्परागत विधाहरूमा चुनौतीसहित देखापरेका छन् । यी विषयबारे कहाँ के कति विमर्श भए यस पङ्क्तिकारलाई थाहा छैन, तर विमर्श आवश्यक भइसकेको छ। यी के हुन्, के होइनन् ? दृष्टिकोण प्रस्ट हुनु आवश्यक हुन्छ, निरूपण आवश्यक छ । यसरी आर्थिक क्षेत्र, पत्रकारिता, सरकारी गैरसरकारी सबै क्षेत्रमा डिजिटल प्रविधि प्रयोग भइसकेको अवस्थामा उपर्युक्त विषयतर्फ ध्यान जानैपर्छ।

अब, साहित्य जगत्मा यिनको प्रविष्टिबारे विमर्शको शुभारम्भक साथै मञ्च पनि बन्ने काम **नवप्रज्ञापन**ले गर्नुपर्छ । यो आँट पनि गर्नुपर्छ। आखिर, नवप्रज्ञापन भन्नु नै नयाँ कुरा, सूचना वा विषय जानकारी गराउनु, प्रस्तुत गर्नु त हो नि, होइन र ?

(प्रतिभानगर, पुनर्वास-६, कञ्चनपुर)

नेपाल राष्ट्र बैंकको अनुरोध

- **तपाइँलाई फोन वा इमेलबाट विदेशमा चिट्ठा परेको वा रकम सहयोग प्राप्त भएको भन्ने जस्ताआकस्मिक लाभको सूचना आएमा ठगी धन्दा हुन सक्छ ।**
- **पैसा पठाउन तपाइँको बैंक खाता पठाउनुहोला अथवा कर लगायत प्रक्रिया पुऱ्याउनका लागि यति रकम जम्मा गर्नुहोला भनेर मेसेज आएमा पनि ठगी नै हुन सक्छ ।**
- **आफूले नकिनिकन चिट्ठा परेको भन्ने भन्ने जस्ता कल्पित भ्रममा नपरौँ ।**
- **बैंक तथा वित्तीय संस्थाबाट बोलेको भनी तपाइँको युजर नेम/पासवर्ड मागेमा नदिनुहोस् ।**
- **यसप्रकारका ठगी धन्दाबाट बेलैमा सजग बनौँर वित्तीय क्षति हुनबाट बचौँ ।**

नेपाल बाहिर

नवप्रज्ञान १०० अङ्कमा आइपुगको छ। नेपाली भाषालाई आजको अवस्थामा ल्याउन नेपाल बाहिर बस्ने नेपाली भाषीहरूको अत्यन्तै ठुलो योगदान छ। उहाँहरूको योगदान नरहेको भए नेपाली भाषा यति बलियो हुने नै थिएन। नेपाली भाषीहरू संसारभरी छरिएर रहेका छन्। जहाँ जहाँ रहे पनि उनीहरूको मस्तिष्कमा नेपाली भाषा र साहित्य बसिरहेको छ। यसैले नेपाली भाषा र साहित्य दिनप्रतिदिन विकसित भईरहेको हो।

भारतमा नेपाली भाषीहरू ठुलो सङ्ख्यामा छन्। त्यस बाहेक भुटान, म्यान्मानर र फिजि जस्ता देशहरूमा पनि नेपाली भाषीको राम्रो उपस्थिति छ। ती देशका नागरिक भएर बसेका नेपाली भाषी पनि नेपाली भाषाको उत्थानमा मरिमेटेर काम गरिरहेका छन्। नेपालमा बस्ने हामी नेपालीहरूका लागि यो अत्यन्तै खुसीको खबर हो। तसर्थ नेपाली भाषामा प्रकाशित हुने हाम्रा पत्रिकालाई ती देशहरूमा पुऱ्याउनु हामीहरूको मुख्य दायित्व पनि हो। नेपालबाट निस्कने नेपाली पत्रपत्रिका हामीले ती देशहरूसम्म पुऱ्याएका छौँ त ? यो ज्वलन्त न हो।

सोधखोजको क्रममा नवप्रज्ञापन एकजना भारतीय र एकजना म्यान्मारेली नेपाली भाषीसँग पुगेको छ। भविष्यमा ती स्थानमा नवप्रज्ञापन लगायत नेपाली साहित्यि पत्रिका पुऱ्याउनु पर्ने आवश्यक पनि देखेको छ। उहाँहरू दुई जनासहित् लामो समयदेखि बेलायतमा बसिरहनु भएका कृष्ण बजगाईँको विचारलाई पनि यहाँ समेट्ने प्रयास गरिएको छ।

नेपाली भाषासँगको प्रेममा...

• तैँ तैँ धिताल

नेपालभन्दा धेरै टाढा, करिब २ हजार ५ सय किलोमिटर पूर्वदक्षिण। मौसम भने नेपालको कुनै पहाडी भूगोल सम्भिनु भए हुन्छ। म्यान्मा (बर्मा)को मोगोकको त्यो पहाडी भूगोलमा टुक्रुक्क बसेको हाम्रो घरको चोयाको भित्ताबाट चिसो बतास छिर्‍यो। त्यसले भित्तादेखि मनमुटुसम्मै छोयो। त्यस चिसो हावासँगसँगै मामीको क कलम भन्ने शब्द पनि मनभित्र छिर्‍यो। छिरिनै रह्‍यो चिसो हावा, र त्यसरी नै

आमाको आवाज छिरिनै रह्यो क कलम ।

अहिले सम्झिन्छु मामीको पढाइ । पारङ्गत शिक्षिकाले पढाएको भन्दा कम थिएन । मामीको पढाइको दाँजो म कुनै पनि विद्यावारिधि गरेका शिक्षकसँग गर्न सक्दिनँ । त्यसैले त बनेको होला, पहिलो पाठशाला घर हो र पहिलो गुरू आमा ।

बर्मामा नेपाली भाषीहरू करिब दुई लाखको सङ्ख्यामा छन् । बर्मामा राम्रो रोजगार नभएका कारण तीमध्ये झण्डै चालिस प्रतिशत युवा जनसङ्ख्या अस्थायी रूपमा थाइल्याण्डमा बसोबास गर्छन् । यहाँ नेपाली भाषीलाई गोर्खाली नामले चिनिन्छ । त्यहाँ नेपाली साहित्यिक पत्रपत्रिकाहरू छैनन् । पहिले धार्मिक पत्रिका प्रकाशन हुन्थे । साहित्य मिश्रित धार्मिक पत्रिकाको रूपमा धर्मोदय त्रैमासिक थियो । राजनीतिक कारणले गर्दा यो पत्रिका कहिले बन्द हुँदै त कहिले चल्दै गरिरहेको थियो । अहिले यो पत्रिका **ऐरावती** को नामले प्रकाशन हुन थालेको छ ।

हुन त बर्मामा बच्चा जन्मेको तीन वर्ष पुगेपछि मुजो (प्रि स्कुल) पठाउने चलन छ । त्यहाँ काजी, खाख्वे (बर्मेली क ख) रट्नै पर्छ । आजभोलि यो एक अनिवार्य चलन बन्दैगएको छ । मेरो पालामा मुजो के हो, थाहा थिएन । घरमै मुजो बराबरको शिक्षा दिने योजना बन्यो सायद । तर त्यो बर्मेली काजी, खाख्बे होइन, नेपाली क, ख सुरू गरियो । बर्मामा बसेर त्यो देशको शिक्षा नलिइकन मलाई किन क, ख रटाउनुभयो, मैले अझैसम्म सोधेको छैन ।

बर्मामा नेपाली अक्षर र शब्दको ज्ञान केवल तीन महिना मात्र पाइन्छ । त्यो पनि त्यहाँको विद्यालय बन्द भएको बेला । उहिल्यै बुद्धका पालादेखि वसन्त बिदा दिने चलन छ । मार्चदेखि मेसम्मका तीन महिना त्यहाँका विद्यालय बन्द हुन्छन् । त्यही बेला बर्माका गोर्खाहरूले जति सक्छन्, नेपाली भाषा लेख पढ गर्न सिक्छन्, सिकाउँछन् ।

जब म साढे चार वर्षकी भएँ, आमाले बर्मेली स्कुलभन्दा अघि नेपाली पाठशालामा भर्ना गरिदिनु भयो । तर बच्चामा मलाई नेपाली अक्षरको महत्व सायद थाहा भएन । आज पढायो, भोलि बिर्सिहाल्ने । आमाको नियमित गुनासो यहीँ रहन्छ, आज पढायो भोलि बिर्सियो । यसलाई कसरी पढाउने होला । यसले कसरी पढ्छे होला ?

आजभोलि आमा भन्नुहुन्छ, ‘त्यस बेलाको पढाइले तँ यहाँसम्म आउँछेस् भनेर सोचेको पनि थिइनँ ।’ अहिले मेरो पढाइ सम्झेर भित्रभित्रै हाँस्छु र रून्छु पनि । हाँस्छुको मतलब आधुनिक पढाइको हिसाबले मेरो चार वर्षको उमेर नै पढ्ने उमेर भएको थिएन । रून्छुको मतलब अहिले पनि मेरो बिर्सिने बानी जारी नै छ । पहिले त सानो क,ख बिर्सिन्थे । अहिले क ख सम्झेपछि त्यसभित्रका गूढार्थ नै बिर्सन्छु ।

अँ, अरू बर्मेली गोर्खाली विद्यार्थीको दाँजोमा भन्नुपर्दा मेरो पहिलो अध्ययन पनि नेपाली नै बन्नपुग्यो । मसँग पढ्ने साथीहरू भन्ने गर्थे, नेपालको र अक्षर बर्माको ३ अङ्कसँग मिल्छ । म ट्वाँ भएर हेर्थें । कारण, मेरा लागि त्यो बेलासम्म बर्मेली अक्षर बिराना थिए । मलाई बर्मेली नपढाएर पहिले नेपाली पाठशाला मै किन पठाइयो ? सायद बुबा आमाको नेपाली भाषाको मोह हो की ? जे होस्, यस्तो बिरलै हुन्छ ।

त्यसबेलाको नेपाली पढाइ निकै मज्जाको हुन्थ्यो । भनौँ, केटाकेटीले मनपराउने गरि पढाइन्थ्यो । शनिबार सत्सँग हुन्थ्यो । भजन, कीर्तन, ध्यान, भजन प्रतियोगिता, गीत प्रतियोगिता हुन्थ्यो । मलाईचाहिँ प्रतियोगिताभन्दा प्रसादको लोभ हुन्थ्यो । तीन महिनाको कखरा पढेपछि बल्ल मलाई बर्मिज स्कुल

भर्ना गरियो । नेपाली अक्षर सिकेर बर्मा अक्षरसँग परिचित हुन मलाई निकै गाह्रो भयो । ती अक्षरहरू सिक्दै गएपछि मैले आफैसँग भन्ने गर्थें बर्मिजको नाङेअक्षर त नेपालीको इ अक्षरसँग मिल्दो रहेछ ।

भनौँ, नेपाली अक्षरसँग बर्मेली अक्षरको तुलना गर्न थालेकी थिएँ । जसरी मेरा साथीहरू बर्मेली अक्षरसँग नेपाली अक्षरको तुलना गर्थे ।

अर्को बर्ष फेरि तीन महिने बिदामा नेपाली विद्यालय पुग्ने अवसर प्राप्त भयो । त्यो बेला क आकारका, क छोटा इकार कि, क बढाईकार की, भनी पढेँ । अहिले बुझ्दैछु, त्यो बेला नेपाली भाषा पनि हिन्दी भाषा सिकाइबाट प्रभावित भएको रहेछ । यो कुरा बुझेपछि अहिले क ह्रस्व इकार कि, क दीर्घ ईकार की भन्दै साना नानीहरूलाई पढाउँदै छु ।

क का कि की त सिकियो, तर रातदिन बर्मेली भाषाको सङ्गतमा नेपाली पढेका कुरा बिर्सन समय लाग्दैथ्यो । तीन महिना नेपाली पढिन्छ, नौ महिनामा त्यो बिर्सिन्छ । लेख्न बिर्सिन्छ, पढ्न बिर्सिन्छ । कतिपय अवस्थामा बोल्न पनि । तै पनि घरभित्र जबरजस्ती भए पनि नेपाली बोल्नै पर्दथ्यो ।

घरमा नेपाली बोल्न पिताजीले अनिवार्य नियम बनाउनु भएको थियो । पण्डितको नातिनी भएकाले मैले सहजै बाबालाई पिताजी भन्न सिकेँ । तर यसरी पिताजी भन्ने शब्द बर्मामा अरू नेपालीले बोल्ने गरेको थाहा छैन । म हुर्कंदै गर्दा भाषा अभियन्ताहरूले घरघरमा मातृभाषा बोलौँ भन्ने अभियान चलाउनु भयो । यो अभियान तीव्र गतिमा चलेको त देखिन्थ्यो तर व्यवहारमा भने ठीक उल्टो देखिन्छ । अहिलेका युवाहरूलाई एउटा वाक्य पूरा गर्न पनि बीच बीचमा बर्मिज शब्द प्रयोग गर्नु पर्ने बाध्यता छ । हरेक गोर्खाली युवाहरूले आफूले बोल्ने नेपालीमा आवश्यक शब्दहरूको खडेरी अनुभव गर्छन् ।

तेस्रो, चौथो बसन्त बिदाइमा पढियो सातबारका नाम, १२ महिनाका नाम । सयसम्मका अङ्क । तर प्रयोगमा नआउँदा तीन महिनाको पढाइले मात्र नपुग्दो रहेछ । यी कुराहरू नेपाल आइसकेपछि बल्ल थाहा पाउँदै छु ।

घोक्न त घोकेकै हो परोपकार, गुरू, देवता र असुर, राजा हरिश्चन्द्र, धर्म र पाप जस्ता कथा, निबन्धहरू । प्रभु हुन् सबका भन्ने वन्दना, प्रश्नोत्तर जस्ता कविताहरू । हरेक वर्षको तीन महिना पढेपछि एक कक्षा माथि उक्लन्थ्यौँ ।

कक्षा ५ देखि व्याकरणको पढाइ सुरू हुन्छ । मलाई अहिले पनि याद छ, गुलाबी रंगको नेपाली व्याकरण भनी लेखिएको एउटा पातलो पुस्तक थियो । शायद त्यो १०-१२ पृष्ठ भन्दा बढीको थिएन । त्यसले नेपाली व्याकरणको पातलो नदेखिने धर्को जस्तो सामान्य ज्ञान दियो ।

कक्षा ६ सम्मका सबै किताबहरू प्रायः पातला नै थिए । सायद तीन महिनाको लागि पढ्न पुग्ने र बुझ्न सकिने । तर ती सबैका पाठ भने धार्मिक ज्ञान दिने खालका मात्र थिए ।

कक्षा ७ मा अचानक डर मिश्रित पुस्तक आए । किन डर मिश्रित ? किनभने ती पुस्तक नेपालबाट आएका थिए । एक प्रकारको आतङ्क नै छाएको थियो, सबैमा यो सालबाट नेपालको पुस्तक पढ्न पर्छ रे । सक्छन् र यहाँका विद्यार्थीहरू ? गुरूमा गुरूबाका मुखमा यी कुरा झुण्डिएको देख्दा हामी पढ्ने विद्यार्थी आत्तिनु स्वभाविक नै हो ।

जे होस् त्यै डरको दिन हाम्रो सामु आयो । नेपाली कक्षा सात, पहिलो कविता थियो । कवि शिरोमणि लेखनाथ पौड्यालको हिमाल ।

"लत्रेको माथदेखि पदतक हिमको स्वच्छ सेतो उपर्ना
मोतीका हारजस्ता थरिथरि यरमा झल्झलाकार झर्ना"

म पढेका पाठ भुलिहाल्ने केटी हुँ । तर यो कविता भने आज पर्यन्त याद छ । यो पहिलो भन्ने चीजले चाहिँ केही कुरा यादमा आइनै रहँदो रहेछ । अरूबिर्से भने पनि हिमाल कविता सायद बिर्सने छैन । लाग्यो नेपालको विम्ब नै हिमाल हो ।

कक्षा सातको व्याकरण अलि गाह्रो खालको थियो । नेपालभन्दा टाढाको देशमा फरक परिवेशमा एक वचन, बहु वचन बुझ्न मलाई निकै हम्मे हम्मे पऱ्यो । नेपाली पढ्दा भाषा बुझाउन गुरूहरूले बर्मेली र अङ्ग्रेजीबाट अनुवाद गरेर सिकाउनु हुन्थ्यो । तर म भने अङ्ग्रेजी र बर्मेली व्याकरण पनि बुझ्ने उमेरमा पुगिसकेकी थिइँन । त्यो बेला त रून मन लाग्ने, पढ्न नपरे हुन्थ्यो । किन चाहिँ पढ्ने नेपाली ? के को लागि पढ्ने ? फेरि हामी बस्ने ठाउँ भनेको सय घर बर्मेलीको बिचमा एउटा नेपालीको घर हाम्रो । हामीले बोल्ने भाषामा ब र भ बीच भिन्नता हुँदैन । त्यसैगरि ग र घ का बीच पनि फरक हुन्न । हामीलाई ज र झ बीच फरक हुन्छ भन्ने पनि थाहा हुन्न । नेपाली पढ्दा यी कुरा फरक हुन भनेर पढ्न साह्रै सकस हुन्थ्यो ।

आज यत्तिका वर्ष नेपाली पढ्दा पनि यो दुख छँदै छ । म बोल्दा ज र झ बीच ग र घ का बीच फरक छुट्याउन सक्दिनँ । कतै नेपाली पढेँ भने मात्र यी र यस्ता अक्षरहरू फरक फरक ठाउँमा आउँदा झसङ्ग हुन्छु । यस्तादुख सम्झदा अहिले गौरव लाग्छ । अहिले यतिको बोल्न सक्नु, लेख्न सक्नुमा नै ठूलो काम गरे जस्तो लाग्छ । जतिनै पढे पनि एउटा नेपाली वाक्य पूरा गर्न हामीलाई गाह्रै हुन्थ्यो । बोल्न र लेख्न त गाह्रो छ भने वर्तमान, भूत, भविष्यत कसरी बुझ्ने ?

जति नै नेपाली पढे पनि, घरमा नेपाली जबरजस्ती बोले पनि घरबाहिरको वातावरणले हामी पूर्ण बर्मेली नै हुन्छौँ । तर मेरा पिताजीले कहिल्यै राम्रो बर्मेली बोल्न सक्नुभएन । कहिलेकाहीँ पिताजीलाई बर्मिज भाषाबाट बोल्न लाउँथ्यौँ र नमिलेको श्वरको लहरी सुनेर हामी मरीमरी हाँस्थ्यौँ । बच्चा न हो, भाषाको महत्व के थाहा ? पिताजी पनि के कम, हामीलाई नेपाली शब्द भात, डाँडा, धान जस्ता शब्द भन्न लाउनुहुन्थ्यो र हाम्रो उच्चारण बिग्रेकोमा हाँस्नुहुन्थ्यो । दुई भाषाबीच शुद्ध बोल्ने प्रतियोगिता यसरी नै हुन्थ्यो अबेर रातसम्म ।

त्यो बेला घरमा आमाले आफ्नै तरिकाले पढाउनुहुन्थ्यो भागवत्. गीता । लेखाउनुहुन्थ्यो भागवत् गीता । पढ्न त पढियो आमाको डरले, करले । हामी बच्चाहरू बुझौँ पनि कसरी ? तर आमा भन्नुहुन्थ्यो, "नबुझे पनि पढ्ने बानी हुन्छ, लेख्ने बानी हुन्छ । परिआएको बेला पढ्न सकिन्छ । लेख्न सकिन्छ । अक्षर राम्रो हुन्छ ।"

आज भागवत गीता पढ्नै पर्ने पुस्तकमा राखेकी छु । यो किताब पढ्दा मलाई आमाले त्यो बेला पढ्न गरेको कर याद आइरहन्छ ।

कक्षा १० सम्म पुग्दा माधवप्रसाद घिमिरे, भानुभक्त आचार्य, बालकृष्ण सम, पारिजात, लक्ष्मीप्रसाद देवकोटा पढियो । ती घोकीघोकी पढियो । दुख गरीगरी याद गरियो । केही परीक्षामा पास गर्नका लागि पढियो । केही शिक्षकहरूको प्यारो हुन उहाँले लेखिदिएका निबन्ध रटियो । यहाँ सम्म आइपुग्दा शनिबारका प्रतियोगिताहरूमा कविता, निबन्ध, गीत, नृत्य, अक्षर प्रतियोगिताहरू पनि थपिँदै गए ।

जे होस्, एता नेपाली कक्षा १० पास गरेँ भने उता बर्माको मुख्य शिक्षाबाट पनि

स्कुले शिक्षा पास भएँ । त्यतिञ्जेलसम्म मोगोकमा नेपाली भाषा शिक्षकलाई आवश्यक पर्ने २ वर्षे नेपाली डिप्लोमा कक्षा सुरू भइसकेको थियो । तर म कम्प्युटर इन्जिनियरिङ् पढ्न चाहन्थेँ । त्यसैले नेपाली डिप्लोमाको अध्ययनतिर लागिनँ । कलेज पढ्न नजिकैको ठूलो सहर माण्डले गएँ । माण्डलेमा पढिरहँदा पनि पिताजीलाई मैले नेपाली बिर्सुंला भन्ने पीर थियो, सायद । उहाँ कलेज सकेर नेपाली डिप्लोमा पढ्नुपर्छ है भनेर बारम्बार मलाई नेपाली भाषाप्रति आकर्षण गराउन खोजिरहनु हुन्थ्यो ।

म भने कलेज सकेर कुनै आइ टी कम्पनीमा काम गर्दै आफ्नो करियर बनाउन चाहन्थेँ । तै पनि १० कक्षासम्मको नेपाली अक्षर पढ्दा पढ्दै यो भाषा मेरा लागि अनजानको साथी भइसकेको रहेछ । त्यो बेला नेपाली भाषाको धर्मोदय पत्रिका निस्कने गर्दथ्यो । कलेज पढ्न जाँदा साथमा त्यो पत्रिका पनि लगेकी थिएँ । जब जब मलाई बर्मेली भाषा र कम्प्युटरका गाह्रा डाटाहरूका बीच खेल्दा खेल्दा दिक्क लाग्दथ्यो, तब तब मन बहलाउन नेपाली अक्षरहरूको साहारा लिन्थेँ ।

त्यो बेला धर्मोदय पत्रिका मेरो नियास्रो मेट्ने साथी बन्थ्यो । अहिले बुझ्दा पो मेरो अचेतन मनमा आफै बसेको रहेछ नेपाली भाषाप्रतिको प्रेम । कम्प्युटर इन्जिनियरिङ्को कोर्स सकेर म घर आउँदैछु भन्ने भेउ पिजातीले पाउनु भयो । मेरो छुट्टीलाई खेर जान नदिन मलाई खबर नै नगरी आफै डिप्लोमा अप नेपालीको फारम भरिदिनु भयो । यसरी म एकप्रकारले जबर्जस्तीमै डिप्लोमा भर्ना भएँ । छुटिसकेको नेपाली भाषा सुरू गर्दा सुरूमा त के हो के हो जस्तो भयो । तर पढ्दै जाँदा कोर्समा भएका बसाइ उपन्यास, गौरी खण्डकाव्य, मसान नाटक, जय भुँडी निबन्ध सङ्ग्रह, नासो, लक्ष्मीपूजा, आदिम देश जस्ता अनेक कृतिहरूमा डुब्दै गएँ । हेर्दा हेर्दै नेपाली भाषा, यसका सर्जक र साहित्यिक कृतिहरूले मोहनी लगाउँदै गए ।

ती पुस्तक पढ्दै गर्दा भाषा मात्रै होइन, नेपाली साहित्यको पनि अध्ययन हुँदै गएछ । साहित्य पढ्दै जाँदा भाषाको लय, त्यसभित्रको सङ्गीत पनि बुझ्दै गइयो । भाषा जन्म हो भने साहित्य त्यसको जीवन रहेछ । भाषा लक्ष्य हो भने साहित्य त हिँडाइ पो रहेछ । भाषा दुखाइ हो भने साहित्य त्यसको मल्हम पो रहेछ ।

्पढ्दै जाँदा नेपाली भाषाको त्यो डर र कर, अब रहर हुन थाल्यो । मेरो नेपाली पढाइ कति राम्रो भएछ भने डिप्लोमाको रिजल्ट निकाल्दा मेरो नाम प्रथम स्थानमा प्रथम थियो । म गोल्ड मेडलिस्ट भएर खुसी हुँदा पिताजीको अघि गएर भनेँ, चेजुटेन्पाडे । यो भनेको बर्मिजमा धन्यवाद हो । नेपाली भाषा पढेकोमा धन्यवाद दिँदा पनि मैले बर्मिज भाषा छाड्न सकिनछु । पछि लाज लाग्यो ।

उहाँ एकसाथ दुःखी र खुसी हुनुभयो । दुःखी यसकारण कि डिप्लोमा प्रथम ल्याएकी छोरीले धन्यवाद चाहिँ बर्मिज भाषामा दिएकी थिई । खुसी यस अर्थमा कि छोरीले नेपाली भाषा पढोस् भन्ने उहाँको पुरानो सपना पूरा भएको थियो ।

समय बित्दै गयो । घरमा विवाहका प्रस्तावहरू आउन थाले । म भने आइटीसम्बन्धी थप अध्ययन गर्दै जागीर खाने कि भन्ने सोच्न थालेँ । यसैबीच अचानक पिताजीको देहान्त भयो । तत्काल सबै कुरा छाडेर केही समय एक्ली आमाको हेरचाह र साहारा हुन मन लाग्यो । जब समय बित्दै गयो र आमाको साथमा जीवनलाई बुझ्दै जाँदा लाग्दै गयो- विवाहपछि के ? म जस्तो पढेलेखेकी महिला पनि विवाह र पारिवारिक

जञ्जालमै फस्नु ? विस्तारै विवाह प्रति मोहभंग भयो । आएका प्रस्तावहरू धमाधम अस्वीकार गर्न थालेँ । एक्लो मान्छेलाई जागीर किन चाहियो, के का लागि चाहियो ? यो प्रश्नपछि इन्जिनियरिङ्को थप अध्ययन र जागीर पनि कताकती अनाकर्षक हुन थाल्यो ।

अब मलाई आकर्षक गर्ने एउटै कुरा थियो, नेपाली भाषा र साहित्य । लामो समय सोचेपछि फकाउँदै एकदिन आमासँग भने, 'आमा तपाइँ मेरा लागि के चाहनु हुन्छ ?'

आमाले भन्नुभयो, 'म तेरो खुसी चाहन्छु ।'

'त्यसो भए मलाई नेपाली भाषा पढ्न पठाउनुहोस् ।' मैले आमालाई आशा जगाउँदै भनेँ, 'म साहित्य पढ्न-लेख्न नेपाल जान्छु । त्यसो भयो भने तपाइँकी छोरी खुसी हुन्छे ।'

थाहा छैन, म के गर्दैछु । तर नेपालमा नेपाली भाषा र साहित्यको सङ्गत गर्दा म खुसी भइरहेकी छु ।

अनि **सय अङ्क** प्रकाशनको अवसरमा नवप्रज्ञापन साहित्यिक पत्रिकालाई लाख लाख शुभकामना !

(मोगोक, म्यान्मार)

दीर्घायुको शुभकामना

• **विष्णु शास्त्री**

नेपाली वाङ्मय संसारको मुटु, आजन्म स्वतन्त्र राष्ट्र नेपालबाट लगातार प्रवाहित **नवप्रज्ञापन** नामक साहित्यिक पत्रिकाले छिमेकी मुलुक भारत राष्ट्रको आसामका कुनाकाप्चामा पनि वाङ्मय जमरा उमार्न हौसला जन्माएर जुन ऋण लगाउनुभएको छ, त्यो त कलमले वर्णन गरी पारापार हुन्न । सम्पादक नवराज रिजालको अथक परिश्रमको परिणाम हो **नवप्रज्ञापन** । विज्ञान र प्रयुक्ति विद्याले गाँजेको यो संसार मा साहित्यिक पत्रिका पढ्नु र पढाउनु लर्तरो आँट होइन । नेपाली साहित्यको र ाजधानीबाट छिमेकी मुलुकमा पनि यो पत्रिकाले गाँस्नु हिमवत्सखण्डका खस भाषी तथा नेपालीहरूको निमित्त यो एउटा शुभ सङ्केत हो । साहित्यिक पत्रिका नवप्रज्ञापनले एक सय अङ्क प्रकाशन गर्नु नेपाली भाषा साहित्यको भण्डार मा ईँटाहरूको सङ्ख्या बढ्नु हो । यस्तो सत्कार्य गरिरहनुभएका सम्पादक रिजालज्यू धन्यवादका पात्र मात्र होइन, चिरनमस्य हुनुभएको छ ।

